गुरुङ(तमू) आदिबासीको
एथ्नोग्राफिक प्रोफाइल

अनुसन्धानकर्ता
नारायण ल्हँगे गुरुङ

आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान,
जावलाखेल, ललितपुर ।
२०६७

गुरुङ(तमू) आदिबासीको
एथ्नोग्राफिक प्रोफाइल

प्रकाशक :
सर्वाधिकार : प्रकाशकमा
लेखकहरू
भाषा सम्पादन
प्रकाशन प्रति
प्रकाशन मिति
आवरण तस्विर
आवरण/लेआउट
ISBN :

दुई शब्द

आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानले आफ्ना स्थापनाकाल देखि नै नेपाल सरकारले दिने गरेको सानो वार्षिक वजेटबाट निक्कै महत्वपूर्ण कामहरु गर्दै आइरहेको छ। आदिवासी जनजातिहरुको भाषा, धर्म र संस्कृति संरक्षण संवर्धनमा यस्को योगदान उल्लेखनीय र सन्तोषजनक छ। यस्तै चेतना अभिवृद्धि, आइ.एल.ओ. १६९ को उपादेयता वारे प्रचारप्रसार र कुसुण्डा जस्ता लोपोन्मुख आदिवासी जनजाति प्रतिको चासो र खोज गर्ने कार्य सह्रानीय भएको पाइएको छ। हाल विभिन्न आदिवासी जनजातिहरुको जातीय पार्श्वचित्र (Profile) तयार गर्ने प्रतिष्ठानको जमर्को यस संस्थाको अर्को महत्वपूर्ण कार्य हो। यस सन्दर्भमा नेपालमा आदिवासी जनजातिहरु मध्येको एउटा प्रमुख आदिवासी जनजाति 'गुरुङ' समुदायको पार्श्वचित्र (Profile) तयार गर्ने जिम्मा मैले पाएको सन्दर्भमा प्रतिष्ठानका पदाधिकारीहरु उपाध्यक्ष श्री जितपाल किरांत र सदस्य सचिव श्री लोक बहादुर थापा प्रति साधुवाद छ। योजना प्रमुख सुर्वण चौधरी र सरिना गुरुङलाई धन्यवाद। यस पार्श्वचित्र तयार गर्ने सन्दर्भमा मैले पाएको अमूल्य सल्लाह सुझावका लागि सुपरिवक्षेण प्रा डा. कृष्ण वहादुर भट्टचनलाई प्रशंसा र आदर गर्दछु। यस्का साथै क्षेत्रअध्यनमा जांदा बस्ने, खाने प्रबन्धका साथै समुहगत छलफल, प्रश्नोत्तर र घरघरमा भेट दिने लमनासा र घलेगाउँका तमू उत्तरदाता दाज्यूभाई दिदी वहिनीहरु लगायत श्री प्रेम घले प्रति आभार प्रकट गर्दछु। म सदा वहांहरुको सहयोगको ऋणि छु। यस पार्श्वचित्र लेखन कार्यमा आफ्नो अमुल्य सुझाव र मार्ग दर्शन दिनु हुने प्रा. डा श्री गणेशमान गुरुङ अध्यक्ष "तमू ह्युला छोंज धिं गुरुङ राष्ट्रिय परिषद", महासचिव रेशम गुरुङ, प्रा डा जगमान गुरुङ, प्येल्हु संघको अध्यक्ष ले इन्द्र बहादुर गुरुङ, पच्यू चिव बुद्धि बहादुर गुरुङ र पच्यू चिव पौवहादुर गुरुङ लगायत अनुसन्धान सहायकहरु राम वहादुर तमू र सन्त कुमारी गुरुङ लाई क्षेत्र अध्ययनमा सहयोग गरिदिनु भएकोमा धन्यवाद छ। मैले लेखेका विषयवस्तुलाई कम्प्यूटरमा उतार्ने र प्रिन्टिङ अवस्था सम्म सहयोग पुऱ्याउने शकुन्तला थापा लाई मुरी मुरी धन्यवाद।

नारायण ल्हँगे गुरुङ
महाराजगञ्ज
२०६७/०१/३१

विषयसूची

अध्याय १

जातीय परिचय र इतिहास

१.१ परिचय १-७

(क) तमू कल्योह न्हे (गुरुङ भूगोल र वासस्थान) १

(ख) जनसङ्ख्या ३

(ग) तमू क्यूई/के (गुरुङ भाषा) ४

(घ) प्येतां ल्हुताँ (धर्म र संस्कृति) ४

(ङ) छयाल्हुँ ताँ (संस्कृति) ५

(च) मौलिक पहिचान ६

१.२ तमू इतिहास : जनश्रुति र विश्वास ७-९

(क) बसाई सराई ८

१.३ तमू ह्ययूल्सा नि तमू ह्यूला फ्हैंवा (गुरुङ भूमि र राज्यहरण) ९-१३

(क) पहिचान माथि आक्रमण ११

(ख) वीरता र सम्मानः गुरुङ व्यक्तित्वहरू १३

■ एकिकरण काल

अध्याय-२

सामाजिक संस्कार

२.१ परिचय/संस्कार १४-३१

(क) फ्हसेफिव (जन्म) १४

(ख) कै कोवा (भात खुवाई) १४

(ग) पुटपुटे आशिमालां १५

(घ) क्रवावा (क्षौर) १५

(ङ) ङे विवा (गुनियो चोलो दिने) १५

(च) डेक्रवा (विवाह) १६

(छ) सिंम्हीत्हें (मृत्यु संस्कार) १८

(१) ऱ्हो वावा (मृत शरिर सतगत गर्ने) १८

(२) पय लव (अर्घौ गर्ने) २४

अध्याय-३

सामाजिक संरचना र नातेदारी व्यवस्था

३.१ सामाजिक संरचना ३२-३५
(क) न्हेजा (गाउँ) को वनावट ३२
(ख) धिं (घर) को वनावट ३३
(ग) नेवमै (परिवार) ३३
(घ) धिंचिवा (घरमूली) को भूमिका ३४
(ङ) सम्पतिको वाँडफाँड ३४
(च) महिला पुरुष बीचको सम्बन्ध ३५
३.२ ऱ्हाजेंमजें (नातेदारी व्यवस्था) ३५-३६
(क) गुरुङ (तमू) समुदाएको थर (क्यूहु) ३६
३.३ नातेदारी व्यवस्थाको महत्व ३६
३.४ अन्य नातेदारी व्यवस्था ३७-३८
(क) ड्रिललल ड्योवा/आड्योवा नाता (ठट्टा गर्न पाइने र नपाइने नाता) ३७
(ख) डहेला नाता (मितेरी नाता) ३८

अध्याय-४

सामाजिक–आर्थिक जीवन

४.१ सामाजिक जीवन ३९-४२
(क) चवाथुवां सी (खानेकुरा) ३९
(ख) तमू क्यूतां (गुरुङ भाषा) ४०
(ग) खिवकोंई (भेषभुषा) ४१
(घ) गरगहना ४२
(ङ) दैनिक जीवनमा प्रयोग हुने सामग्री ४२
४.२ आर्थिक जीवन ४२-४७
(क) खेतीपाति ४२
(ख) पशुपालन ४३
(ग) श्रम विभाजन ४४
(घ) नोगोर प्रथा ४५
(ङ) अतिरिक्त जिविकोपार्जन कार्यहरू ४७

४.३ वैदेशिक रोजगार ४७-४८
(क) वैदेशिक रोजगारबाट अवसर र विकृति ४७
(ख) अवसरको रुपमा ४८
- आर्थिक जीवनमा सुधार
- मर्यादित सामाजिक स्थिती
- वेरोजगारी घटना
- सिप भित्रिनु

(ग) विकृतिहरू ४९

अध्याय-५

धार्मिक र सांस्कृतिक जीवन

५.१ धार्मिक जीवन ५०-५४
(क) परम्परागत विश्वास र मान्यताहरु ५०
(ख) धर्म गुरुहरुको आवश्यकता र महत्व ५१
५.२ हिन्दुकरणले ल्याएका परिवर्तनहरु ५४
५.३ क्रिश्चीयनकरणले ल्याएका परिवर्तनहरु ५५
५.४ तिबेतीकरणले ल्याएका परिवर्तनहरु ५६
५.५ सांस्कृतिक चाडपर्व ५७-७०
(क) घाटु ५८
(ख) सोरठी नृत्य ६१
(ग) छ्याडु नृत्य ६३
(घ) ल्होछार ६४
(ङ) ट्हो त्हें पर्व ६६
(च) लोकसङ्गीत र उखानटुक्का ६८
५.६ महिला/पुरुषको दायित्व र स्थान ७०
५.७ धर्म संस्कृतिको संरक्षण गर्ने प्रयासहरु ७१

अध्याय-६

परम्परागत गुरुङ शासन प्रणाली

६.१. आदिम राज्य व्यवस्था ७२-७३
(क) नालसभा ७२
(ख) नालसभाको कार्य ७३

६.२ परम्परागत गुरुङ्ग संस्थाहरू ७४-७६
(क) केलेधीं ७४
(ख) क्होइवधीं ७४
(ग) छोंजधीं ७५
(घ) रोधी ७५
(ङ) आमा समूह ७५
६.३ जातीय अधिकारको आन्दोलन ७६-८३
(क) गुरुङ कल्याण संघ ७६
(ख) रोदी परिवार र तमू धीं ७७
(ग) तमू राष्ट्रिय परिषद र अन्य तमू संस्थाहरु ७८
(घ) तमू पेल्हु संघ ७९
(ङ) आदिवासी जनजाति संघसंस्थाहरु ८०
- आदिवासी जनजाति महासंघ
- राष्ट्रिय आदिवासी महिला महासंघ
- आदिवासी जनजाति विद्यार्थी महासंघ
- तमू युवा संघ

अध्याय-७

सारांश, निष्कर्ष र सुझाव

७.१ सारांश ८४
७.२ निष्कर्ष ८५

परिशिष्ट

१. परिशिष्ट (क) ८६-८९
१.१ भूमिका ८६
१.२ अध्ययनको उदेश्य ८६
१.३ अनुसन्धान विधी (Research Methodology) ८७
१.४ अध्ययन थलोको छनोट (Selection of the study Area) ८७
१.५ उत्तरदाताहरुको छनौट (Selection of the Respondents) ८७
१.६ तथ्य/सूचनाको प्रकार र श्रोत ८८

१.७ तथ्य संकलन विधी (Tools & Techniques of Data collection) ८८

२. परिशिष्ट (ख) ९०-९५
साहित्यको पुनरावलोकन (Literature Review)
२.१ विषयप्रवेश ९०
२.२ उत्पत्ति र वंशावली ९०
२.३ सामाजिक-आर्थिक परिवर्तन ९२
२.४ संस्कृति र धार्मिक विश्वास ९२
२.५ तमू क्युई (तमू भाषा) ९४
२.६ तमू जातीय जागरण ९५

३. परिशिष्ट (ग) ९५-१०२
टिप्पणी (Footnotes)
३.१ डिल्लीजंग तमू ९६
३.२ निमा तमू ९६
३.३ आवा कर्वु क्लेको पे (शास्त्र) ९६
३.४ घ्याबृको पुदुवै खे (शास्त्र) ९८
३.५ पूर्वमन्त्री रामबहादुर गुरुङ १००
३.६ भोवर पाल्चै तमू १०१
३.७ प्राज्ञ जगमान गुरुङ १०२

सन्दर्भ ग्रन्थ १०३-१०४

अध्याय १

जातीय परिचय र इतिहास

१.१ परिचय

नेपालमा १०३ जातजाति र ९३ भाषाभाषी छन् भनी सरकारी तथ्यांक २००१ को जनगणनाले देखाएको छ । नेपाल वहुजातीय र वहुभाषिक मात्र होइन कि वहुधार्मिक र वहुसांस्कृतिक मुलुक पनि हो । हालैको आदिवासी जनजाति पुनःसूचिकरण उच्चस्तरीय कार्यदलले नेपालमा ५९ को सट्टा ८१ वटा आदिवासी जनजाति समुदायहरु भएको प्रतिवेदन नेपाल सरकारमा बुझाएको छ भन्ने जानकारी हुन आएको छ । यस सूचीकरण भित्रको आदिवासी जनजातिहरु मध्येको एउटा प्रमुख आदिवासी जनजाति गुरूङ (तमू) समुदाय हो । यो समुदाय आफ्नै भाषा, धर्म र संस्कृति भित्र युगौदेखि रमाउँदै रमाउँदै आएको मात्र होइनन् कि आफ्नो मौलिक पहिचानले मुलुकभित्र र बाहिर राम्ररी चिनिएको छ । तमू समुदायका मानिसहरु आफ्नै भाषामा बोलचाल गर्दछन् । आफ्नै धर्मगुरूहरु पच्यू, क्ल्हेबृ र लमबाट निर्देशित भै धार्मिक एवं सामाजिक संस्कारहरु सम्पन्न गर्दछन् । तमू समुदाय भित्र विभिन्न परम्परागत सामाजिक संघ-संस्थाहरु जस्तै क्ल्हेधीं, क्होंइबो धीं, छोंज धीं र रो धीं आदी समाजिक संस्थाहरु छन् । साथै चार्डपर्वमा ल्होछार पर्व प्रमुख हो । तमू समुदायको आफ्नै प्येताँ ल्हु ताँ (धर्म-संस्कृति) र निश्चित भौगोलिक क्षेत्र छ । त्यस क्षेत्रमा तमू समुदायको आफ्नै

आर्थिक जीवनपद्धति, सांस्कृतिक रहनसहनको पद्धती र ऐतिहासिक लगायत राजनितिक पद्धति रहेको थियो । गुरूङ समुदाय जात होइन किनभने जातमा वर्ण विभाजन हुन्छ भने तमू जातिमा बर्ण ब्यवस्थाको परम्परा छैन ।

(क) तमू क्ल्ह्यो न्हे (गुरूङ भूगोल र बासस्थान)

पूरानो बसोवास

तमूहरु तिब्बतको सिमानामा पर्ने मनाङ जिल्लाको सबभन्दा उच्च भूभाग 'फू' गाउँका बासिन्दा हुन् भन्ने एकथरीको भनाइ छ (निमा तमू) । यस्तै तमू केर्लोका अनुसार तमूहरुको मूल थलो हो 'स फुँ ती क्ह्याल्सा' र नजिकै पेन्चे नाम गरेको ठाउँमा तमू राजाको दरवार पनि थियो । उनीहरु शिकारी अवस्थामा रहेकाले विभिन्न ठाउँमा बस्ती बसाल्दै र छाडदै गएको एउटा अवस्था भएकाले तमूहरुको बसोवासको कुरा उठाउँदा मानिसहरु/पाठकहरु कहिलेकाहीँ अलमल्ल पर्छन भन्दा फरक पर्दैन । उदाहरणका लागि जेठो भाई तिब्बतबाट टुँकर ट्होंबाट काङग्री हुँदै मुस्ताङ पसे । माइला भाई केरूङ खोलाबाट प्रवेश गरे भने कान्छा छोरा ध्यार्जा (मुक्तिनाथ)बाट प्रवेश गरेको पाइन्छ । यस्तै तमूहरु कुनैवेला मनाङ जिल्लामा पर्ने खुल्ली भन्ने ठाउँमा बसोवास गरेका थिए (राम गुरूङ) । विभिन्न ठाउँबाट तमूहरु नेपाल प्रवेश गरेका तथ्यहरु बाहिर आएको पाइएको भएपनि प्रायः सबै तमूहरु क्होल सों प्रें ट्हो (क्होल सोंथर) का पुराना बासिन्दा हुन् । उनीहरु स फु ती क्ह्याल्साका बासिन्दा भएपनि अझ उर्वर, फराकिलो र उत्तम बस्तीको खोजीमा ५५६० मिटर अग्लो नामुन ला (भञ्ज्याङ) र इक्रेंपक्रें हिमाल पार गरि क्होलमा आइपुगेको देखिन्छ तर क्होलमा आई क्हरूको बिउँ माटोमुनी छरी केही समय पश्चात फकेर हेर्न आउँदा हराभरा भै लटरम्म बाला भरी क्हरु फलेको देखेपछि उक्त थलो बसोवासको लागि उपयुक्त रहेछ भन्ने ठानी तमूहरुको समूह त्यही क्होलमा आएर बसोवास गरेको पाइन्छ । क्होल सोंथरमा तीन गाउँहरु क्रमश मुं क्होल (तल्लो), पा क्होल (बीचको) र तु क्होल (माथिल्लो), पा क्होल र मु क्होल अर्थात सिरान गाउँ, माझ गाउँ र तल्लो गाउँ भएको कुरा हालैको क्षेत्र अध्ययनले समेत प्रमाणित गरेको छ । यस क्होल सों प्रें ट्होको खम्बा राजा निसन्तान भए पश्चात पुनः क्ल्हे अर्थात घले राजाहरुले शासनसत्ता आफ्नो

हातमा लिएको थियो भन्ने पाइन्छ ।

यस क्होल सों प्रें ट्होको सिमाना पूर्वतिर हाजु, तप्राँ र कर्पु सम्म, उत्तर रोऊडांडा, पश्चिम म्हीजेतसा र दक्षिण मादी सम्म फैलिएको थियो र यसलाई मुं क्होल (तल्लो), पा क्होंला (बीचको) र तु क्होल (माथिल्लो) भनी ३ ह्यूल/नासमा विभाजित गर्न सकिन्छ । यी तीनै नास (गाउँ)मा रहेका घरहरु, पानी घट्ट, ढिकी जाँतो र घोक फिर्ने ठाउँ तत्कालिन राज दरवारका भग्नावशेषहरु भएको पुष्टी भएको छ । क्होल सों थरमा तमूहरु १५०० वर्ष सम्म बसोवास गरि बसेको पाइन्छ । त्यसैले क्होंल सों प्रें ट्हो गुरूङहरुको मूल थलो हो भन्ने कुराको पुष्टी हुन्छ । त्यहाँको अन्तिम राजा क्ह्याल्वु खम्बाको मृत्यु पश्चात, जनताको रेखदेख गर्ने राजा नै नभएपछि त्यहाँका जनताहरु आफ्नो मनोमानी यत्रतत्र बसाईँ हिँडेको कुरा शास्त्रमा उल्लेख रहेको पाइन्छ । यसरी तमूहरु क्होल सों प्रें ट्होबाट लमजुङ, कास्की र तनहुँ जिल्लामा फैलिदै जाँदा तमूहरुको जनसंख्या पनि बढी हुन पुगेको अवस्था छ भने आज आएर गुरूङहरुको मूलथलो गण्डकी क्षेत्र हो जस्मा गोरखा, लमजुङ, कास्की, तनहुँ पर्दछन् भने स्याङजा, पर्वत, चितवन, रूपन्देही, नवलपरासी लगायत पूर्वमा ईलाम र पश्चिम कञ्चनपूर सम्म तमूहरुको बसोवास पाइन्छ तर मुस्ताङ, मनाङ र डोल्पाली गुरूङहरुको भाषा र संस्कृति अन्य गुरूङ समुदायबाट केही भिन्न पनि भएको देखिन्छ ।

हाल तमू (गुरूङ) नेपालको ७५ जिल्लामा बसोवास रहेतापनि उनिहरुको परम्परागत भौगोलिक क्षेत्र मध्य नेपालको भूभाग पूर्वी देशान्तर ८२.३० देखि ८४.० सम्म र उत्तरी अक्षंश २८.० देखि २८.३० सम्म फैलिएको धवलागिरी अन्नपूर्ण, माछापुच्छे, लमजुङ, मनासुलु र गारखा हिमालयको दक्षिण भागमा रहेका गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङजा, पर्वत, मनाङ र मुस्ताङ जिल्लाहरु पर्दछन् । तमू ह्युल ९तमूवान)को भौगोलिक क्षेत्र उल्लेख गर्नु पर्दा सामान्य स्थले उत्तरी सिमाना तिब्बत, पश्चिमी सिमाना कालीगण्डकी, पूर्वमा बुढीगण्डकी त्रिशुली र दक्षिणी सिमाना नवलपरासि देवचुली, वरचुली र त्रिवेणी देवघाट सम्म पर्दछन् । डा. हर्क गुरूङले तमू ह्युल (तमूवान) पर्वत जिल्लाको भुरूङदीखोला देखि गोरखाको आँखुखोला सम्म फैलिएको क्षेत्रलाई उल्लेख गर्नु भएको छ । डा.जगमान गुरूङले तमूवानका साँध किल्ला भनेको उत्तरमा मुस्ताङको कोरला, दक्षिणमा

नवलपरासी त्रिवेणी, पूर्वमा धादिङको गल्फुभञ्याङ र पश्चिममा अर्घखाँचीको बालकोट सम्मको क्षेत्रलाई उल्लेख गर्नुभएको छ ९ तमूवान २०६४) । तमू समुदायको मुख्यबस्ति नेपालको मध्य उच्चपहाडी भाग देखि लिएर दक्षिणचुरे भाग सम्म फैलिएका लेक, बेसी, टार र अनेक फाँटहरु पर्दछन् । तमूवान भनिएको पोखरा उपत्यका, खैरेनीटार, दमौली, बेसीशहर, करपुटार, पालुङटार लगायत सेती, मादी र मर्स्याङदी नदी छेउका अनेक फाँटहरु पर्दछन् । तमूवान क्षेत्रमा तमू नास वा न्हेंजा (गुरूङ गाँउ) हरु १५०० मीटर देखी २५०० मीटर सम्म रहेका छन् । लेकाली भेगमा रहेका चरण र खर्चरी ३५०० मीटर देखी ४५०० मीटर सम्म फैलिएका छन् भने ५००० मीटर माथि हिमरेखा पर्छ । तमूवानको क्षेत्रको पूर्वपश्चिम लम्बाइ १४० किलोमीटर छ भने उत्तर दक्षिणको चौडाई सालाखाला ४५ किलोमीटर सम्म फैलिएको छ । तमूवानको क्षेत्रफल ६३०० वर्ग किलोमीटर उल्लेख भएको पाइन्छ । तमू ह्युल हावापानीको दृष्टिलेकोणमा समशितोषण प्रदेशमा पर्दछ । यहाँको हावापानी ऋतु अनुसार फरक हुन्छ जाडोमा ८० सेन्टीग्रेड देखि गर्मीमा ३८० सेन्टीग्रेट सम्म हुन्छ । वनस्पतिको दृष्टिकोणमा यो प्रदेश सदाबहार पतझड देखि कोनी फोरेष्ट सम्मका छन् । जैविक विविधता रहेका हुनाले वनस्पति र जीवजन्तु पनि अनेक प्रकारका पाइन्छ । चरामा डांफे र मूनाल, फुलमा लालीगुराँस तथा अनेक प्रकारका औषधीमा प्रयोग हुने जडीबुटी यस प्रदेशमा पाइन्छ ।

(ख) जनसङ्ख्या

सन २००१ सालको जनगणनामा तमू (गुरूङ) जनसङ्ख्या ५४३,५७१ देखाईको छ । नेपालको जनसख्या बृद्धि दर २.२ प्रतिशत रहेको हुनाले हाल गुरूङको जनसङ्ख्या यो भन्दा बढी हुनसक्छ । तमू समुदायको जनसङ्ख्या मध्ये महिलाको २८४१८५ छ भने पुरूषको २५९३८६ देखाइएको छ । नेपालको पश्चिमाञ्चलको १६ जिल्लाहरुमा ६०.२४ प्रतिशत गुरूङहरु बसोवास गर्दछन् । मध्यमाञ्चलमा २२.७१ प्रतिशत, पूर्वाञ्चलमा ११.५० प्रतिशत, मध्य पश्चिमाञ्चलमा ४.६७ प्रतिशत र सुदुर पश्चिमाञ्चलमा ०.८८ प्रतिशत तमूहरु बसोवास गरेका छन् । डा.हर्क गुरूङका अनुसार विशेष गरेर पश्चिमाञ्चल क्षेत्रको गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङजा, पर्वत, मनाङ र मुस्ताङ जिल्लाका विभिन्न

ठाउँहरुमा गुरूङ (तमू) हरुका घनावस्तीहरु छन् । तमूहरुको हिमाली क्षेत्रमा ८.३० प्रतिशत, पहाडी क्षेत्रमा ७१.९५ प्रतिशत तराई क्षेत्रमा १९.७५ प्रतिशत देखिन्छ भने नेपालको ७५ जिल्लामा गुरूङहरुको बसोवास रहेका छ । सबै भन्दा तमू बढी बसोवास गरेको कास्की जिल्लामा ६९०३८ छन् भने सबैभन्दा थोरै बसोवास रहेको कालीकोट जिल्लामा १५ जना छन् । वर्तमान स्थितिमा काठमाडौं, पोखरा, चितवन, वुटवल, धरान, सुर्खेत, लगायत, जिल्लाका सदरमुकामहरुमा बसाईंसराईको कारणले तमूहरुको बस्ती उल्लेखनीय रूपमा बढ्न गएको छ ।

तालिका १: तमू/ गुरूङहरुको मुख्य वसोवास जिल्लाहरु

क्र.सं.	जिल्ला	कुल जनसङ्ख्या	गुरूङको जनसङ्ख्या	पुरूष	महिला	प्रतिशत
१	लमजुङ	१७७१४९	५६१४०	२६२४१	२९८९९	२१.६९
२	गोरखा	२८८१३४	६४२४०	२९९९४	३४२४६	२२.३०
३	कास्की	३८०५२७	६९०३८	३१६५७	३७३८१	१८.१४
४	तनहुँ	३१५२३७	३९४१८	१८२७५	२११४३	१२.५०
५	स्याङजा	३१३७२०	३१६८७	१४३०४	१७३८३	९.९९
६	पर्वत	१५७८२६	८०३४	३७४९	४२८५	५.०९

स्रोतः नेपालको गरूङ जनसङ्ख्या राष्ट्रिय जनगणना २००१

कूल जनसङ्ख्यामा जिल्लाको सम्पूर्ण जनसङ्ख्या उल्लेख गरिएको छ । तमूवानको लागि जनसङ्ख्याको आधार कस्तो छ भन्ने देखाउँछ (तमू ह्युल सुँता वर्ष १.अकं १ पुष २०६६) । तमूहरु पछिल्लो समयमा आफ्नो परम्परागत थलोकिलोलाई छाडेर, स्वास्थ्य, शिक्षा, ब्यापार, नोकरी र राम्रो अवसरका लागि देशका विभिन्न शहरी क्षेत्रमा ब्यापक रूपमा बसाई सरेका छन् । विदेशी रोजगारीको शिलशिलामा विदेशमा पनि धेरै गुरूङहरु गएका छन् ।

(ग) तमू क्यूई (गुरूङ भाषा)

सन् २००१ को जनगणनाको तथ्यांक अनुसार तमू ५४३५७१ कुल जनसङ्ख्याको २८२६५७ अर्थात ५२% प्रतिशतले मात्र आफ्नो मातृभाषा प्रयोग गर्छन भन्ने

देखाएको छ । पश्चिमी गोरखा देखि पर्वत सम्म तथा तनहूँ र स्याङ्जाका कछाड् भाग सम्म गुरूङहरूले आफ्नो मातृभाषा बोल्छन् । पूर्वमा ताप्लेजुङ संखुवासभामा, खोटाङ, पाँचथर, ओखलढुङा, रूम्जाटार, सिन्धुपाल्चोक, तराईमा झापा, सुन्सरी, मोरङ, चितवन, वुटवल, भैरहवा, नेपालगञ्ज सुर्खेत, कैलाली र दैलेख तिरका गुरूङहरूमा गुरूङ भाषा संस्कृति लोप हुँदै जाने क्रममा छ । तिनीहरूमा आफ्नो भाषा संस्कृति प्रति माया ममताको भावना नभएर होइन । तिनीहरु नयाँ ठाउँमा बसाई सरेकाले त्यहाँ तमू क्युई (गुरूङ भाषा) बोलिदैन । राज्यको नीतिले प्रभाव पारेकोले र गुरूङ भाषा सिकेर फाइदा छैन भन्ने मानसिकताले भाषा, संस्कृति पनि लोप हुँदै गएको देखिन्छ । वि.स. २०४६ को पहिलो जनआन्दोलन र २०६२/०६३ को दोस्रो जनआन्दोलनलाई आदिवासी जनजातिहरूमा आफ्नो पहिचान र हक अधिकारको लागि सचेतना बृद्धि भएकाले आफ्नो भाषा संस्कृतितिर उत्सुक भैरहेको अवस्था छ । शहरबजारमा बसोवास गर्ने गुरूङहरूले आफ्नो सन्तानसँग मातृभाषामा सम्वाद गर्दैन । उनीहरु खस नेपाली भाषा र अग्रेजी भाषामा बढी जोड दिन्छन् । गुरूङ (तमू) सामाजिक संघ सँगठनहरूले आफ्नो कार्यक्रम सञ्चालन गर्दा खस नेपाली भाषा मै गर्छन् । सरकारले आ-आफ्नो मातृभाषामा प्राथमिक तह सम्म शिक्षा दिने भनिएता पनि साधन र स्रोत जुटाई मातृभाषा शिक्षकहरूको दरबन्दि सृजना गरेको छैन । सरकारी तहमा आदिवासी जनजातिहरूको भाषा धर्म संस्कृति विकास गर्नुपर्छ भन्ने भाषण मात्र सुन्न पाइन्छ । काम केहिपनि भएको छैन । त्यसैले भाषाको आन्दोलन भाषा समुहका मानिसहरूले सञ्चालन गर्न आवश्यक छ । हाल गुरूङ सस्थाहरूले देशभरि तमू भाषाकक्षा सञ्चालन गरेको पाइएको छ । गुरूङहरूको साक्षरता दर ५९.८% प्रतिशत रहेको छ ।

(घ) तमू प्ये ताँ ल्हु ताँ (धर्म-संस्कार)

तमू (गुरूङ) समुदायको धर्म र संस्कृतिलाई गुरूङ भाषामा प्ये ताँ ल्हु ताँ भन्दछन् । यसको अर्थ गुरूङ इतिहास र संस्कृतिको मौखिक नालीबेली हो । तमू समाज सांस्कृतिक रूपमा सम्पन्न छ । धार्मिकरूपमा गुरूङहरु अन्य धर्म समुदाय जस्तै पुरोहितवादमा अडकिएको समाज होइन । तमू समाजको विश्वास आदिम जीववादमा आधारित छ । तमू जातिले धार्मिक विश्वास अनुरूप पहिले प्राकृतिक

विषयवस्तु जस्तै नदी-नाला, डाँडा-काँडा, ठूलोरूख, ठूलोढुङ्गा, पानीको छहरा आदिलाई पूजा गर्छन् । भौतिक बस्तुहरु पञ्चतत्व (आकाश, धर्ती, आगो, पानी र हावा) को समिश्रणले बनेको ठान्दछन् भने सूर्य, चन्द्र, तारा, नौ ग्रहहरूलाई पूजा गर्दछन् । दोस्रो, आफ्नो कुलपितृ अथवा आफ्नो दिवङ्गत पितापूर्खाहरूलाई, खेमाको रूपमा पूजा गर्दछन् । तेस्रो, सिल्दोनाल्दो (स्थानीय देवी देवता र सिमेभुमी) लाई पूजा गर्दछन् । नेपालका आदिवासी जनजातिहरु किराँत धर्मसँग प्रकृतिवादी तमूहरूको विश्वासले मेल राख्दछ । उनीहरूको च्याँब्रुङ बाजा र गुरूङहरूको त्हौंदुँ/ह्यरगा एकै प्रकारका छन् । उँघौली उँभौली पूजामा पनि सामञ्जस्यता छ । तमू प्राकृतिक पुजक हुन भन्ने प्रमाण उनिहरूका प्ये ताँ ल्हु ताँ (धर्म संस्कृति) का विभिन्न मौखिक प्ये (मिथक)हरूका अध्ययनमा उल्लेख छन् । तमू जातिको आफ्नो भाषा, संस्कृति, भेषभूषा, सामाजिक ब्यवहार र सम्बन्धहरु उल्लेख छन् । तिब्बतमा ईसासंवत सातौं शताब्दिदेखि लामा वौद्ध धर्मको विकास भएपछि गुरूङ समाजमा त्यस लामा वौद्ध धर्मको प्रभाव रहेको छ । प्रा.डा.जगमान गुरूङको अनुसार विशेष गरेर सन १९५९ मा तिब्बतमा चीनको हस्तक्षेप भएपछि ठूलो सङ्ख्यामा तिब्बतीयनहरु नेपालका उत्तरी सिमाना र शहरबजारमा बसोवास गर्न आएकाले तमूहरूमा तिब्बती लामावादको ठूलो प्रभाव परेको छ । लामावादमा मौखिक नभएर लिखित दस्ताबेज छन् राम्रो र्दशन छ । वौद्ध धर्मका सिद्धान्तहरु छन् । कर्मकाण्ड र संस्कारमा सरलता र क्षमता अनुसार गर्ने चलनले गर्दा शहरबजारमा बस्ने तमूहरूमा राम्रो प्रभाव छ । तमूहरूले यो बुझ्न जरूरी छ कि तिब्बती लामावादमा तमू (गुरूङ) को भाषा छैन, भेषभूषा छैन, तमूको पहिचान छैन । यसले लामावाद राम्रो होला तर हामी तमूको मौलिक पहिचानको लागी राम्रो होइन । आदिवासी जनजाति हुँ भनेर तमूहरूले आफुलाई मान्ने हो भने आफ्नो मौलिक धर्मसंस्कृतिको उत्थानमा लाग्नु पर्छ । प्ये ताँ ल्हु ताँमा केही कमि कमजोरी छन् भने त्यसलाई सुधार गर्दै आफ्नो पहिचान भएको मौलिक परम्परा छाड्न हुन्न भन्ने विचार क्षेत्र अध्ययनले पुष्टि गरेको छ ।

जसरी तमू (गुरूङ) समुदायको धर्म संस्कृतिमा तिब्बती लामावादको प्रभाव परेको छ त्यसरी नै हिन्दु आर्य धर्म संस्कृतिको प्रभाव रहेको छ । आजभन्दा पाँचसय वर्ष अगाडी तमूवानक्षेत्रमा शाही ठकुरी राजा जगतिखानले तमू राज्य क्होल सोंथरमा भएका गुरूङ राज्य जालझेलमा नास गऱ्यो । त्यसवेला देखि तमूहरूमा

एक आपसमा झै-झगडा बढ्दै गएकाले गुरूङ राज्यहरु पनि एकअर्को गरी सबै नष्ट भए र तमू समुदायमा हिन्दुधर्मको प्रभाव बढदै गयो । लमजुङमा ठकुरी राजा जसवम शाहको पालादेखि हिन्दुधर्मको प्रभाव बढ्यो । 'शाहीको नीति गुरूङहरुको थिति भन्दै' तमू समुदायको मौलिक परम्पराहरु भत्काउने प्रकृया सुरू भए । यसै क्रममा गुरूङ जाति (ethnic) लाई जात (caste) मा अपब्याख्या गरि काल्पनिक वंशावलीहरु तैयार गर्न लगाए । अनेक प्रकारका कथा कहानी निमार्ण गरी तमू मंगोल वंशजलाई आर्य वंशजमा ब्याख्या गरे । तमूजातिलाइ विभाजन गर्न जसले जेसुकै हौवा फिँजाए पनि वास्तविक रूपमा तमूको प्ये ताँ ल्हु ताँमा स्पष्ट रुपमाहरु सबै समान र एकै जाति हुन् भन्ने प्रमाणहरु धेरै छन् । त्यसबाट के देखिन्छ भने यहाँ नेपालका जनजातिहरु धार्मिक र सांस्कृतिक मारमा परेका थिए भन्ने प्रमाणित हुन्छ । जनजातिहरु समतामुलक र बर्णाश्रम भित्र होइनन् र थिएनन् । हिन्दुराज्य भएकाले केही जनजातिका अग्रजहरुले विभेदकारी हिन्दुधर्म संस्कृति अपनाएका थिए भन्ने कुरा बुझ्न जरूरी छ ।

(ङ) तमू छ्याम्यारवे ताँ (संस्कृती)

तमू (गुरूङ) जातिको सामाजिक जीवन, पद्धती, चारित्रिक विशेषता र विचारको संरचनालाई तमू संस्कृति भन्नु पर्दछ । संस्कृतिका बृहत अर्थ हुन्छन् । जातीय संस्कृतिमा त्यस जातिका ज्ञान, शिप दृष्टिकोण र ब्यवहार लवाइ खवाई आदि समेटिएका हुन्छन् । संस्कृति जीवन पद्धतिसँग सम्बन्धित रहेको हुनाले उनिहरुको जन्म देखि मृत्यु सम्मका विभिन्न संस्कार र कर्मकाण्ड पर्दछन् । यस विषयमा अर्को अध्ययनमा विस्तृत बर्णन गरिने हुनाले यहाँ छोटकरीमा के भन्न सकिन्छ भने जन्म संस्कारमा मि थेंवा (नाम राख्ने), करमी म्रोव (छैठी), क्होखुवा (न्वारन), कैंकोवा (पाश्नि), पुटपुटे (आशिमलां), क्र वावा (छेवर), ङ्वी विंवा (गुनियो चोलो दिने), डेक्रवा (विवाह) आदि पर्दछन् । यस बाहेक चाडपर्वहरुमा पौष १५ गते ल्होछार, माघे शंक्रान्ती, श्रीपञ्चमी, फागुपुर्णिमा, चैत्रमा ट्हो त्हें, ह्यौँखु, बैशाखमा वायोपूजा, चण्डीपूजा र घाँटु नाच्ने र सेलाउने, जेष्ठमा सिल्दो त्हें, गैडु (गोठपूजा), आषाढ-१५, साउने संक्रान्ति र ट्हो त्हें, भदौमा हरेलोपूजा, आश्विनमा फैलु र स्यौं पूजा, दशैं, तिहार, कार्तिकमा धीं त्हें (घर रखबार), मंसिरमा न्वागी (नयाँ अन्नखाने) मुख्य चाडपर्वहरु पर्दछन् । राज्यको प्रभावले

गर्दा हिन्दु चाडबाड र आजभोलि शहरबजारमा गुरूङ युवा यूवतीहरूमा भ्यालेन्टाइन डे, क्रिसमस, न्यूईयर पनि मनाउदै आएको देखिन्छ । संस्कृति अनुकरणीय भएका हुनाले एक अर्काको प्रभाव पर्छ ।

तमू मिलानसार, सहयोगी, शाहसी, सोझा हुन्छन् । उखानै छ भैसीले लात हान्दैन गुरूङले झुट बोल्न जान्दैन । त्यसैले गोरखा सेनामा गुरूङ तमूहरूको उल्लेख्य उपस्थिति छ । नेपालले हालसम्म प्राप्त गरेका १३ वटा भिक्टोरिया पदक मध्ये गुरूङहरूले मात्र ५ वटा प्राप्त गरेका छन् । नेपालको एकिकरणमा गुरूङ तमूहरूको उल्लेख्य भूमिका रहेको छ ।

(च) मौलिक पहिचान

सन् १९९० को जनआन्दोलन पछि नेपालमा अस्मिताको सवाल जोडदार रूपमा उठेको पाइन्छ । हुन त सातसालको परिवर्तन पछि वि.स २०११ तिर गुरूङ कल्याण र थारू कल्याणकारी संघ स्थापित भएर नेपालमा रहेका जातीय उत्पिडन र शोषण विरूद्ध आवाज उठाउने प्रयास भएको थियो । हाल जातीय पहिचान, जातीय शोषण र जातीय अधिकारलाई राजनीतिक एजेन्डा बनाएका छन् । आदिवासी जनजातिहरूले आ-आफ्नो पहिचान सहित राज्यको सबै क्षेत्रमा समानुपातिक समावेशी खोजिरहेको अवस्थामा तमूहरूको मौलिक पहिचान के हो भन्ने प्रश्न महत्वपूर्ण छ । तमूहरूको मौलिक पहिचान उनिहरूको प्ये ताँ ल्हु ताँ इतिहाँस र संस्कृतिमा निहित छ । प्ये ताँ ल्हु ताँमा "प्ये म्हस्याँ ल्हु म्हमु ल्हु म्हस्याँ छ्या म्हमु छ्या म्हस्या म्हि म्हमु" अर्थात सिद्धान्त हरायो भने ब्यवहार लोप हुन्छ, ब्यवहार भएन भने संस्कृति लोप हुन्छ, संस्कृति लोप भयो भने मानिसको अस्मिता/पहिचान लोप हुन्छ भन्ने सन्देश दिएर आफ्नो पहिचान प्रति जागरूक गराएका छन् । तमूहरूको परम्परागत पहिचानको विषयहरु भनेका उनीहरूको भाषा, धर्म, संस्कार संस्कृति आदि हुन् । नेपाल वहुजातीय मुलुक रहेतापनि ५०० वर्ष भन्दा बढी समय देखि यहाँका जनजातिको पहिचानका विषयवस्तु माथि दमन र शोषण गरिराखेको हुनाले यसलाई बचाउनका लागि संघीय राज्यमा जाने अन्तरिम संविधानमा उल्लेख भैसकेको छ ।

तमू (गुरूङ) को पहिचान

तमूलाई परिचय गराउनु पर्दा उनीहरूको स्वभाव मिलनसार, मेहनती बानी, अनुशासित, सोझा र सामाजिक सद्भावमा विश्वास राख्ने समुदायको रूपमा उल्लेख गरिन्छ । तमू समुदाय मंगोलवंशका प्रजाति हो । शारीरिक रूपमा उनीहरु गहुँ गोरो, गोलो/बाटुलो अनुहार, चिम्सो कालो आँखा, कालो कपाल, थेप्चो नाक, मझौला कद, कसिला तिघ्रा र पिडौलो र हेर्दैमा फूर्तिलो देखिन्छन् । सि.जें मोरिसले "तमू (गुरूङ)हरु बहादुरी र विनोदपूर्ण स्वभावका कारणले प्रख्यात छन्" भनि लेखेका छन् । तमू समुदायको आफ्नै प्ये ताँ ल्हु ताँ (धर्म, संस्कृति), भाषा, भेषभूषा र ऐतिहासिक थलोकिलो भएका हुनाले यिनीहरु नेपालका विशुद्ध आदिवासी जनजाति हो । तमू सोझा र इमान्दार हुनका साथसाथै स्वभिमानी लडाका जाति पनि हो भनि देशी तथा विदेशी राज्यशक्तिहरूले मूल्यांकन गरेका छन् । नेपाली सेनामा वि.स १८१२ मार्ग १६ गते कालीबहादुर गण गुरूङ जातीय पल्टन खडा भएको थियो । गोरखा भर्ति खोलेपछि बृटिश र भारतका सेनामा गुरूङ उल्लेख्य मात्रामा छन् ।

तमू (गुरूङ) प्येताँ ल्हु ताँमा उल्लेख भएका आदि पूर्खा र महागुरू

तमू प्ये ताँ ल्हु ताँमा उल्लेख भएका छ्याम्या (संस्कार)का कुनै पनि त्हें (यज्ञ) को थालनी गर्दा पच्यू, क्ल्हेबृ र लमले उनीहरूको ह्वैवो (गुरू) र खेमा (पितृमातृ) पुकार गर्दै "क्ल्हेसोंदी ह्विसोंदी छेज्यालो, केर्जे फैला, त्हुर्जे फैला, मारमुई फैला, छेज्यालो र स्योपु छेज्यालो, साथै सिल्दोनाल्दो "न्हिम्ररक्षे" भन्ने वेदवाणीका मन्त्रोचरण गर्दै सुरू गर्छन । प्येको आधारमा तमूका खे (आदि पूर्खा) र मा (आदि मात)को उल्लेख गर्नु पर्दा खलेंवेंडेसोंमा बस्नु हुने केंडेखर्कली आदि देव तथा मणिहयोखरफी आदि देवीको रूपलाई उल्लेख गर्न सकिन्छ । तमू जातीको प्येमा उल्लेख भएअनुसार केंडेर्खक्ल्हे र मणिह्योंखरफीलाई किरातँहरूको पारूहाङ र सुन्नीमा जस्तै पूज्य र आराध्य मान्न सकिन्छ । प्ये ताँ ल्हुँ ताँमा केंडेखर्कली र मणिह्योंखरफीले ब्रम्हाण्ड देखि प्राकृतिक जगत र जीवन सृजना गरे भन्ने मिथक छन् । उनीहरूको सन्तानका रूपमा करूक्ह्याला/करकली क्ल्हे, खलेंवेंडेसोंमा जन्म हुन्छ । करूक्ह्याला/करकली क्ह्याला र ह्वोंकुनायेफीको विवाह भएपछि

उनीहरूको सन्तानको रूपमा च्हज करजैं क्ल्हेको जन्म हुन्छ । च्हज करजैं क्ह्यालालाई सुन र चाँदीको मधुसमा राखेर करूक्ह्यालाले ब्रम्हाण्ड सृजना गरे भन्ने मिथक छ । ब्रम्हाण्ड सृजना गर्ने क्रममा उनले नौ ग्रह, सत्ताईस नक्षेत्र नौ घाम र नौ जुन सृजना गरे । नौ घाम र नौ जुनको प्रचण्ड राप र तापले गर्दा आफूले सृजना गरेका प्राकृतिक विषयवस्तु र आफ्नै छोरा च्हज करजें क्ह्याला डढेर मरेपछि एउटा घाम र जुनको अस्तित्व रहेका हुन् भन्ने प्येमा उल्लेख छ । तमू प्ये ताँ ल्हु ताँमा उल्लेखित अन्य महापूर्खाहरूमा आपा क्हार्वो क्ल्हे, पच्यूक्ह्याला, होसाँ क्रौं, पलमहुरूरीक्ह्याला, पुतवै क्ह्याला, मलकचै क्ह्याला र महागुरूहरु क्ह्यौंलुपच्यू, पगडलुपच्यू, सर्लेपच्यू, मुर्लेपच्यू, वैदापच्यू, पोंदोल पच्यू, चाल्मैपच्यू र नमत्हेंगी, नमतिथु पच्यूहरूको नाम उल्लेख्य छन् भने क्ल्हेबृ गुरूहरु आःगुरू, ज्योहेनःगुरू, उग्र्यानगुरू, क्येतमगुरू च्यितमगुरू आदि छन् ।

१.२ तमू इतिहास : जनश्रुति र विश्वास

नेपालका जनजातिहरूको इतिहास उनिहरूका हितमा लेखिएको छैन किनभने इतिहास जित्नेहरूको हुन्छ, हार्नेहरूको इतिहास कहिल्यै पनि लेखिदैन । तमू (गुरूङ) को वास्तविक इतिहास लिखित रूपमा छैन । तमूको बारेमा आजसम्म स्वदेशी तथा विदेशिहरूले विभिन्न लेख रचनाहरु प्रकासमा आएतापनि अझै सम्पूर्ण विषयलाई समेटेर आधिकारिक इतिहास यहि हो भन्ने अवस्था छैन । गुरूङको इतिहास मौखिक रूपमा रहेको छ । त्यसलाई प्ये ताँ ल्हु ताँ (धर्म संस्कृति)को इतिहास भनिएको छ । प्येमा उल्लेख भएअनुसार तमूको प्रादुर्भाव भएको ठाउँलाई स फू थी क्ल्ह्यात्सा मानिएको छ । स फु ती क्ल्ह्यालसामा तीन महागुरूहरु कर्कली क्ह्याला, क्ह्योंलु पच्यू र आपा क्हार्बुको सृष्टी भएको कुरा प्येमा उल्लेख छ । स फु ती कह्यालसा सिकारी जीवन पश्चात तमूहरूको स्थाई बसोवास भएको राज्य भएको देखिन्छ किनभने त्यहाँ क्ल्हे (राजा/प्रमुख/मुखिया/समूहको नेतृत्व प्रदान गर्ने)हरु भएको प्ये मा उल्लेख छ साथै पेन्चे भन्ने ठाउँमा तमू राजाको दरबार रहेको उल्लेख छ । तिनीहरूले सर्बप्रथम जीवन र जगतको सृष्टि रचना गरेका थिए भन्ने कुरा प्येमा उल्लेख गरेको पाइन्छ तर स फु ती क्ह्यालसा कहाँ थियो भन्ने विषयमा खासै अनुसन्धान भएको पाइएको छैन तापनि तमूहरु क्होंल सोंथरमा ५५६० मिटर अग्लो इग्र्यँपग्र्यँ

हिमाल पार गरि आएको कथाले स फु ती क्ह्याल्साको बारेमा सत्यतथ्य प्रमाण फेला नपरेपनि उनीहरूबारे अड्कल गर्न सकिन्छ कि तमूहरु धेरै वर्षसम्म क्होल भन्ने ठाउँमा बसोवास गरेका थिए । तीनवटा न्हेजा (वस्ती)हरु भएको क्होल राज्यमा तमूहरु १५०० वर्ष सम्म बसेको अनुमान गरिएको छ । पछि गएर क्होल भन्दा उर्वर जमिन र न्यानो हावापानी भएको बस्तिहरु हालको घलेनास र चिलीनास पुगेर बस्ती बसालेको पाइन्छ । त्यसैले गुरूङहरूको मूलथलो कहाँ हो, कहाँका पुराना बासिन्दा थिए, कसरी कुन कारणले आज देशभर विभिन्न जिल्ला र बस्तीमा छरिएर बसेका छन् सबैका लागि चाखको विषय हो । यसबारे विभिन्न जानकार, विद्वान लेखकहरूले भिन्न भिन्न मत दिएका छन् ।

क. बसाई सराई

तमू जातिका पुर्ख्यौली पुरोहित पच्यू, क्लेहेबृ र पुराना बुढापाकाको भनाइ अनुसार सबै तिब्बतकै भू-भागबाट पटक-पटक गरी एकपछि आर्को गर्दै नेपालका उत्तरी हिमालका आसपास मुस्ताङ, मनाङ, लार्के आदि भोटहरूबाट क्होल सोंथरमा १५०० वर्ष बसेका थिए भने राम्रो कृषियोग्य जमीन र न्यानोठाउँ खोज्ने क्रममा पछि लमजुङ, कास्की, गोरखा, तनहुँ, स्याङजा र पर्वतमा धेरै वर्षदेखि बसोवास गर्दै आएका छन् । पूर्वतिर रूम्जाटार, सङखुवासभा, ईलाम लगायत विभिन्न ठाउँमा पनि तमूहरु पुगेका छन् यसको मुख्य कारण हो पृथ्विनारायण शाहको एकिकरण अभियानमा पूर्वी राज्यहरु हात पार्ने क्रममा जाँदा पछि उतै बसोवास गरेको भन्ने पनि पाईन्छ । पञ्चायती कालको वि.सं २०२७ साल तिर चितवन र बाँके बर्दियामा जंगल फंडानी र बसोवास राख्ने क्रममा गुरूङहरु पनि पहाडबाट झरेर पुगेका हुन् । हाल तमूहरु देश भरिनै फैलिएका छन् । जतिपनि भोट नाम गरेका स्थानहरु छन् । यी सब तमू, तामाङ जातिहरूका प्राचीन स्थान रहेको देखिन्छ । जस्तैः मुस्ताङ भोट, मनाङ भोट, लार्के भोट, चम्रु भोट, रसुवा भोट, केरूङ भोट, भोट ३ गाउँ लगायत थुप्रै भोट नाम गरेका ठाउँहरु छन् । यी ठाउँहरूमा तमू र तामाङ जातिहरूले पशुपालन गरेर, शिकारीको पेसा गरेर हजारौं हजार युगहरु पार गरेको बुझिन्छ । मानिसको सङ्ख्या बढ्दै गएपछि शिकार खेलेर पशुपालन गरेर जीवन निर्वाह गर्न सक्ने स्थिति पनि देखिएन । कृषिको लागि पनि योग्य जमिन देखेन । आफ्नो जीवन निर्वाह गर्न नसकिने अवस्थामा

पुगि सकेपछि पुरानो ठाउँलाई छाडी नयाँ बस्तीको खोजीमा लाग्नु स्वभाविकै थियो ।

पाँचौ, छैठौँ शताब्दीभन्दा पहिले मनाङ जिल्लाबाट बाहिर छिर्ने बाटो एकमात्र डाँफे, एक्रे, थुर्चो, पक्रे खोल्दथ्यो र क्होल भै लमजुङ, कास्की पुग्न सक्दथे । त्यो पनि ६ महिना बाटो बन्द हुन्थ्यो । ६ महिना हिउँले छाडी बाटो खोल्दथ्यो । त्यसैकारण मनाङबाट शिकार खेल्दै जाँदा क्होल पुगेका रहेछन् र ठाउँ पनि निक्कै राम्रो फराकिलो शिकार प्रशस्त पाइने देखिएकाले मनाङबाट क्होलतिर बसाई सरेको देखिन्छ । क्होल सोंथरमा तमू जातिहरूले बसोवास गरेको हो भन्ने कुरा प्रायः तमू जातिहरूलाई थाहा छ तर कति समय, युगहरु त्यहाँ विताइयो कसैलाई थाहा छैन । किनकि तमू जातिको मौखिक क्ल्हेबृ र पच्यूको प्ये ताँ ल्हु तां (पुरानो धर्म शास्त्र) बाहेक अरू कुनै लेखोट इतिहास छैन ।

कृषि युगको शुरूवात भएपछि मात्र फाटफुट एकहुल, दुईहुल, कोही लमजुङतिर कोही कास्कीतिर झरेको अनुमान गर्न सकिन्छ । जस्तैः पुरानो बुढापाकाका भनाइ अनुसार पोंचो सोंकोर, पिलुङ (थोसों) टुकोर, चिक्ल्हे ङकोर भन्ने नाम रहेको पाइन्छ । त्यसपछि मात्र हिन्दुस्थानबाट आर्य जातिहरु क्रमशः नेपालतिर प्रवेश गर्दै थिए । तिनीहरूबाट नै विभिन्न नयाँ विधिबाट खेतीपाती गर्ने तौर तरिकाहरु सिक्ने मौका मिलेको देखिन्छ । त्यही जमानाकै कुरा हुँदो हो, यी बाहुनहरूले धान रोप्दा गरम भैं पानीमा खेली रहेछन् भन्ने गर्दथ्यो रे । तमू जातिहरूको खेतिपाती भन्दा शिकार खेल्ने र पशुपालन गर्ने नै प्रमुख पेसा रहेको देखिन्छ । त्यसैले होला तमू जातिहरूको पुरानो गाउँहरूलाई हेर्यौ भने प्रायः डाँडा अग्लो, हिमाल देख्ने जंगल नजिक भएकै ठाउँहरूमा रहेको पाइन्छ ।

२०(२५ वर्ष भन्दा पहिले मनाङ र लमजुङको बीचमा आवात जावत गर्नका लागि ज्यानको बाजी राखेर हिँड्नु पर्ने बाध्यता थियो । लमजुङ, तनहुँका मानिसहरु नून लिन मनाङ जानु पर्दथ्यो । कास्कीका खासगरी चिलि (सिक्लेस) वरिपरीका सबै मानिसहरु आषाढ, श्रावणतिर मनाङमा नून लिन जानु पर्दथ्यो । त्यसरी नै कोही गोरखाका लार्के भोट र कोही मुस्ताङ थाकखोलातिर नून लिन जानु पर्दथ्यो । यस्तैगरी मनाङतिरका मानिसहरु नून लिई लमजुङतिर चामल लिन

जानु पर्दथ्यो ।

मानिसहरु यसरी विकासको क्रममा आफ्नो जीवन निर्वाह गर्न नसक्नाको बाध्यताले गर्दा मनाङ जिल्ला अन्तर्गतको प्रायः गाउँ नै उजाड बनाई छाडेको पनि देखिन्छ । जस्तै वर्तमान नार र फु गाउँमा मात्र मानिस छन्, मेतो (धनुष काँड कमाउने) ठाउँका गाउँ, च्यको (फलाम पकाउने) गाउँ नार अन्तर्गत थुप्रै गाउँहरु छन् भने फु अन्तर्गत क्याङ लगायत थुप्रै गाउँहरु छन् । त्यहाँबाट सबै आ-आफ्नो पेटको खोजीमा तल लमजुङ कास्की, स्याङजा, तनहुँ, पर्वत, गोरखा आदि ठाउँहरुमा गएर्का हुनुपर्छ । यसको उदाहरण आज मनाङ जिल्लाका प्रायः धनी मानिसहरुले काठमाण्डौ, पोखरा लगायत सुगम जिल्लाहरुमा जग्गा लिई धमाधम घर बनाएका छन् भने, दशौं, पन्ध्रौं शताब्दितिर मनाङ जिल्ला अन्तर्गतबाट लमजुङ, गोरखा लगायतका ठाउँहरुमा पुगेको हुन सक्छ ।

१.३. तमू ह्यूल्सा नि तमू ह्यूल प्हेंवा (गुरूङ भूमि र राज्यहरण)

पुरानो ह्यूल

आदिम गुरूङ राज्य ब्यवस्थाबारे चर्चा गर्ने सन्दर्भमा गुरूङ पुरोहितहरु/तमू खेगीहरुको 'प्ये' (धर्मशास्त्र)लाई आधार मान्नुपर्ने हुन्छ । यसैको आधारमा नेपाल सरकार पुरातत्व विभाग र बेलायतको क्याम्ब्रीज विश्वविद्यालयको ध्यान आकर्षण भएको छ । यति मात्र हैन चेतना र शिक्षा प्राप्त भएकै कारणले गतसाल तमू ह्युल छोंजधीं गुरूङ राष्ट्रिय परिषदले पनि आफ्नो पितृथलोको खोजीमा ध्यान पुऱ्याउने काम गरेको छ । यसै सन्दर्भमा डिल्लीजङ्ग गुरूङ, भोवर पाल्वै तमू र प्राज्ञ डा.जगमान तमूका भनाइहरु यसै पार्श्वचित्रको परिशिष्टमा राखिएको छ । तमूहरु कुनैबेला मंगोलीया देखि चीन र तिब्बत हुँदै शिकारी जिवनमा नेपालको उत्तरी सिमाना मनाङ र मुस्ताङ प्रवेश गरेका हुन् । घुम्दै-फिर्दै झण्डै समुन्द्र सतहदेखि माथि लगभग ४००० मिटरको उचाइमा अवस्थित अन्नपूर्ण हिमश्रृंखला र लमजुङ हिमालको काखमा अवस्थित क्होल सोंथर गुरूङहरुको लागि अत्यन्त महत्वपूर्ण थलो हो । क्होलं सोंथरमा तमूहरुको राज्य थियो । त्यहाँ कुनै समयमा तमू खम्बा राजाले शासन गरेको थिए । अत्यन्त सुन्दर र उब्जाउ हुने यो

उचाइको समथर भूभागमा अवस्थित क्होल राज्य तीन खण्डमा रहेको पाइएको छ । मुं क्होल (तल्लो भाग), पा क्होल (बीच) र तुँ क्होल (माथिल्लो) खण्ड भनी तीन भागमा बर्णन गरेको छ (बमबहादुर क्रोम्छे तमूः २०६६) । गतवर्षमा तमू ह्यूल छोंज धीं गुरूङ राष्ट्रिय परिषदकोसमेत संलग्न रहेको अध्ययन टोलीले भ्रमण गरि क्होल राज्य भएको ठाउँमा थुप्रै भग्नावशेषहरु देख्न पाइन्छ भन्ने प्रतिवेदन आएको छ । उक्त प्रतिवेदनमा कुनै ठाउँमा ८०/९० घर भएको अनुमान हुन्छ भने अर्को ठाउँमा ४०/५० घर, ढिकीजांतो र पानी घट्ट, राजा मन्त्रीहरु बस्ने बलियो राम्रो दरबार घरका अवशेषहरु, युँमा त्हो (ढुङ्गाको किलो), पच्यू, क्ल्हेबृ र लामा बस्ने क्होइँबो धीं, छोंज धीं (सभागृह), गाउँलेलाई उठेर सूचना दिने, घोक हाल्ने र म्होदो हेर्ने ठूलो ढुङ्गो, च्त्यम्स्यो ऊ (महिला ब्रतालु बस्ने ओडार), सिल्दोनाल्दो पूजा गर्ने स्थानहरु अझै पनि देख्न सकिने अवस्था छ भनिएको छ । अर्कोतर्फ पच्यूले उईजुचुँम्रु, क्ल्हेबृले लब्रु म्हर्सो र लमले नारमा आ(आफ्नो क्होइँबो स्थापना गरेका थिए भन्ने प्ये ताँ ल्हुँ ताँमा बर्णन छ । क्होल राज्य भएको स्थान कृषियोग्य भूमी रहेको र हावापानी उत्तम भएको ठाउँ हो भनि प्रतिवेदनमा उल्लेख छ । तमूहरूले त्यहाँ १२०० वर्ष अगाडी बसोवास सुरू गरेका थिए भन्ने अनुमान क्याम्ब्रीज विश्वविद्यालयका अनुसन्धान टोली र इतिहासकारहरूले अनुमान लगाएका छन् । क्होंल राज्यमा तमू प्ये ताँ ल्हु ताँ (धर्म, संस्कृति) र संस्कारलाई ब्यवस्थित ढङ्गले लागू गर्ने निर्णयहरु खेंगीहरु पच्यू, क्ल्हेबृ, लम र भद्रभलादमीलाई छोंजधींमा बोलाई गरिएको पाइन्छ । खम्बा राजा निसन्तान भै मरेपछि क्ल्हे अर्थात् घलेराजालाई राज्य सञ्चालनको जिम्मेवारी दिइएको थियो । क्होल सोंथरको साँधसिमाना पूर्व तप्राँग, कर्पु र हाजु, पश्चिममा म्हीजेतसा, दक्षिणमा मादी र उत्तरमा रोउडांडा पर्दछ यहि ४ किल्ला भित्रको जमिन तमूहरूको पुख्यौली थलो हो । क्होल सोंथरको राज्यको सम्पुर्ण जग्गा जमिन भोगचलन अधिकार लमजुङवासी खास गरी घनपोखरा, घलेगाउँ र पसगाँउको रेहपनि हालको नयाँ नक्शामा यो कास्की जिल्लामा पर्दछ र त्यसको उपभोग पनि कास्की र लमजुङ लगायतका तमूहरूले गर्दै आएकाछन् ।

क्होंल सोंथर पछिको बसाई

उक्त अत्यन्त उच्चभागको चिसोको कारण घुमफिर गर्ने क्रममा पूर्वतिर घले गाउँ,

दक्षिणतिर तमूसार, दक्षिणपश्चिम चिली नौचुं आदि ठाउँमा त्यहाँको भन्दा न्यानो हावापानी मलिलो माटो पानीको सुविधा आदि भएकाले उक्त ठाउँमा बसाइ सरी जानकालागि क्होलबाट विस्तापित भएको भन्ने छ । त्यहाँबाट बसाई सरेर उनीहरु केही लमजुङ पर्जो, घले गाउँ हुँदै पूर्वतिर लागे । केही तनहुँ लागे भने केही दक्षिणतिर ङरूह्युल्सा चिली (सिक्लेस) मा बसाईं सरेको कुरा प्येमा उल्लेख छ (पम तमू २०६६) । अझसम्म पनि चिलीलाई तमू संस्कृति, संस्कार र कर्मकाण्डका लागि महत्वपूर्ण थलोको रूपमा लिइन्छ तर यो त्यतीवेला उपयुक्त थियो जतिवेला त्यहाँका पच्यूगुरू र क्लेबृ गुरूहरूको मौखिक प्ये प्रसस्त थियो । पछि वहाँहरूको शेष पश्चात उक्त मौखिक प्ये (शास्त्र) पनि कतिपय वहाँहरूसँगै समाप्त भै गयो जो पछिल्ला पिँडीका पच्यूगुरूहरूले मौखिक रूपमा लिन सकि रहेका थिएनन् । तसर्थ आज चिलीगाउँमा प्येको दाँजोमा ल्हु (संस्कार) र छ्याम्या मात्र यथावत रहेको देख्न सकिन्छ । एक जमाना थियो जुनवेला गुरूङ समुदायमा एउटा भनाई प्रचलित थियो "प्ये म्हस्याँ चिली ह्यादु" (शास्त्र हराए, ज्ञान हराए सिक्लेस जानु) तर यो कुरा हाल आएर सहीरूपमा लागु हुन सकिरहेको पाईँदैन तर त्यसवेला भने विभिन्न ठाउँबाट खेगी सिक्ने र पढ्नेहरु सिक्लेस आवात-जावत गर्दथे जस्को कारण आज कुनैकुनै खेगीहरु सिक्लेसी खेगीसँग केही मात्रामा मेलखान गएको पाइन्छ ।

यति हुँदाहुँदै पनि क्ल्हे (घलेराजा) को अस्तित्व पनि चिलीमा सकिएको थियो । घलेराजा सिक्लेसबाट अन्त हुनको कारण उसको खराव आचरणले गर्दा हो भन्ने प्येमा उल्लेख छ । त्यहाँ क्ल्हे (घलेराजा)ले कति वर्ष शासन गरे भन्ने खोजको विषय हो । यस सम्बन्धमा सुश्री भद्रकुमारी घलेले सामरी घलेलाई लेखट्दै अन्तिममा पिठ्यूंमा भालाले घोची भूमिमा पछारी मारिदिए । दरबारीया षडयन्त्रमा यस्ता घटना हुन्छन् भनी लेख्नुभएको छ (२०६४) । उनको अनुसार सामरी घलेको पय (अर्घु) पछि एकदिन मौका हेरेर सामरी घले राजाको कान्छा भाइ ह्लिल्दे घले राजकुमारले आफ्नी विधवा महारानी भाउजू र आफ्नो परिवार लगायत र आफ्नो मिल्ने कुगि परिवारहरु लिएर पश्चिम कौंड सुं (माछापुच्छे) दिशातिर गइ बसे । महाराजा सामरी घलेको जेठो छोरा पहिले नै बावुबाट छुटेर गोरखा जिल्लामा राज्य स्थापना गरि बसेका थिए । उनको कान्छा छोरा घलेराजकुमारले हालको घान्द्रुक राज्य स्थापना गरि बसेका हुन भन्ने प्ये तां ल्हु

तांमा उल्लेख छ । यही कारणले होला सिक्लेस, ताङतिङ, खिलागं र ताप्राङ भेकमा घले परिवारको बसोवास भएको पाइँदैन । अर्कोतर्फ घले राज्यहरुको अस्तित्व भने मेटिएन । सामरी घले कै सन्तान कौँडा (घान्द्रुक) र गोरखामा गई राज्य सञ्चालन गरेका थिए अर्थात् गुरूङ राज्यहरु र घलेराजाका बर्णनहरु थुप्रै सुन्न पाइन्छ । घले जाति विशेष नभै पद विशेष हो तापनि हाल आएर यो जाति विशेषको रूपमा पनि लिने गरेको पाइन्छ । केही अल्पज्ञानीहरुले गुरूङ र घले समुदाय पृथक हो भन्ने विचार ल्याएको छ यो तमू (गुरूङ) समुदायलाई विभाजन गर्ने कडि हो । घलेलाई गुरूङ होइन भन्यो भने प्ये ताँ ल्हु ताँको भावना विपरित हुन्छ । प्राज्ञ डा. जगमान गुरूङका अनुसार पनि थुप्रै घलेराजा र गुरूङ राज्यहरु भएको ज्ञान प्राप्त हुन्छ । उनका अनुसार स प्रु ती क्त्याल्समा घलेराजा मासिएको, त्यसपछि घलेका सन्तान च्योंसुर घले मुक्तिक्षेत्रमा शासक भएपनि म्हिनकुंगीको असहयोगमा शासन गर्न पाएन । यस्तै कास्कीका राजा जगतिखानले म्हिनकुंगीका मुख्य मानिसहरुलाई हात लिई घलेराजाले मासेको थर मैले पालि दिउँला, कम सिर्दो लिउंला, मेरो माथी कुल कपट नगर्नु, घलेराजा नमान्नु भनी कर लगाउँदा म्हिनकुंगिको चित्त बुझ्यो र घलेराजा छोडी खानराजा मानी विभिन्न ठाउँमा गाउँ बसाली बसे । यसरी नै क्होलका राजा रितुघले स्वेच्छाचारी हुँदा खुट्टा काटियो र राजा जगतिखानलाई राजा मानी बसेकाले क्होलमा घलेराजा मासिएको, कास्कीका राजा जगतिखान (पछि कुलमण्डल शाह)का राजकुमार यशोब्रह्म शाहले पोंजोका घलेराजालाई मर्स्याङ्दीको किनारमा छल गरी मारेको, लिगलिगकोट, गोरखा उपल्लोकोट र वारपाकस्यार्तनमा शासन गरी बसेका यिनै घलेका सन्तानलाई लम्जुङका राजा यशोब्रह्म शाहका राजकुमार द्रब्यशाहले हटाइ दिएका र राजा रामशाहले वारपाकस्यार्तन र अठारसय खोलामा राज्य सञ्चालन गरी बसेका घलेराजाहरु मासी छोडेको घटनाक्रम उल्लेख छ । यस्तै भद्रकुमारी घलेले (२०६४) सामरी घले वारपाकका घलेराजालाई शाहवंशले मितेरी लाउँ भनी वारपाकबाट मादी र निमानी खोलाको दोभानमा ठाउँ छनौट गरी निमन्त्रणा गरे तर कुनै हतियार नलिई आएका सामरी घलेलाई शाहवंशीय फौजले पहिले नै बालुवामा लुकाएर राखेको हतियार झिकी मारेको हुन् भन्ने बर्णन गरेका छन् । यस्ता कथा वर्तमान अध्ययन क्षेत्र लामानास र घलेगाउँमा बुढापाकाबाट प्रसस्त सुन्न पाईएको थियो ।

यी माथिका विभिन्न भनाईहरूबाट के थाहा हुन्छ भने कोंडा (घान्द्रुक) देखि पूर्व गोरखा, उत्तर तिब्बती सिमा र दक्षिणमा तनहुँ भित्र थुप्रै तमू ह्युलहरु (गुरूङ राज्यहरु) भएको स्पष्ट हुन्छ । नेपालको पश्चिम पर्वत जिल्लाको भुरूङदी खोला र स्याङजा जिल्लाका लसर्घदेखि पूर्वमा गोरखा जिल्लाको आँखुखोला र धादिङ जिल्लाको साप्रिसम्म फैलिएका गुरूङ राज्य १६ शताब्दीको सुरू सन् १५०१ तिरबाट ठकुराइ राज्यले दखल गरे (गुरूङ २००६) । लसर्घाका क्ल्हेलाई जैन खानले विस्तापित गरे । कास्कीका सामरी क्ल्हेलाई जगतिखानले मारे । यसरी नै सन् १५४८ मा लम्जुङका थानसिंह क्ल्हेलाई जसवम शाहले कपटपूर्ण ढङ्गले मारे । सन् १५५९ मा गोरखाका क्ल्हेलाई द्रब्य शाहले काटे । त्यस्तै गोरखाका अन्य स्थान स्यारतान(अठारसय खोला, सल्यान र चरङ्गे क्ल्हेहरूलाई रामशाहले विस्तापित गरे । धादिङ जिल्लाको कटुन्जे र साप्रिका क्ल्हेहरूलाई नरभुपाल शाहले परास्त गरे (गुरूङः २०६४) । यसरी गुरूङको राज्यहरणको कथाव्यथा छः यसमा डा. हर्क गुरूङले भनेका छन् "गुरूङको राज्यहरण सैनिकबलबाट भएका थिए भने प्ये ताँ ल्हु ताँ र छ्याम्य (धर्म, संस्कार, संस्कृति र रीतिथिती)लाई वुद्धिद्वारा अतिक्रमण गरेका थिए" । तमूवानमा आर्य हिन्दुहरु प्रवेश भएपछि यहाँका सोझा आदीवासी जनजाति गुरूङहरूको जग्गाजमिन बाँडफाँड हुँदा आगो ढलो गुरूङको पानी ढलो बाहुनको हुने भन्ने प्रथा कायम भएको थियो ।

(क) पहिचान माथि आक्रमण

तमू (गुरूङ) समुदायबीच फुट ल्याउने दृष्टिकोणले सन. १५३७ का पुरोहित भोजराज शर्मा, सन् १९११ मा शेखरनाथ सुवेदीले वनारसमा छापेका थरगोत्र प्रवरावली वंशावली, सन् १९५६ मा योगी नरहरीनाथको घलेको वंशावली र सन् १९५७मा शेरबहादुर गुरूङले लेखेको तथाकथित नक्कली वंशावली आदि प्रमुख छन् । यिनै वंशावलीहरूलाई आधार मानि देश विदेशका विद्वान्हरूले पुस्तक, अनुसन्धान र लेखहरु प्रकाशित गर्दै जाँदा गुरूङहरूबीच फुट पैदा गरियो । तमूजातिको धर्म, संस्कार र संस्कृतिलाई नै सखाप पार्ने प्रयास भयो ।

गुरूङ धर्म संस्कार र संस्कृतिलाई प्रभाव पार्ने खालका राज्यले विभिन्न

कालखण्डमा घोषणा गरेका नीतिहरु डा. हर्क गुरूङले प्रस्तुत गर्नु भएको आधारमा छोटकरीमा यहाँ उल्लेख गरिएको छ ।

१. सन् १८०८ मा गीर्वाणयुद्ध विक्रम शाहको पालामा भएका लालमोहोरद्वारा गुरूङहरूलाई १६ हिन्दु संस्कारमध्ये १० किसिमका हिन्दु संस्कार गर्नुपर्ने अनिवार्य पार्नुका साथै गुरूङहरूको आफ्नो पुरोहित पच्यू, क्ल्हेबृ र लमको सट्टा बाहुन पुरोहित प्रयोग गर्न बाध्य गरायो । जसले बाहुन लगाउँदैन उसलाई मैलो बर्णका गुरूङ, जसले लगाउँछ उसलाई सुकिलो बर्णका गुरूङ हुने भन्ने विभेद गरे ।

२. सन् १८१६ मा राजेन्द्रविक्रम शाहको ताम्रापत्रमा आयन्दा गुरूङहरूको कर्मकाण्डमा बाहुन लगाउनु पर्ने निर्देशन जारी भए ।

३. सन् १८१८ मा राजेन्द्रविक्रम शाहले अर्को आदेश जारी गरी बाहुन पुरोहित लगाएर कर्मकाण्ड गर्ने गुरूङले विवाह, विधवा विवाह मोरो अपुताली, कर माफी पाउने, बाहुन पुरोहित नलगाउनेले चाकचाकुई र मोरो अपुताली कर तिर्नु पर्ने बाध्य गराइएका थिए ।

४. यस विषयलाई लिएर गुरूङहरूले ब्यापक विरोध गरे पछि सन् १८१८ मा राजेन्द्रविक्रम शाहले अर्को लालमोहरद्वारा सबै थरका गुरूङहरूले विवाह, विधवा विवाह मोरो अपुताली कर तिर्नबाट माफी गरिदिए । जातीय संस्कारमा पच्यू, क्ल्हेबृ र लमबाट पनि कर्मकाण्ड गर्न पाउने हुकुम जारी भएको थियो ।

५. सन् १८२६ मा राजेन्द्रविक्रम शाहको ताम्रापत्रमा जातीय संस्कारमा गुरूङ पुरोहित पच्यू, क्ल्हेबृ र लम लगाउन पाउने तर हिन्दु कर्मकाण्डमा बाहुन नै प्रयोग गर्नु पर्ने आदेश भएका थिए ।

६. सन् १८२८ को आदेशमा सबै गुरूङहरु जुन थरका भएतापनि समान हुन् । चारजात ठूलो र सोह्रजात सानो भन्ने शब्दहरु प्रयोग गर्न नपाउने भनि राजेन्द्रविक्रम शाहका पालामा भएका ताम्रापत्र छ तर ब्यवहारमा लागु गरिएको थिएन कारण राज्य ब्यवस्थाका संचालकहरु सबै हिन्दू जातका थिए ।

७. सन् १८५४ मा जङ्गबहादुरले जारी गरेका मुलुकी ऐन हिन्दु धर्म, संस्कृतिमा आधारित थिए । जातीय ब्यवस्था अनुसार एने कानून निर्माण

भएपछि गुरूङहरूबीच पुनःविवाद भए ।

८. त्यस विवादलाई सुल्झाउनको लागि सन् १८६७ मा जङ्गबहादुरले लालमोहर जारी गरी सबै थरका गुरूङहरु समान हुन भन्ने हुकुम जारि गर्दै जात भन्ने भातमा रहन्छ । जसले ठूलो सानोको विभेदका कुरा उठाउँछ, त्यसलाई दण्ड सजाय हुने, हुकुम जारी गरे । गुरूङहरूबीच भातपानी चल्ने भएकोले सानो ठूलो भन्ने रहँदैन ।

९. जङ्गबहादुरको हुकुम बर्खिलाप गरी शेषरनाथ सुवेदीले सन् १९११ मा गुरूङका विभेदकारी वंशावली थरगोत्र प्रवरावली वनारसवाट प्रकाशित गरे । त्यस नक्कली वशांवलीको गुरूङहरूले ब्यापक विरोध गरे । परिणाम स्वरूप सन् १९२१ मा चन्द्रशम्शेरका भारदारी फैसलाद्वारा सबै थरका गुरूङहरु समान हुन् । गुरूङ थरमा ठूलो सानो भन्ने छैन । थर गोत्र प्रवरावलि नामक गुरूङ वंशावलीको लेखक सीषरनाथ सुवेदीलाई रू.२० (वीस) जरिवाना गर्ने सो पुस्तक जफत गरी विक्रिवितरणमा रोक लगाउने आदेश जारी गरिएको थियो । राज्यको आदेश, हुकुम, लालमोहर र ताम्रापत्रहरु भएतापनि राज्य सत्ताका सञ्चालकहरु हिन्दू धर्म, संस्कारमा दीक्षित र प्रशिक्षित भएको र केही तमूहरु सरकारी सेवाकाकारण राज्य पक्षतिर झुकाव रहेका हुनाले जातीय विभेद कायम रह्यो । गुरूङ प्ये ताँ ल्हु ताँ लाई लिखित दस्तावेजको रूपमा प्रस्तुत गर्न नसक्दा साधारण गुरूङहरूले प्ये ताँ ल्हु ताँ राम्ररी बुझ्न सकेन र बुझ्न तिर पनि लागेन । त्यसको विकल्पको रूपमा सँगठित भएर दस्तावेजको रूपमा भएका तिब्बती लामावादको धर्मदर्शन प्रति हिमाली क्षेत्रका गुरूङ र तिनीहरूसँग निकट रही आफूलाई छुट्टै देखाउन खोज्ने गुरूङहरूको झुकाव बढ्दै गए ।

माथि उल्लेख गरेका ताम्रपत्र, लालमोहोर तथा भारदारी फैसलाहरु हुकुमी शासनकालका हुन् । यसबाट हामी प्रष्ट रूपमा भन्न सक्छौं कि जनजातिहरूको धर्म, संस्कार, संस्कृति, भाषा र रहनसहनमा राज्य संवेदनहीन थिए । वौद्धिक र वैचारिक रूपमा बन्देज लगाइएका थिए । जनजातिका पहिचान र परिचयका अस्तित्व साथै स्वतन्त्र हरण गरिएका थिए । गुरूङलाई एकता भै आफ्नो हकहितको लागि बोल्न र ब्यवहार गर्नु बञ्चित पारिएको थियो । प्रशासनिक सेवा

र आर्थिक अवसरबाट पनि विभेद गरिएको थियो ।

(ख) बीरता र सम्मानः गुरूङ ब्यक्तित्वहरु

नेपालको राज्य सञ्चालनको ऐतिहासिक घटनाक्रम भित्र अन्य आदिवासी जनजातिहरूको तुलनामा गुरूङहरूको भूमिका उल्लेखनीय र चर्चाको विषय हुँदै आएको छ । समयकाल र परिस्थितिलाई आफ्नो अनुकुल वा आफैलाई अनुकुल बनाएर अगाडि बढेको अनुभव भएको छ । बृटिश र भारतीय सेनामा बहादुरी र अनुशासन देखाएको इतिहास छ भने मुलुकको शासन प्रशासनमा कुनै न कुनै ढङ्गले सहभागी देखाउँदै आएको विवरण यहाँ प्रस्तुत गर्ने प्रयास भएको छ ।

■ एकिकरण काल

नेपालको एकीकरणमा गुरूङहरूको ठूलो योगदान रहेको कुरा नेपालका इतिहासकारहरूले प्रमाणित गरेका छन् । अझ स्पष्ट रूपमा प्राज्ञ डा.जगमान गुरूङले "नेपालको एकीकरणमा गुरूङहरूको भूमिका-२०४१" लेखेर प्रष्ट्याएका छन् । नेपालको एकीकरण आवश्यक थियो थिएन चर्चाको विषय हो तर त्यस वेलामा गुरूङहरूको साथ शाह शासकहरूले नपाएको भए के हुन्थ्यो अर्को सोच्ने विषय हो । द्रब्यशाहले वि.सं. १६१६ भाद्र २५ गते शुक्रबार गोरखामा शाहवंश स्थापना गरेका र लमजुङबाट गुरूङहरु पनि साथमा ल्याएका सन्दर्भमा उमरा (सैनिक नायक एवम् शासन) पद दिएर गुरूङहरु प्रति पूर्ण भरोसा र विश्वास राखेका थिए । थुप्रै प्रसङ्गहरूले सम्मानित पदहरु प्राप्त गरेका भएपनि प्रमुख ब्यक्ति प्राप्त पदको यहाँ उल्लेख भएको/गरिएको छ । यस सन्दर्भमा बीर झागल गुरूङ (जस्ले पृथ्वीनारायण शाहले दिएका हतियारले शत्रु मारे), सरदार वंशु गुरूङ (अंग्रेजले सिन्धुलीगढी कब्जा गर्दा शुत्र पक्षलाई परास्त गर्ने कार्यमा सफल), सुबेदार भारत गुरूङ (वि.सं. १९११ को भोटसँगको लडाईमा विजय पाउन योगदान पुऱ्याए), वलि गुरूङ (अमाली पद-न्याय सेवासँग सम्बन्धित), कप्तान अङ्गत घले (पाल्पाली राजकुमारलाई विजयपुरमा असफल बनाएका), टक्सारी नरसिंह गुरूङ (१८४८ वि.सं. कुती कब्जा भएको र पृथ्वीनारायण शाहका पालादेखि विश्वासिलो ब्यक्ति), सुब्बा प्रल्हाद गुरूङ र नाथ गुरूङ (कास्कीका

प्रतिष्ठित व्यक्तिहरु (पश्चिमतर्फका विजय अभियानमा योगदान), गुरूङहरूको वफादारी र कर्तव्यनिष्ठताको मूल्यांकन गरेर श्री ५ सुरेन्द्रवीरविक्रम शाहले गुरूङ जातिका सैनिकहरु मात्र भएको 'कालीबहादुर गण' खडा गरेका थिए र नेपालको एकीकरणमा गुरूङहरूको भूमिका ज्यादै उल्लेख्य भएको कुरा प्रमाणित हुन्छ । यस्तै चम्पासिहं गुरूङ एक महत्वपूर्ण व्यक्ति एवंम पद ग्रहण गरेका व्यक्ति थिए ।

यस बाहेक भारतको प्रथम स्वतन्त्रता सँग्रामलाई सन् १८५७ मा दवाउन प्रधानमन्त्री जङ्गबहादुरले नेपाली सेनाको दुरूपयोग गरी अंग्रेजलाई सघाएकोमा उक्त टोलीमा रहेका जमदार श्रीपति गुरूङले राणा शासनको विरोध देखाए । पछि उनी वि.सं. १९१५ मा भुठा मुद्दा लगाई मारिए । यसको लगत्तै लम्जुङ निवासी शुकदेव गुरूङ र गोरखा निवासी सुपति गुरूङ प्रधानमन्त्री जङ्गबहादुर विरूद्ध उत्रिए । राणाहरूको कठोर शासनविरूद्ध उत्रिएका यी ३ जना गुरूङ योद्धाहरु श्रीपति गुरूङ, शुकदेव गुरूङ र सुपति गुरूङले नेपालको इतिहासमा आफ्नो र गुरूङ समुदायको नाम उच्च बनाएका छन् भने आजपनि सम्पूर्ण गुरूङहरूका लागि उनीहरु गौरव र मार्गदर्शक बनेका छन् । नेपाललाई योजनाबद्ध विकास गर्नु पर्छ भन्ने डा. हर्क गुरङको ठूलो योगदानलाई देशले विर्सन सक्दैन र मिल्दैन पनि ।

अध्याय २

सामाजिक संस्कार

२.१ परिचय

संस्कारको अर्थ सफाई, सुधार वा शुद्धिकरण गर्नु संग रहेको छ । जन्म देखि मृत्यु सम्मका खुटकिलाहरूमा मानवजीवनलाई व्यवस्थित र सार्थक बनाउन थुप्रै शुद्धिकरणका कामहरु पुरा गर्नु पर्ने हुन्छ । हिन्दुहरूले जन्म देखि मृत्यु सम्म १६ संस्कारहरूको बर्णन गरेको पाईन्छ । यस्लाई मानवशास्त्री अर्नोल भेन गेनेप (Arnold Van Gennep) ले (सन् १८७३-१९५७) आफनो पुस्तक त्जभ च्त्तभक या एबककबनभ मा जन्म, पवित्रता, विवाह र मृत्यु सवै संस्कृतीमा विभिन्न उत्सवका रूपमा रहन्छ भनी बर्णन गरेका छन् । उनले छुट्टि भिन्न, संक्रमित र सम्मिलीत रिवाजबारे बर्णन गर्दा छुट्टि भिन्न रिवाजलाई मृत्यु संस्कारमा जोडेका छन् । सम्मिलित रिवाजलाई विवाह र संक्रमित रिवाजलाई गर्भाधारण, छेवर, पुटपुटेसँग जोडेर ब्याख्या गरेका छन् । यिनै मानवशास्त्रीको सैद्धान्तिक विचारमा "कुनैपनि समाजमा एउटा ब्यक्तिको जीवन भन्नु नै एक उमेर समुहबाट अर्कोमा र एक पेशाबाट अर्को पेशा प्रवेश गर्ने संस्कारका श्रृंखला हुन्" । यस सैद्धान्तिक परिभाषामा राखेर हेर्दा गुरूङ समुदायले आफ्नो सांस्कृतिक परम्परा अनुसार केही संस्कारहरूमा पालना गर्दछन् जुन जन्मदेखि मृत्युसम्म भएको पाईन्छ । तमू छ्याम्या (संस्कार) छोटकरीमा यस प्रकार छन् ।

(क) प्हसें फिव (जन्म संस्कार)

जन्म संस्कार जीवनको पहिलो संस्कार तथा खुड्किलो हो । यस अघि फोनोवा (गर्भधारण) हुने कुरा महत्वपूर्ण हुन्छ । सुत्केरी ब्यथा लागेपछि नै गर्भाधारणबारे राम्रो ज्ञान एवम् अनुभाव भएको महिलालाई बोलाई उनकै रेखदेखमा शिशु जन्माउने कार्य सम्पन्न हुन्छ । सुत्केरी असहज भएको अवस्थामा आफ्नै खेगीहरु, पच्यू र क्ल्हेबूले मन्तर गरेर पानी खाना दिने चलन पनि छ । शिशुको जन्म भएको छैंठो दिनमा करमीम्रोव (छैठी) मनाउने चलन गुरूङ समुदायमा पनि प्रचलित छ । उक्त साँझ फलफूल, धुप, बत्तिले पितृ र देवदेवीका पूजा गर्दै नवजात शिशुको सुस्वास्थ्य र दीर्घायूको कामना गर्दै रातभर युवायुवतीहरु नाँचगान गरि रात विताउँछन् । सुत्केरी र नवजात शिशुको क्होखुवा (न्वारन), मिथेंवा (नामकरण) अर्को संस्कार हो । नवजात शिशु छोरा भए नवौं दिन र छोरी भए सातौं दिनमा क्होखुवा (नुवाई धुवाई) र मिथेंवा (नाम जुराउने) काम सम्पन्न गरिन्छ । वच्चालाई घाममा राखी घिउतेल लगाउने दिनको शुरूवात पनि हुन्छ । शिशुको न्वारन नगरे सम्म परिवार चोखिएको मानिदैन । न्वारनको दिन नवजात शिशुको न्ह थोंवा (कान र नाक छेड्ने) कार्य गरिन्छ । त्यसै दिनमा क्ल्हेबू गुरूले थासों त्हें (यज्ञ) गरेर सुतकेरीलाई चोखो निस्तो गर्दछन् । थासों क्यू (मन्त्रेको पानी) ले घर गोठमा र आफन्तहरुमा अभिषेक गरि चोख्याउँने गरिन्छ ।

(ख) कैं कोवा (भात खुवाई)

नवजात शिशु छोरा भए ६ महिना र छोरी भए ५ महिनामा कैंकोवा (अन्नप्राशन अर्थात भात खुवाउन) संस्कार मनाउने चलन गुरूङ समुदायमा ब्यापक छ । अन्न प्राशनमा दुध, घिउ, दहि, खीर जस्ता विभिन्न मिठा मिठा परिकार बनाउने, नयाँ कपडा लगाउने र भात खुवाउने गरिन्छ । यस्को वैज्ञानिक आधार पनि छ कि शिशुलाई आमाको दुधले मात्र नपुग्ने भएकाले पनि अन्न पकाएर लिटो खुवाउने चलन आएको हो । अन्नप्राशनमा पच्यूगुरू तथा पैंडीगरूहरुसँग कुन ल्हो (वर्ग) भएको वालकले खुवाउने र कुन कुन दिशा तर्फ बसेर खुवाउने भन्ने विषयमा हेराइन्छ । यस्तो शुभ अवसरमा इष्टमित्र र छिमेकीहरु एकै ठाउँमा भेला भै यो संस्कार मनाउने चलन छ ।

(ग) पुटपुटे लवा/आशिमलाँ झोंवा (शुभकामना दिने उत्सव)

वालकको मावली पक्षबाट पुटपुटे/अशिमलाँ झोंवा (शुभकामना दिने उत्सव गर्ने) चलन छ । पुटपुटे अत्यन्त रमाइलो क्षणको रूपमा गुरूङहरूले लिने गरेका छन् । यो जेठो छोराको लागि गरिन्छ र यो वालकको उमेर २ वर्ष पुगेपछि गरिने रमाइलो उत्सव हो । विद्धान जगमान गुरूङका अनुसार पुटपुटे पुलपुले शब्दको अप्रभंश हो । अत उनले यसलाई पुलपुले उत्सव भनी बयान गरेका छन् (गुरूङ २०३४) । यसका लागि मावलीहरु आफ्नै तयारीमा जुट्छन् । जेठो छोराकोलागि मात्र महत्व दिएर गरिने यस उत्सवमा मावलीहरु इष्टमित्र सहित जुटछन र सोरठी, कृष्णचरित्र र अन्य नाँचगान गरि रात विताउँछन् । वालकलाई आशिर्वाद दिनु र मातापितालाई बधाइ दिइ खुशि ब्यक्त गर्ने यस क्षणमा मावलीहरूलाई खानपिन गराउँने र नाङलोमा फूल, चामल मथि निश्चित रकम दानस्वरूप दिइ पठाउने चलन छ । सांस्कृतिक रमझम पछि मात्र भोज भत्यार खानपिन र विदा लिने काम हुन्छ ।

(घ) क्र वाव (क्षेवर)

क्र वाव (कपाल खौरनु), यस संस्कारको अर्को बेग्लै महत्व छ । क्र वाव (क्षेवर) संस्कार वालक ३, ५,७, ९ अथवा ११ वर्ष पुगेपश्चात कुनै शुभदिन हेरेर सम्पन्न गरिन्छ । यस कार्यमा आस्यौं (मामा) को भूमिका रहन्छ । मामा आएर वालक अर्थात स्यङलास्यों (भन्जा)लाई गाईगोठमा लगेर कपाल खौरने कार्य सम्पन्न गरिन्छ । वालकको कपाल भूंइमा खस्न दिन हुँदैन भन्ने विश्वास अनुसार टपरोमा राखी पानी पधेंरो वा चोखो ठाउँमा फ्यांक्ने चलन छ । कपाल खौरने कार्य पुरा भएपछि मामाले भाञ्जालाई उपहार दिने चलन छ । क्षेवर संस्कार पछि भने वालक आफ्नो परिवार र समुदायको पूजामा सहभागी हुन योग्य हुन्छ । यति मात्र हैन क्रमशः दिन उमेर वित्दै जांदा विवाह गर्न पनि यस संस्कारको सम्पन्नताले बाटो खोल्छ । छोरीलाइ शुभ दिनमा नयाँ कपडा लगाइदिने गरिन्छ । क्षेवर कार्य सकिएपछि खानपिन गर्ने चलन पनि पुरानै हो । परम्परागत चलनमा क्र वाव अर्थात क्षेवर नगरेसम्म वालकलाई नावालक मानेर सामाजिक संस्कार नै फरक हुन्छ । एक ल्होकोर पुरा नगरेका वालवालिकालाई तमूहरु नावालक

मान्दछन् ।

(ङ) ङ्वी चोली विँवा (गुनियो चोली दिने)

तमू समूदायले छोरा र छोरीलाई समान ब्यवहार गर्छन् । छोरी एक ल्होकोर पुगेपछि सामाजिक र साँस्कृतिक मान्यता अनुसार तमू महिलाले लगाउने पहिरन दिने प्रचलन परम्परा देखि रहिआएको देखिन्छ । यस संस्कारलाई ङ्वी विँवा (गुनियो चोली दिने) भनिन्छ । यस संस्कारमा आफ्नो छोरीलाई बावुआमा र आफन्तहरूले एक समारोहको साथ गुनियो चोली दिने चलन छ । यसको सामाजिक, सास्कृतिक र धार्मिक महत्व छन् किनभने तमू (गुरूङ) समुदायमा एक ल्होकोर नपुगेको वालवालिकालाई नावालिका मानिन्छ । यिनीहरूको सामाजिक, सांस्कृतिक र धार्मिक संस्कार फरक हुन्छ । कानूनी दृष्टीकोणले उनीहरूलाई सामाजिक रूपमा जिम्मेवार मानिदैन । गुनियो चोली दिने सम्बन्धमा बृतचित्र निर्माण भैसकेको छ । तमू सामाजिक संघसंस्थाहरूले प्रत्येक वर्ष आ-आफ्नो समाजको वालिकाहरूलाई समारोह आयोजना गरि ङे विवा (गुनियो चोली दिने) दिने पनि गरिन्छ । परम्परागत रूपमा ङ्वी विँवा (गुनियो चोली दिने) संस्कार अन्तर्गत छोरीलाई जिवन र जगतको विषयमा सामाजिक सम्बन्धको विषयमा, आर्थिक उपार्जनको विषयमा, प्राकृतिक र पर्यावरणको विषयमा बर्णन सुनाईन्छ । यसलाई ह्यौँकोइ भनिन्छ । यो लयात्मक गीति सन्देश हो । तमू समुदायमा मृत्यु भएपछि सुनाइने लयात्मक गीति सन्देशलाई सेर्का भनिन्छ भने जिवित अवस्थामा सुनाइने गीति सन्देशलाई ह्यौँकोइ भनिन्छ । यो तमू समुदायको आफनै मौलिक परम्परा हो ।

(च) ङे क्रव (विवाह)

नेपालका अन्य जातजातिमा जस्तै गुरूङ समुदाय, गुरूङ जातिका लागि विवाह जीवनमा एक महत्वपूर्ण संस्कार हो । छोरा वा छोरीको उमेर पुगेपछि आमा बुवा र परिवारका सदस्यहरूले विवाहको चासो राख्नु स्वभाविकै हो । गुरूङ जातिमा विवाहका सन्दर्भमा विभिन्न तरिकाहरु अपनाउंछन् ता पनि मागी विवाह (Arranged Marriage) अत्यन्त प्रचलित छ र यो अत्यन्त पुरानो परम्परा नै हो ।

परम्परागत रूपमा गुरूङ जातिमा ङोल्सो (मामाको छोरी र फुपुको छोरी) सँग विवाह गर्न प्राथमिकता दिन्थे भने आफ्ना दिदीबहिनी पनि ङोलो (मामाको छोरा र फुपुको छोरा) लाई दिनुमा पनि खुशि ब्यक्त गर्दछन् । आफ्नो पुरानो नाता अझ मजवुत भएको ठान्ने मात्र होइन बरू आफ्नो सम्पति बाहिर कतै जांदैन र बुढेसकालमा आफ्ना नाता भित्रकाले बढि माया दिने र हेरचाह पाइन्छ भन्ने मानसिकता र मनस्थिती हो भन्दा फरक पर्दैन । यसको अर्थ मामा र फुपुको परिवार भन्दा बाहिर विवाह हुन सक्दैन भन्ने चलन पनि होइन । विवाहका सन्दर्भमा नाता भित्रकै पाका महिलाहरुको विशेष भूमिका हुने सूचना हालैको क्षेत्र अध्ययनले देखाएको छ । गुरूङ समुदाय थुप्रै थर उपथरमा विभाजित छन । एउटै थर भन्नु रक्त नाता भएकाले थर बाहिर मात्र विवाह हुन्छन् । उमेर पुगेको छोराका लागि उपयुक्त कन्याको खोजी कार्यमा पैंडीसंग हेरकोर गर्दा वर्ग, पार्ग, मेवा, केवा र ल्हाँदाँ ल्हिदाँ जुरेपछि आफन्त महिलाहरुको सक्रियता सुन्न पाइएको छ । विवाहका लागि केटाको परिवारबाट मध्यस्थकर्ताले अनौपचारिक ढङ्गले कुरा पुऱ्याउने र जवाफ ल्याउने काम केहीवेर चालिरहन्छ । यो कार्य कल्ले/लेदीले गर्छन् । केटीका परिवारबाट स्वीकृतीको संकेत पाएपछि केटाका तर्फबाट बुढापाका खासगरी वेलुकीपख कसैले थाहा नपाउने गरी रक्सीको पुङ (एक किसिमको बोत्तल जस्तो काठबाट बनेको) लिएर केटीको घरमा पुग्छन् । केटीको आमा बावुले स्वीकृत जनाए भने पुङ समात्ने र आफ्ना दाजुभाइलाई समेत छोरी दिएको अनुमति लिने, जानकारी दिने र भाइखलक समेत भएर पुङ खाने काम गर्दछन् । यसरी मगनी विवाहको प्रथम प्रकृयाको रूपमा विवाह छिन्ने काम हुने कुरा हालैको अध्ययनमा उत्तरदाताहरुले बताएका हुन । कतिपय उत्तरदाताहरुको अनुसार केटाका तर्फबाट बुढापाका भलाद्मीहरु गुरूङ समुदायको प्रचलनुसार रोटी रक्सी जस्ता कोसेली लिएर केटीको घरमा पुगी केटीको गोत्र केटाकोमा सरेको घोषणा/कार्य सम्पन्न गर्दछन् र यसवेला क्रमुतेना (साइपाटा) लगाउँछन् । यो पक्का पक्की गरिए पछि कुनै कारणले केटी अर्को केटासँग गएपनि जारी लिन सकिने अवस्था रहने र मृत्यु भएमापनि जुठो लाग्ने परम्पर चलिआएको पाइएको छ ।

क्रमुतेना (साइपाटा) को संस्कारलाई ठेकी, भेटी मानिन्छ । क्रमुतेना गर्दा

तीनठेकी दही र ६ सुका पैसा, एकसोली वा चेप्टो रोटी, एक पुङ वा सुराही रक्सी लगेर मान्द्रो ओछ्याई त्यस माथि कम्बल र कम्बल माथि केराको पात ओछ्याई राखिदिनु पर्छ । क्रमुतेना गर्दा कल्लेले कन्याको घरको ढोकामा बर्क्षा (भाला) गाडेर राख्छ । केटीलाई केटा मन परेन भने बर्क्षा (भाला) ढलाई दिन्छ यदि केटीले बर्क्षा ढलायो भने विवाहको प्रक्रिया अन्त हुन्छ । आजभोली साधारणतय यस्तो चलन छैन । आजभोली यसलाई शहरीय क्षेत्रमा इन्गेजमेण्ट भन्ने चलन आएको छ साथै गोत्र सार्ने हिन्दुहरूको प्रभाव गुरूङ समुदायमा पनि परेको छ ।

यो प्रक्रिया सकिएपछि विवाहको शुभदिन दुबै परिवार, केटापक्ष र केटीपक्षबीचको समझदारीमा किटान हुन्छ । जन्तीमा दाजुभाइ र विशेष व्यक्तिहरु मात्र केटीपक्षसँग सङ्ख्या किटान गरि दुलही लिनजाने चलन पुरानो हो । यसलेगर्दा दुलाहा र जन्ती जानेहरूलाई राम्रो खाने बस्नेको ब्यवस्था मिलाउन सकिने अवस्था रहन्छ । दुलही लिन जाँदा दमाईहरूको नौमतीबाजाको टोलीबाट, भरपुर आनन्द लिने ब्यवस्था रहन्छ । दुलाहा र जन्ती टोली दुलाहाको घरबाट शुभसाइतमा टिका लगाएर तडकभडककासाथ प्रस्थान गर्दछन् । जन्तीका साथ रोटी रक्सिको कोसेली, दुलहीका लागि कपडा र गरगहना र केटीको आमा बुवा र उनका भाइखलकका लागि उपहार (फेटा, पछ्यौरा, साडी) लैजाने चलन हुन्छ । दुलही लिन जाँदा दुलाहको आमाले छोरालाई पिर्का माथि उभिएर मजेत्रोले छोपी दुध पिलाउने चलन छ । हुनेवाला दुलही वा वेहुलीको घरकम्पाउण्ड प्रवेश हुनसाथ फूलअक्षता बर्षाएर धुमधाम स्वागत गर्ने चलन हुन्छ । यसलाई जन्ती पर्साउने पनि भनिन्छ । जन्तीलाई निगाला र केराका खम्बाको सुत्ला राखी सेतो कपडाको टुक्राले बाँधेर चोखो तेलमा डुवाइ बत्ति बालेर, फूल अक्षता र चोखो पानीले केटीपक्षका भद्रभलाद्मीहरूले स्वागत गर्दछन् । क्षेत्र अध्ययनमा जानकारी लिंदा उत्तरदाताहरूले बताए अनुसार कतिपय विवाहमा जन्ती वेहुलीको गाँउमा प्रवेश गर्दा, गाउँका केटीहरूले केराको गानो तेलमा फिटेर हान्ने चलन पनि रहको पाइन्छ ।

दुलहीको घरमा वेलुका जन्तीलाई खानपिन गरी नाँचगान र मनोरञ्जन र सुत्ने ब्यवस्था इष्टमित्रहरूले मिलाउँछन् । अर्को तर्फ माइती खलकले फ्हलेख्रुव (

दुलहीको गोडा धुने) चलन पनि देख्न पाइन्छ भने कहींकहीं दुलहा लिएर जाने र दुलाहाको दाहिने गोडा र दुलहीको देब्रेगोडा एकै ठाउँमा राखेर केटीपक्षका नातेदार तथा साथी संङ्गीहरूबाट हैसियत अनुसारको नगद राखी गोडाधुने चलन पनि छ (गुरूङ २०६२) । भोलिपल्ट विहान दुलाहको घरबाट ल्याएको दुलही कपडा र गहना लगाएर मात्र कन्या/दुलहीलाई विदा दिने कार्य हुन्छ । विदाइ दिंदा दुलहीलाई आफ्नै दाजु भाइले बोकेर घर बाहिर निकाल्छन् । त्यहिवेला सालीहरूले नयाँ भेनाजूको जुत्ता लुकाई निश्चित दस्तुर/रकम नबुझाए सम्म जुत्ता फिर्ता गर्दैनन् । अत्यन्त हाँसखेल, रमाइलो क्षण हो । साली भेनाबीचको यो सम्बन्ध र दर्शकका लागि केटाको/दुलाहाको घरबाट निस्कदा वा दुलही लिएर जन्ती निस्कदा प्होलें लाग्छ भन्ने पुरानो चलन भएकोले त्यो दिन खेतीपातीको काम रोकिन्छ र भोज खाएपछि प्होलें फाल्ने गर्दछन् । दुलहीका साथमा दुलहीका साथीहरु पनि आउने चलन छ नौलो गाँउमा अप्ठ्यारो महशुस नहोस, दुलहीलाई एक्लो महशुस नहोस र विस्तारै लोग्ने, सासु-ससुरा र ईष्टमित्रसँग पनि नजिक गराउन यो प्रक्रिया वा चलनले ठाउँ पाएको कुरा उत्तरदाताहरु बताउँछन् । कतिपय गाउँमा गाउँको नजिकैको चौतारामा जन्तीलाई बाटो खोली दिने चलन छ । दुलही सहितको जन्ती दुलाहाको घरमा पुग्दा पुनः जन्ती पर्साउने काम हुन्छ । दुलही घरमा प्रवेश गराउने वेलामा दुलाहाका दिदीबहिनीले घरको मूलढोका बन्द गर्दछन् र दुलहीले केही निश्चित रकम दिएपछि मात्र ढोका खोली दुलहीलाई घर भित्र पस्ने अनुमति दिन्छन् । यस्तै उत्तरदाताहरूले बताए अनुसार कतिपय विवाहमा दुलाहाले आमा भनेर बोलाउने र दुलही ल्याएको संकेत दिने चलन हुन्छ । आमाले नयाँ दुलहीलाई बुहारीको रूपमा स्वीकार गरि घरभित्र लगिन्छ र दुलहीले आंगन देखि घर भित्र सम्म लिपपोत गरी राखिएको बत्तिमा टेकेर जानु पर्ने पुरानो चलन अझै कायम छ । यसबाट घरमा नयाँ दुलही लक्ष्मीको रूपमा प्रवेश गरेको जनविश्वास गुरूङ गाउँहरूमा सुन्न पाइन्छ । यहि क्रममा वेहुला वेहुलीलाई घर भित्र लगेर एउटै गलैंचा/ठाउँमा राखेर दुलाहाका आमा-बुवा, बाजे-बज्यै, काका-काकी र क्रमशः गाउँलेहरूले टीका लगाई आशिवार्दका साथै उपहार दिने चलन छ । भोजभत्यारपछि युवायुवती र आमा समुहहरु नँचगान गरी रमाइलो गर्छन र विवाहको अन्त्य हुन्छ । दुइ-तीन दिनपछि दुलाहा दुलही सहित ससुराली जाने चलन हुन्छ यसलाई दुलान फर्काउने पनि भन्दछन् । विवाह विभिन्न तरिकाले मनाउँने चलन हुन्छ । यो मागी विवाह व्यवस्थित र

ओझिलो बोझिलो हुन्छ तर मागी विवाह बाहेक प्रेम विवाहले गुरूङ समुदायमा राम्रै ठाउँ लिएको छ । रामै महत्व पाएको छ । केटाकटी मन मिलेर गएमा पनि इष्टमित्र बाबु आमाले फर्काएर ल्याउँछन् र गाउँ वा ठुलठाला बसी घर प्रवेश गरी वैधानिता दिने काम गर्दछन् । यस बाहेक कहीँकहीं श्रीमती स्वर्गे भएमा साली विवाह पनि गर्न पाउने परम्परा छ भने कतिपय ठाउँमा श्रीमती जीवित हुँदा हुँदै पनि सालीलाई ल्याउने गरेको देख्न पाइन्छ । यस्तै विधवा विवाहले गुरूङ समुदायमा महिलालाई अधिकार सम्पन्न बनाएको छ । कुनैपनि विधवा महिलाले आफु खुशि विवाह गर्न पाउँछ जुन हिन्दु कट्टर बाहुनहरूका लागि अनौठो लाग्न सक्छ । विवाह मात्र पारपाचुके पनि अर्को पक्ष हो । गुरूङ महिलाहरु लोग्नेबाट चित्त नबुझे बाबुमाइती र भद्रभलादमीहरु जुटाई छलफल गरी सिन्का-पाँग्रा (सिन्का भाँचेर अथवा पाङग्रा फुटाएर पारपाचुके) गरी अर्कोसँग विवाह गर्न पाउँछ । यस परम्परालाई च्त्तभक या ष्ल अयचउयचबतष्यल भनी अर्नोल गेनेपले (१८७३) ब्याख्या गरेका छन् ।

(छ) सिम्हि त्हें (मृत्यु संस्कार)

जीवनमा घट्ने विभिन्न घटनाहरु मध्ये एउटैमात्र निश्चित घटना मृत्यु हो । मृत्यु अवश्यम्भवी भएपनि कहिले र कसरी मृत्यु हुन्छ निश्चित छैन । मृत्युबाट कुनैपनि प्राणी जगत मुक्त छैन । मृत्यु प्राकृतिक कालचक्र हो । जीवन चक्रको अभिन्न भवचक्र हो । सिम्हि त्हें (मृत्यु संस्कार) दुई चरणमा उल्लेख गर्न सकिन्छ ।

(१) न्हो वावा (मृत शरीर सतगत गर्ने)

मृत्यु संस्कारको लागि आवश्यक सूचनाहरु क्षेत्र अध्ययनको क्रममा लमनास र घले गाउँबाट संकलन गरिएको आधारमा प्रस्तुत गरिएको छ । तमू (गुरूङ) समुदायको मृत्यु संस्कार दुई चरणमा सम्पन्न गरिन्छ । पहिलो चरणमा भौतिक शरीरको विर्सजन गर्ने संस्कार गरिन्छ । त्यसलाई न्होवावा र दोस्रो चरणमा पय लवः (आत्म विर्सजन गर्ने संस्कार) गरिन्छ । त्यसलाई पय लवः अर्थात अर्घ गर्ने भनिन्छ । यी संस्कारहरु आफ्नै समुदायका गुरूपुरोहित पच्यू, क्ल्हेबृ, वोनलम र पैडीद्वारा गरिन्छ । पच्यू र क्ल्हेबृले गर्ने कर्मकाण्ड तमूका परम्परागत किसिमका

हुन्छन् भने लामाहरूले गर्ने कर्मकाण्डमा तिब्बती लामाहरूको प्रभाव देखिन्छन् । तमू (गुरूङ)को मृत्यु संस्कारमा अनिवार्य जुट्नु पर्ने नाता गोताहरू १. नेव मै (परिवार) २. त्ह मै (दाजुभाइ) ३. अस्यों मै (मावली) ४. म्हो च्हमे मै (जवाँइ छोरीहरू) ५. प्हैंवो गुरु मैं (पुरोहितहरु, पच्यू, क्ल्हेबृ, लम र पैंडि) अनिवार्य छन् । यसका अतिरिक्त ङे मैं (सम्धा-सम्धी), रीच्हमे मै (चेलीबेटी) दाजुभाइको समेत गाउँ-ठाउँका भद्रभलादमीहरू, आफन्तहरू, ईष्टमित्रहरु, यूवायूवतीहरु, शुभचिन्तकहरु र छरछिमेकी पनि उपस्थित हुन्छन् । अनिवार्य उपस्थित हुनुपर्नेहरूको मृत्यु संस्कारमा महत्वपूर्ण भूमिका रहन्छन् । जस्तै छोराले दागबत्ति दिने, मावलीले मावली कपडा प्रदान गर्ने, छोरीले क्रःछ गर्ने, दाजुभाइले माटो दिने, गुरूपुरोहितलहरूले त्हें (यज्ञ) गर्ने, म्हो (जवाँई) ले अलाँ बनाउने आदि हुन् ।

मृतकको भौतिक शरीरलाई विर्सजन गर्ने कार्यलाई तमू भाषामा ऱ्हो वावः भनिन्छ । यस्को अर्थ लाश सत्गत गर्नु हो । लाश सतगत गर्ने तमू (गुरूङ) समुदायको आफ्नै मौलिक परम्परा र विशेषता छन् । उमेर पुगेर मृत्यु हुनु सामान्य मानिन्छ । तमूको प्ये ताँ ल्हु ताँ (धर्म संस्कृति) मा मानिसको मृत्युका कारण थाकु (नौ ग्रह), चैं कु (जनवारको प्रभाव), मों कु (आदृश्य शक्ति), री कु (जल प्रभाव) र ट्हि कु ल्यों (धन प्रभाव)ले गर्दा हुन्छन् भनिएको छ । मृत्यु भएपछि मृत्यु संस्कार मृतकको आफ्नो आंगनमा शुरू गरेर चिंहानडांडा अथवा खोलाको किनारमा रहेका मसानघाटमा लगेर समेत सम्पन्न गरिन्छ । परम्परागत रूपमा मानिस मृत्यु भएको समयको आधारमा पैंडीले चि (शास्त्र) हेरेर मृतकको शरीरलाई सः (माटो), छयु (पानी), मि (आगो) र च्ह्या (गरूङ/गिद्ध) के जुरेको छ, त्यसलाई त्यसैमा समाधिष्ट गर्ने चलन थियो । यस चलनलाई सिंठि ङह्योवः भनिन्छ । यस्को अर्थ मृतकले राम्रो नराम्रो के योग लिएर मरेको छ । त्यस अनुसार उस्को संस्कार गर्ने र त्यही अनुरूप स्वस्ती शान्ती गर्नु हो । आजभोलि सिंठि ङ्ह्योवः चलन छैन । लाशलाई गाड्ने र जलाउने चलन मात्र देखिन्छ । तमूहरूका मौलीक परम्परा अनुसार भौतिक शरीरलाई माटोमा समाधिष्ट गरेर आत्मतत्वलाई देवाचैगीं ल्हाँ (ब्रह्माण्ड) मा विसर्जन गरिने चलन हो । आजभोलि समय र परिस्थिति अनुरूप गाड्ने वा जलाउने गरिन्छ ।

मृत्यु संस्कार गर्ने सन्दर्भमा वि.स २०४० साल चैत्र २४ र २५ गते पोखरा

रामघाटमा रहेका वौद्धअर्घौ सदनले आयोजित पच्यू, क्ल्हेबृ र लामा सम्मेलनले अनुमोदन गरेको प्रतिवेदन र २०६० साल फाल्गुन ६, ७ र ८ गते तमू प्ये ल्हु संघमा आयोजित बृहत राष्ट्रिय खेगी भेलाले जारी गरेको २२ वुँदे घोषणा पत्र लगायत विभिन्न तमू (गुरूङ) संघ संस्थाहरुको प्रतिवेदनहरु केलाएर तमू जातिको मृत्यु संस्कारको लाश सतगत गर्ने संस्कार छोटकरीमा उल्लेख गरिएको छ । लामाहरुको संस्कार तिब्बती लामासँग मिल्दो जुल्दो छ । यो आफैंमा राम्रो र तर्कसँगत छ । सबैले सबैको धर्म संस्कृतिलाई समानरुपमा सम्मान गर्नु पर्छ र सत्य कुरा के हो भने लामावादमा तमू संस्कृतिको परम्परा र पहिचान पाईँदैन । तिब्बती लामावाद राम्रो हो तर गुरूङ समुदायको होइन । तमू (गुरूङ) समुदायमा सन् १९५९ सालमा तिब्बतबाट दलाइलामा निवार्सन भएपछि नेपालमा लामावादको प्रभाव बढेको हो भनेर मान्न सकिन्छ ।

पच्यू र क्ल्हेबृको संस्कारमा तमू (गुरूङ) पहिचान र मौलिकता छ भनि किन भनिएको हो भने यसमा गुरूङको भाषा छ, संस्कृति छ र सामाजिक परम्परामा स्थापित मूल्य मान्यता र विश्वास रहेको छ । त्यसो भएका हुनाले तमूको मृत संस्कारको रुपमा पच्यू र क्ल्हेबृद्वारा गराइने संस्कार नै तमूहरूका हुन् । यस पार्श्वचित्रको उदेश्य पनि तमू जातिको मौलिक पहिचानको खोजि हो । जन्म र मृत्यु जीवनका सामान्य घटना हुन् । मानिस भौतिक शरीरधारी ब्यक्ति मात्र नभै उ सामाजिक प्राणी पनि भएको हुनाले मानिसको सामाजिक संस्कारहरु विभिन्न धर्म र संस्कृति अनुरुप फरक फरक छन् । यहाँ पच्यू र क्ल्हेबृले तमू समुदायको मृत संस्कारमा गरिने कर्मकाण्डहरुको मात्र छोटकरीमा बर्णन गरिएको छ ।

■ **क्रः तोवः (सिर फर्काउने):** मृत्युको सूचना भएपछि आफन्त र गुरुपुरोहितहरु मृतकको घरमा उपस्थित हुन्छन् । पच्यू क्ल्हेबृ पुगेपछि मृतकको क्रः तोवः अर्थात सिर (टाउको) ढोकातिर फर्काउने कार्य हुन्छ । यस कर्ममा मृत्यु हुँदाको अवस्थामा रहेका मृतकको सिरान वा टाउकोलाइ ढोकातिर (खुट्टातिर) फर्काएर राखिन्छ । यो कार्य पच्यू अथवा क्ल्हेबृको उपस्थितिमा म्हो (जवाँई)हरुले गर्दछन् । क्र तोवा गर्दा माटो र गोबरले लाश राखिने ठाउँमा लिपपोत गर्छन र लिपपोत गरेको ठाउँमाथि उल्टो परेर गुन्द्री अथवा मान्द्रौ ओछयाई त्यसमाथि ओछयान सहित लाश राखिन्छ । क्रःतोवः गरिसके पछि मृतकको मुखमा सुन

अथवा चाँदी नभए तामाको सिक्का राख्ने गरिन्छ । मृतकको सिरानमा थाल वा टपरीमा एकमाना चामलको अक्षेता राखी त्यसमाथि दियो (बत्ती) र धुप सल्काई राखिन्छ । दाजुभाइले चिहान दिने भनि एकमुठी चोखो माटो पोका पारी सिरानी (सीर) मुनी राखिदिन्छ । मृतात्मालाई दोष दोषालो नलागोस भनि लाश माथि सिस्नो राखिदिन्छ । क्रः तोसी गरेपछि पच्यू अथवा क्ल्हेबृले लाशको अगाडी बसेर आफ्नो त्हें (यज्ञ) शुरू गर्छन् ।

■ **मने लवः (मणि ट्हौंवा):** मने लवः अर्थात पच्यू र क्ल्हेबृले मृतकको आत्मालाई पवित्र गर्ने संस्कार हो । मृतकको अत्मालई प्रेतात्मा अथवा द्वुरात्माले प्रभाव नपरोस र जिउँदोमा मनले चिताएको, खुट्टाले कुल्चिएको, हातबाट हुनगएको, आखाँले देखेको, कानले सुनेको पापहरुबाट मुक्त गराउनकालागि विधि अनुसार पच्चू, क्ल्हेबृले "ॐ मने पेमे हुँरी हुँ" भन्ने मन्त्र सुनाउदै मृत आत्मालाई पवित्र गरिन्छ । मने गर्दा थालमा एकमाना चामलको अक्षेता पैसाको भेटी फूलपाती एक अंखोरा सूनपानी चोखोपानी राख्नु पर्छ । चोखो पानीको अंखोरामा पच्यू अथवा क्ल्हेबृको मनेमाला राखी मालाले मृतकको लासमाथि चोखो पानी छर्किदै मन्त्र वाचन गर्दै वेलावेलामा एकोहोरो लमो तूँ.. तुँ .. गरेको शङ्ख ध्वनी मृतकको दाँया वाँया कानमा पर्ने गरी फुकिन्छ । पच्यू बुद्धिबहादुर गुरूङको भनाई अनुसार शङ्खको ध्वनी जहाँ सम्म सुनिन्छ त्यहाँ सम्मका थाकु, मोंकु, चैकु र रीकु अर्थात दोष दोषालोले मृतात्मालाई प्रभाव पार्न सक्दैन भन्ने विश्वास छ । कुनै दुर्घटनामा परि मुर्छा परेको तर मृत्यु भै नसकेको अवस्थाको मानिस ब्यूझिन्छ कि भनि लामो एकोहोरा शङ्ख ध्वनी मृतकको दुबैकानमा ४/५ पटक फुकिन्छ भनि भन्नु हुन्छ । मणि ट्हौंवः को अर्थ पाका खेगी दलबहादुर ल्हेंगे पच्यूको अनुसार मृत्यु भएपछि मानिसको आत्मा क्रो नासः (पाताल) को विभिन्न तल जस्तै ङेल्वै, रितु, फैलवै, सामे, विभु, कोचे, था, श्रु र चै ङ्हैसो नासः (लोक) मा पुग्दछ र पच्यू क्ल्हेबृको वेद मन्त्रले त्यहाँको यमबाट छुटकारा दिलाएर मृतात्मालाई स्वर्गलोकको बाटो देखाउदै ईचैदेवा चैंगी सिङमा खेमा फैलुको साथमा लीन गराउनु हो"।

■ **अस्यौं कौंई/अस्यो प्यूरी (मावली कपडा):** दिने भनेको मृतकका मावलीले मृतकको लाशमाथि कात्रो वस्त्र ओढाउने कर्मलाई जनाउँछ । तमूको

मृत्यु संस्कारमा मावलीको विशेष भूमिका हुन्छ । मृतकको आफ्नै मावली नभएमा मावली खलकका कुनैबाट भएपनि आस्योकोंई (मावली कपडा) ल्याएर कर्म चलाउनु पर्दछ । पच्यू पौबहादुर गुरूङको भनाई अनुसार अस्याँकाँइ दिनुको मुख्य अर्थ मृतकको आत्मालाई मातृत्व प्रदान गर्नु हो । मावली कपडा प्रदान गर्दा दस्तुरकोरूपमा एकमाना चामलमा एक ढिको नून सेतो रूमालमा पोको पारी मृतकको सिरानमा राखीदिन्छ । सेतो वा पीत रङ्गको सनपाठको कपडाले शवलाई छोपिदिन्छ । यसका साथै ट्होंलु (दुःध, कपास, फलफूल एक बोतल रक्सी र अन्य खाद्य सामग्रीहरू) पनि प्रदान गर्दछन् । गुरूङको मृत्यु र जन्म संस्कारमा मावलीको महत्वपूर्ण भूमिका रहेको छ । मावलीको सम्बन्धमा प्ये ताँ ल्हु ताँमा लेम्को र चिमिवैडुको प्ये मा नै बर्णन गरिएको छ ।

■ **क्ल्हे छ्योएवा** : क्ल्हे छयोएवा भनेको गुरूपूजा हो यसमा पच्यू र क्ल्हेबूले आ-आफ्नो गुरू र पितृसँग कार्य सफलताको कामना गर्दछन् । आफुले सम्पन्न गर्न लागेका मृत्यु संस्कार सफल रहोस र मृत आत्माले पनि शान्ति प्राप्त गरोस् भनी पूजा गरिने त्हें (यज्ञ) हो । गुरू शक्तिले मृतात्मालाई स्वर्ग प्राप्त भै आत्मा शान्ति मिलोस भन्ने कामना गर्दछ ।

■ **सिदाँ ल्हेवा** : सिदाँ ल्हेवा भन्नु र सिराछारा भन्नुको अर्थ एउटै हुन्छ । यसमा जन्मदेखी मृत्युसम्म मृतात्मालाई सतमार्ग देखाउँदै आफ्नो कूल पितृसँग लीन गराउने कर्मको बर्णन गरिएको हुन्छ । सिदाँ ल्हेवा अर्थात सिराछारा मृत्युसंस्कारको अध्यायहरू मध्येको प्रमुख अध्याय हो । स्याङ्जा पच्यूचिवाहरूको भनाइअनुसार मृत्युसंस्कारमा यो अध्यायविना गरिएको मृत्यु संस्कारगत कार्यहरू अधुरो मानिन्छ । यस अध्यायको वाचनपछि मात्र अन्य विभिन्न प्येहरू वाचन गरिन्छ । यो त्हें (कर्म) को दस्तुरका लागि एकपाथी कोदो डालोमा अथवा नाङ्लोमा राखिन्छ । थालमा एकमाना अक्षेता, भेटी पैसा, प्हाफुइ (एक बोतल रक्सी एक अंखोरा चोखो पानी, रक्सी), प्हा ना (कोदोको जाँडको छोकर) यो उपलब्ध नभए जाड बनाउने मर्चा भएपनि अनिवार्य चाहिन्छ । त्यस जाँडको छोकरमा पानी राखेर पितृलाई तर्पण गर्ने चोखो पानी बनाइन्छ । यस पानीलाई पवित्र ठानी रूरू प्त्या (झाँक्रेको पात) डुवाइ यज्ञमा अभिषेक गरिन्छ । मृत्यु संस्कारमा सहयोगीको भूमिकामा म्हो (जवाँई)को महत्वपूर्ण भूमिका रहन्छ ।

आफ्नै जवाँईको पहलमा खलकको सम्पूर्ण जवाँईहरु त्योपनि नभए कुटुम्बहरु जवाँई मानेर मृत्यु संस्कार सम्पन्न गर्नु पर्दछ । जात र जनजातिमा जवाँईको भूमिका फरक किसिमको छ । म्हो (जवाँई) को लागि पच्यू क्ल्हेबृलाई जति दस्तुर राखिन्छ त्यसको आधा राख्नु पर्छ । आवश्यक सामाग्रीहरु पुगेपछि पच्यू र क्ल्हेबृले यज्ञहरु गर्छन् । यस संस्कारका लागि पुरोहितहरूले मृत्यु संस्कारमा प्रयोग गर्ने समान र बजाउने बाजाहरु ढ्यांग्रो, झुर्मा (झ्याली) घण्टी, शङ्ख लगाउने पोषाकहरु ल्हर्रै ऱ्हाल्वु, स्वोग्याँ कोंइ, उग्र्यानी, व्ह्या फूर्व, त्होर्जे फूर्व र पुस्तकहरु प्रयोग गर्दछन् । मृतात्माले मुक्ति प्राप्त गरोस भन्नका लागि विभिन्न मौखिक र लिखित रूपमा रहेका प्ये (शास्त्र) वाचन गरिन्छ । प्येमा जीवन र जगतसँग साक्षात हुँदा अनुभूत गरिएका प्रसंगहरूसंग जोडिएका अनेक रोचक र मार्मिक कथाहरु छन् । यस संस्कारमा मुख्य गरी मृतकको आत्मालाई सिनास (मृत्यलोक)बाट मुक्ति प्राप्ती र कूलपितृ र ब्रह्माण्डमा लीन गराउने मार्गहरूको बर्णन गरिएका हुन्छन । मृतात्मालाई स्वर्गको बाटो देखाउने, त्यहाँ पुगेपछि खाने, बस्ने, स्थानहरु चिनाउने र देवतुल्य रहेर बस्ने, आफ्ना युर्गौंदेखीका मृत मातृपित्रीसँग भेटगराउने वा लिन गराउने जस्ता आत्मशान्तिको मार्ग देखाउँदछन् ।

■ **दागबत्ति** : मृतकको मुखमा काँचो धागोको सरामा तेल लगाई आगोले बत्ति बाली दागदिनु भनेको एक अर्थमा हिजो जिउँदो छँदा उसले जेजति पापकर्म गरेको वा पाप शब्दहरु बोलेको छ त्यसबाट मृतात्माले सकुशल मुक्ति पाउन कुनै बाधा ब्यवधान नहोस भन्ने हो भने अर्को अर्थामा पच्यू क्ल्हेबृले मृतात्मालाई खेमाहरूसँग लिन गराउने क्रममा अन्य आत्माहरु पनि सँगै जानसक्ने सम्भावना भएको हुनाले बास्तविक तिमीहरूसँग लिन हुन आउने मृतक सदस्य यही हो भनी चिनाउनको लागि दिने दागबत्ति हो ता की मृतात्माले कतै भौतारीनु नपरोस् । यदि कुनै मानिस चै (यम)को कारणबाट मृत्यु भएको हो भने त्यो कारणबाट मृतकका आत्मालाई मुक्ति दिलाउने यस संस्कारको मुख्य उद्देश्य हो । यस संस्कारमा छोराले मृतकको मुखमा दागबत्ति प्रदान गर्छ । समग्रमा, दागबत्ति दिनु पर्ने मुख्य कारण पापहरु नष्ट पारेर पवित्र आत्मा भएर स्वर्गमा पुगोस् भन्ने हो भनि पच्यू बुद्धिबहादुर गुरूङ भन्नु हुन्छ । दागबत्तीलाई मावलीबाट ल्याइएका दुधले निभाउँछ । यसको अर्थ मातृत्व प्रदान गर्नु हो पनि भनिएको छ ।

■ **सिं फैलु (कुलपितृ पूजा):** फैलु पालेको घरमा मृत्यु संस्कार गर्दा सिफैलु गर्नु पर्ने हुन्छ । त्यसो गर्नुको कारण घरमा मरौ पऱ्यो दुःख पऱ्यो । हामीसबै जुठोमा छौं । अव यो मृतक (फलानो) को आत्मालाई तिमीहरूसँगै लिन गराउनु भनी प्रार्थना सहित पुजा गर्नु हो । त्यसमा बुढीबाख्री काटिन्छ । त्यस बाख्रीको छाला झिकेर था क्यारवा अथवा खाल फाल्ने भनि छाला तानेर पच्यूहरु नाच्ने चलन छ । यो छाला तान्ने चलन रिम्हिच्यो र म्हिमीच्यो अथवा सिम्राक्ल्हे कांउलाफिको प्येमा आधारित छ । यस कथामा शिकार गर्दै जाँदा दिदी र भाइ जंगलको ओडारमा राति बास बस्न पुग्छन् । दुबै जवानी भएका हुनाले बास बस्ने ओडारमा विहान उज्यालो नभएसम्म एकआपसमा नहेर्ने वाचा कवोल हुन्छ । राती वनको चितुवाले भाइलाई मारी खाइदिन्छन् । विहान उठी हेर्दा भाइको टाउको मात्र भेटाउँछ । भाइ खाने चितुवालाई दिदीले मारी त्यसको छाला तारेर गाँउमा ल्याई प्रदर्शन गर्छन् । यसको अर्थ मृत्युका कारणसँग संर्घष गर्नुपर्छ भन्ने रहेको छ । त्यस घटना पछि तमू समाजको मृत्यु संस्कारमा खाल तान्ने चलन चलेको हो भन्ने पच्यू गुरूहरूको भनाई र अनुमान छ । कालान्तरमा वाघको छालाको अभावमा बुढीबाख्रीको छाला तान्ने प्रथा कायम भए । आजभोलि खाल फाल्ने प्रचलन पनि हराउँदै गएको छ । मृत्यु हुँदा पशुबलि दिनु उचित होइन भन्ने विचार र काटमार गर्नु हुँदैन भन्ने विचार बलियो हुँदैछ । किनभने मृत्युसंस्कार भनेको नै दुःख र सम्वेदनशील हुन्छ भन्ने विचार घलेगाउँ र लमनासका उत्तरदाताहरूले ब्यक्त गरेको पाइन्छ ।

मृत्यु संस्कारमा छोराले मुडुलो भैं निधारमा अफ्सोचको प्रतिक कालो मोसो टिका लगाउंछ भने छोरी, बुहारी, चेलीबेटीहरूले कपाल फुकाई निधारमा कालोमासो लगाई कम्मरमा मजेत्रो बेर्दछन् । गुरूङ समुदायको मृत्यु संस्कारमा छोरा र छोरी दुबैको महत्वपूर्ण भूमिका हुन्छ । छोरीको अभावमा बुवाआमाको लाश चल्दैन । सि फैलु र क्येक्याँ त्हें घर भित्र गरीसकेपछि पच्यू क्ल्हेबृहरूले कुपार (नौताल) मा द्याङग्रो झूर्मा बजाउँछन् साथै त्हौंदु टेम्की पनि बजाउँछन् । यो गरिसकेपछि लाशलाई चाँसि (खट)मा रोहण गरी बाँध्नु अगाडी छोराले दागबत्ति दिन्छ र छोरीले क्रःछ गर्छन् । क्रःछ गर्दा लाशको केशमा उल्टोसँग तीनपटक तोरीको तेल लगाइदिन्छ र अक्षेता चामलको सेतो टिका बनाई लगाइ दिईन्छ भने आजभोलि रातो अविरको टिका लगाइदिने पनि गर्दछन् । शवलाई आठ हातको

हरियो बाँस अथवा कटुसको घारोमा खट बनाई म्हो (जवाँई) हरूले आरोहण गराई बाँध्छन् । शवलाई सेतो कपडा ट्रि्ह क्वोंइ (कात्रो)ले छोपेको हुन्छ । त्यसैमाथि मावली कपडा अस्यों क्वोइ भनि सेतो अथवा पीतरङ्गका पाठको कपडाले छोपिन्छ । शवलाई खटमा रोहणगराई बाँधेर घर भित्रबाट आँगनमा निकालिन्छ । त्यसपछि श्रद्धाञ्जली हुन्छ । गुरूङ परम्परा अनुसार शवलाई चाँसिं खटमा राख्दा शिशु आमाको गर्भमा जसरी रहन्छ त्यसरीनै राखी बाँध्ने चलन छ । यसलाई च्हिरकसि (घुँडा खुम्च्याउने) भनिन्छ । आजभोलि घुँडा खुम्च्याएर बाँधेको देखिदैन । शहरबजारमा प्रायःजसो शवलाई लमतन्न पारेर बाँधिन्छ । लाश जसरी राखेर बाँधेपनि छाति माथि छयूकुटः भन्ने हरियो वनस्पति राखिन्छ त्यसमा छोरीले क्रःछ र ट्चै (फुलमाला) गर्दा कचौरामा तोरीको तेल राखी तलदेखि माथि गरी तीन पटक लगाईदिने गर्छन् र लावः अवीर फूलमालाले सजाई दिन्छ । शव राख्ने खटलाई फूलमाला, अवीर र ध्वजा पताकाले सिँगार पटार गर्छन् ।

■ **लब्रु ह्यावा (लुब्राक जाने):** शव आंगनमा निकालेपछि पच्यू अथवा क्ल्हेबृले लुब्राक ह्यावा (लुब्राक जाने) भनेर घर भित्रबाट आँगन सम्म ढ्याङग्रो र झुर्मा बजाउँदै नाँच्दै निस्कन्छन् र शव वरीपरी घुमेर प्ये शास्त्र वाचन गर्छन् । पच्यू र क्ल्हेबृले लुब्राकलाई तीर्थस्थल र गुरूघरको रूपमा श्रद्धापुर्वक मान्दछन् । जीवनमा उनीहरू एक पटक लुब्राक जानु पर्छ भन्ने मान्यता राख्दछन् ।

■ **म्यार तिव :** आंगनमा राखिएको शवलाई परिक्रमा गर्दै पच्यू क्ल्हेबृले म्यार तिवा कर्म गर्दछन् । यस कर्ममा ढ्याङग्रो झुर्मा नौतालमा बजाइ नौ किसिमले नाँच्दछन् र ल्हाँतेंवा बाटो देखाउने प्ये पढ्दछन् । बाटो देखाउँदा ल्हो (वर्ग) र पार्ग (विभिन्न मार्ग)को बर्णन समाउछन् ।

■ **क्रःछ :** लाशलाई बाहिर आंगनमा निकाले पछि पुन छोरीले क्रःछ कर्म गर्छ । क्रःछ गर्दा चरेशको थालमाथि चरेशको कचौरा र त्यसमा तोरीको तेल अथवा घ्यू राखेर शवको छातिमाथि राखिएका छ्यूकुटःमा तलदेखि माथितिर गरेर तीनपटक तेल लगाइन्छ । क्रःछ गर्नुको अर्थ मृतात्मलाई पवित्र र चोखा पार्ने काम हो । क्रःछ गर्दा प्रयोग गरिएको थालकचौरा छोरीलाई प्रदान गरिन्छ । त्यस भाँडामा बावु तथा माइतीलाई खाना दिन हुन्न श्राप लाग्छ भन्ने रहेका छ भने

छोरी चेलीलाई त्यस भाँडाले रक्षा गर्छ भन्ने विश्वास छ ।

■ **खुरीतेवाः** छोरीले क्रःछ गरिसकेपछि पच्यू अथवा क्ल्हेबूले खुरीकर्म (पापकटनी कर्म) गर्दछ । पच्यूको भनाई अनुसार खुरीतेवा कर्म भनेको मृतात्माको लागि गरिने पापकटानी कर्म हो । यस कर्ममा मृतकले जीउँदो हुँदा मनले चिताएको, मुखले बोलेको, हातले गरेको र खुट्टाले कुल्चिएको अर्थात मन, वचन र कर्मले गरेका सम्पूर्ण पापबाट मुक्त भएर पवित्र र शुद्ध आत्म भएर स्वर्ग प्राप्ती होस भन्ने हो । खुरीकर्ममा क्ल्हेबूले आशिवार्द दिने भनि मृतसंस्कारमा उपस्थित सबैलाई च्ह्यफुर्व (चरा) को खुट्टा छोएर पानीले अभिषेक गरांउछन् उहिले पर पूर्वकालमा ॐ सत क्ल्हेबृको दाँयाँ बुढीऔंलामा परेको छ भन्ने विश्वासले शवलाई क्ल्हेबृ र पच्यूको बुढीऔलाले छुने पनि गर्दथे । आजभोलि दायाँ घुँडाले शवमा स्पर्श गर्दछन् यसलाई नोंवः कर्म भनिन्छ ।

■ **फोल वावा :** यस कर्ममा किरियापुत्रीले चार दिशामा रहेका दोष दोषलोले मृतात्मलाई प्रभाव नपारोस भनि फोल (भातको पिण्ड) फाल्दछन् । पिण्ड फाल्ने समयमा त्होंदुँटौंकी (ढोलक र टेम्को) पच्यूले बजाउँछ । त्यहीवेला प्हः ख्यारवा भनेर छिमिकीहरूको घरैपिच्छे प्ह कैं भनेर भातका डल्ला राखिदिने चलन छ । प्हकैंको डल्ला भित्र क्ये क्याँ गर्दा काटिएका बाख्रीको मासुको टुक्रा राखिन्थ्यो । आजभोलि गाउँठाउँमा मासुको सट्टा मास, दुध र पैसा राख्ने गरिन्छ । पिण्ड फालि सकेपछि छोराले धनुषकांड हान्दछ । धनुषकांड पूर्व ताकेर पश्चिम । उत्तर ताकेर दक्षिण अर्थात ताकेको विपरित दिशामा हान्दछ । धनुषकाँड फालिसके पछि त्ह क्र (कूलको जेठो) मृतकको स्वर्गजाने बाटो खुलाउने भनि शवलाने दिशाको बाटोमा राखेका काठको सानो कप्टेरोमा बर्छा (भाला) ले हान्छ । त्यो काठको टुक्रालाई त्हक्रले फोर्न यदि सकिएन भने किरियापुत्री (छोरा)हरूले क्रमैसँग बर्छा हानी सिमा फोर्ने पर्छ । सिँ म्रा फोर्नेलाई स्याई-स्याइ मानी घाँटीमा रीपा (धागो) बांधिदिने गरिन्छ । सिम्रा फोरिए पछि स्वर्गको बाटो खुल्यो भनि शवयात्र शुरू गरिन्छ ।

■ **न्हो सवा (शवयात्रा):** शवयात्रामा क्रम मिलाएर गरिन्छ । यो जीवनको अन्तिम यात्रा भएका हुनाले मार्मिक हुन्छ । शव यात्राको अगाडी त्ह

क्रले बर्छा र नाङगो खुकुरी हातमा समाई हिँड्छ । त्यसपछि आलाँ (निशाना झण्डा) बोकेको म्हो (जवाँई) हिँड्छ । निशाना पछि बाटो कपडा समाएका आफन्तहरु हिड्छन् । क्याँ क्वोंइमा मृतक पुरूष हो भने टोपी, स्त्री हो भने मजेत्रो अथवा घलेक चिन्ह राखिन्छ ताकी मृतक पुरूष हो वा स्त्री हो सर्बसाधारणले सजिलै पहिचान गर्न सक्छन् । बाटो कपडा आठहात अथवा आठ मीटर को सेतो कपडाको हुनु पर्छ । त्यसलाई निगालाको आठवटा आठवित्ते डण्डिमा फिँजाइन्छ बाटो कपडा आठहात हुनुपर्छ भनेको अर्थ अष्ठमार्ग (पार्ग प्रे) को आधारमा हो । बाटो कपडा पछाडि छोरीहरु लावा (भुटेको धान) र धातुको पैसा छर्दै हिँडछन् । त्यस पछाडी शव काँधमा बोकेको छोराहरु हिँड्छन् । शव बोक्नमा मलामीले मद्दत गर्छन् । मृतकलाई कांध दिनु पनि धर्म हो भन्ने विश्वास छ । शव बोकेका छोराहरुको पछाडी पच्यू वा क्ल्हेबृ ढ्याङ्ग्रो र झुर्मा बजाउँदै हिँड्छन् । कुनैकुनै ठाउँमा पच्यू क्ल्हेबृहरु शवको अगाडी हिड्नु पर्छ भन्ने तर्क छ । त्यसपछि मलामीहरु हिँड्छन् । मलामीले शव जलाउने हो भने दाउरा र गाड्ने भने ढुङ्गा बोकेका हुन्छन् ।

■ **छटेवः (चिहान कोट्याउने):** मसानघाटमा शव पुऱ्याएपछि मृतक पुरूष हो भने भाले स्त्री हो भने पोथि कुखुरालाई चिहान कोट्याउनका लागि छोडिन्छ । त्यस कुखुराले जहाँ कोट्याउँछ अथवा ठुङ्छ त्यहीँ लाश गाड्ने खाल्डो खनिन्छ, जलाउने हो भने दाउराको चिता बनाइन्छ । आजभोलि समय र परिस्थितिले गर्दा यो चलन लोप हुँदै गएको छ । शव दाह गर्ने ठाउँहरु निश्चित ठाउँमा बनाइएका हुन्छन् तर पनि संस्कारको लागि जवाँई आफैंले कखुराको खुट्टाले शव दाह गर्ने ठाउँमा छुवाउने वा कोतर्ने गरेको पनि पाइन्छ । लाशलाई चितामा चढाउनु अथवा खाल्डोमा राख्नु अगाडी तीन पटक परिक्रमा गराउँछ र छोराले फूल अक्षेता छर्केर पूजा गर्छन् । लाशलाई पुर्नु अथवा जलाउनु अगाडी छोराले पुनः चारै दिशामा पिण्ड फाल्नु पर्छ । धनुषकाँड हान्नु पर्छ र दागबत्ति दिनु पर्छ । त्यसपछि मौनधारण गरी गाड्ने हो भने माटो दिएर पुरिन्छ र जलाउने हो भने दाउरा वा पातपतिङ्गर दिएर किरिया पुत्रको हातबाट आगो लगाउँदछ । चितामा आगो लगाउनुभन्दा पहिले अथवा पुर्नु भन्दा पहिले छोराले तीनपटक चिता अथवा खाल्डोको परिक्रमा गरी अन्तिम प्रणाम गरी आगो लगाउँछन् र माटो दिन्छन् ।

छोराहरूले कपाल, दाह्री, नङ र आँखी भौं खौरेर सेतो झोप्पा रूमालले बांध्छन् । शवयात्रीहरु घर फर्कदा दोबाटोमा ढुङ्गाले अचेटेर राखेको कांडा माथि टेकेर आउनु पर्छ । घरमा प्रवेश गर्नु भन्दा पहिले नुहाई धुवाइ गरेर स्यूरी धुपको बास्ना लिएर शुद्ध भएपछि मात्र घरभित्र पस्ने प्रचलन छ । त्यसपछि मृतकका खलकहरूमा पुरूषका भए ९ दिन र स्त्रीको भए ७ दिन प्ये ल्हुँ संघको २०६० साल खेगी भेलाको निर्णय अनुसार जुठो लाग्छ । मृतक भएको तीन दिनसम्म सधै वेलुका म्हो (जवाँई)हरूले एउटा चोखो ठाउँमा मृतकको नाममा चोखो भात तिहुँन राखिदिन्छ । तीनदिनको साँझ सिमी कैँ दिने भनेर मिठा परिकारहरु बनाएर चढाउँछन् । आज भोलि सिमी कैँ तामझामका साथ दिने गरेको पनि देखिन्छ । यस दिनमा पच्यू क्ल्हेबृले भने प्ये पढ्दछन् । यसदिन देखि परिवार बाहेक दाजु भाइहरूमा मावलीले नुन फुकाइ दिन्छन् । मृतक पुरूष भए ८ दिनको दिन र स्त्री भए ७ दिनको दिन मलामीहरूलाई बोलाएर जुठा वावा (जुठो फाल्ने) भनेर खाना खुलाउँछन् । सांझ पच्यूले मों तोवा अर्थात मृतात्मालाई प्रेतबाट मुक्त गर्नको लागि गरिने त्हें (यज्ञ) गर्छन् । मो तोंसी गरीसके पछि क्ल्हेबृले था सौं (शुद्धी शान्ती) गर्दछ । थासों क्यू (मन्त्रेको चोखोपानी) ले मृतकको छोराछोरी, दाजुभाइ मावली लगायत आफन्तहरूलाई र मृतकको घर परिवार सबैमा अभिषेक गरिन्छ । बर्णन गरिएका कर्म काण्डहरूमा गाउँठाउँ अनुसार केही भिन्नताहरु छन् तापनि लाश सतगत गर्ने संस्कारमा एकरूपता कायम गरी मितब्यायी तथा तार्किक बनाउनका लागि सुधारको आवश्यक देखिन्छ । अझै यसलाई सुधार गरी सम्पूर्ण गुरूङहरूमा सर्बस्वीकार्य गराउनु जरूरी छ ।

२. पय लव (अर्घु गर्ने)

पय (अर्घु) तमू (गुरूङ) समुदायको मृत्युपछि गरिने दोस्रो चरणको महत्वपूर्ण सास्कृतिक र धार्मिक परम्परा हो । यस संस्कारलाई पय लव (आत्मा विसर्जन गर्ने) संस्कार भन्दछ । यस्को अर्थ ल्हेवःफिवः अर्थात मृतात्मालाई प्रेतात्माबाट मुक्त गरेर खेमा (मातृपितृ) सँग लीन गराउनु हो भन्ने पच्यू, क्ल्हेबृ र वोनलमका भनाई रहेका छन् । वहाँहरु भन्नु हुन्छ यस संस्कारमा मृतात्मालाई संसारिक भवसागरबाट मुक्ति गरी ईचैदेवा चैगी ल्हाँ (सिङा) वैकुण्ठमा बासहोस भनि प्ये

(शास्त्र) अनुसार विधिविधान पुऱ्याई गरने कामनाको कर्मकाण्ड हो । पय नगरे सम्म मृतात्माले सुख शान्ति प्राप्त गर्न सक्दैन भन्ने तमू समुदायको विश्वास हो ।

पय (अर्घु) दुई किसिमको हुन्छन् १) ऱ्हो पय : मृतकको भौतिक शरीरलाई सतगत गरेकै दिन देखि शुरू गरिने र २) च्ह्युपय : मृत्यु भएको केही दिन, महिना, वर्ष र धेरै वर्षपछि गरिने पय । पय जति दिनको अन्तरालमा गरिएतापनि पय गर्ने विधिविधान मूलभूतरूपमा एकै प्रकारका हुन्छन् । पय साधारणतय तीन दिनमा सम्पन्न हुन्छ । पय गर्दा ठूलो खर्च र विभिन्न सामाग्रि लगायत आफन्तहरु जुटाउनु पर्छ त्यसो भएको हुनाले ऱ्हो पय हुने र सक्नेले मात्र गर्छन । प्रायःजसो तमूहरूले च्ह्युपय गर्ने गर्छन तर ऱ्हो पय बाहेक च्ह्युपय भएमा जोर महिना वा जोरवर्षमा गर्नु हुँदैन भन्ने विश्वास कायम छ । कसैले धेरै वर्षपछि पनि गर्छन तर जोरवर्षमा गर्नु हुँदैन । आफ्नो आमाबावुको पय (अर्घु) गर्नुपर्छ भन्ने छोराको कर्तब्य हो । पय यति दिनमै गर्नु पर्छ भन्ने केही छैन तापनि मरेपछि पय गर्न अनिवार्य छ । होइन भने राम्रो मानिदैन । आजभोलि छिट्टो पय गरेको देखिन्छ । पय साधारणतय आफ्नो परिवार र दाजुभाइ र समयको अनुकुलता हेरेर गरिन्छ । पय मृत्यु भएको विजोड दिन, महिना र वर्षमा पैडिसँग ड्हिमा (तिथि), सिङा (नक्षेत्र) र त्हिँज्ये (लगन) जुराएर दिन तोक्छन् । पैडिंले त्यस वर्षको सगुनी पुरूष र स्त्री तोकिदिन्छ र उनीहरूको हातबाट सामाग्रीहरु जुटाउने शुरूवात हुन्छ । पय गर्न परिवार र दाजुभाइसँग सरसल्लाह गरिन्छ भने मावली गुरूपुरोहितहरु (पच्यू, क्लेहेबृ, वोनलम र पैंडीहरूलाई क्हौंइवा (निमन्त्रणा) गरिन्छ । जवाँई, छोरी चेलीवेटी, ईष्टमित्र र छरछिमेकीहरूलाई पयको सूचना गरिन्छ । पयको निमन्त्रण अथवा सूचना पाएपछि पयको दिन अनिवार्य उपस्थिति र आफुले सकेको सहयोग गर्नु पर्ने सरोकारवालाहरूको कर्तब्य हुन्छ । यो एउटा सामाजिक सम्बन्धको प्रक्रिया हो ।

तमू समाजमा तिब्बती लामाहरूको प्रभावले गर्दा पय (अर्घु) आजभोलि विभिन्न किसिमले गरेको देख्न पाइन्छन् । पच्यू, क्लेहेबृ र वोन लमले गर्ने पय र लामाहरूले गर्ने पयको बीचमा तुलना गर्ने हो भने सामञ्जस्य छैन । लामाहरु भनि राखेका छन् लामावादमा आफ्नै किसिमले मृत्यु संस्कार गर्ने शास्त्र छ तर पय (अर्घु) गर्ने शास्त्र छैन । उनीहरु भन्छन् मृत्यु भएको ४९ दिनपछि पय गर्नुको

कुनै अर्थ छैन । तमूहरूले वर्षौसम्म कुरेर पय गर्छन । यसको अर्थ के हो भने तिब्बती लामावाद र तमू (गुरूङ) हरूको सास्कृतिक मूल्य, मान्यता, धार्मिक, विश्वास, भेषभूषा, भाषा र संस्कार संस्कृति फरक छन् । लामावादको आफनै मौलिकता र विशेषता छन् । यसले गुरूङ समुदायको परिचय र पहिचान गराउँदैन । वर्तमान अवस्थामा तमू समुदायको चुनौति भनेका मुख्यरूपमा तमू संस्कृतिमाथि गैरगुरूङ धर्म, संस्कार र संस्कृतिको प्रभावले गर्दा आएको विचलनलाई कसरी हटाउन सकिन्छ अथवा गुरूङको मौलिक संस्कृतिको स्वरूप कसरी कायम गर्ने भन्ने नै हो । धेरैजसो वैदेशिक रोजगारमा गएर हुनेखाने भएका र शहरबजारमा बस्ने तमूहरु लामावादको प्रभावमा छन् । यसको प्रमाण शहरबजारको सेरोफेरोमा स्थापित तमू संघ(सँगठनले सञ्चालन गरेका सामाजिक र धार्मिक क्रियाकलापले प्रमाणित गर्दछ । यस्तो परिस्थितिमा तमूका परम्परा, मौलिक पहिचान कसरी जोगाउन सकिन्छ भन्ने सामुहिक चासो हुनुपर्छ । होइन भने राम्रो नराम्रोको विवादले समस्या समाधान हुँदैन । विभेदकारी मानसिकता बोकेर भावनात्मक एकीकृतरूपका तमूहरूका साझा पहिचान निमार्ण गर्न गाह्रो मात्र होइन असंभव पनि छ । विचारले आचरण जन्माउछ र दृष्टिले सृष्टि गरांउछ भन्ने बुझ्नु पर्छ । भाष, संस्कार र संस्कृतिले पहिचान कायम गर्ने भएकाले यी सवालहरूमा समन्वय कायम गर्न साझा दृष्टिकोण र सुधारात्मक विचार र ब्यवहारमा परिर्वतन गर्न सकिएन भने जातीय पहिचान कायम हुँदैन । पहिचान भएन भने जातीय अस्तित्व हराँउछ ।

तमू (गुरूङ) समुदायको पच्यू, क्लेहेबृ, वोनलम र पैँडिहरूले गर्ने पय (अर्घु)मा देखिएका कर्मकाण्डहरूका प्रकृया छोटकरीरूपमा यस प्रकार देखिन्छन् ।

यिनीहरूले गर्ने संस्कारमा जातीय पहिचान छ । पय (अर्घु) विजोर दिन, महिना र वर्षमा पैँडिलाई हेरकोर गर्न लगाई त्हिंज्ये (शुभ समय) खुट्यांउछन् । यसलाई पय दिन ड्योहवा हेर्ने अथवा त्हिँज्य फ्रेवा भनिन्छ । यसमा कर्मकाण्ड शुरू गर्ने ङिहमा (तिथि मिति) सिङा (नक्षेत्र) र त्हिँज्ये (लगन) किटान गरिन्छ । पैँडिले हेरकोर गरे पछि पय (अर्घु) को समय तालिका बनाएर कर्तालाई दिन्छन् । पयको तिथिमिति र समय निर्धारण भै पछि पय (अर्घु) मा चाहिने आवश्यक सामाग्रिहरु जुटाउछन् । पय शुरू गर्नका लागि त्यस वर्षको सोंग्य (सगुनी) पुरूष र

महिलाको चयन गर्छन । सगुनी महिलालाई छिः नोवा च्हमे भनिन्छ । छीः नोवा च्हमेको बाबा(आमा नभएको हुनुपर्छ । सगुनी पुरूषलाई ल (पात), सिं (दाउरा) ल्याउने म्हि (मानिस) भनिन्छ । पय (अर्घ्य) शुरू गर्ने दिनको विहान सगुनी पुरूषले वन देखि लः (पात) टिपी ल्याउछन् र सिं (दाउरा) खोजि ल्याउँछन् । सगुनी महिलाले वायाँ हातले भकारीबाट धान झिकेर नाग्लोमा राखि ढिँकीमा लगेर उल्टो फर्केर वाँयाँ खुट्टाले ढिँकी कुट्छिन । धान कुटी सकेपछि निफनेर चामल ताउलोमा चोखो पारी पकाउछीन् । पकाएको भातलाई सगुनी पुरूषले टिपेर ल्याएको पातको टपरी गाँसी जाँडको मर्चा राखि पोको पारेर राख्दछन् । यसलाई लसिं प्हासि गर्ने कर्म भनिन्छ । प्हासिलाई प्हाफुई (चोखोजाँड) भनिन्छ । प्हाफुई पयमा गरिने विभिन्न कर्मकाण्डहरूमा खेमा (मातृपितृ) र देवदेवी साथै गुरूहरूलाई अभिषेक गर्न प्रयोग गरिन्छ ।

पय शुरू गर्ने दिनको विहान पच्यू र वेलुकी क्ल्हेबृ अथवा वोन लामम आफ्नो बजाउने बाजाहरु, पढ्ने पुस्तकहरु पय घरमा निमन्त्रणा भए बमोजिम आउँछन् । उनीहरूले आफुहरु पय घरमा आइपुगेका सूचना पच्यूले हेर्गा(पदु (ढोलक र टेम्को) बजाएर क्ल्हेबृले ङ्ह(छंलें (ढ्याङ्ग्रो र झूर्मा), लामाले डमरू र ढ्याङ्ग्रो बजाएर दिन्छन् । सूचना पाएपछि गुरूपुरोहितहरूलाई सगुन रोटी रक्सी लगेर स्वागत गरी पयघरमा ल्याँउछन् र तिनीहरु पय अवधि भरी बस्ने डेरा (स्थान)मा लगेर राख्छन् । निम्तालु चेलीवेटीहरूले कोसेली पय थाल्नु भन्दा पहिले पय घरमा भित्राई सकेको हुनुपर्छ । साँझ पयको आलाँ (निसाना) खडा गरिसकेपछि आलाँ नढालेसम्म पयघरमा कोशेलीहरु भित्राउँदैनन् । पय अवधि भरी दाजुभाइहरु, मावली, जवाँइहरु, छोरीचेलीहरु, पच्यू, क्ल्हेबृ, लम र पैँडिहरूलाई निश्चित ठाउँमा बस्ने स्थान दिन्छन् कारण यिनीहरूको पय भरी महत्वपूर्ण भूमिका रहेको हुन्छ । म्होसिं त्हें तनहुँढोर फिरफिरे लामागाउँका पच्यूहरूले पय थाल्ने दिनको विहान गर्छन् । म्होंसि त्हें सकेपछि वायोको स्थमा पूजी राखेको थानमा गई तन्त्रमन्त्र गर्दै मन्त्रेको मास, वेसार, किट मिसाएको अक्षेता र धानले हान्दै वायो (वायु) थान भत्काउँछन् । तन्त्रमन्त्र विना वायो फोरेमा प्रेतात्माले हानि नोक्सानी पुऱ्याउँछ भन्ने विश्वास छ । कुनै गाउँ ठाउँमा दुर्घटनामा परि अकालमा मृत्यु भएकाहरूको म्होंसि टिंवा त्हें गर्छन् । आफ्नै काल गतिले मृत्यु भएका मृतकको म्होसिं गर्नु पर्दैन भनेर गर्दैनन् । कतैकतै म्हौसिं त्हें गर्दा कुखुराको भाले र

बाख्राको पाठो काटिन्छ । म्होसिं त्हें लगभग विहानदेखि सांझसम्म नै हुन्छ । यस त्हेंमा विभिन्न प्ये पढ्नुका साथै एक प्रकारका तान्त्रिक विधिद्वारा गरिन्छ ।

पय चुवा (पय थाल्ने) त्हिँज्ये (लग्न) भएपछि पच्यूले थालनी गर्छन । थालनी गर्नु भन्दा पहिले टाँडमा बसी सिंमी (मृतात्मा) पुकार गर्छन् । यस कर्मलाई सिंमी झारीवा भनिन्छ । सिंमी झारी सकेपछि विहान म्हो (जवाँई)हरूले पुजा गरी काटेर ल्याई राखेको आठहातको हरियो बाँस जसलाई घोप्टो पारेर ओछ्यएको मान्द्रामाथि कम्बल ओछ्याई तकिया माथि राखिन्छ । त्यस बाँसलाई आलाँ (निशाना झण्डा) बनाउनु भन्दा पहिले मृतात्माको हंस मानी मृतकका आफन्तहरूले विभिन्न खाद्यवस्तु ट्होंलु (अर्पण) गर्छन अथवा पूजा गर्छन् । त्यसपछि पैंडिले दिएको ठिक समयमा एक, दुई तीन गरेर एकै चोटी त्होंदु (ढोलक जस्तो) टाम्कीको तालमा त्हक्र (कूलको जेठो) पुरूषले फलामको छीनो वा रामोले मुड्ग्रोलो तेर्स्याइएको बाँसमा तोकिएको ठाउँमा चिरूवा प्यालहरु पार्दछ । त्यस प्यालहरूमा आठ हातको सेतो कपडाको विट च्यापेर झण्डा राखिन्छ । आलाँको टुप्पामा एउटा फलामको सुइरो (पुरूष भए तिर र स्त्री भए झिर) मुतारा, छ्यूकुट नामक वनस्पति, फूलमाला, एक पिरांगु रोटी, एक पुङ रक्सी, थैली, बासा, पुरूष भए टोपी स्त्री भए मजेत्रो लगायत विभिन्न फूलमाला, लावा र ध्वजा पतकाले सिँगारपटार गर्छन । अलाँ खडा गर्ने कार्यलाई अलां थेंवा (क्योव) भनिन्छ । आलाँ फो ट्होवा गर्दा एकैसाथ आगो बाल्ने काम पनि हुन्छ । यसरी बालेको आगोलाई पयको अन्तिम दिनसम्म रहिनु पर्छ र पय घरमा चल्ने भान्साको लागि सगुनी पुरूषले विहान ल्याएको दाउराको सिठोमा आगो सल्काउंछ र त्यो आगो पच्यू, क्ल्हेबृ, लामा अस्योंको डेरामा वितरण गरिन्छ । आलाँ ठड्याएपछि विधिवत पय शुरू हुन्छ । आलाँलाई पच्यू क्ल्हेबृले मने गर्छन । छोरीहरूले क्रछ गर्छन भने कुनैकुनै ठाउँमा आलाँ ठड्याउनु भन्दा पहिले पच्यू र क्ल्हेबृले कुपर बजाई नाँच्दछन् । आलाँलाई पय घरको त्होकुं (मूलधुरी)मा पर्ने गरी बाँध्ने परम्परागत चलन छ । आजभोलि घरको कुनै भागमा राखेको देख्छु भने क्होंइबोमा गरिने अर्घुहरूमा पनि एक छेउमा राखेको देखिन्छ । अलाँलाई स्वर्गको भन्याङ मुतारा भनिन्छ । त्यसैले यो वास्तवमा अर्घु गर्ने घरको धुरी बिच वा पयको लागि बनाइको क्होंइबो धौंको धुरीमा गाड्नु पर्ने हुन्छ भने तीन रातसम्म मुतारा अन्तरगत रही पयको अन्य कर्मकाण्डहरु गर्छन । परम्परागत रूपमा पय थाल्दा

थिंजु भनी बोका काटिन्छ । अलाँ गाड्ने दिनमा किरिया पुत्रपुत्री (छोरा(छोरी) लगायत परिवार जन र आफ्नो दाजु भाइहरूले छाक छाड्छन् । पय गरि छोरा मुडुलो भएर कालो मोसो लगाएर छोरीले कपाल फुकाई ढाडमा मजेत्रो बेरी निधारमा कालो मोसो लगाई दुःख प्रकट गर्छन् ।

पय (अर्घ्य) थालेको राती क्ल्हेबृले क्ये क्याँ त्हें अर्थात मृतात्मालाई मुक्तिको मार्ग देखाउने कर्म गर्छ । यस त्हेंमा क्ल्हेबृहरूले तोर्मा (कैंदु) बनाउँछन् । उनीहरूको आफ्नो गुरूहरु तर्डे क्ल्हे, च्योर्डे क्ल्हे, व्हग्राँ क्ल्हे, चोएडादुँ क्ल्हे, क्हार्मो ऱ्हैं र क्हमोर्च्यो क्ल्हे गुरूहरूको पुकार गर्दै मृतात्मालाई त्हेवा चैगिए सिङा (सुखावती भूवन) मा लीन गराउँछ । क्येक्याँ त्हेंमा बाखीको बलि दिइन्छ । वरिष्ठ खेगी स्व. टेकानसिंह गुरूङका अनुसार क्ये क्याँ प्ये पढे पनि पशुबलिको आवश्यक छैन भनेका छन् तर पनि पच्यू क्ल्हेबृको शास्त्र मुताविक मौलिक परम्परागत पयमा बाखी बलि दिने गर्छन् । त्यो बाखीको छाला तारेर पच्यूहरूले खाल तान्दछ । क्येक्याँ त्हेंको राति प्हस्यारवा भनि छिमेकीहरूको घरदैलोमा भातको कैदुं भित्र क्येक्याँमा काटेको बाखीको मासुको टुक्रा राखिदिने चलन छ । आजभोलि यो चलन हराउँदै गएको छ । फैलुं पालेको घरमा पच्यूहरूले सिफैलु (कूल देवताको पूजा) गर्छन् । सिफैलुंमा पनि बोका बलिदिन्छन् । सिफैलुको अन्तमा पच्यूहरूले विशेष आफ्नो पोशाक लगाई द्यााङ्ग्रो भुर्मा नौतालमा बजाई बाखाको छाला मुखमा च्यापेर घलेक, कण्ठिमाला, ल्हरें, ऱ्हाल्वो (जटा) तें (डाँफे/मुनालको प्वाँख) लगाई चाल्नु लिएर नाँच्दछन् । चाल्नुमा लावा र फूल साथैं केही सिक्काहरु राखिन्छ । यसलाई खाल फाल्ने भनिन्छ । यो दोबाटोमा फालिन्छ । सिफैलु र क्येक्याँत्हें गरी सकेपछि पच्यूहरूले पय शुरू भएको दोस्रो दिनको सबेरै सिम्रु त्हैं गर्दछन् यसलाई सिल्मो थेंवा भनिन्छ । सिलमो थेवा गर्दा पयको यज्ञमा आफ्नो त्ह (दाजु(भाइ)को कूल, मावलीको कूल, पितृ, कुटुम, फ्हैवो र इष्टमित्रको कुलपितृसँग सिमी त्होसी गराउँछ । यसलाई कात्रो जोड्ने पनि भनिन्छ । सिम्रु त्हेंमा कुखुराको भाले मारी सेतो कपडाले छोपि मृतशरीरको प्रतिक बनाउँछ । यस प्रतिकमा कर्ता, त्ह, अस्यों र आफन्तहरूले ट्हौंलु (सगुन) अपर्ण गर्छन । यस त्हैंमा थिंजुमा काटिएको बोकाको मुटुको रगत र जाँडको तपर्ण दिइन्छ ।

क्ल्हेबृले दोस्रो दिनको विहान देखि घर बाहिर टाँड (मञ्च)मा बसी सुर्लु त्हें गर्छ ।

सुर्लु त्हें पूर्व अथवा मृतकको घरको ढोका तिर फर्केर गर्छ । आँगनमा बनाएको टाँडमाथि ढुङ्गाको एउटा थान बनाउछ । त्यस थान माथि दूइटा स(साना कैंदु बनाउछ यसलाई तौं चुवा अर्थात तों क्यूल्वा भन्दछ । कैंदुको माझ भागमा पातको सानो खेंचि राखिन्छ त्यस पातमा खेमा देवपितृलाई अर्पण गरेका जाँड, माछा, मासु र विभिन्न खाद्य सामाग्रि फलफूल चढाउँछन् । ती दुई कैदुलाई क्ल्हे (पितृ) र फि (मातृ) को प्रतिक मानिन्छ ।

टाँड (मञ्च) मा बनाइएको तों (थान) को वायाँ पट्टि निगालाको लिङ्गो गाडेर त्रिखुटो सिङ बनाइन्छ । त्यस सिङमा माटोको सानो भुँड्कोलाइ पिँधमा सानो प्वाल पारेर त्यस प्वाललाई करकलोको टुक्राले बन्द गरेर त्यसमा जाँडपानी भरेर झुन्ड्याउँछ । यसलाई करू भन्दछ । कास्कीको सिक्लेसमा क्यांस भन्दछ । लमजुङ घनपोखरा तिर ख्यार्स भनिन्छ । क्यांस अथवा ख्यार्स तमू चि (ज्योतिष) अनुसार पय (अर्घु) गर्दा हेरीने सिङाहरु क्याहल्ति क्याहल्मो सिंङा (मुर्हत) हुन्छन् उमाक्होमा सिंङा, छैतिछैमा सिंङा, तपातपि सिङा हुन्छन् । यस मध्ये हरेक वर्ष एउटा सिंङा मर्दछ र तिन सिङा (मुर्हत) जीवित रहन्छन् । मरेको सिंङा (मुर्हत) मा पय (अर्घु) गर्न हुँदैन भन्ने विश्वास छ । चारमध्ये तीनवटा जीवित सिङा (मुर्हत) को प्रतिकको रूपमा क्याँस बनाइएको हो भन्ने खेगी प्रतिवेदनमा उल्लेख छ । क्याँस वा ख्यार्स बनाउने अथवा लिङगो, कतै निगालाको देखिन्छ भने अध्ययन क्षेत्र ढोर फिरफिरे लामागाउँमा कसीं (कटुस), च्होंसि (रूरू) र क्योसिं (चिलाउने) को लिङगोले बनाउँछ भने ओदानको पनि बनाउँछ । त्हेंको अन्तमा ख्यार्समा राखेको भुड्कोको जाँड पानीको प्वाल झिकि दिन्छ यस्लाई थूपिवा (साथी) छाड्ने भनिन्छ । सुर्लु त्हें गर्दा क्ल्हेबृले आफ्नो कुलगुरूको पूजा गर्छन जसलाई ङ्हस्यों भनिन्छ । यसमा उनीहरूले एउटा बोकाको बलि दिन्छन् । टाँडको छेउमा बनाएर राखेको थानमा भालेपोथि तों क्यूलवा भनि छिराउँछ, यो कुखुरा मारिदैन । म्हो (जवाँई) हरूलाई दिन्छन् । सुर्लु त्हें गरीसकेपछि क्ल्हेबृहरूले आफ्नो बानपत्रहरु नौतालमा बजाउँछन् ।

न्हि त्हेंवा प्ल न्हेंवा : सुर्लुत्हें गरीसके पछि क्ल्हेबृहरूले आफ्नो बानपत्रहरु नौतालमा बजाउँछन् । न्हि त्हेंवा प्ल त्हेंवा यो पयको दोस्रो दिन गरिने महत्पूर्ण कार्य हो । क्ल्हेबृहरूले सुर्लु त्हें थालेपछि म्हो (जवाँई)हरूले मैरे (कुकुर डाइने),

भलायोको काठ, बाँस, सिरूको पात, छयूकुट र चोया प्रयोग गरी प्ल (पूतला/डुकुरा) बनाउँछन् । प्ल (पूतला) कुनै ठाउँमा घर बाहिर बनाउँछ र प्ल त्हेंवा गरी जग्गेमा ल्याउँछन् । यसलाई प्ल त्हेंवः भनिन्छ । कास्की, श्याङजा, तनहुँ फिरफिरे तिर प्ल (पूतला) घरमै बनाउँछन् । पय शुरू भएको दाम्रो दिनमा पय घरको पूर्वतिर खुला ठाउँमा गएर न्हि त्हेंसि अर्थात अस्तु ल्याउने कर्म गर्दछन् । प्ल (पुतला)लाई छोरा, बुहारी, चेलीबेटी र छोरीहरूले कपडा, गरगहना ध्वजा पताका फूलमाला, लावाद्वारा सिँगारपटार गर्छन् । सुर्लु त्हें सकेपछि पच्यूहरूले फैसुँमा ख्राल चैंव त्हें गर्छन । यस त्हेंमा पच्यूले तन्त्रमन्त्रको प्ये पढेर इष्ट देवताको पूजा गर्छन् । ख्राल तान्दा पच्यूले विशेष प्रकारका पोशाक लगाएको हुन्छ । यो टाउकोमा लगाउँछ यसलाई न्हाल्वु भनिन्छ । यो एक प्रकारको चुच्चे टोपी (मुकुट) जसमा भेंडाको उनको डोरी जटा, जस्तै पारेर झुण्डयाएको हुन्छ । चुच्चे टोपीको माथि पछाडीको भागमा तोंसर (घोरल) को दुइवटा सिङ मोहाडा पट्टि फर्काएर जडान गरिएको हुन्छ । कम्मरमा लगाउने पेटीमा वाघ र कस्तुरीको नङ, दाह्रा, कौडा, स(सानो घण्टी झुण्डाएको हुन्छ । चुच्चे टापीको वरिपरि तें (डाँफेको प्वाँख) दायाँपट्टी भाले डाँफेको वायापट्टि पोथी मूनालको प्वाँख लगाएको हुन्छ र दुम्सीको काँडा पनि सिउरिएको हुन्छ । पच्यूले महिलाले लगाउने प्रो (घलेक) कण्ठीमाला पहिरिएर खुट्टा र टाउको सहित छाला निकालेको बाख्राको छालालाई दाँतले च्यापेर बाख्राको अघिल्लो खुट्टा हातमा लिएर नाँच्छ । अरू पच्यूहरूले ढ्याङग्रो, झुर्मा घण्टी शक्त कांगलिङ्, धुपौरो त्होर्जे फूर्व, चाल्नु, दुम्सीको काँड चोखो पानीको अंखोरा हातमा लिएर ढ्याङग्रोको तालमा नाँचदै तीन पटक प्ललाई परिक्रमा गरी न्हि तेंसीं (अस्तु पुजा) गर्न जाने बाटोमा बनाई राखेको सिम्रा (तारो) माथि वा दोबाटोमा छाला फाल्छ । चाल्नो घोप्ट्याउँछ छाला फाल्दा बाख्राको मुख घर तिरै फर्क्यो भने अशुभ हुन्छ भन्ने विश्वास पनि छ । यस त्हेंलाई लब्रु तेवाः पनि भनिन्छ ।

पच्यूहरूले ख्राल फाल्दा महिलाको पोषाक लगाउनु पर्ने प्रसँगसँग कथा जोडिएको छ । परपूर्ब कालमा म्हिमिच्यों नामक भाइ र रिमिच्यो नामको दिदी वनमा कन्दमूल र शिकार खोज्न जाँदा जङगलमै अध्याँरो भएर पहाडको ओडारमा बास परेछ । दिदी भाइ वयस्क अवस्थाको जवान भै सकेका थिए र आफुहरूसँग भएका कन्दमूल खाई भाइ र दीदी बीचमा समाजिक बन्धन नतोडियोस भनेर

सुत्ने वेलामा नैतिकताको बाचा बन्धन बाँधेछन् । त्यो के रहेछ भने विहान घामले उज्यालो नभए सम्म एउटा पूर्व र अर्को पश्चिम फर्केर सुत्ने जसले फर्केर हेर्छ त्यसलाई सरापले भष्म गरोस भनि ओडारमा स्याउला ओछ्याएर सुतेछन् । जंगलको बास थियो । हिंसक जनवारहरुको पनि बास थियो । राती लेखतिर हुने निगाले चितुवा (वाघ) आएर भाइलाई मारी खाएछन् । भाइलाई वाघले खाँदा कक्रक कुक्रुक भन्ने आवाज सुनिएता पनि वाचा बन्धनका कारणले फर्केर हेर्न सकेन सपनामा दिदीले भाइको टोपी झरेको, निधारको टिका पुछिएको लगाएका कपडा च्यातिएको र भाइको धनुष भाँचिएको आदि अशुभ सपना देखेछन् । विहान उठेर हेर्दा त भाइको टाउको मात्र बाँकी देखेछन् । दिदीले निश्चय पनि वनको वाघले नै भाइ खाएको हुनुपर्छ भनि वाघको पाइला पछ्याँउदै जाँदा रगतले मुख रातो भएका निगाले वाघ ओढारमा मस्तसँग सुतिरहेको देखेछन् । निश्चय पनि मेरो भाइखाने वाघ यही भनि धनुषमा बाण राखि मनमनै शंकल्प गर्दै यदि मेरो भाइ खाने वाघ यो होइन भने मेरा धनुषबाण पूर्व पश्चिम उत्तर दक्षिण भइ जानु होइन भने त्यस वाघको मुटु कलेजोमा धसिनु भनि बाण हान्दा बाण वाघको मुटुमा धसिएर चैं (वाघ/यम) मरेछन् । वाघ मरेपछि त्यसको छाला तारेर गाँउमा गएर सबै बृतान्त सुनाउँदै वाघको छाला घिसारेर दुख प्रकट गरेछन् । यसको अर्थ के हो भने चैं (वाघ/यम) सँग संर्घष गर्नुपर्छ भन्ने सन्देश हो । आजभोलि वाघको छालाको ठाउँमा बुढीबाख्रीको छाला तारेर पच्यूले महिलाको पोषक लगाएर कर्मकाण्ड गरेको देखिन्छ । मृत्यु हुँदा काटमार रोकिनु पर्छ । गर्नु हुँदैन भन्ने भावना आईरहेको अवस्थामा म के भन्छु भने मानव जातिको धर्म, संस्कार संस्कृति समाजले बनाएका हुन् । समाजले नचाहेका ब्यवहारहरु परिवर्तन भएर जान्छन् भन्ने विर्सन्न हुन्न । यो लामो कथा किन लेखियो ? भने संस्कार संस्कृति समय र परिस्थिति अनुसार परिवर्तन हुन्छन् भन्ने प्रमाण हो । न्हि तेंसी गर्नुभन्दा अगाडी पच्यूले खाल फलिसके पछि क्ल्हेबृले मुत्यु कार्यमा गर्नुपर्ने सम्पूर्ण कर्महरु गर्छन् जस्मा लब्रु तेवा, म्यारतिवा भनी प्ल (डुकुरा) राखेको वरीपरी प्ललाई परिक्रमा गर्दै सोंग्या क्वोंइ (क्ल्हेबृहरुको विशेष पोशाक) लगाएर नौतालको ढ्याङग्रो झुर्मा बजाएर नौ तालमा नाँच्दछन् । त्यसपछि शवयात्रमा गर्नुपर्ने सबै कर्महरु फोल वावः (पिण्ड फाल्ने) मे त्हलें ल्हिवः (धनुषकांड हान्ने) सिम्रा थोंव (तारो हान्ने) गरिसकेपछि पयघरको पूर्व दिशा पारेर खुल्ला ठाउँमा न्हि त्हेंवा (अस्तु समाउने) लिने कार्य गरिन्छ । न्हि त्हेंसी गर्नुको पनि कारण र प्येमा

छ । विशेष गरेर यो प्ये पलमहुरू क्ल्हे (पलाँहुरीक्ल्हे) को प्येमा आधारित छ । न्हि त्हेंवः (अस्तु लिने) कर्म विशेष प्रकारका हुने भएकोले त्यस दिनलाई पय हेर्ने दिन पनि भनिन्छ । न्हि तेंसी गर्दा जवाँईहरूलाई अस्तु समाएका कंकालको रूपमा सिगारिन्छ जवाँइहरूले क्ल्हेबृ पच्यूको द्यांङग्रोको तालमा नाँच प्रस्तुत गर्छन । तिनीहरूले ख्याल ठट्टा गर्दै हाँस्यब्यङ्ग पनि द्यांङग्रोको तालमा प्रस्तुत गरेर सर्बसाधारणलाई दुःखमा पनि मनोरञ्जन प्रस्तुत गर्छन । पैंडिले निर्धारण गरेको समयमा क्ल्हेबृले न्हि (अस्तु) समाएको जवाँईलाई समाएर अस्तु लिन्छन् । अस्तु लिएपछि गुन्द्री र कम्बल ओछ्याएका ठाउँमा राख्छन् । त्यसमा क्ल्हेबृले चैं फेलवा गर्ने प्ये पद्दै चैं (यम) सँग छुट्याउने कर्म गर्छ । छोराछोरी र आफन्त इष्टमित्रहरूले अस्तुलाई ट्होंलु (सगुन) प्रदान गर्छन भने पच्यू गुरूहरूले सेर्गा (सिरकोई) मृत्युको गीत शुरू गर्छन । त्यहाँबाट म्हि क्रः म्हि चिवा गान्नेमान्ने मानिसहरूले छ्याँङु नाँच शुरू गर्छन् । छ्याँङु नाचको बीचमा आगो बालेर वरीपरी गोलाकारमा गुरु पुरोहितहरु र गाउँठाउँका बुढापाका, यूवायूवतीहरु छ्याँङु गीत गाउँदै भ्याम्टा ढोलक द्यांङग्रो बजाउँदै नाँच्दछन् ।

न्हि तेंसीबाट फर्केपछि क्ल्हेबृले न्हि (अस्तु) लाई प्ल (पुतला/डुकुरा) मा राख्छन् । अस्तु राख्दा पुरूष भए भाले महिला भए पोथि कुखुराको चल्ला प्ल भित्र राखिन्छ । अस्तु राखिसकेपछि क्ल्हेबृले स्योंदर प्ये पढेरै मावली कपडा (अस्यो क्वोंई) प्ल मा अर्पण गर्छन् । छोरीले क्रःछ गर्छन् । छोरा, छोरी परिवारजन, दाजुभाइ इष्टमित्रले प्ल ट्होंवा भनी सगुन प्रदान गर्छन् । प्लमा न्हि (अस्तु) राखेपछि नेछरवा अर्थात दोषदोषालो हटाउनेको प्ये क्ल्हेबृले वाचन गर्छन् । सुख शान्ति सँग त्हेंव चैगी सिङा (सुखवतीभूवन) मा बास होस भन्ने कामना गर्दछन् । न्हि (अस्तु) ल्याएको सांझ पच्यू गुरूहरूले मों तोंसी (सातो बोलाउने कर्म) मृतात्मालाई निमन्त्रण गर्ने त्हें (कर्म) गर्दछन् । यसमा जवाँइहरूले लिपपोत गरेर बनाएको लिङगो निहुन्याएर एउटा सानो ढोका बनाउँछन् जस्लाई तमू भाषामा भन्दा होंज्यो म्रा भनिन्छ । त्यस होंज्योको तल केराको पात राखि विभिन्न खाद्यसामाग्री फलफूल, धुपादिले मृतात्मलाई निमन्त्रणा गर्दछन् । पच्यू गुरूहरूले विभिन्न प्येहरु वाचन गर्नुपर्ने भएकोले यो कर्म गर्न ४/५ घण्टा लाग्छ । सातो आएको नआएको जनाउ पाउनको लागि होंज्योमा कोरल्न लागेको पोथीलाई एउटा खुट्टा डोरीले माथि देखि तल झुण्ड्याउँछन् । मृतात्माले झुण्डयाएको कुखुराको

पोथि भित्र प्रवेश गरेपछि कुखुरा भुतुत्त उडेर होंज्यों माथि चढेर यताउती हेर्छन कुखुरा उडेपछि सातो आयो भनिन्छ र त्यसपछि हौंच्यो म्राको दुबै छेउतर्फ दुइजना जवाँईहरूले काँचो धागोको सरा बेरीएको केराको लाप्सो दुई छेउतिर आ-आफ्नो देब्रे हातले समात्छन् र दुई जना मध्ये एउटाले हँसीया र अर्कोले केराको पातको लाप्सोले ताक्छन (ह्याँ ह्याँ लमु) र पच्यूखेगी चैं फेलवा भन्ने अध्याय वाचन गर्दछन् । अन्तमा चैं फेलवाको प्ये डाँरी पढीसक्ना साथ पच्यूको आज्ञा अनुसार हँसिया लिनेवाला जवाँईले हंसीयाले उक्त केराको लाप्सो काट्छन् । कुखुराको अण्डा फुटांउछन् । झुन्डाएको पोथी झिकेर खोरमा राखिन्छ । चैं फेलाव गरी धागो चुडाएको अर्थ पच्यू बुद्धिबहादुर गुरूङको भनाई अनुसार मृतात्मा र जीवआत्मा बस्ने ठाउँ अलग अलग छ भनेर छुट्याएको संकेत भनिएको छ ।

पय (अर्घु) को तेश्रो दिनको विहान छोरीचेलीले म्हैदु कैं (भोजन) बाँड्छन् । म्है दुकैं भनेको छोरीचेलीले मृतकको नाममा गराउने भोजन हो । यस दिनको सांझ अर्घु समापन गरिने भएको हुनाले विहान देखि पच्यू गुरूहरूले सेर्गा (मृत्यु सम्बन्धी विभिन्न कथा) प्ल (डुकुरा) वरीपरी घुम्दै सुनाउँछन् । सेर्गा बडो मार्मिक कथाहरूमा आधारित हुन्छन् । सेर्गामा मृतकको छोरा, छोरी, दाजुभाई र इष्टमित्रहरूले पनि निधारमा अफ्सोचको प्रतिक कालोमोसो लगाएर प्ल (पूतला)को वरिपरि घुम्नु पर्छ । सेर्गाको माध्यमबाटै पच्यू गुरूहरूले मृतात्मालाई स्वर्गको बाटो देखाउदै जीवन र जगतको भवचक्रको कथाहरु सुनाउँछन् ।

क्ल्हेबृ गुरूहरूले पय त्हुर्वा त्हें (अर्घु विसर्जन गर्ने यज्ञ) गर्छन् । वोन लामाहरूले क्हो म्लेवा कर्म गर्छन । यसै दिनमा मृतकको हंस चढाएका आङभेडा (क्हो क्यू) र साथीभेडा (थुक्यू) भेडाहरूलाई मृतात्माको हंश मानेर मिठा मिठा परिकारहरु खुलाउंछन् । यस कर्मलाई क्यू ट्होंवा, क्यु छवः अर्थात भेंडा पुजने भनिन्छ । भेडा खुवाउने चलन कसैले काट्टो खुवाएको जस्तै हो भनेका छन् । यो प्रथा होर्जे क्ल्हे र कसैले प्हेग क्ल्हेको पालादेखि चलेको भन्ने भनाई छ । अनौठो रूपले ती भेंडा भेडीहरूले जीवित अवस्थामा मृतकले जे बस्तु चाख गरेर खान्थ्यो त्यही बस्तु मिठो मानेर खान्छन् । आश्चर्यको कुरा भेडा भेडीले साधारणतय माछा मासु, अण्ड खादैनन्, दुध, रक्सी पिउँदैन र पनि तर क्हो क्यू बनाएको भेडा र भेडीले क्ल्हेबृले मन्त्राएपछि सबै थोक खान्छन् र आफुलाई जीवनमा जस्ले धेरै माया र

आदर सम्मान गरेका छन् त्यसैको हातबाट र त्यसले दिएका भोजनहरु मजाले खान्छन् । आफन्तहरु भेडाभेडीसँग आर्शिवाद माग्छन् र रूने कराउने गर्छन । क्यू ट्होंवः (भेंडा-भेंडी) लाई भोजन गराईसके पछि पय (अर्घ) समापन गर्ने कर्महरु गरिन्छ । न्हिल कैवा, क्वाल तोवा यो पच्यू गुरूले गर्छन् । क्वाल तोवा भनेको सपिण्डी जोर्नु हो, जसमा मृतात्मालाई आफ्नो वंश र मावलीको खेमा (पितृमातृ) सँग च्यालसी (लीन) गराइन्छ । सपिण्डी जोड्दा अर्घ गरेका मातृपितृहरु सँग श्रीसम्पतिको सह यहीँ छोडेर जाउ भनेर पितृसँग आशिर्वाद थापिन्छ अथवा मागिन्छ । यस कर्ममा पितृहरूलाई उनीहरूको आत्म तृप्तिहोस भनेर भोजन प्रदान गरिन्छ । पच्यू गुरूहरूले अन्तिम पटक पयघर भित्र गएर खाल फाल्ने प्ये पढ्छन् र विशेष पोषाक लगाई नाँच्दै खाल सिम्रा (तारो) माथि वा दोबाटोमा लगेर फाल्छन् ।

क्ल्हेबृगुरूहरूले आलाँ प्होवा निशाना झिक्ने कर्म गछर्न् । घरधुरीमा बाँधीराखेको निशानालाई प्लसँग धागोले छुवाएर प्ये पढ्दछन् । प्ये पढीसकेपछि घरधुरीबाट आलाँ (निशाना) झिक्छन् । आलाँ झिक्ने म्होलाई गुरूहरूले रीपा लगाई स्याई(स्याई गर्छन । अलाँ घरधुरीबाट झिकि सकेपछि पय अर्घ सेलाउने दिशातिर लगेर एउटा जवाँईले समाई राख्छन् । क्ल्हेबृगुरूले प्ये पढीसके पछि ढ्याङग्रो भ्याम्टा, शंत्त बजाउँदै प्ल राखेको वरिपरि नौ ताल बजाई नाचछन् । नाचिसकेपछि मुख्य क्ल्हेबृगुरूले प्ल घुचेटछ । प्ल ढाल्ने भनेको डुकुरो फोर्नु हो । प्ल ढाल्दा अथवा घुचेट्दा सिक्लेसका क्ल्हेबृहरूले प्लतिर पिठ फर्काएर पछाडिबाट घुचेटेको पनि देखियो भने अन्य अन्य ठाउँका क्ल्हेबृहरूले अगाडिबाट घुचेटेको देखियो । किन फरक हो भनि सोंधपुछ लिँदा गाउँठाउँको चलन भने । प्ल (डुकुरा) ढालीसकेपछि पय अर्घ विर्सजन यात्रा सुरू हुन्छ । प्ल विर्सजन गर्न लाँदा शवयात्रामा गर्नु पर्ने सम्पूर्ण कर्महरु फोल (पिण्ड) फाल्ने, म्ये त्हलें ल्हिवा (धनुषकाँड हान्ने), सिँ म्रा थोंव (स्वर्गको द्वार फोर्ने) भनि भाला र बर्छाले काठका कप्टेरो फोर्ने आदि इत्यादि गर्नु पर्दछ । पय विर्सजन यात्रामा शवयात्रामा जस्तै आलाँ बोक्ने म्हो (जवाँईहरु), त्ह क्र हिँड्छन । त्यसपछि बाटो कपडा (क्याँ क्वोंई) तानेका मलामीहरु, छोरीहरु प्ल (डुकुरा) बनाएको सरसमान र न्हि (अस्तु) बोकेका म्हो जवाँईहरु छोरा छोरीचेलीहरु मावली लगायत विभिन्न मानिसहरु पङ्तीबद्ध भएर यात्रामा निश्कन्छन् । पय (अर्घ) घरबाट पश्चिम दिशामा लगेर खाली ठाउँमा विर्सजन गर्छन् । पय

विसर्जन गर्दा क्ल्हेबृगुरूहरूले प्ल्ह सवा मृतात्मालाई मुक्ति दिलाउनको लागि बाटो देखाउदै लैजान्छ । बाटो देखाउँदै लाँदा क्ल्हेबृ गुरूहरूले मृत्यु भएको ठाउँबाट विभिन्न ठाउँहरु देखाउदै लमजुङ मनाङ तथा नमूना भञ्याङको बाटो देखाउँदै नार फु तिर हुँदै विभिन्न ठाउँ (ह्युल) पार गर्दै खुईसेल क्यू (धर्म गंगा) मा स्नान गराई मृतात्मालाई पवित्र बनाई बैतरणी पार गराउँछन् । यसलाई म्लें क्यू भनिन्छ, जहाँको पानी पिइसके पछि सि नास (मर्त्यलोक) का सम्पूर्ण घटना विर्सन्छन् भन्ने विश्वास छ । धर्मगंगा तरीसके पछि कु खेला (नौ तला), कुस्युर (नौ चक्र) माथि रहेका त्हेंवा चैगिए सिङामा मृतात्मालाई लीन गराउँछन् । यो सम्पूर्ण कर्मलाई सिमी सवा अथवा प्ल्ह सव पनि भनिन्छ । प्ल्ह सव गरीसकेपछि मृतात्मालाई चार सिङाको बर्णन सुनाइन्छ । प्रा.डा. जगमान गुरूङको भनाई अनुसार पूर्वको सिङा ङोरवाने नोवये सिंङा, पश्चिमको सिंङा देवचेमर नोवये सिङा, उत्तरको सिङा नाजखरवर नोवायः सिङा र दक्षिणतिरको सिङा पलधनिचेम्वर नोवये सिङा यी चार सिङको बर्णन र नरलोक देखि तल ङेल्वैनास (नरकलोक) सम्म ६ लोक र सिनास (नरक लोक) देखि माथि कु स्यूर नौ भूवनको बर्णन गर्छन् । क्ल्हेबृको कुसों तौंवै ह्युलको बर्णन लामाको फौंरो नासको बर्णन सुनाई मृतात्मालाई ईचैनु त्हेवा चैङ्गिए सिङा भन्ने स्थानमा आजिखे अजिमा (मातृ पितृलोक) मा लगेर लीन गराइन्छ । यस प्रकारले तमू (गुरूङ) हरूको मृतात्मालाई देवतुल्य भएर बसोस दुरात्मासँग मुक्त रहोस् भन्ने पय (अर्घु) को मुख्य उद्देश्य रहेको छ । यो पय कर्म गर्दा पैंडिले निर्धारण गरेको समयमै हुनुपर्छ । पय शुरू गरी र अन्त्य गर्दाको समयको ख्याल राख्नु पर्छ भन्ने विश्वास छ ।

पय विर्सजन गरिसकेपछि मावली (आस्यों)ले आफ्नो माञ्जा(भाञ्जिलाई शुद्ध पवित्र गराई दुःखबाट फुकाईदिन्छ । छोराहरूको कपाल खौऱ्याई धोइपखाली गरी तेल राखेर नयाँ टोपी नैनसूतको १२ हाते सेतो फेटा सेतो टिका प्रदान गरी आशिर्वाद दिन्छन् भने छोरीहरूलाई पय अर्घु भरी पिँजाई राखेको कपाललाई कोरीबाटी तेल राखि सधुवा भए रातो धागो विधुवा भए कालो धागोको डोरी बांधी मजेत्रो ओढाई सेतो टिका प्रदान गरी आर्शिवाद प्रदान गर्दै स्याई(स्याई गर्छन् । स्याई(स्याई गर्दा पुरूषलाई भए नौसरा नौ गांठो महिलालाई भए ख्येकु र माङिको नामको गाँठो (सातसरो सातगांठो) गरी बेसार र खरानीमा रङ्गाएको फ्हेरू (पहेंलो धागो) रिपा लगाउने चलन हो । आजभोलि स्याई-स्याई गर्दा तङक

भडकसँग गरिन्छ । हुनेहरूले सून, चाँदी र नगद राखेर गर्दछन् । यसले गर्दा आर्थिक हैसियत राम्रो नभएका गुरूङहरूमा नकारात्मक प्रभाव पर्ने देखिन्छ । तमू जातिको राम्रो नराम्रो संस्कारमा मावलीको अनिवार्य उपस्थिति हुनुपर्छ । जन्म संस्कारमा मावलीले आर्शिवाद दिन्छन् भने मृत्यु संस्कारमा अफ्सोचबाट चोखो निस्तो गराई दुःख फुकाइ दिन्छन् । मावलीद्धारा राम्रो नराम्रो संस्कार र कर्म काण्डमा च्योख्याउने, फुकाउने प्रथा तमू संस्कृतिको विशेषता हो ।

पय (अर्घु) विसर्जन गरेर घरमा आएपछि पच्यूगुरूहरूले अर्घुमा सामेल हुने कर्ता (नेवमै) र सरोकारवालालाई कूलपितृले आशिमलाँ गरोस र सह दियोस भनि प्ह्रेंगे कर्म गर्दछन् । पय (अर्घु) मा प्रयोग भएका भाँडाकुँडा र मालसामानहरु उल्टा पारिराखिएको हुन्छ र ती सम्पूर्ण सामानहरूलाई सुल्टा पारिन्छ । चोखो भान्सामा लगिन्छ । पयमा सामेल सम्पूर्णलाई सुंपई/सुंस्यार गर्ने भनि रक्सीको सगुन दिइन्छ । यति गरेपछि जुठो फुक्छ भन्ने विश्वास छ । पय विर्सजन समाप्त भएपछि पय गर्ने पच्यू, क्ल्हेबृ, लम र पैडिहरूबाट पय (अर्घु) गर्ने कर्ताहरूलाई आशिमलाँको प्ये पढ्दै दही चामल मुछेको सेतो टिका प्रदान गर्छन् । कर्ताहरूले पनि पय (अर्घु) गर्ने पच्यू, क्ल्हेबृ, लम, पैंडी, अस्यों (मामा), म्हो (जवाँई), छोरीबेटी भान्से, त्ह क्र र ईष्टमित्रहरूलाई कर्ताले आफुले सकेको दान(दक्षिणा प्हैलु प्रदान गरी विदा गर्छन् । विदाई कार्यक्रमलाई शुद्धशान्ति गर्नको लागि नाँचगान पनि हुन्छ । तमू जातिमा घटी (मृत्यु) बढी (जन्म) हुँदा, भातपानीमा बेहेरिएमा गोत्र हत्या, गौहत्याको आरोप लागेमा अथवा मुद्दामामिला परि विवाद भएमा गाँउका पञ्चभलाद्मीहरूले दुबैपक्षलाई मेलमिलाप गराई घाटुनी मारूनी नचाई भद्रभलाद्मी बसी जाँडपानी खाएमा शुद्ध शान्ति हुन्छ भन्ने तमूको परम्परागत सामाजिक मान्यता रहँदै आएको छ । यस समाजको आफ्नै सम्बन्धका न्याय प्रणाली प्रचलनमा थिए । वर्तमान क्षेत्र अध्ययनले सकेसम्म गाउँमा घटेको घटना गाउँमै गाउँका मुखिया र भद्रभलाद्मीको मध्यस्थतामा मिलाउने परम्परा अझै पनि रहेको छ । तमूहरूको परम्परागत राजनितिक प्रभाव पनि गाउँमा मात्र सिमित थियो । यसलाई गाउँराज्य भन्न सकिन्छ । गेनेप (Gennep) को सैद्धान्तिक परिभाषा भित्र गुरूङ समुदाय र यसका संस्कारलाई राखेर हेर्दा, जन्म, नामाकरण, भातखुवाई/पास्नी र क्षेवर संस्कार संक्रमणकालिन रिवाजमा पर्दछ । विवाह संस्कारलाई सम्मिलित/मिलन रिवाज र गुरूङको मृत्यु

र पय संस्कार चार्हीं छुट्टभिन्न/विदाइ रिवाज भित्र पर्दछ भन्ने कुरा माथिको बर्णनले गर्दछ ।

अध्याय ३

सामाजिक संरचना र नातेदारी ब्यवस्था

३.१ सामाजिक संरचना

एउटा समाज निमार्ण हुनलाई स्थानको आवश्यकता हुनुपर्दछ, जनसंख्याको आवश्यकता पर्दछ । यस सन्दर्भमा गुरूङ समुदाय एकैदिनमा बनेको होइन । उपयुक्त खेतीपाती हुने, पशुचरणको ठाउँ र उपयुक्त हावापानी हेरेर नै गुरूङका पूर्खाहरु आफ्नो अनुकुल हेरी क्होलसोंथर आइ बसोवास गरेको इतिहास साँची छ । पछि उनीहरु अझ उपयुक्त ठाउँ खोज्ने क्रममा त्यहाँबाट अन्य ठाउँमा बसाईं सराई गरे । फलस्वरूप चिली (सिक्लेस), कोंडा (घान्द्रुक), र घनपोखरा जस्ता गाउँहरु निर्माण भए साथै घरहरु निर्माण भए, जनसंख्या बढ्दै गयो, नातागोताको सिर्जना हुँदै गयो र विशाल तमू समुदायको निमार्ण भयो ।

(क) नास (गाउँ) को बनावट

गुरूङ गाउँहरु (जसलाई नास भनिन्छ) प्रायः उच्च भूभागहरूमा अवस्थित छन् । गाउँले भाषामा उच्च भूभागलाई ह्ये (लेक) भन्न उपयुक्त हुन्छ । गुरूङहरु एउटा

निश्चित भूभागमा गुजुमुज्ज भएर बस्न मन पराउँछन् । यसको अर्थ हो(उनीहरु एकलकाटे हैन, समूहमा बस्न मन पराउँछन्. । त्यसैले गुरूङ गाउँमा घरहरु एकअर्कासँग जोडिएर बनाइएको हुन्छ, जस्ले गर्दा एउटा घरको सुखदुःख अर्को घरछिमेकीले थाहा पाउँन वा बुझ्न सक्छन् र कहिल्यै एक्लोपन महशुस हुँदैन । त्यति मात्र होइन, गाउँकै बीचको घरबाट कुनै सूचना प्रवाह गर्दा एकैछिनमा गाउँभरि फैलिन्छ र सबैले जानकारी प्राप्त हुने गर्दछ । उनीहरुबाट आफ्नो खेतीपाती गर्ने जग्गा जमिन केही टाढा पर्दछ । अर्को शब्दमा गुरूङ गाउँहरु बाहुन(क्षेत्रीको छरिएर रहने तथा घर बनाउने चलनको ठीक उल्टो एउटै बस्तीमा एकअर्कासँग जोडिएर र छिमेकी भएर बसोवास गर्न मन पराउँछन् । गुरूङ गाउँका बाटो प्रायः ढुङ्गाले छापेको बलियो, सजिलो र सुन्दर भएकाले एक घरबाट अर्को घरमा आवतजावत गर्न धेरै सजिलो भएको महशुस हुन्छ । गुरूङ गाउँका छिमेकीका रूपमा दलित परिवारहरु खासगरि दमाईं (परियार) कामी (वि.क) र सार्की (नेपाली) बसोवास गरेको देख्न पाइन्छ । परम्परागत रूपमा कपडा सिलाउने, खनजोत गर्ने र छालाका कामजस्तै जुत्ता सिलाउने काम उनीहरुबाट नै हुने भएकोले एक ढङ्गको एकअर्कामा निर्भर रहने परम्परा/चलन छ तर परिवर्तित अवस्थामा दलितहरु अरब देशहरुमा जाने गरेकाले काम लिने अवस्था छैन । गुरूङ गाउँहरु कतिपय ठाउँमा ज्यादै ठूलो सङ्ख्यामा देख्न पाइन्छ । कास्कीको सिक्लेस र तान्तिङ, गोरखाको वारपाक र लमजुङको घलेगाउँ, घनपोखरा र पसगाउँलाई लिन सकिन्छ । यी गाउँहरुमा गुरूङहरु प्रायः विदेशी सेनामा जाने र त्यहाँको चलनचल्ती सिकेर आई गाउँमा पनि सफासुग्घर बन्नु पर्छ, गाउँ सफा सुन्दर राख्नु पर्छ भन्ने भावनाले पनि गुरूङ गाउँहरु अत्यन्त सफा र सुन्दर हुन्छन् ।

प्रमुख तमू नास (न्हेजा)हरुमा प्हजों (भाचोक), तोनी (ताङ्तिङ), तप्रें (तप्राङ), थोसों (थाक गाउँ), खेंलो (खिलाङ), ल्हुलें (लुम्ले), ङ्होला (अर्मला), क्हाजो (घाचोक), कोंडा (घान्द्रूक), हमे (रिवान), क्हली (घलेल), ठन (ठाना), डाँखर (डाँडाखर्क), पाप्रो (वारपाक), म्हेलुं (मिर्लुङ), गलें (गल्याङ), रागु (रापकोट) पर्दछ तर पछि आएर यी तमू नास (न्हेजा)हरु अर्थात गुरूङगाउँहरु नाम सबै खसकरण भएको पाइन्छ ।

ख) धीं (घर) को बनावट

गुरूङ घरहरूलाई दुई भागमा बर्णन गर्न सकिन्छ । प्रथम खरको छाना भएको स्यूर धीं (घुमाउने) हो । घर भित्रका मुख्य संरचनाहरु धीं कुं (धुरी) कुँ त्हो (मुख्य खाँबो) हुन्छन् । घुमाउने घर (स्यर धीं) मुख्य धुरीमा विभिन्न बलो अडाएर चारैतर्फ फैलाएर घरको छाना निमार्ण गरिन्छ । यो स्यूर धीं (घुमाउने घर) प्रायः एक तले हुन्छन् । घर भित्रको संरचनाहरु च्हो कोंन्हों (भण्डार), कोता (अगेना), कोता क्हों (अगेनाको डिल), कोता क्होंको चार सुरमा उत्तर पट्टिको भागमा फैसुँ (चोखो ठाउँ) हुन्छ भने दक्षिण पट्टिको सुरमा बाबु बस्ने ठाउँ हुन्छ । त्यहाँ काठको मधुश राखेको हुन्छ । मधुशमा धन सम्पति राखिन्छ । मधुशको माथि सेउ च्हीं (देव पितृ पुज्ने स्थान) हुन्छन् भने गुरूपुरोहितको घरमा फैलु च्हो (पितृ पुजा स्थान) हुन्छन् । च्हो क्होंन्हो (भण्डार) भित्र (सिक्ल्ह्यो) खाद्य सामाग्री राख्ने ठाउँ र प्हा क्ल्ह्यो (जाँड रक्सी राख्ने ठाउँ) हुन्छन् । च्हो क्होंन्हो भित्र पस्ने सानो ढोका राखिएको हुन्छ । च्होक्हों बाहिर पट्टि प्हा क्हों (मजेरी) हुन्छन् । कोता (अगेना) बाहिर थो न्हों (सिकुवा) हुन्छ । थों न्हों र अगेनाको बीचमा आधा गारो हुन्छ । थों न्होको एक छेउमा पानीको गाग्री राख्ने ठाउँ हुन्छन् र अर्को छेउमा घर लिप्ने माटो र गोबर राख्ने ठाउँ र कृषि औजारहरु डोको, नाम्लो, स्याकु राख्ने ठाउँ हुन्छन् । थो न्होंलाई आजभोलीको बैठक कोठासंग तुलना गर्न सकिन्छ । थो न्होंबाट म्रा (ढोका) हुन्छ । म्रा (ढोका)को दाँया वाँया भ्याल राखिएको हुन्छ र ढोका बाहिर पिँढी हुन्छ । पिँढी मुख्य रूपले मानिसहरूलाई भेटघाट गर्ने ठाउँ हो । पिँढीमा पूजा आजा स्वस्ती शान्ती आदि पनि गर्न सकिन्छ । कुलपितृ पूजा गर्नको लागि घरभित्र फैसुँ/स्याउ च्हों हुन्छन् । परम्परागत घरको ढोकाहरु विशेष गरी दुईखण्डे नै हुन्छन् भने दायाँ खण्डमा ङ्योली ची (आँखीभ्याल) पनि हुन्छन् भने बाहिर युरली चे (आँगन) मा मकैको सुली र अन्न पानी सुकाउने र उठाउने ठाउँ हुन्छन् । परम्परागतको स्यूर धीं अर्थात घुमाउने घर आजभोली अधिकांश लोप भैसकेको छ । यसको सट्टामा प्रमुख गुरूङ गाउँहरुमा दोश्रो रूपको घर ढुङ्गाले छाएका चारपाटे घर देखिन्छन् । आधुनिक घरभित्र पानी गाग्राहरु राख्ने, कुखुरा रहने खोर, खाना पकाउने खाने भाँडाकुँडा राख्ने ठाउँ, खाना पकाउने अगेना र अर्को कुनामा सुत्ने खटिया रहेको पाइन्छ । घरको पिँडी इस्टमित्र भेटघाटमा आरामपुर्वक बसेर सरसल्लाह गर्ने थलो पनि हो । यसको नजिकमा ढिँकी, जाँतो जडान गरिएको हुन्छ भने घरका दाँया(वाँया छेउमा सुत्न मिल्ने

कोठा बनाइएको हुन्छ । यस्तो कोठाको प्रयोग हुर्के बढेको छोरा वा विवाहिता छोरा बुहारीले प्रयोग गर्ने चलन ज्यादै पुरानो हो । आजकल जस्ताले छाएका घरहरु प्रशस्त देख्न पाइन्छ । घरघरमा चर्पी निमार्ण भएको छ भने पानीको कलधाराहरुको सुविधा लिने गरेको देख्न पाइएको पनि छ । प्रायः घरहरु ढुङ्गाले कुँदेर इँटा आकारमा कटाइ गरी निमार्ण गरिएको हुन्छ । माथिल्लो तलामा अन्न जस्तै कोदो, धान र मकै राख्ने चलन हुन्छ । ढुङ्गा कुँदेर घर बनाइने हुँदा गुरूङ घरहरु हेर्दा अत्यन्त सुन्दर देखिन्छन् । विदेशी सेनाबाट फकिएर्रर आएका परिवारहरुले भेटघाट तथा आराम गर्ने बैठक कोठा, खाना पकाउने, खाने र सुत्ने कोठा गरी छुट्टाछुट्टै कोठाहरु निर्माण गर्ने चलन ल्याएकाले आजकाल पुराना घरहरु लोप हुँदै जाने उदाहरण छ । घरका साथै अर्को महत्वपूर्ण पक्ष हो घर(आँगन । गुरूङ गाउँमा स(साना तरकारीवारी र घरको फराकिलो ढुङ्गाले छापेको आँगन र आँगनमा नै मकै राख्ने सुली देख्न पाइन्छ । क्षेत्र अध्ययनको लामागाउँ र घलेगाउँ पनि यस बर्णनभन्दा बाहिर देख्न पाइएन । रातो माटो र ढुङ्गा काटेर कुँदेर बनाइएका घरहरुका पर्खाल बलियो र सुन्दर रुपमा देख्न पाइन्छ । यी दुबै किसिमका घरहरु लामानास र घलेनास (गाउँ)मा देख्न पाइन्छ ।

(ग) नेव मै (परिवार)

एउटा गुरूङ परिवार भनेको रक्तनाता भित्रका मानिसहरुको बसाइ हो । एउटा गुरूङ परिवारभित्र फ म्रिं (लोग्नेस्वास्नी/श्रीमान् श्रीमती) उनका वालवच्चा, दाजुभाइ, दिदीवहिनी र बावुआमा रहन्छन् । यसको अर्थ हो एउटा परिवारभित्र बाजेबज्यै छोराबुहारी र नातिनातिनी सजिलै देख्न पाइन्छ । यो तीन पुस्ते बसाइको प्रचलन नै गुरूङ परिवारको मौलिकता हो भन्दा फरक पर्दैन । अर्को शब्दमा संयुक्त परिवार गुरूङ गाउँको विशेषता हो । तर पश्चिमीकरणको प्रभाव र परिवारभित्रका सदस्यहरुमा आपसी सद्भाव र विश्वास टुट्दा आजकल एक्लो परिवारको चलनले ठाउँ लिएको छ । यसमा खासगरी भाइभाइमा मनमुटाव ल्याउने भूमिका अप्रत्यक्षरुपमा महिलाहरुको रहेको अनुभव गरिएको छ । हालका अध्ययन क्षेत्र लामागाउँमा जम्मा ६१ घरधुरी छन् जस मध्य ४१ घरघुरीमा संयुक्त परिवार छन् भने एक्लो परिवार भएका २० घरधुरी छन् । यस्तै घलेगाउँमा जम्मा घरधुरी सङ्ख्या ११६ छन् भने संयुक्त परिवार भएको घरधुरीको सङ्ख्या ८० छन्

र एक्लो परिवार सङ्ख्या ३६ घरधुरी रहेको पाइएको छ । यसरी हेर्दा परिवारको आकार ४ जनाको छ भने राष्ट्रिय तथ्याङ्क अनुसार ६ जनाको रहेको छ ।

(घ) धिँ क्ल्हे (घरमूली) को भूमिका

गुरूङ परिवारमाको हुन्छ घरमूली भन्न त्यति सजिलो छैन । गुरूङ समुदाय पनि पुरूष प्रधान नै हुन्छ भन्दा फरक पर्दैन । किनभने जग्गा जमिनजस्ता स्थायी सम्पत्ति पुरूषकै नाममा हुने गरेको प्रचलन छ । परिवारभित्रका महत्वपूर्ण निर्णयहरु लिने क्रममा प्रायः लोग्नेकै स्वीकृती आवश्यक भएको महसुस गरिएको छ । घरमूलीको खोजी गर्दा नाता, उमेर र क्रियाशीलताले विशेष महत्व राख्दछ । घरमा बाबु छोरा र नातिनातिनी तीनपुस्ते परिवार रहेको अवस्थामा बाबु र त्यसपछि आमाको निर्णायक भूमिका रहन्छ । बाबुआमा नभएको अवस्थामा भाइहरूमध्ये जेठा दाजुको भूमिका महत्वपूर्ण हुन्छ । बाबु आमाको बृद्धावस्था रहेको अवस्थामा समेत छोराहरूको लेनदेनको व्यवहारमा अन्तिम सोधनी र रायसल्लाह बुढाबुढीमा पुग्ने गरेकाले परिवारको नाताभित्रको ठूलालाई कसरी मानमर्यादा गरिन्छ भन्ने पनि हो । यती हुँदाहुँदै पनि घरबाहिरका व्यवहारजस्तै गाउँघरमा बैठकहरूमा भाग लिने, जिल्ला सदरमुकाम जाने काम पुरूषहरूबाट नै हुने गर्दछ भने घरभित्रको खानपिन, खेतवारी जोतखन, वनजङ्गल घाँसपातजस्ता कामहरूमा घरआमा कै महत्वपूर्ण भूमिका रहेको पाइएको छ । त्यसबाहेक श्रमविभाजन घरपरिवारमा सदस्यहरूलाई गर्दा आपसी सरसल्लाह नै महत्वपूर्ण हुने गरेको पाइएको छ । घरमा ऋणधनको प्रश्नमा घरमूलीकै बढी दायित्व रहन्छ । उनले नियन्त्रण र निर्देशन दिएबाट घरव्यवहार चल्दछ ।

(ङ) सम्पतिको बाँडफाँड

गुरूङ समुदायमा परिवारको चलअचल सम्पति खासगरी जग्गाजमिन घरकै मुख्य भूमिका निर्वाह गर्दै रहेका पुरूषको नाउँमा रहने प्रचलन पुरानै हो । घरको पैत्रिक सम्पत्तिमा सबै छोराहरूको बराबर हक रहन्छ र छुट्टाभिन्ना हुने अवस्थामा घरका बाबु(आमाले नै बाँडफाँड गरिदिने चलन छ । आजकल छोराहरूले कमाएको सम्पत्ति आफ्नो भाइहरूमा बाँडफाँड गर्ने अभैसको चलनको अभाव रहेको छ ।

यसको सट्टा आफू विदेशी सेना र वैदेशिक रोजगारका सन्दर्भमा कमाइ गरेको पैसाले सहरी क्षेत्र खासगरी पोखरा, काठमाडौँ, चितवन र धरानजस्ता ठाउँमा छुट्टै लगानी गर्ने गरेको पाइएको छ । आफ्नै दाइभाइबाट दावी नहोस् भन्नका लागि पनि श्रीमतीको नाउँमा घरजग्गा खरिद गर्ने चलनले प्राथमिकता पाएको छ । यस्तो अवस्था/चलन भए तापनि गुरूङ परिवारहरूमा कमजोर दाइभाइले कमाइ हुने वा बढी आम्दानी हुने दाइभाइलाई सहयोग गर्ने गरेको देख्न पाइएको छ । सम्पतिको बाँडफाँड र परिवारभित्र रहँदा प्रायः बृद्ध आमा(बावु, कान्छा छोरासँग रहने मनस्थिति भने हराएको छैन ।

(च) महिलापुरूष बीचको सम्बन्ध

अन्य समुदायमा जस्तै गुरूङ परिवारहरूमा लोग्ने/पुरूषको स्थान माथिल्लो र प्रभावकारी रहेको पाइएको छ । यसको कारण हो घरको चलअचल सम्पत्ति पुरूषको नाममा रहन्छ, घरका महत्वपूर्ण निर्णयहरूमा पुरूषको निर्णय अन्तिम नै हुन्छ । धन कमाउने काम बृटिस वा भारतीय सेना वा अन्य रोजगारबाट होस् प्रायः पुरूषबाट हुने गरेकाले पनि उसको हैकम तुलनात्मक रूपमा बढी रहन्छ । यसो भैरहँदा पनि लोग्ने(स्वास्नी/श्रीमान्(श्रीमती बीचको आपसी समझदारी र प्रेमभावले उनीहरूको सम्बन्ध बलियो रहन्छ भन्न सकिन्छ तर अन्य बाहुनक्षत्री समाजको तुलनामा गुरूङ समुदायका महिलाहरु बढी स्वतन्त्र र अधिकार सम्पन्न हुन्छन् । उदाहरणका लागि विधवा विवाह र लोग्नेसँग चित्त नबुझ्दा सजिलै सिन्का भाँचेर पारपाचुके गर्न पाउने र अर्कोसँग विवाह/पुनःविवाह गर्ने गरेका घटनाक्रम गुरूङ समुदायका लागि नौलो होइन । परिवर्तित सन्दर्भमा छोरालाई मात्र हैन छोरीलाई पनि गुणस्तरीय शिक्षा दिने अवसरमा सुधार भएको छ । यसबाहेक अविवाहिता छोरीलाई छोरा बराबर अंश दिने वा श्रीमतीको नाउँमा जग्गा जमिन खरिद गर्ने नयाँ चलनले सम्पन्न हुँदै गएको सत्यतालाई नकार्न मिल्दैन ।

३.२ ऋजें मजें (नातेदारी ब्यवस्था)

नातदारी ब्यवस्था कुनै न कुनै रूपमा प्रत्येक समाजमा पाइन्छ । यो सामाजिक जालो भित्रको अपरिहार्य तत्व हो । अर्को शब्दमा प्रत्येक ब्यक्ति आफ्नै समुदायभित्र जन्मदेखि मृत्युको अवस्थासम्म नातागोताका सम्बन्धभित्र बाँच्नुपर्ने हुन्छ । यसले प्रत्येक ब्यक्तिलाई आफ्नो समुदायभित्र मर्यादित ढङ्गले ब्यवहार गर्न सिकाउँछ । उदारहरणका लागि आफूभन्दा माथिल्लो नाताको ब्यक्तिलाई आदर एवम् श्रदा गर्न सिकाउँछ भने नाताभित्रका सालीसँग ठट्टा गर्न अनुमति दिन्छ । नातेदारीभित्र पनि आफ्नै रगत, आफ्नै वंश र दरसन्तानको प्रश्न आउँछ भने कुटुम्ब अर्थात् वैवाहिकनाता सम्वन्ध भित्र बेग्लै खाले ब्यवहार हुन्छ । यस सैद्धान्तिक सेरोफेरोभित्र गुरूङसमुदायलाई हेर्दा गुरूङ नातेदारीको महत्वपूर्ण भाग हो रक्तसम्बन्धी, यसमा बावुआमा, दाजुभाइ, दिदीबहिनी, छोराछोरी, नातिनातिनी नातामा पर्दछन् । यस्तै अर्को नाता हो वैवाहीकसम्बन्धी यसमा सासू(ससुरा, साला(साली, जवाँई(जेठान, बुहारी(भाउजूजस्ता नाता पर्दछन् । विवाह पश्चात् लोग्ने(स्वास्नीको सम्बन्ध श्रीमान्(श्रीमती दुई ब्यक्ति बीचको सम्बन्धमा मात्र सीमित नभै दुई परिवार र वहुपरिवारका सदस्यहरू नातासम्बन्धमा बाँधिन पुग्छन्, त्यसैले नातेदारी ब्यवस्थाबाट आफ्नो रक्तनाता र वैवाहिक नाताको जानकारी प्राप्त मात्र नभै यसैबाट समुदायभित्रको ब्यवहार ब्यवस्थित र मर्यादित ढङ्गले हुने गर्दछ । रक्तसम्बन्धी नातेदारी भित्र बुवा/बा (आप), आमा (आम), दाइ (आघें), भाइ (आलि), दिदी (आना), बहिनी (आङा), बाजे (बाज्यु), बज्यै (बजे), छोरा (च्ह), छोरी (च्हमी), नाति (क्वें), नातिनी (क्वेंमी), जेठाबुवा (भथे), ठुलीआमा (आथे), कान्छा बा/काका (कज्यों) र कान्छीआमा (आमच्यों/आजी) पर्दछन् ।

यस्तै वैवाहिक नाता भित्र फ (लोग्ने), म्री (श्रीमती/स्वास्नी), ससुरा (कें), सासू (स्योमें), साली (सली), जेठान (जेठू/आस्यों), भेना (अउमु), माइजू (आङी), सोल्टी (ङोलो), सोल्टिनी (ङोलोस्यो) र मामा (मामा) पर्दछन् ।

(क) तमू क्यूहु (गुरूङ समुदायको थर)

तमू समुदायको बनावट कुगीः सोंगी (लेम, लम, कोन) र प्ल्हिगी (साम्री, रिल्दै, क्ह्याल्दे र डांगी घले) का संगालो हो । गुरूङ समुदाय थुप्रै थर उपथरमा

विभाजित छन् । एउटै थर भन्नु रक्त नाता भएकाले थर भित्र जति पुस्ता भएपनि विवाह हुँदैन । तमू समुदायको विवाह आफ्नो थर बाहिरकोसँग मात्र हुन्छन् । तमू समुदाय भित्रका विभिन्न क्यूह (थरहरू) यस प्रकार छन् ।

काजुमै, क्ह्रोंगी लेममै, कितुमै कुप्चेमै लेममै, क्यूमै, कोमै, कोकोर लेममै, कोलीमै, क्होलमै, क्हतानमै, कोम्जेकोमै, क्रिजेमै, खम्यू/कक्यूमै, खेलानकोनमै, केलीमै, कात्क्यूमै, खुमीमै, ख्यूवीकेप्चे छिन्जेममै, कोब्रीजेमै, कोयामै, कोकेमै, कोप्रोनमै, क्रोम्छी क्रोहनमै, क्रिगीमै, रोन्के पच्यूमै, खिमै, गरबुजामै, घलामै, डोह्मीमै, ग्याल्डु क्हेमै, धिम्रूमै, नवाल कोन्मै, नोर/नग्प्चीमै, नगीकोकोमै, चाईमैमै, चिममै, छुङगीमै, छोम, चाम्रो/छम्रू/छोरममै, छेओ प्हाछ्यूर्मै, चेलेमै, च्हाक्ल्हीमै, चुमेमै, छेव्रोलेमै, चोक्म्हीमै, छोल्याङकोमै, चियूनीमै, चिमै, छेमैं, जोब्रो कोमै, जलारमै, ट्हङ्गीमै, तुक्हेप्रीमै, तुरलेममै, थोरमै, धिगुरेमै, त्हारमै, तरक्रेनमै, ताङनामै, तेल्मे/तीलमै, तिम्जेकोनमै, तम्जु क्ल्हेमै, तेगीमै, ताकरेनकोमै, तिम्चे कोमै, तेगीमै, तोरका कोनमै, तेगीमै, त्होरजेमै, त्हितामै, तीतेलेममै, तुचेलेममै, तुतमै, गद्धारे/गोन्टेमै, ढोरमै, तङगुमै, ताक्रें पच्यूमै, तमेलेममै, न्हान्सीमै, तीममै, तीजुमै, त्हिदुमै, तोम्ममै, तोलमै, तिलीजामै, थि/तिम्जेमै, धिंजेकोमै, धिनेमै, धिंमामै, नाथ्नेमै, नेगीमै, नेप्तामै, प्हान्जुमै, पाल्दे/पाल्जे/प्हच्यूमै, पाईमै, प्लेनमै, प्होप्लोमै, प्ल्होमै, प्ल्होन्मे/प्लाजा कोनमै, फुतुसामै, प्रुमै, पुचमै, प्ल्होनम्हकीमै, पुगीमै, पुतलमै, पेलमै, फेब्रोमै, फेब्रामै, पैङगीमै, पेल्जो कोनमै, पोलेमै, पोममै, पोजोमै, प्रोइङ्गीमै, प्रजुमै, प्हचामै, फिब्रोमै, बुचमै, फेवाली पच्यूमै, बैयामै, भाज्या/भुचामै, मारानेलीमै, भात्लेमै, भरीन्यालमै, मिगीमै, म्हुमै, म्हेमै, म्होसीमै, मान्लो लेममै, म्होसी म्लोन कोनमै, म्हौजा क्ल्हेबृमै, म्होजा कोनमै, म्हुलुमै, योल्जोमै, यौजमै, र्‌हजोमै, र्‌हनमै, ऱ्हुलमै, ऱ्हिलामै, रितेमै, रिचेमै, रिल्देमै, राग्मीमै, रेरेमै, लमक्यू, लह्यूमै, ल्हेगेंमै, लेखेमै, ल्हेनयोन कोनमै, लाइमै, ल्हेम्रोंमै, लोहालमै, सम्री क्ल्हेमै, सरब्जामै, सत्हाक कोनमै, शिन्जामै, शिनागुमै, सकुमै, स्रेरेन्गीमै, सम्जेमै, शम्जेमै, हरवाङ्ले कोनमै, हुरलुमै, ह्यूङगी प्हच्यूमै, अदीमै, अतवामै, ओम रूप्चेमै, अछाजमै, इक्होमै, यूग्यूमै, कारा/क्रख्यू पच्यूमै, लाम्छामै, आदि । यहाँ तमू (गुरूङ)हरूको १७२ थरहरुको लिष्ट दिइएको छ । खस नेपालीमा लेख्नु पर्ने वाध्यता भएकोले क्यूहुको सही अभिलेख नभएको हुन सक्छ । यसमा सुझावको अपेक्षा गरिएको छ । यस्तै प्रकारले इडान भान्सिटार्ट

र सिजे मोरिसले गुरखाज भन्ने पुस्तकमा तमूहरुको थर ३४४ वटा उल्लेख गरेका छन् । जेभए पनि तमू समुदायको सम्पूर्ण थर (क्यूहु) सामाजिक दृष्टिकोणमा समानतामा आधारित छन् । कुनै थर उच्च र निच छैनन् ।

३.३ नातेदारी ब्यवस्थाको महत्व

नाता किटान भएपश्चात् माथिल्लो नातामा ब्यक्तिले आदर, सम्मान र श्रद्धा आफ्नो दर सन्तानबाट पाउँछ । यसले आफ्नो समुदायभित्र मायामोह, आज्ञाकारिता र अनुशासन कायम राख्न र सामुदायिक जीवनलाई निरन्तरता दिन सहज बनाउँछ । अन्य धेरै समुदायमा जस्तै गुरूङ समुदायमा पनि नाताले माथिल्लो ब्यक्तिहरुको स्थान आदरणीय हुने भएकोले ती मान्यजनहरुको मायाप्रेम र सद्भाव तल्ला नाताकाले पाइरहन्छन् । गुरूङ समुदायमा बाजे(बज्यै, आमा(बुवाका नाता भित्रकाले आफ्नो छोरा(छोरी र नातिनातिनीलाई लालनपोषणदेखि मायाप्रेम सल्लाह, सुझाव र आशीर्वाद दिन्छन् । बुढेसकालमा तीनै छोराछोरी नातिनातिनीबाट रेखदेख, हेरचाह र स्याहारसुसार बाचुन्जेल पाइरहन्छन् । यसरी रक्त नाता भित्रकाले जोकोही जहाँ जो भएपनि आफ्नो परिवारभित्रका दरसन्तान भनी सम्बन्ध जोडी हाल्छन् र भाइखलक भनी सम्झने, मर्दापर्दा एउटै ठाउँमा भेला भै आफ्नो कूलको मर्यादालाई उच्च बनाउँन गौरव ठान्दछन् । गुरूङ समुदायमा रक्तनाताको परिवार सञ्चालनदेखि समुदायलाई सुख शान्ति दिलाउनसम्म अत्यन्त महत्व राख्दछ । माथिल्लो नाताभित्रकालाई नाम पुकार्ने चलन हुँदैन तर नाताले माथिल्लो ब्यक्तिले तल्लो नाताका ब्यक्ति उमेरले जेठो भएपनि नाम पुकार्ने चलन छ । माथिल्लो नाताका ब्यक्तिलाई तल्लो नाताकाले कुनै काम गर्नु परे अनुरोध गर्नु रहन्छ तर माथिल्लो नाताकाले तल्लो नाताका ब्यक्तिलाई नाम लिएर आदेश दिन सक्छ, गालीगलौज गर्दा पनि सहनुपर्ने अवस्था रहन्छ । केही नाताहरु जस्तै आम(आप (आमा(बावु) लाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ९त्भक० अरुलाई गर्न सकिँदैन तर काका शब्द आफ्नै काका नाताभन्दा पनि गाउँले उमेरले ठूलालाई प्रयोग हुन सक्छ ।

यस्तै वैवाहिक नातेदारी ब्यवस्था भित्र लोग्ने स्वास्नीका कारणबाट दुई परिवारबीच सम्बन्ध गासिन पुग्ने हुँदा दैनिक जीवनमा खुट्किला भित्र गुरूङ समुदायको

सन्दर्भमा ज्यादै महत्वपूर्ण रहन्छ । सुख र दुःखका बेला यी दुई परिवारकाबीच बारम्बार भेट भैरहने, आइपर्ने दुःख आपसी सहयोगबाट टार्ने र सुखमा बेला आनन्द लिने काम भैरहन्छ । आमाको दाईभाई नाताले मामा पर्ने हुँदा मामाले आफ्नो भाञ्जा(भाञ्जीको सदा शुभ देख्न चाहन्छन् । गुरूङ समुदायमा मामाको छोरी विवाह गर्नका लागि प्राथमिक छनौटभित्र पर्दछ । मामा नै ससुरा बन्न पुग्ने भएकाले आफ्नो मामामाइजू वा सासुससुराप्रति अगाध श्रद्धा र प्रेम भएको देख्न पाइएको छ । यसरी नै आफ्नो सोल्टी जेठान साला नातामा परिणत स्मान्तरण हुँदा बेग्लै ढङ्गले प्रेमसद्भाव रहन पुगेको हुन्छ । भेनाले आफ्नो सालासालीलाई धेरै माया देखाउँछन् । सालीसँग ठट्टा मात्र हैन कतिपय अवस्थामा विवाह भएको श्रीमतीलाई आदर सम्मान गर्ने चलन पनि कायम छ । यसबाहेक सासुससुरा, जेठान नाता पर्नेहरु प्रति गरिने ब्यवहार पनि माननीय नै रहन्छ । यसरी वैवाहिक नातेदारी ब्यवस्थाले गुरूङ समुदायलाई आफ्नो रीतिस्थिति, चालचलन र दैनिक ब्यवहारभित्र निरन्तरता दिने काम भएको छ । उदाहरणका लागि गुरूङ समुदायमा वालकको प्रथम केशमुण्डन वा क्षेवर गर्दा मामाको आवश्यकता अनिवार्य रहन्छ र त्यस्तै मृत संस्कारमा आस्यों (मावली) पाइएन भने मृतकको आत्माले स्वर्ग प्राप्त गर्न सक्दैन भन्ने विश्वास छ । त्यसै तमू समुदायमा आस्यौंको अति महत्व रहन्छ ।

३.४ अन्य नातेदारी ब्यवस्था

नातेदारी ब्यवस्था वैवाहिक र सामाजिक सम्बन्ध स्थापित गर्नकालागि स्थापित सामाजिक संरचना हो यो परम्परादेखि निरन्तर सबै समाजमा चल्दै आएको छ ।

(क) ङ्लि ललयोंवा/आयोंवा नाता (ठट्टा गर्न पाइने र नपाइने नाता)

नातेदारी ब्यवस्थाभित्रको अर्को अंश हो ठट्टा गर्न पाइने र ठट्टा गर्न निषेध ९व्यपष्लन ब्खयष्मबलअभ ० नाता हो । सैद्धान्तिकस्प्रमा मानवशास्त्री च्मअषिाभ द्यचयधल (१९६४) ले भनेका छन् । हांसखेल मजाक नाता दुई ब्यक्ति बीचको सम्बन्ध हो जसमा परम्पराले नै ठट्टा गर्न हांसखेल गर्न जिस्काउन कुनै बाधा अड्चन हुँदैन र स्वीकृती पनि लिनु पर्दैन । यस सन्दर्भमा हेर्दा गुरूङ

समुदायभित्र साली भेना बीचको ठट्टाले कहिलेकाँही सीमा नाँघ्ने गर्दछ । श्रीमती/स्वास्नी घरमा हुँदाका बखत पनि साली विवाह गरेका थुप्रै उदाहरणहरु पाइन्छन् । साली भेना बीचको ठट्टा समुदायले स्वीकृत गरेको परम्पराभित्र पर्दछ तर जेठाजु(बुहारी बीचको नाता ठट्टा गर्न नपाइने नातादारीभित्र पर्दछ । यति मात्र होइन उनीहरु एकान्तमा दुईजना बसेको रहेकोपनि देखिनु हुँदैन र मुखामुख गरेर बोल्ने परम्परासमेत हुँदैन । त्यस्तै आफ्नो दिदी बहिनीहरूसंग पनि ठट्टा हुँदैन । कुटुम पर्नेहरूको चेलीबेटीसंग ठट्टा गर्न पाइन्छ ।

(ख) ङ्हय्येल (मितेरी नाता)

गुरूङ समुदाय भित्रको अर्को महत्वपूर्ण परम्परा हो मितेरी नाता ऍष्अतष्खभ प्लकजष्उ० । एउटा गुरूङले अन्य जात समुह जस्तै बाहुन, क्षेत्री, विश्वकर्मा वा परियारका एउटै उमेर वा आफुसँग मिल्दो उमेरका ब्यक्तिसँग समुदायका केही मानिसहरूबीच मित नाताले बाँधिने परम्परा छ । यसमा केटाकेटाबीच मात्र हैन केटीकेटीबीच पनि मितेरी नाताभित्र प्रवेश हुने प्रचलन देख्न पाइन्छ । यसको प्रक्रियाभित्र दुई मितबीच सिक्का र फूल साटासाट गर्ने र चियापान र भोजको समेत ब्यवस्थाबाट रमाइलो मात्र होइन, दुई परिवार एउटै भएको महसुस गर्दछन् । यति मात्र हैन मितको आमा(बुवालाई आमा(बुवा नै भनेर सम्बोधन गर्दछन् भने मितका दाजुभाइलाई दाइ(भाइ भनेर नै बोलाउने गर्दछन् । दुई परिवार सुख(दुःख बाँडेर बस्ने परम्परा छ । त्यसैले चाडवाडमा कोसेली लैजाने, साटासाट गर्ने र एउटै रक्तनाताको साइनो र प्रेम सद्भाव लिएर बाँचेका हुन्छन् । मितेरीनाता एउटै थर क्यूहुभित्र र एउटै समुदाय भित्र हुँदैन अपवादको रूपमा हिन्दु विभेदका कारण गुरूङ गुरूङ बीच पनि मितेरी नाता यदाकदा कहीँकहीँ रहेका छन् ।

अध्याय ४

सामाजिक–आर्थिक जीवन

४.१ सामाजिक जीवन

नेपालका अन्य जातजातिहरूजस्तै गुरूङसमुदायको पनि आफ्नै ढङ्गको सामाजिक-आर्थिक जीवन भएको पाइन्छ । बाहुन-क्षेत्री बस्तीभन्दा भिन्न गुरूङ समुदाय पहाडी उच्च भागहरूमा प्रायः एउटै ठाउँमा तमू ह्युल बस्ती बसालेर/गाउँ बसालेर बसेका पाइन्छ । उदाहरणका लागि गोरखाका वारपाक, कास्कीको सिक्लेस र घान्द्रुक अनि लमजुङका घलेगाउँ र पसगाउँलाई लिन सकिन्छ । त्यस्तो गाउँमा आफ्ना रक्तनाता भित्र पर्ने तिमै (दाजु भाइहरू) पनि हुन्छन् भने आफ्ना सोलीडोली चल्ने ह्जेमजे (इष्टमित्र) र ङे (कुटुम्ब) पनि बसेका हुन्छन् । तमू नास (गुरूङ गाउँ) मा पहिले रोदी सामान्य थियो तर आजकल हराएर गएको छ । आजकल क्वुइ प्रिवसेव गर्ने काम युवासङ्घ र आमाटोलीबाट हुन्छन् । यस्तै गाउँलेको भेला हुनुपर्दा कटुवाल प्रथा थियो सबैमा खबर सन्देश पुऱ्याउने र गाउँका मुद्दामामिला, गाउँको क्रहों (मुखिया) र जिम्माल (जिम्मुवाल) मिलाउने चलन पनि थियो तर आजकल तमू ह्युल पनि राजनीतिक दलमा विभाजित अवस्था छ । यति हुँदाहुँदै पनि गुरूङ समुदाय सरल र रमाइलो भएको पाइन्छ । उनीहरू आपसमा सहयोग गर्ने चलन पुरानै हो र आजकल पनि देख्न पाइन्छ । खानपिन, भेषभुषा र गरगहना लगाउने पुरानो चलनमा परिवर्तनहरू आएका

छन् । गाउँगाउँमा नयाँ सङ्गठन र नयाँ नेतृत्वहरु देख्न पाइन्छ ।

(क) चव थुँव सी (खानपिन)

गुरूङ जातिका खानपिनभित्र थुप्रै कुराहरु पर्दछन् । विहान र आधा दिनतिर प्रु (खाजा) खाने चलन छ । यसलाई प्रु कै (नास्ता) भन्दछन् । कतिपय गाउँ (नास ट्हो) मा ङहोव मखैं (भुटेको मकै), बेरोंला (उसिनेको मस्याङ), खोंव मखै (पोलेको मकै), पुकोया (चामलको खट्टे) लाई नास्ता गर्ने चलन छ । धानको खेती नहुँने ठाउँ/गाउँमा पैंको (ढिंडो) र खु/ट्हा (तरकारी) खाने चलन पुरानो हो । आजकल यातायातका कारणले चामल हरेक ठाउँमा पुगेकाले विहान वेलुका दालभात नै मुख्य चव थुवांसै (खानपिनका कुरा) भएको छ । यस बाहेक क्युस्ये (भेडाको मासु), मईस्ये (भैंसी/राँगाको मासु), रस्ये (बाख्राको मासु) नकस्ये (कुखुराको मासु) र ताङास्ये (माछा) गुरूङ समुदायको मनपर्ने खाना परिकारमा पर्दछ । गाउँघरमा कतिपय बुढाबुढीले विहान वेलुका पनि थोरै पा (रक्सी) खाने चलन थियो । त्यसको ठाउँमा आजकल चियाले ठाउँ लिएको छ । यसबाहेक भातको जाँड अर्थात् पाक्हुली पनि प्रचलित छ । विवाह, चाडपर्व र घरमा इष्टमित्र पाहुना आएको बेला झिले (झिलिङ्गा), धुमाने क्हें (सेल रोटी), ख्युरी (खिंउनी) र नौफु क्हें (कुखुराको अण्डा) तयार हुन्छ । पाहुनालाई खानपिनमा घरमै पाइने कुखुराको मासु/नकस्ये प्रचलित छ र नारे पा (कोदोको रक्सी) अतिथि सत्कार हो । यसबाहेक विदेशी सेनामा भर्ती जाने युवाहरु मखैं आंटो (मकैको आटो), ङहे (दुध), म्हार छिकु (घिऊ) र कोला (मही) जस्ता पोषिला खानेकुराले गर्दा उनीहरुको शरीर हृष्टपुष्ट देखिन्छ । गुरूङ समुदायमा जाँड रक्सी हरेक शुभ(अशुभ तथा छ्यांव(अछ्यांव (राम्रो(नराम्रो) कार्यमा पूजा आजाको लागि चाहिने भएकाले यसको ठूलो महत्व हुन्छ ।

(ख) तमू क्यूइ (गुरूङ भाषा)

तमू (गुरूङ) भाषा भोटबर्मेली भाषा परिवार अन्तरगतको भाषा हो । गुरूङ भाषालाई आफ्नै भाषामा तमूकी/तमू क्यूइ/तमके भन्दछन् । गुरूङ भाषाको सम्बन्ध तिब्बती भाषासँग छ । गुरूङ भाषाका शब्दहरु तिब्बती भाषाबाट तदभव

र तदसमका रूपमा विकसित छन् । नेपालका आदिवासी जनजतिका भाषाहरु, भोटबर्मेली भाषा अन्तरगत पर्ने भाषाहरु थकालीभाषा, तामाङभाषा, छन्तेलभाषा र तमूभाषाकोबीच निकट सम्बन्ध रहेको देखिन्छ । यी भाषाहरु तिब्बती भाषाबाट मुस्ताङ बाह्रगाउँले तथा उपल्लो मनाङको बासिन्दाहरुको भाषा हुँदै थकाली तामाङ र गुरूङ भाषाको विकास भएको हो (गुरूङ २०६४) । तमू भाषा चिनिया तिब्बती भाषा परिवारमा पर्दछ (गुरूङ २०६६) । तमूहरु देशभरी छरिएर रहेकाले सम्पुर्ण तमूको मातृभाषा हुन सकेको छैन किनभने हालको तथ्याङक अनुसार ५२ प्रतिशत तमू (गुरूङ) ले मात्र आफ्नो तमू भाषा बोल्दछन् । ४८ प्रतिशत तमूका निमित्त यो जातीय भाषा वा दोस्रो भाषाको रूपमा रहेको छ । तमू क्युइको केन्द्रस्थान पश्चिमाञ्चलका जिल्लाहरु स्याङ्जा, कास्की, तनहुँ, लमजुङ, गोरखा मनाङ पर्वतमा पर्दछ । नेपालका पूर्वी भाग र पश्चिमी भागमा बसोबास गर्ने तमूहरुमा तमू क्युई/तमू के लोपोन्मुख अवस्थामा छन् । तापनि हाल तमू ह्यूल छोंजधीं गुरूङ राष्ट्रिय परिषदले आदिवासी जनजाति उत्थान राष्ट्रिय परिषदको सहयोगमा भाषा नभएका गुरूङ बस्तीहरुमा भाषाकक्षाहरु सञ्चालन गरेर भाषिक चेतना र भाषा सिकाइ रहेको छ । गुरूङ भाषाको भाषिका स्थान विशेषमा फरक(फरक छन् । जस्तै पूर्वी भाषिका गोरखा, लम्जुङ, पश्चिमी भाषिका कास्की, पर्वत, स्याङजा, उत्तरी भाषिका मनाङ, मुस्ताङ र कास्कीका उत्तरीभाग तथा दक्षिणी भाषिका तनहुँ र स्याङजाका दक्षिणी भेकमा बोलिने भाषाहरु, लय र केही शब्दहरु आ(आफ्नै किसिमका छन् । भाषिकाहरु फरक फरक रहेतापनि तमूक्यूइ (गुरूङ भाषा) एकआपसमा सबै क्षेत्रकाले बुझ्दछन् । जस्तै मनाङका गुरूङहरुले तनहुँका गुरूङहरुसँग बोलचाल गर्न सक्छन् । थकाली र तामाङ भाषासँग पनि गुरूङ भाषाका अधिकांश शब्दहरु एकै प्रकारका रहेको हुनाले उनिहरुसँग पनि गुरूङ भाषामा बोलचाल गर्न सकिन्छ ।

गुरूङ(तमू) भाषाको लिपि निश्चित भएको छैन । परम्परागत रूपमा तमूभाषाको लिपि के थियो यसबारे अनुसन्धान भएको छैन । तमू भाषालाई देवनागरी लिपि र रोमन लिपिमा लेख्नुपर्छ भन्ने तर्क राख्नु हुने गुरूङहरु छन् । डा. हर्क गुरूङले विश्वमा लिपि नभएका धेरै भाषाहरु छन् । हाल आएर लिपि विकास गरेर अध्ययन गर्नु भनेको अब्यवहरिक भएको हुनाले रोमन लिपि प्रयोग गर्नुपर्ने धारणा राख्नु हुन्थ्यो । कारण रोमन लिपि अन्तराष्ट्रिय लिपि भएकाले र धेरै तमूहरु गोरखा

सेनामा रहेका हुनाले गुरूङको लागि रोमन लिपि ब्यवहारिक हुन्छ भन्नु हुन्थ्यो । आजभोली केही पत्रपत्रिका र गोरखा पत्रमा जनजातिका भाषाहरूलाई पनि स्थान दिएको हुनाले धेरैले तमू क्यूइ (गुरूङ भाषा) मा लेखिएका लेख रचनाहरु देवनागरी लिपि मै लेखी राखेका छन् र केही गुरूङले देवनागरी लिपि मै गुरूङ भाषाको लिपि हुनुपर्छ भन्ने तर्क पनि राख्दछन् । तर्कहरु आ(आफ्नो ठाउँमा होलान तर रोमन लिपि र देवनागरी लिपिमा तमू क्यूइका ध्वनीहरु राम्ररी समेटना सक्दैन भनि तमूहरूको आफनै लिपि हुनुपर्छ भनि केहि जमर्को भएका छन् । यसरी आफ्नै भाषाको लिपि हुनुपर्छ भनि लागिपर्ने अध्ययाताहरु मध्येका खेमा लिपि श्री पिमबहादुर तमू स्याङजा र यो लिपिको सम्बन्धमा भन्नुपर्दा स्मन्देही जिल्ला देवदहमा गुरूङ तमू भाषा विद्यालय स्थपना गरी श्री भिम तमूले पाठशाला सञ्चालन गरिरहनु भएको छ भने सिक्किम र दार्जलिङमा खेमा लिपिमा पुस्तक पत्रपत्रिका सञ्चालन भैरहेका छन् तर नेपालमा गुरूङ भाषा बोल्ने बस्तिहरूमा खेमा लिपिले प्रवेश गरेका देखिएको छैन । अर्को जमर्को कास्कीका श्री जगनलाल तमूले तमू बर्णमाला भनि तमूको लिपि प्रस्तुत गर्नु भएको छ । त्यस्तै स्याङजाका श्री होमन ल्हेगें तमूले स्यामन लिपि प्रस्तुत गर्नुभएको छ । यसरी प्रस्तुत विचारहरूलाई तमू सामाजिक संघ(संस्थाहरूले तमूका लिपि यहि हो भनि आधिकारिक निर्णय गरेको भेटिएको छैन । तमू ह्यूल छोंज धीं गुरूङ राष्ट्रिय परिषदले पनि अधिकारिक निणर्य गरेको छैन । तत्कालीन छोंजधीले २०४९ सालमा निर्णय गरिएको भनिएता पनि यस बारेमा लिखित दस्ताबेज भेटीएका छैन ।

तमू (गुरूङ) भाषामा लेखिएका पुस्तकहरु प्ये (शास्त्र) का बारेमा छन् । गुरूङ भाषाबारे देवनागरिकमा लेखिएका पुस्तकहरु मध्ये आधारभूत गुरूङ ब्याकरण २०५३ स्व. धनबहादुर लेम तमू भाषा सिकौ, डिल्लीजङ तमू (गुरूङ) भाषाको ब्याकरण रचना तथा भाषा विज्ञान २०६३, आसबहादुर तमू लगायत गुरूङ आदिकवि हर्कबहादुर गुरूङ (तमू) लगायत गुरूङ आदिकवि हर्कबहादुर गुरूङ पर्दछन् । गुरूङ भाषाको शब्दकोषहरूमा तमू, नेपाली, अंग्रजी ताँफुँच्योङ (गुरूङ नेपाली अग्रेजी शब्दकोष), तमू वौद्ध सेवा समिति नेपाल, तमू क्युई लुले (गुरूङ भाषा सिकौं) रत्नबहादुर गुरूङ, क्होलर पोंवै तमू क्युई ताँ (गुरूङ राज्य क्होलमा बोल्ने भाषा र कुरा सु. चन्द्रमणि गुरूङ, तमू नासए मी (गुरूङ्ग गाउँको नाम)

इन्द्रबहादुर गुरूङ, तमू क्यूइ दे छ्या लुवई मेयों (तमू भाषा र संस्कार, संस्कृति सिक्ने आधार पुस्तक) मेखसिं घले तमू आदि प्रमुख छन् । आजभोलि गुरूङहरूले आफ्नो भाषा संस्कृतिको बारेमा कलम चलाउन थालेको छन् । भाषा, जातिको पहिचान र गौरवको विषय भएका हुनले यसको विकास र सम्बर्द्धनमा सबै तमूहरु लाग्न जरूरी छ । तमू भाषाको मानकीकरण गर्न जरूरी छ । डा. जगमान गुरूङले अन्य भाषा र गुरूङ भाषाबीच सिमारेखा तोक्नु भएको छ । मुस्ताङ बाह्र गाँउको समर गाउँ तिब्बती भाषाको सीमारेखा हो । थाक, ठिनी गाउ बाह्रगाउँले भाषा र थकाली भाषाको सीमारेखा हो । नेस्याङगाउँ मनाङ भाषा र तिब्बती भाषाको सीमारेखा हो । यसैगरी मनाङका ताललाई मनाङ भाषा र गुरूङ भाषाको सीमारेखा मान्नु पर्दछ । पूर्वतिर धादिङको आँवुखोलालाई गुरूङभाषा र तामाङ भाषाको सीमारेखा मानिएको छ । पश्चिमतिर भुरूङदी खोलालाई गुरूङभाषा र मगरभाषाको सीमारेखा मानिएको भएतापनि पर्वत जिल्लाको अरमादीलाई गुरूङ र मगरभाषाको सीमारेखा मान्नु पर्दछ । कालान्तरमा तमू भाषामा खसभाषाको धेरै प्रभाव परेको छ (गुरूङ २०४६) । गुरूङ भाषाको मूल तिब्बतीभाषालाई मानिए पनि गुरूङभाषाको आफ्नै मौलिक शब्दहरु छन् ।

(ग) खिव क्वोंई (भेषभुषा)

गुरूङ समुदाय भित्र पुरूष वर्गका लगाउने कपडाभित्र कासा (कछाड), भोटो, पेटी, कुली (टोपी बुढापाका भए क्रैगी (फेटा), आस्कोट (इस्टकोट), जुत्ता पर्दछ भने आजकाल प्याण्ट, कमिज/सर्ट, कोट, दौरा सुरवालले ठाउँ लिएको छ । पुरानो समयमा प्रयोग हुने घुमह्वारी (घुमराडी) देख्न गाह्रो भएको छ । यस्तै महिलाहरूको भेषभुषामा ङ्युई (साडी, गुनियो), प्रो (घलेक), तम्ला (टिकिस), क्रमु (पछ्यौरा), फगी (पटुका)/धरो) र चोल (चोली) पर्दछ । आजकल लुङ्गी, आधुनिक साडी, ब्लाउज लगाउने चलन आएको भएपनि संस्कृति जागरणका कारणले सहरी क्षेत्रमा पनि महिलाहरु आफ्नो मौलिक भेषभुषामा प्रशस्त देख्न पाइएको छ भने पुरूष वर्गले पनि ल्होछार र अन्य चाडपर्वमा कास (कछाड), भोटो, आस्कोट, ह्वेङ्ग (भाङ्ग्रा) कुली/मल्कु (टोपी) लगाउनेतर्फ आकर्षण भएको पाइएको छ ।

(घ) गरगहना (मार मुँ)

गुरूङ समुदायमा अन्य समाजमा जस्तै गरगहनाको विशेष महत्व राख्दछ । भन्ने नै हो भने महिलाहरु गहनाका पारखी भएका सन्दर्भमा पनि परिवर्तनहरु देखिएका छन् । वितेका दिनमा महिलाहरूले लगाउने गहनामा च्या (औंठी), मार(ट (शीरफूल), झोक (शीरबन्दी), मार(चुरा (सुनको बाला), हार, कण्ठी (पोते) असर्फी च्या (असर्फी औंठी), सिलमुन्द्री, रैया (बाला), पिरू (मुगा) नै प्रमुख हुन् । आजकल भने लकेट, सुनको सित्री र मारचुवो (सुनको बाला) प्रचलन बढी छ । दैनिकी लगाउने गहनाहरु केही साधारण छन् भने चाडपर्वमा आर्से (तिलहरी) कण्ठी (पोते), नौगेरी (नौगेडी) र च्या (औठी) लगाउने चलन बढेको छ । गुरूङहरु बढी मात्रामा बृटिस र भारतीय सेना लगायत् ब्रुनाई र सिँगापुरमा समेत बढी कार्यरत रहेकाले र आम्दानीका श्रोतहरु सन्तोषजनक भएकाले गहनाको प्रचलन बढी देखिएको हो ।

(ङ) दैनिक जीवनमा प्रयोग हुने सामाग्रीहरु

गुरूङहरूको दैनिक जीवनमा खाना पकाउने, खाना खाने ताँतौं (भाँडाकुँडा) लगायत् केही सामग्रीहरूको आवश्यकता पर्दछ वा नभै हुँदैन । यस्ता सामाग्रीमा खाना/भात पकाउने कसौडी, तरकारी पकाउने चोङ (ताप्के), चिया पकाउने क्ल्हली (कित्ली), खाना पकाउँदा चलाउने पन्यौ (पनियो) दाल र तरकारी पकाउँदा चलाउने डरू (डाडु), पानी राख्ने गौरी (गाग्री), कुँडो पकाउने वा धेरैलाई खाना पकाउने खर्कल (खडकुलो), क्ह या (तसला), खाना खाने थली (थाल), प्हे ला (कचौरा) भुट्ने ताप्के ङ्होचोङ, पिउने पानी राख्ने करो (करूवा), मकै भुट्ने पु (हांडी), दुध, दही, मही राख्ने परू (ठेको), ढिँडो पकाउने भाँडो भत्तल (भदालो), ढिँडो ओडल्ने केपा (दाविलो) धान, चामल, कोदो जस्ता अन्न नाप गर्ने म्हन (माना) र पथी (पाथी), खाना पकाउँदा भाँडो अड्याउने चौंफु (ओदान) आदि पर्दछन् । यस्तै राति सुत्ने ओछ्यान क्ल्हयो (विछौना), भौटे (डसना), सिरेक (सिरक), काम्लो (कम्बल), दोंले (दोलाई) र खाट पर्दछन् ।

४.२ आर्थिक जिवन

जनजातिहरूको आर्थिक जिवन समान प्रकारको रहन्छ । आर्थिक उत्पादन र वितरण प्रणाली परम्परागत हुन्छन् । तमूजाति आदिवासी भएको हुनाले आफ्नै भौगोलिक क्षेत्रभित्र परम्परा देखि समान आर्थिक जिवनयापन गरिरहेका देखिन्छन् । तमू (गुरूङ) जातिको आर्थिक जिवन समयअनुसार सिकारी अवस्था देखि पशुपालन गर्दै निम्न लिखित विभिन्न अवस्थाहरूमा बर्णन गर्न सकिन्छ । आर्थिक जिवनसँग कुनै पनि जातिको सांस्कृतिक र राजनितिक जिवनको ईतिहास जोडिएको हुन्छ ।

(क) खेतीपाती (म्रोंसी त्हेसी)

अन्य नेपाली जातजातिको जस्तै गुरूङहरूको मुख्य पेसा अझै पनि कृषि नै हो । उच्च भूभागहरूमा बस्न मन पराउने गुरूङहरु फापर, आलु, मकै, कोदो, बढी उत्पादन गर्दछन् भने बैँसी अर्थात् आफ्नो बस्तीभन्दा होचो भूभागमा धानखेती गरेका छन् । प्रायः सबै गुरूङ परिवारको नाउँमा पाखोबारी/खोरिया र म्रो (धानखेत) धेरैथोरै दर्ता भएको पाइन्छ । अर्को शब्दमा सुकुमवासी गुरूङको सङ्ख्या नगन्य देखिन्छ । अध्ययन क्षेत्र लमनास र घलेगाउँमा हेर्दा त्यस्ता जग्गाजमिन नभएका गुरूङहरु पाइएनन् । प्रायः हरेक गाउँ (नास) माथि लेक (हे)मा क्ह्यों (वनजङ्गल) हुन्छ भने नास (गाउँ) देखि तल्लो भागहरूमा सालघारी हुन्छन् । क्ह्यों (वन(जङ्गल)मा खाना पकाउने दाउरा टिप्ने र घर बनाउँदा चाहिने काठ काट्दा आफू खुसीले काठ काट्ने र दाउरा टिप्न अनुमति हुँदैन । यसका निश्चित परम्परागत नियमहरु छन् :

पहिले(पहिले चिताइदार, तालुकदार, क्ह्यों (मुखिया), र जिम्माल (जिम्मुवाल)को निर्देशनमा काठ(दाउरा ल्याउन पाइने अनुमति हुन्थ्यो । पछिल्ला दिनहरूमा क्रमशः वन उपभोक्ता समितिहरु गठन भएपछि वनजङ्गल प्रयोगमा नियन्त्रण भएको छ । सामुदायिक वनको प्रयोगले एकपटक नाङ्गा भएका डाँडाकाँडाहरु हरियाली भएको पाइएको छ । हाल गुरूङ परिवारमा जग्गा जमिनहरु बाँझो रहेका छन् । यसको मुख्य कारण, प्रायः गुरूङ युवाहरु बृटिस र भारत सेनामा

जाने साथै विदेशी मुलुक, कोरिया, जापान, साउदी, दुबइ जस्ता मुलुकतर्फ पलाएन हुनु हो भने, घर कुर्ने काममा बुढाबुढी मात्र भएकाले जग्गामा जोतखन हुंन नसक्ने अवस्था छ । अर्कोतर्फ परापूर्वकालदेखि खेतीपातीमा छिमेकी दलितहरु, कामी, दमाईँ र सार्कीहरूलाई श्रमिकहरूमा प्रयोग गर्दै आइरहेकामा दलित युवाहरु कतार, साउदी र बहराइनतिर काम गर्न बाहिरिएपछि खेती गर्ने मानिस भएनन् । साथै थुप्रै तमू परिवार पोखरा र काठमाडौँ बस्न थालेपछि जग्गा विक्री नहुँने, कतिजना बाँझै भएपनि घरजग्गा राख्न चाहने जस्ता कारणले खेती योग्य जमिनहरु बाँझै छन् । गाउँमा बुढाबुढी/बृद्धहरु मात्र रहने अवस्था छ । उब्जनी घटेको छ, त्यसैले मधेशबाट चामल ल्याएर खाने प्रवृतिको विकास भएको क्षेत्र अध्ययनले देखाएको छ । लामानास र घलेगाउँको/क्षेत्र अध्ययनले पाखोवालीमा कोदो र मकै प्रमुख छन् तर मलजल नपुग्दा उब्जनीमा बृद्धि छैन, घट्दो छ । म्रो (खेत)मा धानखेती नै प्रमुख हो, बैँसीतिर गहुँ खेती हुन्छ तर सिँचाइको अवस्था कमजोर छ । पानीको अभाव ठूलो छ । यसरी एकातिर भएको जग्गाजमिनमा खेती/उब्जनी घट्दो छ भने थुप्रै जग्गा बाँझो रहेको अवस्था छ । पहिले तमू बस्तीहरूमा खाद्यान्नमा आत्म निर्भर थियो । बेसाहा खानेलाई अर्कै नजरले हेरिन्थ्यो आजभोल ठिक उल्टो बेसाउन नसक्नेलाई राम्रो मानिदैन । सरकारले ग्रामिण विकासका लागि आधारभूत सुविधा र प्राविधि लगायत यातायत र बजार ब्यवस्थागर्न पर्ने आवश्यक छ ।

(ख) पशुपालन

गुरूङहरु उच्च पहाडी भेकहरूमा बस्दै आएका आदिवासी बासिन्दा भएको कुरा स्पष्ट भैसकेको छ । आदिम राज्य ब्यवस्थादेखि नै गुरूङहरूले भेडाबाख्रा पाल्दै आएको कुरा गुरूङहरूको पैतृकथलो क्होल सोंथरको गत सालको भ्रमण अध्ययनले पनि देखाएको छ । अर्को शब्दमा तिब्बत देखि मनाङ/नेपाल प्रवेश गर्दा पनि पशुपालन र शिकार मुख्य पेसा भएको जानकारी पाइएको छ । बथानका बथान भेडाबाख्रा पाल्ने पुरानो चलन लामा गाउँ र घलेगाउँको गुरूङ उत्तरदाताहरु बताउँछन् अर्थात् लेकमा प्ह्रो (गोठ) राख्ने र त्यसमा भेंडाबाख्रा राख्ने प्रत्येक घरबाट प्रोहेर्छे/गोठाला खर्चपर्च/खानेकुरा लिएर प्ह्रों (गोठ) जाने ज्यादै पुरानो चलन हो । एउटै घरबाट १००/२०० भेडाबाख्रा पाल्ने चलन अझै

बाँकी छ । यहि कारणले रूमजाटारे कम्बलहरु भेडाको ऊनबाट बनेका बजारमा देख्न पाइन्छ । घान्द्रुक, सिक्लेस, ताङतिङ, ल्वाङघलेल, घनपोखराजस्ता गुरूङबस्तीहरुमा भेडाबाख्रापालन ज्यादै पुरानो हो । भेडाबाख्रा नहुने घर गरिब मानिन्थ्यो । दशै(तिहार र ल्होछारका बेला भेंडाबाख्रा विक्री गरी पैसा कमाउने धनाढ्य गुरूङहरु नभेटिएका होइनन् । भरूवा बन्दुक र शिकारी कुकुर लिएर भेडाबाख्रा बथान लिएर चैत्र महिनादेखि कात्तिकसम्म हे(हे (लेक(लेक) मा चरनमा बस्ने र हिउँद लागेपछि हिउँपर्ने र चिसो हुने भएकाले मङ्सिर देखि फाल्गुण सम्म ब्यांसी (तल्लोभाग) तिर झराल्ने गरेको पाइन्छ । यो आम्दानीको ठूलो श्रोत थियो तर तमू युवाहरु विदेशी सेना भारत र बृटिस साथै वैदेशिक रोजगारका लागि जापान, कोरिया जान थालेपछि भेडीगोठको सङ्ख्या बढ्न सकेन बरू घट्न थालेको पाइयो । गुरूङ परिवारहरु दूध महीका लागि घरमा मई (भैंसी) पाल्न इच्छुक देखिन्छन् । कुखुरापालन घरको शोभा नै भएको छ । यसले घरमा ह्वजेंमजे (इष्टमित्र), अझ ह्वैंमै (परपाहुना) र ङेमै (कुटुम्ब, जस्तै सम्धि(सम्धिनी) आउँदा इज्जत नै बचाएको हुन्छ, किनभने गुरूङ समुदायमा ह्वैंमै (परपाहुना) स्वागतका लागि स्ये नी कैं (मासु र भात) भन्ने चलन नै छ । अन्यथा हेलाँ गरेको मानिन्छ । अझै पनि अध्ययन क्षेत्र घलेगाउँमा भेंडीगोठहरु राख्ने चलन छ तर लमनासमा यस्तो चलन थोरै मात्रामा छ । अव पछिल्ला दिनहरुमा तमू युवाहरु क्यर (भेंडाबाख्रा) लिएर हे हे मा (लेक) बस्छन् भन्नु कलपना मात्र हुने अवस्था छ । शिक्षाका लागि स्कुल पठाउने, त्यसमा पनि सहरमा बोर्डिङ स्कुलको प्रचलन आएको छ । शिक्षित ब्यक्तिहरु सहरमा कामको खोजीमा जाने रोग गुरूङ युवाजगत्मा पनि नहुने प्रश्नै भएन । फलस्वरुप यसको असर प्रत्यक्षरुपले खेतीमा परेको छ । किनभने भेडाबाख्राको गोबर/मल खेतीपातीका लागि ज्यादै उपयोगी मानिन्छ । क्षेत्रअध्ययनका उत्तरदाताहरु बताउँछन् कि "चिनीजस्तो मलले माटो अमिलिएको छ । भेडाबाख्राको मल राम्रो हो तर अव भेडाबाख्रा पाल्ने चलन हराउँदै जाँदा मलको अभाव छ । उब्जनी घट्दो अवस्थामा छ । यसबाहेक गाई भैंसी पाल्नका लागि घाँस कसले काट्ने, गोठमा हेरचाह कसले गर्ने, दूध दुहुने काम कसले गर्ने थुप्रै समस्याहरु घरकुरूवा भएर बसेका बुढाबुढीमाथि परेको देखिन्छ । यसरी पशुपालनजस्तो महत्वपूर्ण पुर्ख्यौली पेसा हराउदै जाँदा त्यसको प्रत्यक्ष असर खेतीपातीमा पर्न गएको छ । भएका जग्गा जमिन पशु मलको अभावमा पनि मलिलो बन्न सक्ने अवस्था छैन ।

गाईभैँसी पालन पहिले इज्जतसँग जोडिएको थियो र घरको शोभा मानिन्थ्यो तर आजकल यसमा पनि परिवर्तन आएको छ । त्यो हो शहरबजारमा बस्न नसक्नेले मात्र गाईभैँसी पालेर गाउँमा बस्न बाध्य छन् । यो समयको माग भएको छ ।

(ग) श्रम विभाजन

घर परिवार सञ्चालनका लागि श्रम विभाजन अत्यन्त महत्वपूर्ण प्रश्न हो । घरभित्र गर्नुपर्ने काम थुप्रै हुन्छ भने आफ्नो आर्थिक अवस्थामा सुधार ल्याउन र छिमेकी एवम् समाजसँगको घुलमिल र सम्बन्धलाई पनि सन्तुलनमा ल्याउनपर्ने बाहिरी काम अझ महत्वपूर्ण रहन्छ । यसकालागि परिवारका सदस्यहरूबीच काम बाँडफाँड हुन्छ र यसकालागि घरको प्रमुख व्यक्ति गुरूङ समुदायमा प्रायः अन्य जातजातिजस्तै पुरूष नै रहन्छ । घरमूली प्रमुख भएपनि घरभित्रको सम्पूर्ण काम श्रीमतीले नै हेर्ने चलन छ भने बाहिरी काम(धन्दा र व्यवहारमा पनि श्रीमतीको सल्लाह अपरिहार्य हुने भएकाले फ नि म्री (लोग्ने र स्वास्नी) दुबैको आपसी समन्वयबाट घरको मेलो सुध्रन्छ भन्ने विश्वास छ । तमूहरु प्रायः संयुक्त परिवारमा नै रहन्छन् जहाँ आप(आम (बावु(आमा), च्ह(चमेरी (छोराछोरी), क्वेंच्ह(क्वीमी (नातिनातिनी) एउटै घरमा नछुट्टिएसम्म बस्ने चलन छ । त्यसैले आप(आम (बावु(आमा) कै संयुक्त निर्देशनमा घर व्यवहार चल्छ भन्नु उपयुक्त हुनेछ ।

छोरा, छोरी, बुहारीलाई कामको बाँडफाँड गर्ने काम आमाबाट नै हुने गर्दछ । घरभित्र खाना पकाउने, खाजा, नास्ता तयार गर्ने, घर लिपपोत सरसफाई गर्ने, घरमा पिउने पानी ल्याउने, ढिकीजाँतो गर्ने, भाँडाकुँडा सरसफाइ गर्ने, गाइभैँसीको गोठ सफागर्ने, घाँस काटेर ल्याउने, पाखोबारी खेतमा मल पुऱ्याउने, सानो वालवच्चाको हेरचाह गर्ने, छिमेकीसँग आगोपानी ल्याउँने सम्बन्ध राख्ने, ईष्टमित्रसँग गाउँमा सम्बन्ध राख्ने, आफ्नै वनपाला र वनजंगलबाट घाँसदाउरा गर्ने जस्ता काम महिलाहरूको कार्यक्षेत्र भित्र पर्दछ । यसमा पनि धान कुट्ने र कोदो, मकै पिस्ने काम प्रायः विहान सबेरै ४/५ बजे नै छोरी, बुहारी मिलेर गर्ने काम हुन्छ । घरको लिपपोत बुहारीले गर्ने प्रचलन हुन्छ । छोरीलाई लिपपोत गर्न दिइँदैन । साना नातिनातिनी, वालवच्चाको रेखदेख बाजेबज्यैबाट हुन्छ । घरको खाना पकाउने काम घर आमाबाट हुन्छ भने गाईभैँसीलाई घाँस काट्ने, घरमा दाउरा

ल्याउने काम छोरी बुहारीले गर्नु पर्ने हुन्छ । मकै छर्ने, धान रोप्ने र हिउँदका वेला स्वीटर बुन्ने, उनको कामहरु गर्ने, घरका हाँस कुखुरा हेर्ने काम पनि छोरी बुहारीहरुको नै हुन्छ । यसरी हेर्दा घरपरिवार सञ्चालनमा महिलाको प्रमुख भूमिका रहन्छ । किनभने अन्नवाली, घरायसी खर्च अड्कलेर, मिलाएर गर्ने महिला भएको घरले राम्रो प्रगति गर्छ भन्ने विश्वास छ । किनभने उनीहरुले कुखुराको अण्डा, कुखुरा पालनबाट आम्दानी गर्न सक्छन्, घरमा रक्सी बनाएर विक्री गरी पैसा कमाउंन सक्छन् । घर खर्च निकाल्न सक्छन् र हिउँद लागेपछि कम्बल, स्वीटर, टोपी र गलैंचा तयार गरी पैसा कमाउन सक्ने सम्भावनाहरु भएकाले गुरूङ परिवारको घर सञ्चालनमा महिलारु सर्बेसर्बा रहन्छन् । महिलाको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ भन्ने विश्वास भएकाले सकेसम्म छोराछोरीको विवाह नाताभित्र गर्न मन पराउँछन् । मामाको छोरी ल्याउँदा घरायसी ब्यवहारमा ठूलो विश्वास रहन्छ र आफ्नो छोरी नाताभित्र पार्दा पनि त्यस्तै सहयोगको आशा राखिन्छ र बुढेसकालमा हेरचाह नाता, भित्रकी बुहारीबाट हुने आशा रहन्छ । यसका साथै घरब्यवहारमा पुरूष वर्गको छुट्टै भूमिका रहन्छ । खेतबारीमा खनजोत, वनजङ्गलबाट गरिने घाँसदाउरा, घरगोठ निमार्ण, गाईभैँसी, भेडाबाख्रा, खरिद विक्री, भेंडीगोठहरु लेकबँसी (हे(ब्यांसी) गर्ने काम, खेतबारी, बाढी(पहिरो कुलो निमार्ण, पर्खाल बनाउने, गाउँको श्रमदानमा भाग लिने, गाउँका बैठकहरुमा भाग लिने, जग्गा लेनदेन, बैंकमा ऋणधन गर्ने र अन्य कामका लागि अड्डा(खाना गर्ने र गाउँमा ऋणधन लेनदेन ब्यवहार गर्ने कार्यक्षेत्र पुरूष वर्गमा पर्दछ । प्रायः प्रत्येक घर परिवारबाट वैदेशिक रोजगारका लागि जापान(कोरिया गर्ने र बेलायतदेखि भारत सम्म वैदेशिक सेनामा भर्ती र नेपालमा नै जागिर खाने काममा पनि पुरूषहरु नै अगाडि छन् ।

अतः बुढाबुढी घर कुर्ने, नातिनातिनी हेरचाह र हुर्काउने काम गर्छन् भने छोरा(बुहारी अन्य काममा लाग्छन् । दैनिक कामका लागि कसले के काम गर्ने भन्ने बाँडफाँड प्रायः बेलुकीको खानापछि सर सल्लाहबाट हुन्छ र विहान सबेरैबाट काम धन्दा सुरू हुन्छ । तुलनात्मक रूपमा हेर्दा घरको काममा महिलाहरूले धेरै समय दिन्छन् । लोग्ने मानिसहरु स्कुलको बैठक, राजनीतिक दलको बैठक र चियापसलमा गफ चुट्दै दिन कटाउने प्रवृत्तिले पनि महिलामाथि बढी जिम्मेवारी थोपरिएको छ । बसाइँसराइँ सहरी क्षेत्रमा गर्ने गुरूङ परिवारहरुमा पुरूषवर्ग/लोग्ने

मानिस विदेशी सेना, वैदेशिक रोजगारका लागि विदेशमा रहेको पाइएको छ भने वालवच्चा हेर्ने, उनीहरूलाई विद्यालय पठाउने र घर कुरूवाको काम महिला वर्ग/श्रीमतीहरूबाट भएको देख्न पाइएको छ । वैदेशिक रोजगारको आम्दानी राम्रो हुने हुँदा गुरूङ महिलाहरु केही हदसम्म आयमुलक काम वा सृजनात्मक कार्य भन्दा दैनिक सुखसयलमा दिन विताउने गरेको हुन् की भन्ने पाइएको छ ।

(घ) पर्म र नोगोर प्रथा

गुरूङ समुदायमा अन्य जातजातिमा जस्तै पर्म प्रथा प्रचलित छ । पर्म प्रथा भनेको एकजनाले अर्को घरमा काम गर्नु हो, श्रम दिनु हो र यसको बदला आफूले पनि उक्त ब्यक्ति वा परिवारबाट काम लिनु हो । आफूसँग समय भएको बेला, फुर्सदिलो बेलामा अर्को परिवारलाई श्रमको खाँचो परिरहेको समयमा मद्दत गरेकोजस्तो पनि देखिने र पछि आफूलाई अप्ठ्यारो पर्दा, कामदारको आवश्यकता परेको बेला आफूले श्रम पाइने, मद्दत पाइने हुनाले गुरूङ समुदायमा पर्मा प्रथा प्रचलित छ । यसमा डा.जगमान गुरूङको (२०३४) भनाइ रहेको छ कि "यस प्रथाअनुसार आफ्नो श्रम त्यसै खेर नजाने, लगानीको रूपमा रहने, छिमेकलाई गुण लाउन पाइने र अर्कोको पनि श्रमपूर्ति हुँने हुँदा दुबै थरीलाई फाइदा हुन्छ । अध्ययन क्षेत्र घलेगाँउ र लम नासमा पनि पर्मा प्रथा प्रचलित छ । तुलनात्मकरूपमा पर्मा प्रथा पनि पहिलेको तुलनामा घट्दै गैरहेको छ । यसको सट्टा ज्यालामा काम गर्ने मानिस ल्याउंने र काम गराउने चलन बढिरहेको अवस्था छ । यसको मुख्य कारण हो पर्मा लगाएपछि कुनै बेला तिर्ने पर्ने हुन्छ । आफ्नो घरमा पर्मा तिर्ने अवस्था नरहेपछि यसको औचित्य नै हुँदैन । त्यसैले यसको सट्टा काम पर्दा ज्यालादारी खोज्न सजिलो ठान्दछन् भन्ने कुरा हालैको क्षेत्र अध्ययनले देखाएको छ ।

नोगोर प्रथा

गुरूङ समुदायमा प्रचलित आफ्नै मौलिक चलन हो नोगोर वा नोकरे । यस्का बारेमा वनार्ड पिने (Bernard Pignede) ले आफ्नो पुस्तक दि गुरूङ्स (The Gurung) मा नोगर (Nogar) भन्ने शब्द प्रयोग गरेका छन् (१९९३) ।

डा. जगमान गुरूङले भने आफ्नो पुस्तक "गुरूङ जाति तथा संस्कृति २०३४" मा नोकोर शब्द प्रयोग गरेका छन् । उनले यसलाई नेपालीमा हुरी प्रथा भनी ब्याख्या गरेका छन् र 'नो' भनेको 'पर्म' र 'कोर' भनेको सर्कल हो भन्ने अर्थ दिँदै भनेका छन् कि हुरी भनेको समवयस्क युवक युवतीहरुको एउटा कामगर्ने जमात जसमा न्यूनतम १०/१२ जनादेखि लिएर बढीमा १८/२० जनासम्म युवक-युवती हुन्छन् र यसमा पालैपालोसँग आफ्ना हुरीका सदस्यहरुमध्ये जसलाई पहिले बढी आवश्यक पर्दछ । उसैको काम गर्न जान्छन् । यसप्रकार पालैपालो काम गरेर सबैको पालो पुगेपछि पनि काम बाँकी रहेमा फेरि हुरी दोहोऱ्यांउँछन् । "फ्रेन्च अनुसन्धानकर्ता पिने (Pignede) ले नोगरजस्तो सहकारितामा आधारित श्रम ब्यवस्था तमू ह्युल (The Gurung Country) मा पाइन्छ भन्दै उनले (१९९३) लेखेका छन् कि "Instead of twenty people working alone for twenty days in one fields successively, which means in effect that the same work is done in a group instead of being done alone" यसबाट स्पष्ट हुन्छ कि गुरूङहरु एकलकाटे जीवन मन पराउँदैनन्, यसको सट्टा समूहमा रहेर रमाइलोसँग काम गर्न चाहन्छ । एक्लै बीस दिन खेतमा काम गर्नु सट्टा बीस जनाको समूहले पालैपालो बीस घरको काम सक्दा कत्ति रमाइलो हुन्छ, सबैले बुझ्न सकिने कुरा हो । यसरी समान, एउटै उमेरका युवायुवती जम्मा भएर, आपसी सल्लाहबाट एउटा सर्कल बनाएर हातेमालो गर्दै प्रत्येक सदस्य साथीको घरको काम सम्पन्न गर्दछन् । यस्तो समूह यति नै हुनुपर्छ भन्ने छैन तर १५/२० जनाको समूह बढी देख्न पाइन्छ । वर्तमान क्षेत्र अध्ययनले पनि नोंगर (हुरी) प्रथा गुरूङ समुदायको आफ्नो पुरानो चलन मौलिक विशेषता भएको चलन हो भन्ने कुरा पुष्टी गरेको छ । प्रश्न उठ्छ नोंगर के का लागि ? नोंगर समूह हिउँदमा बारीमा मल बोक्दा, वन जङ्गलबाट बाल्ने दाउरा घरमा ल्याउन, जेष्ठमा खेतवारीको कान्ला खन्न, वर्षात्मा मकै, कोदो, र धान गोड्न, कतिपय ठाउँमा धान, कोदो रोपाइ र कोदो टिप्ने र धान काट्ने बेलामा समेत बन्ने गर्दछ/क्रियाशील हुन्छ । यसबाट थाहा हुन्छ नोंगर (हुरी) प्रथा गाउँ बासीहरुको आवश्यकतानुसार निमार्ण हुन्छ र काम सकिए पछि भङ्ग हुन्छ । रमाइलो पक्ष के छ भने नोंगर समूह भङ्ग भएपछि मासु, रक्सी, खानपिन गरी रमाइलो गर्छन् साथै नाँचगान आदि गरेर । यसरी समूहमा काम गर्दा हाँसखेल ठट्टा हुँदा थकाइ अनुभव हुँदैन र उनीहरुलाई प्रु अर्थात् नास्ता/खाजाको

ब्यवस्था हुन्छ । सम्बन्धित परिवारबाट/क्षेत्र अध्ययन लामानास र घलेगाउँ पनि नोंगर प्रथासम्म राम्ररी परिचित छन् र आफ्नो आवश्यकतानुसार नोंगर (हुरी) निमार्ण भैं काम गर्ने चलन भएको पाइएको छ । यस प्रथालाई पिनेले Such a system is, in fact unique in Nepal and is specially Gurung's भनी प्रकाश पारेको छ । नोंगर समूहमा नाइके वा टोली प्रमुख पनि छान्ने चलन छ । समूहमा काम गर्दा हाँसखेल मात्र नभै जाँगर पनि दिन्छ । नोंगर प्रथामा प्रत्यक्ष फाइदाहरु छन् ती हुन् कि आर्थिक दृष्टिकोणले हेर्दा यस्मा कामका लागि पैसाको खेल हुँदैन, मिलेर काम गर्ने प्रवृत्तिको विकास हुन्छ र गाँउलेहरुबीच सहयोगको आदानप्रदान हुन्छ र अन्त्यमा ग्रामीण जीवन रमाइलो मात्र होइन सामुदायिक एकता (Commmunity Solidarity) लाई अझ बलियो बनाउँछ र जनजातिमा पाइने हामी भन्ने भावना (We Feeling) को विकास गराउने हुँदा नोंगरको ठूलो महत्वपूर्ण छ ।

ङ. अतिरिक्त जीविकोपार्जन कार्यहरु

गुरूङ समुदायमा पनि सबैको आर्थिक अवस्था समान छ भन्ने सोच्नु हुँदैन । गरिबी, अशिक्षा, चेतनाको कमीजस्ता कारणले अनेकौं गुरूङ परिवारहरु हातमूख जोड्ने समस्याबाट ग्रसित नभएका होइनन् । त्यसैले गाँउ वरपर ज्यालादारी गरेर जीवन निर्वाह गर्ने पनि छन्, स(सानो चिया पसल गर्ने पनि छन्, शहरतिर काम खोज्न जानेहरु पनि छन् । यसबाहेक अतिरिक्त आम्दानीका लागि सुन्तला र केराको खेती गरी नगदेवाली लगाउंनेहरु पनि छन् । यस्तै कुइखोदो (मह) भीर माहुरी भएका ठाउँहरुबाट जम्मा गरेर विक्री गर्नेहरु पनि पाइन्छन् । लमजुङका मणिलाल महशिकारी ९ज्यलभथ जगलतभच० जस्ता भीर माहुरी जम्मा गर्न लाग्ने गुरूङहरु थुप्रै छन् । यसबाहेक गुरूङहरु शिकार खेल्न ज्यादै मन पराउँछन् । वनकुखुरा, मृग र घोरल मार्ने चाहना राख्नेहरु थुप्रै छन् । महिलाहरु हिउँदमा ऊनबाट टोपी, झोला, र स्वीटर बुनेर आम्दानी गर्छन् । गुरूङ पुरूषहरु डोको, नाम्लो र थुन्से तयार गरी विक्रीका लागि पठाउने/लिएर जाने चलन नयाँ होइन । हिउँदमा खासगरी बैशाख, जेष्ठमा काफलको बोक्राको धुलोविष खोलामा हालेर माछा मार्नेहरु चलन पनि प्रशस्त छ ।

४.३ वैदेशिक रोजगार

बढ्दै गइरहेको विश्वव्यापीकरण र खुला अर्थव्यवस्थामा श्रमको आदानप्रदानको सन्दर्भमा नेपाल, बङ्गलादेशजस्ता मुलुकहरूबाट जापान, अमेरिका लगायत् अरबेरियन मुलुकहरूमा गएर काम गर्नु र श्रमको मूल्य लिने गरेका छन् । यसरी आफ्नो मुलुक छोडेर अर्को मुलुकमा काम गर्ने प्रवृत्तिलाई नै वैदेशिक रोजगार भन्दछन् । छैठौं योजना अन्तर्गत् १९८१ मा श्रम मन्त्रालय स्थापना भएको र सातौं योजना अवधिमा वैदेशिक रोजगारी सम्बन्धमा 'वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न अन्य कानुनहरूको निमार्ण गर्ने' भन्ने उल्लेख छ । साथै नवौं योजनामा वैदेशिक रोजगारीमा विकास गर्ने अनुरूप भनिएको छ कि "विदेशी श्रमबजारमा नेपाली श्रमिकहरूले अवसर पाउने वातावरण सृजना गर्दै प्रतिस्पर्धात्मक रूपमा वैदेशिक रोजगारीलाई विश्वसनियता तुल्याई विकास गरिने छ । २०५५ मा वैदेशिक रोजगार ऐन २०४२ आइसकेपछि यस व्यवसायलाई व्यक्तिगत तथा निजी क्षेत्रको सामुहिक प्रयासहरु भएको पाइन्छ । सरकारद्वारा खुला गरिएको मुलुकहरूमा नेपाली नागरिकहरूलाई वैधानिकरूपले सुरू गरेको वर्ष वि.स २०४२ हो । नेपाली कामदार विभिन्न एजेण्ट/म्यान पावर मार्फत् मलेसिया, हङकङ, इरान, कतार, साउदी अरब, मालदिब्स, मकाउ, दक्षिण कोरिया पठाउने गरेको भएपनि नेपालीहरु अमेरिका, जापान, यूके, बेल्जियम, निदरल्याण्ड र जर्मनीमा पुगेको देखिएको छ । हाल वैदेशिक रोजगारका लागि खुला गरिएको मुलुकको सङ्ख्या १०८ पुगेको छ भने हालसम्म वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र दर्ता सङ्ख्या ८५१ पुगेको छ । मलेसियामा ४५५६८५ नेपाली कामदार सङ्ख्या पुगेको छ भने कतारमा ४२५८०८ छ र साउदी अरबमा २७७९२५ जना छन् । हालको तथ्याङ्कले २४ मुलुकमा नेपाली कामदारहरु पुगेका छन् भने राष्ट्रमै अर्थतन्त्रमा रेमिट्यान्सले ठूलो भूमिका खेलेको छ अर्थात् कुल गृहस्थ आम्दानीको १९.२ प्रतिशत रेमिटयान्सबाट मात्र आय हुन्छ भन्ने सुन्दा पनि डर लाग्छ ।

(क) वैदेशिक रोजगारले ल्याएको अवसर र विकृति

भारतसँग खुला सीमाना भएकाले पनि नेपालीहरु कुनै रूपमा भारतीय शहरहरूमा

कामको खोजीमा हुन्थे भन्ने कुरा प्रायःसबैले बुझेका छन् । सन् १८५७ को भारतीय सिपाही विद्रोहको बेला नेपाली सेनाले बृटिसलाई अद्भूत सहयोग गऱ्यो र यसबाट नेपालीहरूको राष्ट्रप्रेम, अनुशासन र बहादुरीपनबाट प्रभावित भएपछि नेपालीहरूलाई आफ्नो सेनामा प्रवेश गराएबाट नै नेपालीहरु मुलुकबाहिर गएको सुरूवात् मान्नु पर्ने हुन्छ । अर्को शब्दमा नेपालीहरु मध्ये थुप्रै गुरूङहरु सुरूमा सैनिक र क्रमशः गैर सैनिकरूपमा विदेश जाने क्रम बढेको हो । हाल लाखौँ गुरूङ विदेशिएका छन् । यसका कारण हुन्(गरिबी, ऋण ग्रस्तता र आफ्नै देशमा वेरोजगार भएर रहनु । वैदेशिक रोजगार मुलुकका लागि एउटा अवसर र अर्को विकृतिका रूपमा हेर्नु पर्ने देखिन्छ ।

(ख) अवसरका रूपमा वैदेशिक रोजगार

नेपालको एकिकरणमा गुरूङ (तमू) समुदायको महत्वपूर्ण योगदान रहेतापनि एकिकरण पछिको राज्य ब्यवस्थाले तमू (गुरूङ) समुदायलाई आदिवासी जनजाति भएको कारणले गर्दा राज्य ब्यवस्थामा आर्थिक, सांस्कृतिक र राजनितिक रूपले बहिरकरणमा पारेको ईतिहास छ । तमू समुदायले आफ्नो जिवन यापनको अवसरको रूपमा वैदेशिक रोजगारलाई प्रमुख श्रोत साधन बनाएको ईतिहास छ । अर्थात तमू समुदाय परम्परा देखि वैदेशिक रोजगारको लागि लाहुरे हुन बाध्य पारिएको सामुदाय हो । हाल यो समुदाय बृटिस गोरखा सेना र भारतिय गोरखा सेना लगायत विश्वका विभिन्न मुलुकहरूमा रोजगारीको लागि अधिक मात्रामा गएका छन् । यस प्रथाले उनीहरूको आर्थिक र सामाजिक जिवनमा अवसर र चुनौती दुबै प्रदान गरेका छन् ।

■ वैदेशिक रोजगारले तमू (गुरूङ) जातिको आर्थिक जीवनमा सुधार

गुरूङ युवाहरु सुरूमा सैनिकका रूपमा बृटिस र भारतीय सेनामा जाने मौका पाएकाले धेरै गुरूङ परिवारले प्रशस्त पैसा कमाए, कमाउने मौका पाए । पछि गएर गैरसैनिकरूपमा थुप्रै गुरूङ युवायुवतीहरु जापान, दक्षिण कोरिया, हङकङ, बेल्जियम र बेलायत जाने मौका पाएकाले प्रशस्त कमाइ हुन गयो । हुण्डी गरेर

पठाउने हुँदा र सरकारको अनुगमन संयन्त्र कमजोर भएकाले कसले कति पैसा ल्याए पठाए सरकारलाई जानकारी भएन होला तर लेकमा बसोवास गर्दै आएका गुरूङहरु पोखराभरि देखिन थालियो । राजधानी काठमाडौँमा गुरूङपरिवारको सङ्ख्या बढेर गएको पाइयो । वैदेशिक रोजगारका कारणले उनीहरूको आर्थिक जीवनमा ठूलो सुधार आएको अनुभव भएको छ ।

■ मर्यादित सामाजिक स्थिति

मानिसको आर्थिक स्थिति मजवुत भएपछि स्वाभाविक ढङ्गले धनी ब्यक्ति, र सम्पन्न परिवारलाई समाजले हेर्ने दृष्टिकोणमा फरक पर्दछ । सम्पन्न आर्थिक अवस्था भएका गुरूङ परिवारहरूको इज्जत, मानमर्यादा बढेको पाइएको छ । बृटिस सेना, जापान र कोरियामा काम गरी फर्केका गुरूङ परिवारहरूको अवस्था मर्यादित भएको पाइएको छ ।

■ वेरोजगारी घट्नु

थुप्रैथुप्रै गुरूङ युवा शक्ति भारतीय र बृटिस सेना र अन्य मुलुकमा रोजगारीका लागि गइदिएको सन्दर्भमा राज्यलाई टाउको हल्का भएको छ भने अर्कोतर्फ मुलुकमा रकम भित्रिएको अवस्था छ ।

■ सिप भित्रिनु

वैदेशिक रोजगारका कारण गरिबी घटाउन सहयोग मिलेको छ भने विदेशमा सिकेको सीप मुलुकमा भित्रिएको अवस्था छ । बृटिस र भारतीय सेनामा सेवा गर्दाका बखतमा थुप्रैले महत्वपुर्ण सिप जस्तै गाडी चलाउने, बन्दुक चलाउने, मुलुकको रक्षा गर्ने, टेलिकम्युनिकेसन, शिक्षा, स्वास्थ्य, बाटोघाटो निमार्णसम्बन्धी थुप्रै ज्ञान र सीप मुलुकभित्र भित्रिएको छ । केवल त्यस्तो ज्ञान र सिपबाट नेपाल सरकारले फाइदा लिन सकेको देखिँदैन ।

(ग) विकृतिहरु

वैदेशिक रोजगारमा पुगेका गुरूङहरूले थुप्रै धन कमाएका छन्, ठूला घरहरु सहरमा बनाएका छन् । महँगा गाडीहरु चढेर हिँडेका छन् । ठूलो धनराशीको बैंक ब्यालेन्स राखेका छन्, पाँचतारे होटलमा लञ्च र डिनर लिएका छन् तर यी धनाढ्य गुरूङहरूलाई थाहा छैन कसरी आफ्नै मुलुकमा दोस्रो दर्जाको नागरिक भएर बस्न परेको छ ? हिन्दु शासकहरूले कसरी गुरूङ भाषा, धर्म र संस्कृतिमाथि प्रहार गरेर आएका छन् ? आफ्ना मौलिक पुरोहितहरु पच्यू, क्ल्हेबृ र वोन लामा लगाउँन नदिई हिन्दू धर्म लाद्न कोसिस गरे ? आफ्नो मातृभाषा 'तमू क्युई' को विकास किन हुँन सकेन ? मुलुकको नीतिनिर्माण तहमा किन तमूहरु पुग्न पाएका छैनन् ? किन तमू जाति मुलुकको मुख्य सचिव बन्न पाएनन् ? आज २१ औँ शताब्दीमा आएर मात्र आफ्नो पहिचान, हकअधिकार भनी किन हिँड्न परेको ? गुरूङहरु राजनीति र निजामति सेवामा कसरी बहिष्करणमा परे ? यी सबै प्रश्नहरूको एउटै जवाफ हो वैदेशिक सेनामा भर्ती हुँन जाने साथै अन्य मुलुकहरूमा रोजगारका लागि जसरी भएपनि, जति भने पनि तिरेर दलालमार्फत् जाने । बाहुन-क्षेत्री यही मुलुकमा भिडेर लडेर सङ्घर्ष गरेर बस्न सक्छन् भने गुरूङहरूले किन नसकेका र नसक्नुका कारणहरु किन पत्ता लगाइएन् ? किन गुरूङहरूले नचाहिँदो खर्च गर्ने प्रवृत्तिबाट हट्न सकेनन् ? किन सानो खर्चबाट ठूलो उपलब्धी गर्नेतर्फ ध्यान दिन सकेनौँ ? त्यसो भएकाले धेरै लाहुरेहरु ठगिएका छन्, अस्त्राट हेपिएको अवस्था छ । पैसा नै सबै थोक होइन, आफ्नै मुलुकमा सङ्घर्ष गरेर बस्नु पर्छ जसरी अरु बसेका छन् र भावी सन्ततीलाई शिक्षा दिएर निजामति सेवामा प्रवेश गर्न, राजनीतिक दलमा काम गर्न, पत्रकारितामा प्रवेश गर्न, न्यायिक क्षेत्रमा अघि सर्न, ब्यापार गर्न र नागरिक समाजमा काम गर्न सिकाउनु जरूरी छ; आजको चुनौती गुरूङहरूमा यही छ ।

अध्याय ५

धार्मिक र सांस्कृतिक जीवन

५. धार्मिक जीवन

तमू (गुरूङ) जातिको धर्म यही हो भनी निर्क्योल भएको छैन । तमू जातिको एउटै मात्र राष्ट्रिय स्तरको साझा संस्था "तमू ह्युल छोजर्धी गुरूङ राष्ट्रिय परिषद्"ले आफ्नो विधानमा पहिचानको धर्म वौद्ध धर्म र मूलधर्म कुलधर्मको अवधारणा राखेको छ । तमू प्येल्हु संघ केन्द्रीय कार्यालयको विधानमा वोन धर्म भनिएको छ । अन्य तमू संघ संस्थाहरूले तमूको धर्म वौद्ध हुनुपर्छ भनेका छन् । धार्मिक विश्वास भन्नाले जातीय परम्परा, संस्कार, संस्कृति, मूल्यमान्यता, आस्था र विश्वास हुन् । तमू समाजको स्थिति अझै पूर्ण विकास भैं नसकेको हुनाले उनीहरूको धर्म सरल र प्राकृतिक रहेको देखिन्छ । यसलाई तमू भाषामा प्ये ताँ ल्हु ताँ भनिएको छ । प्ये ताँ ल्हु ताँ वोनधर्मसँग सम्बन्धित छ । प्ये ल्हु सङ्घको अध्यक्ष ले.इन्द्रबहादुर गुरूङले वोन धर्ममा समानतावाद, प्रकृतिवाद र जीववाद समावेश छ भन्दछन् । समाजको विकास हुँदै जाने क्रममा संस्कार, संस्कृति र धर्म पनि विकसित र परिष्कृत हुँदै जान्छन् । डा. हर्क गुरूङले गुरूङले धार्मिक विकासको क्रम तन्त्र, मन्त्र र सूत्र गरी तीन चरणका छन् भनेका छन् । प्ये ताँ ल्हु ताँमा म्हिन्चो (मानिसको संस्कार) र ल्हन्चो (देवताको संस्कार) भनी दुई धार्मिक संस्कारको बर्णन पाइन्छ ।

(क) परम्परागत विश्वास र मान्यताहरु

तमू (गुरूङ) परम्परा, विश्वास र मान्यताका संस्कारहरु हेर्दा पूर्णरूपले प्राकृतिक गतिविधिसँग सम्बन्धित देखिन्छ । तमूहरूको परम्परागत विश्वास र मान्यता फैलु, खे, मा (कुल पितृ मातृ), सिल्दोनाल्दो ह्मिमारछे (स्थानीय देवीदेउता), न्हमा नमरू (खर्क खरचारी) गैडु (गोठ) पूजा र क्ल्हेसोंदी ह्मिसोंदी (कुलदेवता) का प्रभावमा विश्वास राख्छन् । सामाजिक चाड पर्वहरूमा ल्होछार, ट्हो त्हें, चण्डीपूर्णिमा, फाल्गुन पूर्णिमा, माघे र साउने सङ्क्रान्ति, उँद्यौली र उभौली पर्वसँग सम्बन्धित छ । घाटु, सोरठी जस्ता नाँचहरु पनि समय र ऋतुहरूसँग सम्बन्धित छन् । कञ्याङकुरूङ चरा पनि नागपञ्चमीदेखि श्रीपञ्चमीसम्म तल तिर र श्रीपञ्चमीदेखि नागपञ्चमीसम्म माथि हिमालमा रहन्छ ।

तमू जातिका धार्मिक विश्वास प्रकृति धर्म (वोन) धर्ममा आधारित छ । वोन धर्म विश्वमा प्रचलित धर्म सम्प्रदायमध्ये सबैभन्दा पुरानो र प्राचीन मानिन्छ । वोन धर्मका अनुयायीहरु प्राकृतिक धर्म अर्थात् ब्रह्माण्डको गतिविधि र मन्त्रतन्त्रमा रहस्यमय विश्वास राख्दछन् । वोन धर्मको विश्वासअनुसार आकाश पिता र धर्ती माता हुन् साथै यस धर्मले धर्तीमाथि सम्पूर्ण प्राणीको जीवन रहन्छ, जीवनलाई सफल बनाउन चेतनाको ठूलो भूमिका रहन्छ अनि चेतना प्राप्त गर्नका लागि सेरप्रा र न्हुरप्रा (सम्बृद्धि) हुनुपर्छ भन्ने दार्शनिक मान्यता राख्दछ । यस दर्शनलाई रङको माध्यमबाट पनि प्रकट गरिएको छ । प्रतीकात्मक रूपमा धर्ती (पृथ्वी) लाई हरियो, जीनलाई रातो, चेतनालाई सेतो, सम्बृद्धिलाई पहेँलो र आकाशलाई निलो रङले प्रतिनिधित्व गर्दछ । वोन धर्ममा मातृशक्तिलाई प्राथामिकता दिने हुनाले वोन धर्म मान्ने जातिहरूको आदिम सामाजिक परम्परा र सांस्कृतिक संस्कारमा मातृसत्तात्मक स्वरूपको संरचना रहेको देखिन्छ ।

वोन धर्मको उद्गमस्थल तिब्बतलाई मानिएको छ । प्राचीन कालमा तिब्बतको नाम तुवो ९त्गदय०, झ्याङभ्रुङ थियो । झ्याङभ्रुङ राज्य अन्तर्गत् विभिन्न १८ वटा गणराज्यहरु थिए । ती गणराज्यहरूमा प्रकृतिवाद (वोन) धर्म मान्नेहरूको बाहुल्य थियो । तिब्बतमा आजभन्दा १३०० वर्षअगाडि लगभग ७ (सातौँ) शताब्दीतिर वुद्ध धर्मको प्रभाव थिएन । वुद्ध धर्मभन्दा पहिले त्यहाँ वोनधर्म

थियो । वोनधर्मका संस्थापक प्रवर्तक शेरराव मिवाछे अर्थात् तेन्पसेरिप थिए । तेन्पसेरिप १३ वर्षको हुँदा उनलाई अदृश्य शक्ति (झाँक्री) ले लग्यो । लगेपछि १३ वर्षपछि तेन्पसेरिप २६ वर्षको हुँदा पुनः समाजमै फर्किंयो । फर्किएपछि तेन्पसेरिपले सबै मानिसहरूलाई प्राकृतिक अर्थात् भगवान्लाई भक्ति गर्न सिकायो; प्रार्थना गर्न सिकायो । उनको सिकाइ श्रुती र स्मृतिमा आधारित मौखिक थिए । उनले भविष्यवाणी र तन्त्रमन्त्र सिकायो । उनले प्राकृतिक विषय बस्तुहरु सूर्य, चन्द्र, ग्रह, तारागण, नक्षेत्रगण र सौर्यमण्डलको विषयमा बताउँदै वातावरणीय प्रभावमा ईश्वरीय तत्व र शक्ति हुन्छ भन्ने ज्ञान दिए । ब्रह्माण्डलाई (स्वर्ग, पृथ्वी र पाताल) अर्थात् सतल, भूतल र पाताल तीन भागमा बर्णन गरे ।

वोन धर्मले आत्मा शुद्ध राख्नका लागि रहस्य, संस्कार, भाग्य र दुर्भाग्य लाई प्रतिबद्ध भएर पालना, प्रार्थना र उपासना गरेमा सिद्धि प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान र विश्वास दिलाए । वोन धर्मका मुख्य सिद्धान्तमा विश्वास गर्नेहरूलाई तीन भागमा विभाजित गरिएको छ । तन्त्र, मन्त्र र दैवीशक्तिमा विश्वास गर्ने कालोवोन (Blackbon), तन्त्रमन्त्र र संस्कार मिसिएको ख्यारवोन (Khyarbon) यसलाई मिसिएको वोन (Stripe bon) भनिएको छ । सिद्धान्त र सूत्रमा आधारित वोनलाई ग्युरवोन (Gyurbon) सेतोवोन भनिएको छ । यसको सम्बन्ध तमू समाजका गुरूपुरोहित पच्यू, क्ल्हेबृ र वोनलमसँग र पैडीलाई भनिएको छ ।

(ख) धर्मगुरूहरूको आवश्यकता र महत्व

तमू जातिको धर्मगुरूहरु पच्यू, क्ल्हेबृ, लम र पैडी हुन् । गुरूपुरोहितहरूले तमू जातिका जन्मदेखि मृत्युसम्म र मृत्युपछि गरिने सम्पूर्ण कर्मकाण्ड गर्नुका साथै चार्डपर्व तथा समसामयिक अवसरहरूमा पूजापाठ गराउँछन् र प्राकृतिक औषधोपचार, प्रदान गरी महत्वपूर्ण सेवा प्रदान गर्दछन् । पच्यू क्ल्हेबृ लामा र पैडीहरूका आ-आफ्नो कार्यक्षेत्र र कर्तब्य छन् । क्होल सोंथरमा छोंज (सभा) मा त्यो कार्य विभाजन गरिदिएको थियो । थाकुमोंकु (कुनै बस्तु र विषयमा दोषदोषालो) पच्यूल (पच्यूको), सोगुं मोंगु (स्वस्ती शान्ति) क्ल्हेबृल (क्ल्हेबृको), ह्योंखु छैखु (सहसाधन र आयुसाधन) लमल (लामाको) र ड्होव च्योव (हेरकोर गर्ने) पैडील (पण्डितको) भनी स्पष्ट रूपमा आफ्नो कर्तब्य र कार्यक्षेत्र तोकिएको थियो तर

आजभोलि यस परम्परालाई पालना नगरेर एक आपसमा अन्यको क्षेत्रमा अतिक्रमण गरेर समन्वयात्मक तमू समाजमा समस्या गरिराखेको छ । अझै भएन भनेर आजभोलि गुरूङ तमू जातिमा तिब्बती लामाका भारमार प्रयोग गरिएको छ । यसले गर्दा गुरूङ (तमू) समुदायको संस्कृतिमा विचलन देखिएको छ ।

पच्यूलाई, गुरूङ जातिको आदि पुरोहितको रूपमा शिकारी युगदेखि हालसम्म मानिएको छ भने क्ल्हेबृलाई दोस्रो कृषियुगका मानिएको छ । पच्यू अर्थात पच्हिवै म्हि (जान्ने सुन्ने) हो भन्ने बुझिन्छ । क्ल्हेबृको अर्थ ल्हाँप्रि अर्थात बाटो देखाउने गुरू हो । पच्यू तमू भाषाको शब्द भएकोले नेपाली भाषामा यसको ठीक शब्द चयन भएको छैन । पच्यूहरु आफूलाई झाँक्री शब्दले सम्बोधन गरेको मन पराउँदैनन् कारण पच्यू र झाँक्रीबीच धेरै फरक छ । पच्यू परम्परागत वंशाणुगत आफ्नै बावुबाजेबाट सिक्दै र दीक्षित हुँदै आएका हुन्छन् भने झाँक्री जो कोही कुनै दैवीशक्तिका कारण भुइँफुट्टा तरिकाले उत्पन्न हुन्छन् । झाँक्रीहरु आफूलाई कुनै अदृश्य देवी अथवा देवता चढेर त्यसको निर्देशनमा शक्ति प्राप्त गरी तन्त्रमन्त्र विधिद्वारा कार्य गर्दछन् । यिनीहरूले भविश्यवाणी गर्ने र लागोभागोको विषयमा विरामीलाई मनोवैज्ञानिक उपचार गर्छन् । विश्वमा झाँक्रीवाद विभिन्न धर्म संस्कृतिका समाजहरूमा प्रचलित छन् । नेपाल अशिक्षित र ग्रामीण तथा देवीदेउतामा अधिक विश्वास गर्ने समाज भएकाले पनि नेपाली समाजमा झाँक्रीको निकै प्रचलन रहेको देखिन्छ ।

पच्यू हुनका लागि परम्परागत रूपमा आफ्नै वंशका पहिलो पुस्ताबाट धेरै वर्षको समय लगाएर लगातार श्रुती र स्मृतिको भरमा सुनेर, हेरेर र गरेर अनुभव प्राप्त गरी मौखिक रूपमा सिक्छन् । पच्यूको प्ये (शास्त्र) मौखिक रूपमा कण्ठस्त हुनुपर्छ । आजभोलि केही पच्यूहरूले आफूले भन्दै आएका कुरा लिखित गर्न लागेका छन् तापनि अझै एकीकृत र संस्थागत रूपमा पच्यू क्ल्हेबृको प्ये (शास्त्र) बृहत् रूपमा सङ्कलन गरी लिखित दस्ताबेज बनाउन सकेको छैन । पच्यूको मुख्य कार्य थाकु, मोंकु, चैकु, रिकु, ट्हिकु जस्ता दोखदोखालोसँग तन्त्रमन्त्रका शक्तिले त्यस्तो भूतप्रेत मन्छाउने, पन्छाउने, नियन्त्रण गर्नुका साथै विभिन्न जडीबुटीको पहिचान गरी त्यसको उपयोग गर्ने रहेको छ । त्यसको प्रयोगद्वारा जनसमूहमा औषधोपचार गर्नुका साथै जन्मदेखि मृत्युसम्म विभिन्न समय, पर्व र

अवसरहरुमा सामाजिक संस्कारगत कर्मकाण्ड गर्नेलगायत् गाउँघर बार गर्ने, व्यक्तिको जीउबार गर्ने समाज र राज्यको तान्त्रिक विधिद्वारा बार गर्ने भनी मनोवैज्ञानिक सुरक्षा प्रदान गर्दछन् ।

मुख्य क्ल्हेबृ र पच्यू हुनका लागि आफ्नो अघिल्लो पुस्ताबाट सबै ज्ञान प्राप्त गरिसकेपछि गुरूबाट दीक्षित हुनु जरूरी छ । टो (दीक्षित/भार) नपाएसम्म पूरा भार बोकेका पच्यू र क्ल्हेबृ मार्निदैन । क्ल्हेबृ पच्यू गुरूहरुले आफ्नै छोरा(नाति, भाइ(भतिजा भएतापनि टो (दीक्षा) आफू (गुरू) मृत्यु हुन लागेको समयमा मात्र आफूले सिकाएको भावी पुस्तालाई सुनाउने मन्त्र हो । टो (दीक्षा) पच्यू क्ल्हेबृ हुनका लागि महत्वपूर्ण मन्त्र हो । यस्तो परम्परागत चलनले गर्दा गुरू मर्ने बेलामा सिक्ने ब्यक्ति गुरूको साथमा भएन भने जाान्ने भए तापनि पूर्ण पच्यू क्ल्हेबृ मार्निदैन केवल सहायक मात्र मानिन्छ । यस्तो अवस्थामा उसले टो (दीक्षा) प्राप्त गर्नको लागि टो (भार) भएको गुरूलाई गुरूस्थापना गरी टो (दीक्षा) लिनु पर्छ । क्ल्हेबृ पच्यूले परम्परा अनुसार दीक्षान्तबाट दीक्षित भए मात्र समाजमा मान्यता प्राप्त हुन्छ ।

पच्यू क्ल्हेबृले ज्ञान प्राप्त गर्ने परम्परा भनेका गुरू चेलाचेली अथवा गुरू शिष्य प्रणालीद्वारा नै हो । यो तमू जातिमा चल्दै आएको पुस्तैनी परम्परा हो । पच्यू परम्परागत रूपमा ल्हेगे र क्वोम्जें थरका तमू हुने गर्थे भने क्ल्हेबृ हुनेहरु टु र म्होब्जे थरका हुन्छन् । आजभोलि तमू जुनसुकै थरकाले पनि आफ्नो इच्छाअनुसार गुरू शिष्य परम्परालाई मानेर क्ल्हेबृ र पच्यू सिक्न सक्छन् । संस्थागत रूपमा तमू प्येल्हु सङ्घ केन्द्रीय कार्यालय पोखराले खेगी प्रशिक्षण दिएर जुनसुकै तमूहरुलाई पच्यू क्ल्हेबृ बन्न सक्ने अवसर प्रदान गरेका छन् । यो अत्यन्तै सकारात्मक कार्य हो त्यही संस्थाले प्रशिक्षणका क्रममा क्ल्हेबृको एकीकृत पाठ्यपुस्तक पनि उत्पादन गरेका छन् । पच्यूहरुको एकीकृत पाठ्यपुस्तक अझै आइसकेको छैन । यो तुरून्तै ल्याउन पर्छ । पच्यू क्ल्हेबृको काम उनीहरुको कार्यक्षेत्र केही हदसम्म एकै प्रकारका देखिए तापनि फरक(फरक छन् । तमूको मृत्यु संस्कार पयमा पच्यू अनिवार्य छ भने क्ल्हेबृ र लमको विकल्प हुन्छ । पय (अघुँ) गर्दा पच्यू र क्ल्हेबृ अथवा पच्यू र लामा मिलेर गर्छन् । पच्यू सबै तमू थरका पय गर्दा सामेल हुन्छन् भने लामा र क्ल्हेबृहरुले आ(आफ्नो थरका मृत्यु

हुँदा आ(आफैले गर्ने गर्दछ । पच्यू र क्लेबृहरूले विशेष गरेर म्होदो/म्हुता (जोखना) हेरेर भविश्य बताउँछन् । जोखना हेर्ने तरिकाहरु पनि विभिन्न छन्; जस्तै खण्डुम्हुता (राखिएका बस्तुलाई छुन लगाएर त्यसको स्वभाव र महत्वको आधारमा हेरिने) जोखना हो । छ्यु म्हुता (पानीमा हेरिने) जोखना हो । चि म्हुतां ल्हो (वर्ग), पर्गा (दिशा), मेवाकेवा आदिको आधारमा हेरिने जोखना हो । ढुल्दो म्हुता पाटीमा धुलो छरेर लेखेर हेरिने जोखना हो । यी दुबै गुरूहरूले जोखना मात्र हेर्दैनन्; संस्कार एवम् कर्मकाण्ड जन्म र मृत्यु हुँदा गर्छन् । क्लेबृ र पच्यूले मृत्यु संस्कार मिलेर गर्छन् । पय लवा अर्घु गर्दा थालनी पच्यूले गर्छ भने विसर्जन क्लेबृले गर्छन् । प्येमा उल्लेख भएअनुसार पच्यूहरूका गुरूहरु पूर्वका स्यार/वैदा पच्यू हुन् पश्चिममा न्हुँ पच्यू/वनवा/पोंदल पच्यू हुन्, दक्षिणका चाल्मै पच्यू हुन् भने उत्तरका सिन्धु म्हेन्दु क्वोंलु पच्यू, पगडलु पच्यू नमत्हें नमतिय पच्यू, आकाशको मूर्ले पच्यू, घर्तिको सर्ले पच्यू, ललु पच्यू, ङिहलु पच्यू ,सारदों पच्यू लगायत् आफ्नो कुल पितृका गुरूहरु र स्थानीय सिल्दो नाल्दो न्हिमारछें हुन्छन् भने क्येर्लोमा उल्लेख गरिएअनुसार क्लेबृका गुरूहरूमा आः गुरूः सत्य साँचो कर्तब्य पालन गर्ने, ज्याहेनः गुरूः गुरूः ज्ञान र कर्तब्य पालन गर्ने, उग्र्यन गुरू, च्यितमः गुरूः विज्ञान पालन गर्ने गुरू, स्या हो ग्यालवुः पूर्व दिशाको प्रबन्धक गुरू, ल्योदो ग्यालवुः दक्षिण दिशाको गुरू, न्हुदो ग्याल्वु पश्चिम दिशाको प्रबन्ध गर्ने गुरू, च्हयों द्योग्यालवू उत्तर दिशाको प्रबन्ध गर्ने गुरू साथै क्लेबृका आआफ्नो कूल पितृ र स्थानीय देउदेवता सिल्दो नाल्दो गुरूहरु हुन् । क्लेबृ पच्यूहरूलाई संस्थागत प्रशिक्षणको अभावमा उनीहरूको ज्ञान अझै परम्परागत नै देखिन्छ । क्लेबृ पच्यूको संस्कार संस्कृति चिनका नाखी र टु जातिको संस्कार संस्कृतिसँग मिल्दो जुल्दो छ भनी जे.एफ रोकले लेख्नु भएको छ । पच्यूहरूले प्रयोग गर्ने सरसामानहरु ऱ्हाल्वो ल्हरें ङ्हकुस्योंकु नौतों प्ह्या (डांफे मूनालका प्वाँख), रात्मोरूँ (घोरालको सिँग), खोंग्रे च्ह्या ढोट (चराको ठोंट) प्रो (घलेक), ङह/एक पाखे ढयाङग्रो), शत्त, वाघको दाह्रा, नङ्ग्रा, तोंसी म्रुहु (दुम्सीको काँडा) त्होर्जे आदि हुन् भने क्लेबृका सरसामानहरु ऱ्हाल्वु (पगडी), रिङ/उरग्यानीः आदि पञ्चवुद्धको मुकुट, प्लेनमें (काठको चरा), स्वोंग्या कोंई (लामो, कालो जामा) ङह (एक पाखे ढयाङग्रो), शत्त, स्यों (घण्टी), फूर्वा आदि हुन्छन् भने वोनलामाको ढ्याङग्रो दुईपाखे हुन्छन् । उनीहरूको कपडा बख्खु, शंकु, ऱ्हाल्वु, दोर्जे र पुस्तक हुन्छन् । पच्यू क्लेबृ र लामाको स्वरूपबारे आ(आफ्नै प्ये (शास्त्र)

मा बर्णन गरिएको छ । क्ल्हेबृ र पच्यूहरुको ५० भन्दा बढी संस्कारगत त्हैं (यज्ञ) छन् भने १०० भन्दाबढी अध्ययनका मिथक प्ये (शास्त्र)हरु छन् । प्येका डाँरा (अध्याय) हरुमा विभिन्न प्रसङ्गका कथाहरु छन् भने त्हैं (यज्ञ) मा प्रयोग हुने विषयबस्तु सरसामानहरुको बारेमा र त्यस बस्तुको उत्पत्ति बारेमा बर्णन गरिएको छ । क्ल्हेबृ र पच्यूले त्हें (यज्ञ) मा कुनै पनि विषय र बस्तु तथा पशुकृषि प्रयोग गर्नुभन्दा पहिले त्यस बारेमा औचित्य र उपदेयता साथै उद्देश्यको विषयमा प्ये खेसी (शास्त्र) पढ्नु पर्छ । समग्रमा भन्नु पर्दा पच्यू क्ल्हेबृहरु ङो मैं (प्रकृति र प्राकृतिक उपचार विधिमा) सँग सम्बन्धित छन् । उनीहरुले जीवात्मा र मृतात्मासँग भेटाउने प्लह सवा र तन्त्रमन्त्र गरी भूतप्रेत धपाउने, नियन्त्रण गर्ने स्वस्ति शान्ति गर्ने, चोखो निस्तो गर्ने संस्कार र कर्मकाण्डहरु गर्छन् ।

पच्यूहरुको गुरूघर फैम्रो/फलिप्रो महर्स्यो हो भने क्ल्हेबृको लिप्रो (लुब्रा) म्हर्स्यो र लामाको नारलाई मानिएको छ । तमू तीनवटा गुरूघरहरुको नाममा तमू प्येल्हु सङ्घले क्होइवो धींको नाममा पनि "फलिना" क्होइवो भनी राखेका छ । पच्यूहरुले स्रमसेछारा, सेतीसों र कोर्कली म्हर्स्योका भूतप्रेत मसानसँग सङ्घर्ष गर्ने क्षमता राख्नुपर्छ । क्ल्हेबृ र पच्यूको त्हेंहरु आ(आफ्नो महत्वका छन् । पच्यूको प्रमुख त्हेंहरु प्रों प्रों त्हें, छयोवा त्हें, म्हों सि त्हें हुन् भने क्ल्हेबृको थासो त्हें, सुर्लु त्हें, त्हुर्लु त्हें, ङहसिं त्हें लगायत् विभिन्न छन् । पच्यू र क्ल्हेबृका अधिकांश प्ये डाँराहरु समान छन् भने केही प्ये डाँराहरु विभिन्न छन् । क्ल्हेबृ पच्यूले बाचन गर्ने प्येहरु तमू भाषामा आफ्नै जातिको प्ये ताँ ल्हु ताँ हुन् । यसमा तमूहरुका परम्परागत ज्ञान, शिप, दृष्टिकोण र सामाजिक ब्यवहारको सम्पूर्ण विवरण छ । गुरूङहरुको उत्पत्ति र वंशावलीको सम्पूर्ण विवरण छन् । गुरूङहरुको उत्पत्ति र वंशावलीको बारेमा प्येमा कु सें (नौ ब्याख्या), सोसें (तीन ब्याख्या) र प्लगी (चार घर) बारेमा गुरूङ जाति र समुदायको विषय तर्कपूर्ण ब्याख्या छ । तमू समुदायकोबारेमा हिन्दु अभिमतका राज्य ब्यवस्थाले गरेका ब्याख्या र वंशावलीहरु काल्पनिक र जातीय इतिहाससँग मेल नखाने किसिमका छन् । तमूका ऐतिहासिक सस्कृतिलाई जगेर्ना गरी तमूका समुचित उत्थान गर्नकोलागि गुरूङ पुरोहितहरुको अध्ययन गर्न जरूरी छ । गुरुम्पुरोहितहरु अति नै महत्वपूर्ण छन् ।

५.२ हिन्दुकरणले ल्याएको परिवर्तनहरु

तमू समुदाय आफ्नै धर्म, संस्कृति र भाषाको पहिचान भएको आदिवासी जनजाति हो । यिनीहरुको आफ्नो निश्चित भूभाग भौगोलिक क्षेत्र छ । यस क्षेत्रलाई तमूवान् भनिन्छ । संविधान सभाको "राज्य पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले प्रस्ताव गरेको मस्यौदा प्रस्तावमा भावी नेपालका सङ्घीय संरचना १४ चौध प्रदेश रहने छ भनी गरेको प्रदेशमध्ये तमूवान्ले प्रवेश पाइसकेको छ । यो सम्पूर्ण तमूहरूलाई गौरवको विषय हो । डा. हर्क गुरूङ लेख्नुहुन्छ("तमूवान् क्षेत्रमा १६ औँ शताब्दीको सुरूदेखि हिन्दु आर्य धर्ममा विश्वास राख्ने ठकुराइको प्रवेश सन् १५०१ मा स्याङ्जा भीरकोटबाट भएको हो"। त्यसपछि ५/६ सय वर्षभित्र तमूलगायत् नेपालका आदिवासी जनजातिहरु माथि हिन्दु संस्कार(संस्कृतिको ठूलो प्रभाव रहेको छ । यसको परिणामस्वरूप सन १५५९ मा गोरखामा द्रब्यशाहले गुरूङ राजा थानसिंह क्ल्हेलाई मार्न सफलता प्राप्त गरेर तमूराज्य विस्थापित गरे । यसभन्दा पहिले ५८ वर्षसम्मका समयमा गण्डकी प्रदेशमा रहेका विभिन्न गुरूङ राज्यहरूलाई दलबलले एक(एक गरी समाप्त पारिएको थियो । क्रमैसँग राज्यहरु हरण हुँदै गएपछि तमू धर्म संस्कृतिका मूल्य मान्यता र विश्वासहरु परिवर्तन गर्दै लगे । राज्य पक्षबाट अनेक प्रकार जनजातिका धर्म, संस्कृति प्रतिकूल ऐन, सवाल, नीति नियम हुकुम हुँदै गए । तमू नाम थर लगायत् विभिन्न मिथक कथाहरु जो गुरूङ जातीय पहिचानसँग कतै नमिल्ने अङ्भङ्गे प्रकारका गराए जस्तै क्ल्हेलाई घले, लेमलाई लामीदान्या, लमलाई लामा कोनलाई घोताने, प्हच्युलाई फज्यू, क्होललाई खुलाल त्हारलाई दर्लामि आदि यी केही उदाहरणहरु मात्र हुन् । हाल तमूहरूको नाम थर लगायत् मूल्य मान्यता र विश्वासहरु हिन्दुकरण भैँ अमरको विषय प्रकारका भैसकेको छ ।

हिन्दुकरण गर्नमा त्यसबेलादेखि यसबेलासम्मका गुरूङ ठुलाबडा जो राज्य ब्यवस्थामा सहभागी थिए ती तमूहरूको पनि महत्वपूर्ण भूमिका थियो । जङ्गबहादुर राणाले लागू गरेको वि.सं. १९१० को मुलुकी ऐन जसको उद्देश्य नेपालका सम्पूर्ण जनजातिलाई सानो ठूलो जातपातमा वर्गीकरण गर्नु रहेको थियो । सो ऐनमा सही थाप्ने २१२ जना भारदारहरूमध्ये तीनजना लप्टान लक्षमान गुरूङ, सुबेदार जगतसिंह गुरूङ र सुबेदार गम्भीर गुरूङ थिए । हिन्दु धर्मका जातीय भेदभाव,

असमान पेसा, छुवाछुत नमान्ने, महिला पुरूषमा भेदभाव नगर्ने जातीय प्रथामा भेदभाव नभएका समाजमा हिन्दुधर्म र संस्कृति अनुरूप बनाउनका लागि सन् १५३७ मा कास्कीका शाही राजा कुलमण्डल शाहका पण्डित भोजराज घिमिरेले तमू जातिको जसरी नक्कली र जाली वंशावली र झुटा मिथकहरु बनाई प्रचारप्रसार गरेर अशिक्षित र चेतनशील नभएका तमू समाजमा दीर्घकालीन फुट र लुटको प्रभाव हालसम्म पनि यथावत् कायम छ ।

तमू समाजलाई हिन्दु धर्म संस्कृतिले पिरोलिरहेका विभिन्न उदाहरणहरु यसरी प्रस्तुत गर्न सकिन्छ । सन् १८०८ को गीर्वाणयुद्धविक्रम शाहको पालामा जारी भएको लालमोहर जसमा १० किसिमको कर्मकाण्डमा बाहुन पुरोहित लगाउनु पर्ने र जातीय संस्कारमा पच्यू क्ल्हें लगाउने निर्देशन यो जसले पालन गर्दैन त्यसलाई मैलो बर्णको गुरूङ र जसले बाहुन पुरोहितद्वारा कर्मकाण्ड गराउँछ त्यो सुकिला बर्णको गुरूङ हुनेछ भनी विभेद गरियो । पुनःउनको पालामा सन १८१६ को ताम्रपत्रमा आइन्दा कर्मकाण्डमा उपाध्य बाहुन नै लगाउनु पर्ने हुकुम जारी भयो । यस आदेशको गुरूङ समाजमा निकै विरोध भयो । परिणमस्वरूप सन् १८१८ मा बाहुन पुरोहित नलाउनेलाई विवाह गर्दा, मर्दा विधुवा विवाहबापत् "चाक चाकुइ मोरो अपुतली" कर तिनुपर्ने प्रावधान राखियो । यसको पनि ब्यापक विरोधका कारण त्यही वर्ष लालमोहरद्वारा लमजुङमा सबै गुरूङले चाक चाकुइ तथा मरो अपुतली कर तिर्न नपर्ने र मर्दापर्दाको कर्मकाण्डमा जातीय पच्यू क्ल्हेबृबाटै स्वस्ति शान्ति गर्न पाउने भए । जातीय सवालका कर्मकाण्डमा बाहेक हिन्दु कर्मकाण्ड र संस्कारमा बाहुन नै राख्नु पर्ने पुनः सन १८२६ मा ताम्रपत्र भएको थियो । यसरी हिन्दु राज्य र धर्मप्रति गुरूङ समाजले पटकपटक झमेला बेहोर्नु परेको थियो । राज्य ब्यवस्थाको कारण तमू समाजमा पनि साना(ठूलाको विवाद रहिरह्यो । सन् १८२८ को आदेशअनुसार सबै तमू जुनथरका भएतापनि सामाजिक दृष्टिकोणमा समान छन् अव आइन्दा चारजात र सोह्र जात शब्द प्रयोग बन्देज गर्नुपर्ने भयो । सन् १८६७ को लालमोहरमा सबै थरका गुरूङ समान भएकाले जसले सानोठूलाको कुरा उठाउँछ त्यसलाई त्यसबेलाका रू. २०/((बीस) जरिमाना गर्ने दण्ड ब्यवस्था भएको थियो । चन्द्रशम्शेरको पालामा पनि सन् १९२१ को भारदारी फैसलाले सबै थर उपथरका गुरूङ जाति समान छन् र गुरूङ जातमा ठूलो सानो छ भन्ने सन् १९११ मा थर गोत्र प्रवरावलिक लेखक

सिखरनाथ सुवेदीलाई रू २०/(बीस) जरिवाना गर्ने र सो पुस्तक जफत गरिनेजस्ता विभिन्न ऐन कानून, सवाल, लालमोहर ताम्रापत्र थिए । सामन्ती राज्य ब्यवस्थाले गुरूङहरु सानो(ठूलो छैन सबै समान छन् भनिएतापनि गुरूङ समाजमा जातीय विभेद छ भनि स्वदेशीविदेशी विद्वानहरु लगायत मानवशास्त्री/समाजशास्त्रीलगायत् संस्कृतविद्हरूले आआफ्नो लेख रचनाहरूमा अझै पनि लेखिरहेका छन् । कारण तमू समाजमा परेको हिन्दुधर्म, संस्कृति र राज्यको नीतिले गर्दा हो । तमू जातिमा हिन्दुको प्रभाव पर्नुको कारणहरु बर्णब्यवस्थाको सिद्धान्तमा कर्म होइन जन्म ठूलो भन्ने धारणा, धर्म र शिक्षा हिन्दुहरूबाट सिक्नु पर्ने बाध्यता, वैदेशिक रोजगारीको प्रभाव आदि प्रमुख गरेका छन् । तमूहरूको धार्मिक आस्थामा हिन्दुहरूको प्रभाव राज्य ब्यवस्थाले सघायो । आउने समयमा देश विदेशका गुरूङ सामाजिक संघ संगठनहरूले आफ्नो मोलिक पहिचानको निधि प्ये ताँ ल्हु ताँमा आस्था बढाएर समतामुलक समाजको लागि चेतना फैल्याउनु पर्दछ ।

५.३ क्रिस्चियनीकरणले ल्याएका परिवर्तनहरु

धर्म एउटा स्वतन्त्र विचार र सिद्धान्त हो । विश्वका जुनसुकै धर्मले पनि मानवीय भावना विपरीत गएर आफ्नो विचार र ब्यवहार गर्न सकेको छैन । धर्म विचार भएका हुनाले मानिसको स्वविवेक र ज्ञानले यसको उन्नति हुन्छ । कुनैपनि धर्म एउटा ब्यक्तिको स्वतन्त्र विचारले अङगिकार गर्न सकिन्छ । तमू समाजका ब्यक्तिहरूमा पनि इसाई धर्मप्रति आस्था राख्नेहरु निकै देखिन्छन् । इसाइ धर्मले गुरूङ समाजमा खासै नकारात्मक प्रभाव पारेको छ जस्तो लाग्दैन । तमूहरु परम्परादेखि विदेशी भूमिमा नै भएर आफ्नो रोजगारी गरिराखेको हुनाले विदेशी जीवनशैली संस्कृति र मूल्य मान्यताको प्रभावमा परेर आफ्नो देशमा उपलब्ध हुने सानातिना पेसा ब्यवसाय गर्न मन पराउँदैन । विदेशमा गएर छिटो छरितो धन पैसा कमाउने मोजमज्जा गर्ने संस्कृति तमू समाजमा ब्यापक रूपमा देखा पर्छन । अन्यको देश जति राम्रो भएतापनि अन्तमा एउटा नागरिकको हैसियतले आफ्नै देश र जनताको सेवा गर्नुपर्ने प्रत्येक नागरिकको कर्तब्य हो । हो उनीहरु विदेश गएर कमाइ गर्छन् पैसा ल्याउछन् यो राम्रो हो । यसलाई सदुपयोग गरेर विदेशी भूमिमा सिकेका सीप र ज्ञानको आधारमा आफ्नै देशको उन्नतिमा आफ्नो वुद्धि

विवेक र मेहनत खर्च गर्नु पर्छ । नेपालीहरु कुशासन र गरिबीको दुष्चक्र देखि माथि उठ्न नसकेको अवस्थामा क्रिस्चियन धर्मले लोभ देखाएर आफुतिर तानेका प्रमाण नेपालमा छन् । हालमा नेपालको विभिन्न ठाउँहरुमा गिर्जाघरहरु निमार्ण भैरहेका छन् ।

५.४ तिब्बतीकरणले ल्याएका परिवर्तनहरु

तिब्बत नेपालका उत्तरी सीमानामा पर्ने छिमेकी राष्ट्र हो । नेपाल र तिब्बतबीच भौलिक कठिनाइका कारणले गर्दा भारतसँग जस्तो सुगम आवत्जावत् नरहे तापनि आफ्नो छिमेकी देश भएकाले तमूहरुको तिब्बतसंग परम्परा देखी अथवा ऐतिहासिक काल देखि सामाजिक र धार्मिक सम्बन्ध रहेको छ । तमू पनि हिमाली मूलका तिब्बती बर्मेली भाषा समूह अर्न्तगत्का जनजाति भएकाले तिब्बती धर्म संस्कृतिले नेपालमा र विशेष गरेर तमू समुदायमा यसको प्रभाव ब्यापक रहेको छ । तिब्बतबाट वोन धर्म मान्नेहरु धपिए पछि नेपालमा प्रवेश गरे भन्ने पनि इतिहास छ । "प्ये अनुसार तमू भाषाको आधार छौं (चौं) कुई हो चों (छो) भन्ने ठाउँ तिब्बतको शङ प्रान्तमा पर्दछ" डा. हर्क गुरूङ पृष्ठ ४, तिब्बतसँग तमूहरुको धार्मिक, आर्थिक तथा सांस्कृतिक सम्बन्ध रहेका थिए । तिब्बतको झाङ्यो घाँटी हुँदै तमूहरुले पशुपालन विशेष गरेर भेडापालन सुरु गरेका थिए । वौद्धधर्म आउनु अगाडि नै गुरूङ दक्षिणतिर पसिसकेका थिए । तमू पुर्खाहरु मुस्ताङ, मनाङ र गोरखाको बाटो हुँदै नेपालमा प्रवेश गरेका कथाहरु छन् । हिमाली क्षेत्रमा तिब्बती लामावादको प्रभाव छ ।

तमूहरुको धार्मिक आस्थामा दक्षिणबाट हिन्दुहरुको प्रभाव राज्य ब्यवस्थामा जसरी पऱ्यो त्यसरी नै उत्तरबाट पनि परेको छ भनि डा हर्क गुरूङले ग्यासम्दोको अनुभवबाट प्रष्ट गर्न सकिन्छ भनी लेख्नुहुन्छ "गासुम्दो भनेको ठाउँ वर्तमान मनाङ जिल्लाको तीन गाउँको इलाका हो" । यस्को दक्षिण लमजुङ पूर्व नपसी पश्चिम थाकखोलाबाट आउने बाटोको सङ्गम स्थल हो । त्यहाँका कोहँ (मुखिया) ताजे गाउँका घले हो । ताजे गाउँका घले मुखियाले २०० वर्ष पहिलो बगरछापमा केरूङको भोटेहरुलाई बस्न अनुमति दिएको थियो । त्यस बस्तीमा प्रत्येक बसन्त ऋतुमा घलेहरुको पूजामा क्ल्हेबृले मृगको भोग दिने परम्परा

थियो । त्यस परम्परामा सहभागी जनाउनका लागि भोटेहरूले पनि कुखुराको भोग दिनु पर्थ्यो । दशैँमा घले मुखियालाई भेडा चढाउनु पर्दथ्यो । यो परम्परागत सम्बन्ध थियो । सन् १८५९मा तिब्बतबाट जब दलाई लामासहित धेरै तिब्बतीयनहरु निर्वासन भए । त्यसपछि नेपालका उत्तरी क्षेत्रमा विशेष गरेर भोटखोलामा धेरै लामाहरु शरणार्थीको रूपमा शरण लिन आए । त्यसमध्ये ग्यासुम्दोमा आएका लामा निकै प्रभावशाली थिए । ती लामाले थो (पशुबलि सेवा) बन्द गराए । लामावादको देखासिकी गरी ताजे क्लेबृहरूले समेत बसन्त ऋतुको मृग बलीबाहेक अन्य सामाजिक संस्कार र कर्मकाण्डमा थो सेवा (पशुबली दिने) त्याग गरे । ग्यासुम्दोको यस घटनाले वोन धर्मवादी गुरूङ र लामावादी तमू बीचको ऐतिहासिक अन्तरविरोध र शास्त्रीय प्रतिस्पर्धाको सुरूवात गराएका थिए । हाल आएर तमू समाजमा लामा वौद्धमार्गि ब्यापक देखिन्छ ।

तिब्बती इतिहासअनुसार सन् ७७० मा सामे गुम्वामा गुरू पद्मासँग वोनहरु शास्त्रमा विवाद भएपछि वोनहरु नेपाल र मंगोलियातिर निर्वासित गरिए । यसरी निर्वासित हुने क्रममा वोनहरूले आफ्नो शास्त्रहरु नष्ट गर्नु परेका दुखद घटना छन् । तिब्बतमा वोनवादी राजा लाङर्दमाको हत्या पछि उनीपछि तिब्बतमा भएका शासकहरु वौद्ध लामावादी थिए । तमूहरूमा पनि तिब्बती लामा वौद्ध धर्मप्रति आस्था राख्नेहरु उल्लेख्य छन् । हो धर्म स्वतन्त्र भएका हुनाले राम्रो धर्ममा जो कोही लाग्न सक्छ । लामावाद राम्रो होला तर भाषा, संस्कृति र सामाजिक सम्बन्धका हिसावले, पहिचान र मौलिकताको दृष्टिकोणमा तिब्बतीयन लामावाद तमूको पहिचान हुन सक्दैन । तमू धार्मिक तथा सामाजिक सङ्घ संस्थाहरूले २०/३० वर्ष देखि विभिन्न गोष्ठी भेला तथा सम्मेलन गरी मिलनविन्दु खोज्न प्रयास गरका छन् तर मिलनविन्दु अझै स्थापित भएको छैन । पच्यू संस्कार भनेका मन्त्रबाट प्रेरित हो । क्लेबृ संस्कार भनेको तन्त्रबाट प्रेरित संस्कार हो र लामा संस्कार सूत्रप्रधान हुन् भन्ने मान्यता स्थापित भएका छन् । तापनि शहरबजारमा बस्ने, हुनेखाने र धनी गुरूङहरूले आफ्नो पहिचानको सांस्कृतिक मौलिकताको कुनै परवाह नगरी तिब्बती लामावादमा आफ्नो साधनस्रोत लगाउँछन् र आस्थामा विश्वास राख्दछन् । तिब्बती लामावादको प्रभावले कालान्तरमा गएर गुरूङ पहिचानमा प्रभाव पर्न सक्छ । सिद्धान्त/शास्त्र हरायो भने संस्कार लोप हुन्छ । संस्कार गरिएन भने संस्कृतिको संरक्षण गर्न सकिँदैन । संस्कृति भएन

भने मानिसको पहिचान र परिचय लोप हुन्छ भनिएकाले समयमै गुरूङहरु आफ्नो मौलिकता र गौरवताकालागि लाग्ने छन् भन्ने आशागर्न सकिन्छ ।

५.५ सांस्कृतिक जीवन

तमूहरू प्रकृतिका पूजक हुन् । आफ्नो कुलपितृ पुज्ने, स्थानीय देवी देवतालाई मान्ने, ब्रह्माण्डमा कुनै अदृश्य शक्ति छ भनी ईश्वरमाथि आस्था र विश्वास राख्छन् । जनजाति भएका हुनाले उनीहरूको सांस्कृतिक चाडपर्वहरु पनि सोही अनुरूप देखिन्छन् । संस्कृतिको साधारण अर्थ मानिसको जीवनमा जन्मदेखि मृत्युसम्म गरिने यावत् कार्यहरु र मृत्युपछि पनि मुक्तिका लागि गरिने कामनाहरु हुन् । संस्कृति भन्नाले भाषा, धर्म, संस्कार, चाडपर्व ,लवाइखवाइ र जीवनशैली आदि पर्दछन् । तमू संस्कृति चाडपर्व विशेष गरेर ल्होछार, ट्हो त्हें, बैशाख पूर्णिमा गरिने वायो (कुलपितृ) पूजा, चण्डी देउराली, न्हामो (खर्क खर्चरी) पूजा, नमरू पूजा, जेष्ठ महिनामा गरिने गैडु (गोठ) पूजा, सिल्दो पूजा, नमरू पूजा, आषाढ १५ (पन्ध्र) मा खेतमा चढाउने पूजा, साउने सङ्क्रान्तिमा लुतो फाल्ने, राँको बाल्ने, फैलु कुललाई चोखो जाँड चढाउने, नाग पञ्चमीपछि नाँचगान गर्ने र मादल र बाजाहरु बजाउन छुट दिन्छन् । मौलोमा अथवा गाउँले राखेको कोटमा खीर चढाउने र त्यसपछि मात्र पूजाआजाहरु चल्छ । साउन महिनाको अन्तिम मङ्गलबार गाउँ रक्षाको लागि ट्हो त्हें गर्छन् । भदौ महिनामा खेतबारीमा हरेलो पूजा गर्छन् । यस पूजालाई सेरप्रान्हुर्प्रा (सम्पत्ति पूजा) पूजा पनि भनिएको छ । आश्विन महिनामा हातहतियार र कृषि औजारको पूजा हुन्छ । हिन्दुहरूको प्रभावले गर्दा दशैँ तिहार पनि मनाउँछन् । कार्तिक महिनामा ह्योंखु क्षेखु धीं बार (घर रखबार) यसमा पच्यू क्ल्हेबृहरूले थाकु, मोंकु, चैकु, रीकु र ट्हीकु, ह्योँकु क्षेखुका पूजा गर्छन । मंसिरमा स्थानीय सिल्दोनाल्दोको रूपमा पुज्ने झाँक्री, भयाँर र गोठमा शिकारी पूजा गर्छन् । पौष १५का दिन तमू ल्होछार धुमधामसँग मनाउँछ । पौष १५ मा चाम्रे/खिचडी खाने नयाँ अन्नहरु खाने, मिठो परिकारहरु बनाइएको ठाउँमा भेला भै सहभोजन गर्ने शुभकामना आशिमलाँ आदनप्रदान गर्ने आदि गर्छन् । माघ महिनाको पहिलो दिन माघे सङ्क्रान्तिमा कुलपितृ फैलुलाई प्हः फुई कैफुइ दिएर पूजा गरेपछि वनतरूल खोजेर खान्छन् । श्री पञ्चमीमा आर्थिक कारोबार आर्थिक वर्षको रूपमा मनाउछन् । घाटु नृत्यको सुरूवात्

गर्छन । गोरूको बछेडालाई हलोजुवामा राख्छन् । बोकालाई खसी बनाउछ । गोरूको बहारलाई पनि खसी बनाउछ । हालसार गर्ने भनि गोरू जोत्छन् । गाइबस्तु बेचबिखन गर्ने लेनदेन गर्ने, भैरव मैखीको पूजा गर्ने र श्रीपञ्चमीपछि नयाँ वर्ष लागेको विश्वास राख्दछ । फागुन पूर्णिमामा धनुषकाँड, बर्क्षा (भाला) चलाउने प्रतियोगि गर्ने चलन थियो । आजभोलि गुरूङ समाजमा लोप भएको छ । थकालीहरूमा यसको ब्यापकरूपमा चलन छ । चैत्र महिनाको पहिलो मङ्गलबार ट्हो त्हें गाउँको रक्षाको लागि पूजा हुन्छ ।

गुरूङ समाज आफैमा सामुदायिक भावनामा आधारित र यसका ह्याँकोर (आर्थिक क्रियाकलाप), नोगर (श्रमिक ब्यवस्थापन), रोधी (युवायुवतीहरूलाई सामाजिकीकरण र प्रशिक्षण गर्ने), छोंज (गाउँठाउँमा केही विवाद र अन्तरविरोध रहेमा सुल्झाउनको लागि), क्हौंइबो धीं (धार्मिक संस्कार सांस्कृतिक कार्य गर्न), क्ल्हे धीं/क्रोंहो धीं (गाउँ बस्तीमा शान्ति सुरक्षा र सामाजिक मर्यादा पालन गर्नका लागि), आदि परम्परागत आफ्नै मौलिक ब्यवस्था अन्तरगत् सामाजिक आर्थिक, सांस्कृतिक र धार्मिक क्रियाकलाप र चाडपर्वहरु निर्धारण हुन्थ्यो । तमू राज्यको पहिचान विशेष गरेर आफ्नो गाउँ ठाउँसँग जोडिएको थियो । यसको तुलना प्राचीनकालका रोम र ग्रिकमा भएका नगरराज्यसँग तुलना गर्न सकिन्छ । त्यहाँ नगरराज्य ९ऋष्तथ क्तबतभ० थिए भने तमूवान क्षेत्रमा परम्परागत रूपमा विभिन्न ठाउँहरूमा गुरूङका गाउँराज्य थिए । अझै पनि गुरूङ प्येमा क्ल्हे प्ये र ह्युल (गाउँका) छया (रितीथिती) बलियो किसिमका हुन्छ । त्यस्तै जस्तो लमजुङमा शाहहरूले गुरूङ गाउँ राज्यलाई हत्याए पछि शाहीको निति गुरूङ थिति अनुसार राज्य गरेका थिए । थितिरीतिमा गुरूङ जाति इमान र जमानीका पक्का हुन्छन् । गुरूङ राज्यहरण भएपछि हिन्दु आर्यहरूले धर्म, संस्कृति, साहित्य र दर्शनमा आफ्नो अनुकुलतामा ब्याख्या गरी गुरूङ मौलिकता र पहिचानमा विचलन सृजना गरेका धेरै प्रमाण पाइन्छन् ।

(क) घाँटु

घाँटु नृत्य गुरूङ समुदायको संस्कृति झल्काउने नृत्य नाटिका हो । यो नृत्य प्रा. डा. जगमान गुरूङको भनाइअनुसार "अङ्गचालनद्वारा अभिनय गरिने एक ऐतिहासिक

नाटिका हो" । घाँटु नृत्यको कथा दुःखान्त घटनामा आधारित रहेतापनि गुरूङ गाउँ बस्तीहरूमा उत्सवकै रूपमा नचाइन्छन् । यो नृत्य माघ शुक्ल पञ्चमी (श्री पञ्चमी)मा सुरू भै बैशाख शुक्लापूर्णिमा (चण्डी) पूर्णिमामा चण्डी देउराली थानमा गएर विर्सजन गरिन्छ । बैशाख चण्डी पूर्णिमामा गुरूङहरूले मृत्यु भएका तर पय (अघुँ) नगरिएका मृतात्माहरूको सम्झनास्वरूप पूजी राखिएका वायो थानमा पूजा गर्छन् । वायो पूजामा कुखुराको भाले अथवा बोका काटेर भोक दिन्छन् । आजभोलि शहरबजारमा बस्ने गुरूङहरूले घाँटु नृत्यलाई बैशाख पूर्णिमामा सेलाउने हुनाले वौद्ध पूर्णिमासँग जोड्छन् । घाँटुगीतमा प्रयोग भएका भाषा नेपाली भाषाको आदि रूप अपरिष्कृत जस्मा केही मैथिली, भोजपुरी र गुरूङ भाषासमेत मिसिएका शब्दहरु छन् । घाँटुगीत गुरूङ भाषाका लय ९च्जथतज्ञ) मा गएको सुनिन्छ ।

घाँटु नाटिकाको कथा पात्रहरुः मुख्य नायक र नायिका पश्रामु (परषुराम) कालु शाहको छोरा प्रताप शाही र रानी पम्फावती (अम्बवती) उनीहरूको डेढ वर्षीय छोरा वालकृष्ण लगायत् कालु पण्डित, ब्राहमण, जैसी (ज्योतिषी) ठोके, द्वारे, सैनिक, पाँछ (पञ्च), घोडा ,हात्ती, आइरे कुकुर परेवा, सुगा विरालो आदि घरेलु, पशुपक्षिको पनि उल्लेख छ । पश्राम्रु र पम्फावती कुन जाति थिए प्रष्ट उल्लेख छैन घाँटु गितमा शाहिज्यू भनिएबाट शाही थरका भन्ने बुझिन्छ । प्रा.डा.जगमान गुरूङ लेख्नुहुन्छ "घाँटुको कथाबस्तु, भेषभूषा र यसको गीतमा प्रयुक्त भाषाको सन्दर्भहरूले यो नृत्यनाटिका विक्रम संवत १६ औँ शताब्दीतिरका नेपाली जनजीवनको झलक प्रस्तुत गर्छ" । परशुराम प्रतापशाही लमजुङका थिए/रानी पम्फावती पाल्पाका थिइन । घाँटुगीतमा पश्रामु (परशुराम)को विवाहको जन्ती रतनपूर, विजुलीपुर र रामपुर बाटो भै रानीको पटाङ्गिनीमा पुगेको प्रसङ्गबाट यो ठाउँ पाल्पाको रामपुर हो भन्ने बुझिन्छ ।

राजा रानीको विवाह भेसकेपछि घाँटु गीतमा खेतीपाती गर्ने पशुपालन गर्ने धानखेत रोप्ने वनमा शिखार खेल्न जाँदा धनुषकाँड चलाएको वनमै बस्ने कुसुन्डा कुसुन्डीहरूसँग घेटभएका बर्णनहरु छन् । कुसुण्डा कुसुण्डी खण्डको गीतमा घाटुनीहरु तन्त्रमन्त्रले लठ्ठ भए तिनीहरूले गर्ने व्यवहार झल्काउने अभिनय गर्छन् त्यसबखत घाँटुनीहरूलाई जिस्काउन हुन्न भन्ने विश्वास रहेको छ । घाँटु

नृत्यको वर्गीकरण बाह्रमासे र सती गरी दुई किसिमका छन् । बाह्रमासे घाँटु बाह्र महिना नाँच्न सकिने घाटु भएका हुनाले घाँटु भन्नाले विशेष गरी सती घाटुलाई मानिन्छ र सतीघाटु विधिपूर्वक परम्परागत रूपमा नचाइने घाँटु हो । यो घाँटु निश्चित तिथिमितिमा जुरने, नजुरने र सरस्वती (देवी) चढ्ने नचढ्ने, घाउ खटिरा नभएकी, कुकुरले नटोकिएकी, सर्पले नडसिएकी ढिकी, जाँताले हात खुट्टा नथिचिएकी अङ्गभङ्ग नभएकी शुद्ध कुमारीकन्या विशेष गरी नौ ९ वर्षदेखि १२ (बाह्र) वर्षमुनिका कन्या केटीहरूलाई छानेर घाटुनी चयन गर्छन् । घाँटुनी चयन गर्दा कुनै गाउँमा दुइवटी रानी र एउटा राजाको अभिनय गर्न तीन ३ घाँटुनी नचाउको देखिन्छन् । कुनै गाउँमा एक रानी र एक राजाको अभिनय गर्ने २ दुई घाँटुनी नचाइन्छ भने आँधीखोला पेल्काचौर ४, ५, ६ , ७, ८, ९ जना घाँटुनी देखियो । कास्की राम्दीमा ४ जना घाँटुनी नाँचेको देखियो । गोरखा भच्चेक, लमजुङ पसगाउँ, घलेगाँउ, नाल्मा र तनहुँ क्यामिन, फिरफिरेमा तीन ३ घाँटुनी नचाइएको देखियो । तनहुँ, मकवानपुर, सातमूहाने देउराली समाजले नचाइएको घाँटोमा ७ घाँटुनी नचाइएको देखियो । यस्तो किन भयो भनी सोधनी हुँदा आ(आफ्नो गाउँ ठाउँका प्रचलन हो भनि भनेका थिए ।

सतीघाँटु गीतको मुख्य कथामा परिवत (पर्वत) लोहाँसुरको मैदानमा जुजे (युद्ध) पऱ्यो, मडप पऱ्यो, धान पऱ्यो, लुँड पऱ्यो । वुधबारको दिनमा पश्राम्रु राजा लडाइमा परी इन्द्रासन (बीरगति) प्राप्त भयो भनी उनका घोडा र हातहतियार बियार (दरबार) पुऱ्याइन्छ र रानीलाई राजा इन्द्रासन (स्वर्ग) पुगेको समाचार सुनाउँछन् । रानीले पत्यार मान्दिनन् । अन्तमा रगतले भिजेको राजाको पगरी देखेपछि राजा मृत्यु भएकै रहेछ भनि रानी यम्फवतीले आफ्नो स्वामीराजा सँगै सती जान्छु भन्छिन् । रानीलाई सतीजान रोक्छन् तर मान्दिनन् । ९ वर्षको वालक वालकृष्णलाई जिम्मा लगाएर सती जाने जित गर्छिन् । यसरी रानी मर्स्याङदी नदी किनारमा बनाइएको चितामाथि चढेर आफूलाई जिउँदै डढाउँछिन् अर्थात् सती जान्छिन् । बसन्त ऋतुमा गाइने बसन्त रागको दुःखान्त कथामा सतीघाँटु आधारित छ । यो कथामा उल्लेख गरिएको सांस्कृतिक परम्परा तमू समाजमा छैन । कुनै तमू महिला लोग्ने मर्दा सती जाने परम्परा विलकुल थिएन र छैन । यसबाट के बुझ्न जरूरी छ भने डा. हर्क गुरूङले भनेअनुसार जनजातिहरूको पुर्ख्यौली थलोकिलो हिन्दु शासकहरूले सैनिक र हातहतियारका

छलफलबाट हत्याएका थिए भने सस्कृतिमा वौद्धिक ढङ्गले हिन्दुकरण गरिएका थिए । घाँटु कथाका विषयबस्तुले हिन्दु आदि संस्कृति कसरी तमू समुदायमा वुद्धि लगाएर घुसपैठ गरियो भन्ने प्रमाण दिन्छ । घाँटुको कथामा उल्लेख गरिएझैं गुरूङ महिलाको लोग्ने मृत्यु भएमा सती जाने चलन छैन तर कतै कतै देवारले भाउज्यू ब्योहोर्ने चलन थिए । सानै उमेरमा विधुवा भएमा पुनः विवाह गर्न सामान्य मानिन्छ । गुरूङ (तमू) महिलाको लोग्ने मृत्यु भएतापनि आफ्नो घर परिवारमा पूर्ण स्वतन्त्र भएर बस्छन् । घाँटु गुरूङ संस्कृतिमा हिन्दुधर्म संस्कृतिको प्रभाव कसरी परेको छ भन्ने राम्रो उदाहरण हो । वर्तमान स्थितिमा गुरूङ संस्कृतिबाट घाँटुलाई अलग हो भन्ने स्थिति विलकुल छैन । यो गुरूङ संस्कृति र नेपाली संस्कृतिको अभिन्न अङ्ग बनिसकेको छ । यहाँनिर एउटा अनौठो प्रथाको रूपमा घाँटु सेलाउन जाँदा घाटुनीहरूलाई जिउँदो लाशको रूपमा भैया (पुरूष) हरूले बोकेर शव यात्रा गरे झैं गरी सेलाउने प्रचलन विश्वमानै अनौठो प्रकारको छ । नेपालमा नेवार समुदायमा जिउंदो देवी कुमारी प्रथा छ भने तमू संस्कृतिमा जिउंदो घाटुनीलाई लाश बनाउने प्रथा रहेको देखिन्छ । यसबाट के देखिन्छन भने जनजातिहरूलाई देउता र मृतात्मा बनाएका छन् । राज्यले मानवीय मूल्यमा आधारित नागरिक हक अधिकार दिने क्रममा देवता र लाश बनाए पछि जे जसरी माने पनि पुजे पनि राज्यको खुसी हुन्छन् भन्ने अर्थमा पनि बुझ्न सकिन्छ ।

बाह्मासे घाँटु बाह्रैकाल अभिनय गरेर नाँचने नाँच हो । तमू समाजको परम्पराअनुसार जात नमिल्ने पानी चल्ने जातसँग विवाह भएर त्यस विवाहको सामाजिक वैधानिकता प्रदान गर्न भात पानी चलाउनु पर्दा, सामाजिक मुद्दामामिला (करणी, गौहत्या, गोत्रहत्या, मित्रहत्या) को आरोप लागेमा गाउँका मुखिया (क्होहो) भद्रभलाद्मी (म्हिक:म्हिज्यू) भेला भएर सभा शुद्धगर्न घाटुनी मारूनी नचाई जाँडपानी खाएमा पवित्र (शुद्ध) हुन्छ भन्ने थिति थिए (गुरूङ, २०३४) । बाह्मासे घाटु गाउँठाउँमा विशेष उत्सवहरूमा, चुडाकर्म गर्दा, पुटपुटेमा, विवाहमा कृय र पय (अघुँ) उम्केको दिनमा स्वस्ति शान्ति गर्दा, घर प्रतिष्ठा गर्दा मानवपदवी प्राप्त हुँदा फूलपाती लगाइ दिँदा, वाघ मार्दा, ठेलो जित्दा आँगन्तुक पाहुना स्वागत गर्दा आजभोलि ग्रामीण पर्यटकहरूलाई आफ्नो संस्कृति देखाउँदा अनौपचारिक ढङ्गमा चाहिन्छ । यो हर्ष व्यक्त गर्दै मनोरञ्जन प्रदान गर्नका

लागि नचाइन्छ । यसको गीतको भाका नै फरक हुन्छ । यसलाई चम्केभाका (छिटो) गीत गाई मादलको र मुजुराको तालमा नचाइन्छ ।

घाँटुनीहरूको भेषभूषा, कालो छिटको खोपिन हालेको गुनियो, मखमलको लामो चोली, पनेलाको टिकिस, नैनसूतको सेतो वा नीलो पटुकी, स्यामा घलेक र मलिनाको पछ्यौरा मिलाएर लगाँउदछन् । कपाल कोरिएको तर पछाडि फिजाएर छोड्छन् । कानमा च्याप्टे सुन, नाकमा फूली बुलांकी, शिरमा शिरबन्दी, झोक, शिरफूली, गलामा मुगाँको माला, सुनका कण्ठमाला, नौगेडी, हमेल (अफर्सीको माला), हातमा सूनका बाला रैंया, काँचको चुरा औंलामा बेरूवा औंठी असर्फीको औंठी धनमय औंठी इत्यादि किसिम किसिमका गहनाहरु ल्गाउंछन् । खुट्टामा जुत्ता लगाउदैनन् । शीरमा सेतो कपडा बाँधी त्यसमा भुटेको धानको लावा सिउरी विलपट्ट भन्ने मुकुट बनाई लगाउछन् । राजा हुने र रानी हुने घाटुनीहरूको विलपट्टको बनावट फरक हुन्छन् ।

घाँटु गीतको भाका र लयको दृष्टिकोणमा यलल भाका, ढिले भाका र चम्केभाका गरी तीन थरीका हुन्छन् । यलल भाकाको गीतमा स्वर लामो तन्काई थपडी र मादल केही नबजाई गाउछन् । यस भाकामा घाटुनीहरूलाई देवी चढाउने, देवीको पूजापाठ गर्ने कुलपितृको पूजापाठ सिल्दोनाल्दो स्थानीय देवी देउरालीदेखि भाकेर सम्पूर्ण देवदेवीहरूलाई पुकारिन्छ । घाँटुनीहरु पलैंटी मारेर नाँचछन् अर्थात् देवदेवीहरूलाई पुकारिन्छ । देवी चढेमा झूल्छन् । ढिलेभाकामा थपाडि र मादल बजाउँछन् यस भाकामा घाँटुका विभिन्न अभिनयहरु हुन्छन् । यसै भाका अन्तरगत घाँटुका कथाबस्तुमा आधारित नाटिका प्रस्तुत हुन्छन् । चम्केभाकामा घाँटु हेर्न आउनेहरूलाई मनोरञ्जन प्रदान गर्न छिटो गीत गाई नचाउँछन् । यसलाई झोडा पनि भनिन्छ । झोडामा विशेष गरेर घाटुनीको पहिरान नलगाई साधारण पहिरनमा नाचिन्छ । घाँटु गीत एकदुईले मात्र गाउँन सक्दैनन् । एकजना गुरूवा अथवा गुरूआमालाई सघाउनका लागि १०/१२ जनाको समूह (गर्रा) हुन्छन् । घाँटु गीत चण्डी पूर्णिमामा सेलाएपछि श्रावण सङ्क्रान्तिसम्म गाउन हुँदैन भन्ने विश्वास रहेको पाइन्छ । बाह्रमासे घाटुमा परम्परागत गीत गाइँदैन ।

घाँटु गीतमा प्राकृतिक संरक्षण गर्नु पर्छ । पानी (जल) लाई पवित्र राख्नु पर्छ । नदी तीर्थस्थल हुन् । हिमश्रृङ्खलाहरु पवित्र स्थल हुन् भनी देउचुली वरचुली, हिमालचुली गङ्गाचुली बचाउनु पर्छ । नेपालको हिमाल, पहाड र मधेशलाई आत्मसाथ गर्दै राष्ट्रिय एकताको सन्देश घाँटु नृत्यको सन्देश हो । किनभने गुरूङ समुदायले घाँटु नाँच नचाउँछ तर त्यस घाँटुमा त्यस क्षेत्रका सम्पूर्ण जातजातिहरूले मनोरञ्जन लिन सक्छन् । घाँटु नृत्य वर्तमान अवस्थामा पूर्णरूपले गुरूङ संस्कृतिको अभिन्न अङ्ग बनेको छ । कारण यो नृत्य गण्डकी क्षेत्रमा बसोवास गर्ने अन्य जनजाति दुरा, मगर, कुमाल र तामाङहरूले पनि नचाउँछन् भनिए तापनि गुरूङ समुदायले मात्र नियमित नचाएको देखिन्छ ।

(ख) सोरठी नृत्य

सोरठी नृत्य तमूवान् क्षेत्रमा बसोवास गर्ने मुख्य जनजाति गुरूङ, मगर र दुरा जातिमा प्रचलित विभिन्न लोक नृत्यहरु मध्ये एउटा हो । सोरठी नाँच गुरूङ र मगर बस्तीहरूमा विभिन्न उत्सव, चाडपर्व, अवसर र हर्षवडाइमा नचाइन्छ । यो नृत्य साउनेसङ्क्रान्तिमा गाउँघरमा परम्परागत रूपमा मादल बजाउन छुट भएपछि अथवा नाग पञ्चमी पछि सुरू भएर माघ, फागुनमा श्रीपञ्चमीमा सरस्वती पूजा गरी विर्सजन गर्छन् । सोरठी नाँचको नामकरण सम्बन्धमा विभिन्न अड्कलबाजी गरेको भेटिन्छ । कसैले सौराष्ट्र अथवा सोरठ भारतबाट नेपालमा आयातित नाँच हुनाले सोरठी भएको हो भनेका छन् । सोरठी नाँचको विभिन्न पर्यायवाची नामहरु पनि भेटिन्छन् । सोरठीलाई स्याङजा र तनहुँमा "नचरी" पाल्पामा "नाँचन्या/करङनाँच" गोरखामा पाङदुरे नाँच र केही ठाउँमा मादले नाँच पनि भन्ने गर्छन् । केशरजङ वराल लेख्नुहुन्छ ("सोरठी नाँचको सो ताल र सोहाङ्गा भएकाले सोरठी भनिएको हो" । यो सोह्र सिँगार र सोह्र संस्कारसँग सम्बन्ध राख्ने नाँच हो भन्ने देखाउँछ । सोरठी नाँचको विभिन्न हाँगा र खण्डहरु हुन्छन् । प्रत्येक खण्ड र हाँगाका आआफ्नै परम्परा विधि(विधान, लय र तालसुर छन् । यसलाई विभिन्न चरण भनिन्छ । जस्तै नाँचको प्रारम्भमा सरस्वती वन्दना र गुरूवन्दना खण्ड हुन् । त्यसपछि क्रमैसँग जन्म खण्ड, शिकारखण्ड, जोगीखण्ड, विवाहखण्ड र विदेशखण्ड आदि हुन् । प्रत्येक खण्डमा मारूनी र फुर्सुङ्ले गीत र मादलका तालअनुसार अभिनय गर्दै नाँच्छन् । शिकार खण्डको बीचबीचमा जोगी निकाल्ने

भाका हुन्छ । यसमा मारूनीहरु भिख मागेको अभिनय गर्छन् ।

सरस्वती र गुरूवन्धना खण्डमा गुरूबाले मादल बजाई ढोकन राखिन्छ । ढोकन भनेको मादलको विभिन्न ताल र लय मिलाएर बजाउने एक प्रकारको रागातत्मक मादलको साङ्गीतिक धून हो । यसको ताल सुन्दा शास्त्रीय सङ्गीतको मिठो ध्वनिजस्तो लाग्छ । सरस्वती र गुरूवन्धनको रूपमा मादलको ताल मिलाएर राखेको ढोकनमा सोरठी नाँचनेहरु र केही वयस्क पुरूषहरूमा झाँक आई कामेको देखिन्छ । यसरी कामेको हेर्दा काम्नेहरूको शरीरमा एक प्रकारको कम्पनले तिनीहरूको सबै शरीरको अङ्ग प्रत्यङ्ग थरर कामेको देखिन्छ । काम्नेहरु गुरूबाले बजाएको मादलकै तालमा काम्न छाड्छन् । कामिसकेपछि मादललाई ढोग्दै गुरूलाई प्रणाम गर्छन् । लोकगायक कृष्ण गुरूङका अनुसार सोरठी नाँचमा कृष्ण चरित्र नचाउने प्रचलन तमू समाजमा घनपोखरा, लमजुङ निवासी माकुरूङ गुरूङ र नरजङ गुरूङले गरेका हुन भनेका छन् । सोरठी नाँचका मुख्य कथापात्रहरु राजा जयसिङगे, रानी हेमन्ती, सोरठी रानी, पण्डित विजय जैसी, कुमाले माँझी आदि छन् । सोरठी गीतमा हेमन्ती रानीले आफ्नो जन्मजात शिशुलाई षड्यन्त्रको मारमा पारि परित्याग गरिएको शोकमा आधारित हृदय स्पर्शी कथामा आधारित छ । छोटकरीमा सोरठी गीतको कथा यस प्रकार रहेको छ ।

सोरठी गीतको मुख्य कथा बस्तु जयसिंह राजा र हेमन्ती रानीको कथामा आधारित छ । जयसिङ्गे राजाका विभिन्न रानीहरु थिए । तिनीहरु कसैबाट पनि सन्तान भएका थिएनन् । अन्तमा कान्छी रानी हेमन्तीबाट बतीसै लक्षणले युक्त कन्याको जन्म हुन्छ । राजाको जेठीरानीलाई सौताबाट जाय जन्म भएकोमा ठूलो ईर्ष्या हुन्छ । ईर्ष्याका कारणले राजदरबारको पण्डित विजय जैशीलाई धनलोभमा पारेर कन्या सात मूलमा परेकी मूल्य हो यसलाई दरबारमा राख्यो भने मूल ग्रहले धन सम्पत्ति मात्र हैन वंशको नै नाश हुन्छ भनी राजालाई झुटा विवरण सुनाउँन लगाउँछिन् । राजालाई सुनाइसकेपछि राजाले विजय जैशीसँगै समाधानको उपाय गर्न भन्दछ । जैशीले एक मूलले सात महिनामा बावुको मृत्यु गराउँछ । अर्को मूलले श्रीसम्पत्ति, धनसम्पत्ति सबै विनाश गराउँछ भनी झुटो जानकारी गराउँछ । यस दोषबाट मुक्त हुनका लागि नवजात कन्यालाई जति छिटो हुन्छ त्याग्ने सल्लाह दिन्छन् । पण्डित विजय जैसीको सल्लाहअनुसार राजाले आफ्नो प्राण

भन्दा प्यारी छोरीलाई सुनको सन्दुकमा सम्पाटले बेरेर सन्दुक बन्द गरेर नदीमा लगेर बगाइदिन्छ । यसरी सुनको सन्दुकमा राखी नदीमा बगाइएका राजकन्यालाई माछा मार्न गएका माझीले फेला पारी आफ्नो झुपडीमा ल्याएर लालनपालन गरी हुर्काउँछन् । राजकन्या अत्यन्तै सुन्दर र राम्री भएकाले दिन प्रतिदिन हुर्किदै जाँदा उसको सौन्दर्यको बर्णन एक कान दुई कान मैदान हुँदै चारै दिशा फैलिन्छ र राजाको कानमा पनि कन्याको सौन्दर्यको बर्णन पुग्छ र कन्या हेर्न पुग्छन् । कन्याको सुन्दरताले राजा मोहित हुन्छ । राजाले माझीसँग विवाहको प्रस्ताव राख्दछ र तर अन्तमा त्यो सुन्दर कन्या कोही नभएर आफ्नै छोरी हुन् भन्ने चाल पाउँछ । चाल पाएपछि पश्चातापले राजा जोगी भएर वनिवास हुन्छ । यस कथाले समाजमा रहेका ईर्ष्या, लोभ र मोहको परिणाम राम्रो हुँदैन भन्ने नैतिक सन्देश प्रदान गर्दछ ।

सोरठी नाँच ऐतिहासिक नृत्य भएका हुनाले यसको विभिन्न भेद छन्; जस्तैः १ कृष्ण चरित्र धार्मिक २ रामायण चरित्र नैतिक ३ सोरठी सौन्दर्य र ४ ख्याली मनोरञ्जन आदि छन् । सोरठी नाँचमा नृत्य गर्नका लागि एउटा युवा फुर्सुङ्गे बनेको हुन्छ भने दुइवटा युवा महिलाको भेषमा मारूनी बनेका हुन्छन् । सोरठी नाँच मादलको ताल मिलाउने बित्तिकैमारूनी बनेकाहरु फुर्सुङ्गेलाई बीचमा पारेर दाँया वाँया नाँच्न थाल्छन् । नाँच्दा दायाँ(वायाँ ढल्किंदै कहिले शिर निहुन्याई त कहिले एउटा हात कम्मरमा, एउटा हात शिरमा राखी सलामी तालमा अगाडि(पछाडि दायाँवायाँ सर्दै गोलाकारमा घुम्दै कम्मर मर्काई(मर्काई हातखुट्टा र शरीरका अङ्ग प्रत्यङ्ग चलाएर अभिनय गर्दै नाँचछन् । प्रत्येक चरण अथवा खण्डको गीतको उठान गर्दा नाँच्नेहरु घुँडा टेकेर टुक्रुक्क बसेका हुन्छन् । गीत र मादलको तालमा गीतअनुसार कहिले मारूनी अगाडी त कहिले फुर्सुङ्गे अगाडी जुरूक्क उठेर नाँच्न थाल्छन् ।

सोरठी नाँचमा मादल र गीतको गुरूबाको निर्देशनमा नाँचने फुर्सुङ्गे, मारूनीहरूलगायत् अन्य मिलेर १०/१५ जनाको गर्रा टोली बनेर नचाइन्छ । गुरूबाहरूले गीतको बोल र मादलको ताल सुर निकाल्छन् । परम्परागत रूपमा सोरठी नाँचमा एकजोर मादल बजाउँछन् भनिए तापनि आजभोलि २/३ जोर मादल बजाएर नाँच्ने गरिन्छ । मादलको साथमा मजुरा (झ्याली) पनि बजाउँछन् । सोरठी नाँचका

सबै कलाकार पुरूष रहेतापनि आजभोलि महिलाहरु पनि समावेश देखिन्छन् । फुर्सुङ्गेको पहिरान भोटो, आस्कोट र सेतो कपडाको घाँगर, फेटा (साफा/पगरी) गलामा चाँदीको हमेली लगाएका हुन्छन् भने मारूनीले महिलाको घाँगर कम्मरमा सेतो, हरियो, नीलो, पहेँलो, पटुकी अगाडि झुम्का पारेर झारिएको, मखमलको चोली, शिरमा पछाडि पारेर कम्मरमा बाँधेको मजेत्रो, गलामा कण्ठिमाला, सुनचाँदीका गरगहना पाउँमा चादीका रैयाँ, हातमा सुनको बाली औँलामा औँठी लगाएर नाँच्छन् ।

सोरठी नाँच नाँच्ने विभिन्न खण्डका तालहरुमध्ये ख्याली ताल जोशिला पारामा सै सै भन्दै उफी(उफ्री नाँच्छन् । गीतमा स्यानीय देवदेवताको वन्धन लगायत् अनेक प्रकारका हाँस्यब्यँङ्ग पनि प्रस्तुत हुन्छ । गीतको शब्द सुन्दा आदिकालको नेपाली हिन्दी, मैथिली शब्दहरु जस्तै सुनिन्छ । ख्याली गीतमा "हामराई सोरठी रानीको जीवन मदिमा मिसिजाने हो भने । हाँसौँ खेलौँ मरी लाने के हो ?" तितराको मासु कडुवाको तेल, जति भुट्यो उति चाम्रो, हामराई सोरठी रानी जति हेरयो उति राम्रो ..... लोक गायक तथा सङ्गीतकार कृष्ण गुरूङ भन्नु हुन्छ "सोरठी ताललाई लोक बाजाको सबैभन्दा उत्तम ताल मानिन्छ । यो ताल दुई किसिमका हुन्छन् लामीताल र चल्तीताल लामीताल सात मात्रका र छोटीताल चारमात्रको तालमा मादल बजाइन्छ । छोटीताल ज्यादै फुर्तिलो हुन्छ र नाँच्नेहरु पनि चम्केर नाँच्छन् । लामीतालमा बेलाबेलामा बस्ने उठ्ने र उफ्रेर नाँच्छन् । सोरठी नाँचमा राग, झ्याउरे र ख्याली मिसिएका हुनाले लोक नृत्यहरुमध्ये मनोरञ्जनात्मक नृत्य हो । ग्रामीण समाज जहाँ आधुनिकताका किरणसमेत पुगेका थिएनन् । त्यसबेला लोक नृत्य, गीत, सङ्गीत, ग्रामीण समाजमा रहेका लोभ, दोष, राग माया मोह, ईर्ष्या, क्रोध कलात्मक ढङ्गमा प्रयोग र प्रकट गर्ने माध्यम थिए । आजभोलि आधुनिकताले गर्दा आयती संस्कार संस्कृतिले गर्दा आफ्नै मौलिक पहिचान र विशेषता बोकेको ऐतिहासिक संस्कृतिले गर्दा आफ्नै मौलिक पहिचान र विशेषता बोकेका ऐतिहासिक सांस्कृतिक धरोहरु दिन प्रतिदिन लोप हुँदै छ । यसलाई संरक्षण र सम्बर्धन गर्न लागि युवा वर्गमा जाँगरण ल्याउन अति आवश्यक छ । यसका लागि शैक्षिक पाठयांशहरुमा जनजातिका संस्कृति झल्काउने अंशहरु राख्न पर्ने हुन्छ ।

(ग) छ्याङू (सेर्का)

मानिसहरुको जीवनलाई सार्थक बनाउका लागि जीवनचक्र (भवचक्र)लाई दुई मात्रमा बर्णन गर्न सकिन्छ जस्तै जन्मदेखि मृत्युसम्म घटित घटनालाई लयात्मक ढङ्गमा बर्णन गर्नको लागि सृजना गरिएका गीतलाई (ह्योंकोई) भनिन्छ । मृत्यु भएपछि मृतात्माका भवचक्रको गीतलाई सिर्कोइ (स्यारक्वे) भनिन्छ । छ्याँङू गुरूङ संस्कृतिको धरोहर हुनुका साथै मौलिक पहिचान भएका गुरूङ सांस्कृति तथा संस्कारमा आधारित नाच हो । यो नाच विशेष गरी मृत्यु संस्कारमा अघुँ (पय) गर्दा नाचिन्छ । छ्याँङुलाई लमजुङतिर गुरूङहरुले सेर्का नाँच पनि भन्ने गर्दछन् । यस नाँचको मुख्य उद्देश्य मृतात्मालाई पूण्य प्राप्त होस् भन्ने रहेको छ । तमू नासट्हो (गुरूङ गाउँ बस्ती) मा बसोवास गर्ने सबै नरनारीहरुको कल्याण होस, प्राकृतिक सन्तुलन नविग्रियोस, सामाजिक सम्बन्धहरु, सहकार्य र सामुहिकतामा आधारित होस् प्रत्येक ब्यक्तिले आ आफ्नो कार्य सम्पन्न गरोस्, स्थानीय देवीदेवताहरु यथास्थानमा पूज्य रहोस्, अन्न पानीले, धनसम्पत्ति भरिपूर्ण रहोस् जस्ता कामना रहेका भावपुर्ण गीतहरु (स्यारक्वे) लयात्मक ढङ्गमा प्रस्तुत हुन्छ । छ्याँङु नाँच मुख्य गरी मृत्यु संस्कारमा नाँचे तापनि गुरूङहरुको संस्कृति बोकेको आफ्नै मौलिकतामा आधारित भएको हुनाले त्यसलाई सामाजिक सभा(समारोहमा प्रयोग गर्न सकिन्छ । छ्याँङु नाँच सुरू हुनुभन्दा अगाडि पुरोहित अथवा छ्याँङुको टोली प्रमुखले छ्याँङु नाच्ने उद्देश्य र उपादेयताबारे देवपितृलाई पुकार गर्दै मन्त्रोचरण गर्नुपर्छ यसको उद्देश्यहरु जस्तै मृत्यु कार्यमा नचाइन्छ भने मृतात्माले मुक्ति पाओस्, बाटो पाओस्, स्वर्ग पाओस् दुरात्मा नहोस् सत्तात्मा बनोस् आदि जस्ता भावार्थ भएका पद्यात्मक मन्त्र फलाक्दै स्यर्ग त्हौं दु (ढोलक) लाई, छेलेंलाई पूजा गर्नु पर्छ ।

यदि छयाँङु सभा समारोहमा नचाउने हो भने त्यही अनुस्रपका भावार्थ रहेका मन्त्रोत्चारण जस्तै हाम्रो मायाले गाउँ बस्तीमा रोगब्याधी नलागोस् कुनै नरनारीहरुको मति नविग्रियोस्, प्राकृतिक सन्तुलन कायम रहोस् र स्थानीय देवीदेउराली देवता सिल्दोनाल्दाका यथास्थानमा पूजी रहोस् सबै मानव कल्याण गर्नमा यो सभा सफल रहोस् भन्ने भावार्थका साथ टोली नेता तथा पच्यू क्लेहेबृ लामाले पूजा गर्नुपर्छ । कूलपितृ, स्थानिय देवी(देवता (सिल्दोनाल्दो) क्लेहेसोंदी ह्सिसोंदीसँग

क्षमा पूजा गरेर मात्र त्हौंदु (हेर्गा) छेलैं (भ्याम्टा) बजाउनु पर्छ । मृत संस्कार र उत्सव संस्कारमा नाचिने गित, ताल र लय फरक फरक हुन्छन् ।

छ्याँडु नाँचमा विशेष गरी गुरूपुरोहित गाउँका म्हित्र म्हिचिवः मै (भद्रभलाद्मी) तथा रिमै म्होमै (महिला तथा सज्जनवृन्द), फ्ँमै र रिमै (युवायुवती) तथा शुभचिन्तकहरु आ-आफ्नो भेषभुषामा सामेल भएर नाचे पनि मुख्य गुरूको तालमा र लयात्मक भावात्मक गीतामा नाच्छन् जस्तै उदाहरणको स्मा एउटा पच्यू गुरूको काम के हो भनी सोधनी हुन्छ । पच्यू गुरूको काम दोषदोषालो मन्छाउने पन्छाउने र स्वस्ति शान्ति गरेर बस्ती बसाल्ने अथवा यज्ञ स्थापना गर्ने कार्य हुन् भनी अर्को टोलीको गर्राले भन्छन् । यस्तै क्ल्हेबृ गुरूका काम के हो ? एउटा टोलीका गर्राले सोधनी हुँदा अर्को टोलीका गर्दाले चोखो निस्तो गर्नु हो भनी लयात्मक ढङ्गमा बर्णन गर्छन् । यस्तै विभिन्न सामाजिक सम्बन्धहरु जस्तै त्ह मै (दाजुभाइ), नेव मै (परिवार), अस्यौं मै (मावली), ङे मै (सम्धासम्धी), म्हो च्हमी मै (छोरी जवाँई), फ्रें छमैं मै (गाउँका युवायुवती), म्हि क्रैं म्हिचिव मै (भद्रभलाद्मी), ल्हंव फिवः (देवीदेवता) देखि लिएर प्राकृतिक संरक्षण, पर्यावरण संरक्षण, सांस्कृतिक, समाजिक सु-सम्बन्ध कार्य गर्नका लागि ब्यक्ति र संस्थाको भूमिकाहरु के के थिए, के भए, के होला भनि भूत, वर्तमान, भविश्य सम्मका बर्णन भएका विभिन्न गीतहरु समावेश भएका सांस्कृतिक नाँच भएको हुनाले गुरूङहरुको महत्वपूर्ण सम्पत्तिको धरोहर हो । वर्तमान परिस्थितिमा शहरीकरण, आधुनिकीकरण र पश्चिमीकरणले गर्दा हाम्रो तमूहरुको संस्कृति विस्तारै लोपोन्मुख भएको छ । तमूहरुले हाम्रोपनलाई संरक्षण गर्न सकेन भने आउँने पिढीलाई आघात पुग्ने छ ।

(घ) तमू ल्होछार

ल्होछार तमू (गुरूङ) जातिको सामाजिक पर्व हो । ल्होछारको अर्थ नयाँ वर्ष हो । प्रत्येक वर्ष पुष १५ (पन्ध्र) का दिन देश विदेशमा रहनु भएका सम्पूर्ण तमू जातिले उत्साहपूर्वक ल्होछार पर्व मनाउछन् । ल्होछार पर्व प्राकृतिक विधीविधान र सौर्यमण्डलको गति संग सम्बन्धित छ । तमू चि (ज्योतिषशास्त्र) अनुसार बाह्रवटा पशुपंक्षिको नाममा बाह्र वर्षको एउटा ल्हो कोर (वर्गचक्र) हुन्छ । यही ल्होकोर

अनुसार प्रत्येक वर्ष पौष पन्ध्रका दिनमा ल्हो (वर्ग) फेरिन्छ । यस वर्ग चक्रअनुसार वर्ग फेरिने दिनलाई ल्होछार नयाँ वर्ग अथवा नयाँ वर्ष भन्दछ । ल्होकोर अर्थात वर्गचक्रमा समावेश रहेका पशुपक्षिहरु क्रमैसंग तः (घोडा), ल्हु (भेंडा), प्रः (वाँदर) च्ह्या (चरा), खिः (कुकुर), फो (मृग), च्यु (मुसा), ल्वों (गाई), तो (वाघ), ह्वीं (विरालो), सप्छि (सर्प/नाग), मुप्छि (गरूड/ड्रागन), आदि छन् । तमू चि (ज्योतिषशास्त्र) अनुसार शुभ(अशुभ गणना गर्दा ल्हो (वर्ग) मेवा कु (नौ ज्योतिष अंक) र पार्ग (आठदिशा चक्र) को आधारमा गणना गर्दछन् । प्रत्येक ल्हो (वर्ग) मेवा (अंक) र पार्ग (दिशा) को आ(आफ्नो तत्व हुन्छ ती तत्वको आधारमा मानिसका लक्षण थाहा पाउन सकिन्छ ।

तमू ल्होकोरको आधारमा कुन ल्हो (वर्ग) मेवा (संख्या)संग कुन मित्रता र कुन शत्रुता हुन्छ भन्ने कुरा हेर्नको लागि पार्ग (कुण्डली) मा आठवटा दिशाचक्र हुन्छन् । यस आठवटा दिशाचक्रको पनि आ(आफ्नो तत्व हुन्छन् जस्तै मि (आगो), छ्यू (पानी), च्यो (फलाम), सिँ (काठ), ह्यू (आकाश), खैँ (हावा), स (माटो र त्हो (पर्वत) हुन् । ल्हो (वर्ग) अनुसार मानिसको उमेर गनेर त्यसलाई वर्ग चक्रमा भिडाएर राम्रो नराम्रो जुरने नजुरने शुभ अशुभ केलाएर सामाजिक कार्य तथा मृत्यु संस्कारहरु गर्दछन ।

तमू ल्होछारमा नयाँ वर्गले सूर्यको गतिलाई पछ्याउँछ । सूर्य पृथ्वीको दक्षिणी गोलार्धको मकर रेखा पुगेर उत्तरी गोलार्धको कर्कट रेखा तिर फर्किने दिन गुरूङ तमू भाषामा ङि खोर अथवा ङिहमादुँवामा ल्होछार पर्व मानिएको छ । जव सूर्य उत्तरायण हुन्छ त्यसदिन देखि पृथ्वीको उत्तरी गोलार्धमा सूर्यको किरण सोझिन थाल्छ । अथवा रात छोटो दिन लामो हुँदै जान्छ । आषाढ १५ गते रात छोटो दिन लामो हुने दिन हो भने पुस १५ रात लामो दिन छोटा हुने दिन हो । प्रा. डा. जगमान गुरूङको मत अनुसार तमू ल्होछार पूर्विय वेदाङ्ग वैदिक संवत र पश्चिमेली खगोल शास्त्री एवम् भूगोलविदहरूले भने अनुसार ३० डिसेम्बरका दिन छोटो रात लामो हुन्छ भन्ने मान्यताको नजिक पर्दछ । प्रत्येक धर्म समुदायको नयाँ वर्ष फेरिने तिथिमितिका दिनहरु आ(आफ्नै छन् । जस्तै जनवरी पहिलो तारिख इसाई धर्म अनुसार नयाँवर्ष मान्छन् । विक्रम संवत अनुसार बैशाख १ गते, चीनियाँ संवत अनुसार फेब्रुअरीमा नयाँवर्ष मनाउँछन् भने आश्विन महिनामा

नेवार जातिको भिन्तुना मनाउँछन । नेपालका विभिन्न जात जातिहरुका आ(आफ्नै उत्सव र पर्वहरु छन् । तिब्बती समुदायको तोला ल्होसार, सोनाम ल्होसार र ग्याल्वो ल्होसार छन् । तमूजातिले मान्ने पर्व पुष १५ लाई तमू ल्होछार भनिन्छ । यस दिनलाई तमू संस्कृती अनुसार जीवन साथी रोज्ने प्रेम दिवसको रूपमा हेर्ने गरिएको पनि छ । गुरूङहरुमा ल्होसार लेख्ने कि ल्होछार लेख्ने भन्ने सवाल रहेकाले तिब्बति भाषाको ल्होसार शब्द गुरूङ भाषामा तद्भव भएको ल्होछार शब्दनै उचित हुन्छ भन्ने प्रा.डा जगमान गुरूङको भनाई रहेको छ । तमू ल्होछारको सांस्कृतिक, सामाजिक, प्राकृतिक र आर्थिक विशेषताहरु छन् ।

ल्होछार पर्व प्राकृतिक गतिसंग सम्बन्धित रहेको हुनाले र अनादिकालदेखि रहेको हुनाले यो कहिले देखि शुरू भयो तिथिमिति निर्क्योल भएको छैन । वर्ग परिक्रमा पृथ्वीले सूर्यलाई परिक्रमा गर्दा दाँया देखि वाँया घुमे जस्तै ल्होकोर (वर्ग चक्र) परिवर्तनको क्रमपनि दाँया देखि वाँया घुम्छ । लहरा पनि थाँकोमा माथि चढ्दा दाँया देखि वाँया घुमेर माथि चढ्छ । ल्हो परिर्वतन पुष १४ गतेका मध्यराती गुरू पुरोहितहरुले स्वस्ती शान्ति पूजा गरी शुरू गरिन्छ । पूर्विय मान्यता अनुसार सूर्य उदय संगै दिन प्रारम्भ मानिएको हुनाले ल्होछार पनि सूर्य उदय संगै सुरू हुन्छ भन्ने मान्यता पनि छ । ल्होछार प्रकृतिसंग सम्बन्धित भएको हुनाले यसमा मानव जीवन असल हुनाको लागि प्राकृतिक जगत (पर्यावरण) असल हुनुपर्छ भन्ने सन्देश छ ।

ल्होछारको अवसरमा राति १२ बजे पच्यूले छ्योबा त्हें, क्ल्हेबूले थासों त्हें र लामाले छ्यू त्हें गरेर स्वस्ती शान्ति, सहसाधन र आयू साधन गर्छन । श्रद्धालुहरुलाई गुरूपुरोहितहरुले पुरूषलाई नौसरो नौ गाँठो (ख्येकु) को नाममा र महिलालाई सात सरो सात गाँठो (माङि)को नाममा फ्हैरू/रूपा/रिपा (बेसार र खरानीमा रंगाएको धागो) गलामा बाँधि सुख शान्ति, धन, मान र स्वास्थ्य लाभ होस भनि आशिमलाँ (शुभकामना) गर्छन । अन्य जनसमुदायले एक आपसमा आशिमलाँ भन्दै शुभकामना आदन प्रदान गर्छन । यो धार्मिक विश्वासका विशेषता हो ।

तमू ल्होछारका सांस्कृतिक पक्ष महत्वपूर्ण रहेका छन् । साधारणतय संस्कृति

भन्नाले मानिसको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण मानवीय क्रियाकलाप पर्दछन् । संस्कृतिले जातिको मौलिक पहिचान दिन्छ । संस्कृतिको रङ्ग देशको माटो देखि मानिसको मुटुसम्म मुछिएका हुन्छन् । सास्कृतिक स्पर्श पाउन साथ जडप्रकृतिमा पनि जीवन्त हुन्छन् । ऋतु, तिथि, मिति साथै महिनाहरु उत्सव बनेर आउँछन् ।

तमूहरूले एक ल्होकोर (वर्गचक्र) नपुगेका वाल वालिकाहरूलाई नावालक मान्दछन् । उनिहरूलाई, सामाजिक, धार्मिक, सांस्कृतिक र कानूनीरूपमा जिम्मेवार मानिदैन । १२ (बाह्र) वर्ष पुगेपछि छोरीलाई ङे विवः (गुनियो चोली दिने) सामाजिक समारोह गर्दछन् भने छोराको क्वः प्छिवः (क्षेवर) गर्छन् तर यसमा एकरूपता छैन । तमूहरूले ल्हो (वर्ग)को आधारमा सामाजिक सम्बन्ध मित(मितिनी लगाउछन । ल्हो (वर्ग) कै आधारमा वैवाहिक सम्बन्ध जोडछन् । परम्परागत रूपमा तमू जातिको वैवाहिक सम्बन्ध ङोलस्यो (मामाचेली) र ङोलो (फुपुचेला) बीच तय हुन्छ तर आजभोली यो चलन छाड्दै गएको पाइन्छ । ल्होको आधारमा शुभ(अशुभ साईत हेर्ने, लगन जुराउने आर्थिक कारोवार गर्ने, जग्गा जमिन किन्ने घर बनाउने, बस्तुभाउ किन्ने, खेतिपाति लगाउने ,नयाँ अन्न खाने र कसैलाई केही दिनु र लिनु पऱ्यो भने ल्हो (वर्ग)को आधार नै लिइन्छ ।

ल्होछारको महत्वपूर्ण विशेषता सामुदायिक भावनामा आधारित भएकोले त्यस दिन स्योकैं (सहभोजन) आयोजना गर्छन । उहिले गाउँ ठाउँका यूवायूवतिहरूले विभिन्न चाडपर्व, उत्सव र अवसरमा मिलेर जम्मा गरेका पैसा तथा एक आपसको सहभागिता उठाइएका खाद्य सामाग्रिहरु जम्मा गरी गाउँका सबै मानिसहरु एक ठाउँमा जम्म भै एकै ताउलोमा पकाएको सहभोजन गर्ने सामुदायिक भावनामा आधारित सामाजिक विशेषता हो । यस सहभोजनमा सये क्ल्हे (भुमिको मालिक), त्होये क्ल्हे (मौलाको मुखिया), म्हिग्रेचोक (भद्रभलादमी), ङ्हिमाये क्ल्हे (ज्योतिष), ह्योंदोये क्ल्हे (गुरूपुरोहित), उमिङहीमा (आमा समुह), रिंमै फ्रेंमै (यूवायूवती), ऱ्हजैं म्हिजें (ईष्टमित्र) आगुमै/थुमै (साथीभाई) फ्ह्रेंमै (पाहुना)हरु सहभागि हुन्छन् । यस पर्वले सामाजिक सौहार्द्रता, सामुदायिक भावना र सहयोगको भावना बढाउंछन् । तमू ल्होछारमा मिलीजुली हांसीखुसी दुःख सुख बाँड्छन् । संगै खान्छन् पिउँछन् र नाचगान खेलकुद गरी भरपूर मनोरञ्जन लिन्छन् । तमूहरु मिलनसार र रमाइलो गर्दछन् । एकता नै बल हो तमू

ल्होछारको मूल सन्देश हो । ल्होछारले भाइचाराको लागि एक आपसमा आशिमलाँ (शुभकामना) आदान प्रदान गरिन्छ ।

ल्होछारका दिन पच्य क्ल्हेबृ लामाहरूबाट स्वस्ती शान्तिको पूजा गरी कुशल मंगल प्राप्तको लागि क्रमि (घ्यूदीप) बालेर कुलपितृलाई क्यूफुई (चोखो पानी), च्यू (अक्षेता), भेटीघाटी पैसा, कैं फुई (चोखो भात) ट्हाफुई (चोखो तिउन), प्हाफुई (चोखो जाँड) र फलफूल चढाई स्युउरी धुप/सालधुप बालेर सिल्दोनाल्दो (सिमेभूमें) को पूजा गर्छन् । राम्रो लुगा लगाई मिठा खाने कुराहरु बनाएर आफु र आफन्तहरूलाई खुवाउछन् । आजभोली तमू ल्होछार शहरबजारमा भब्य समारोह साथ सम्पन्न गरी राजनीतिक नेता, वुद्धिजीवि समाजसेवीहरु समेतलाई निमन्त्रण गरी राजनीतिक र सामाजिक चेतना दिने काम समेत भएको देखिन्छ । ल्होछार पर्वले तमूहरूलाई वर्ष भरिमा एक ठाउँमा भावनात्मक रूपमा उभिन समय मिलाएका छ ।

(ङ) ट्हो त्हें पर्व

ट्हो त्हें पर्व तमू जातिको सामाजिक र सांस्कृतिक महत्व बोकेको गाउँठाउँमा गरिने एउटा आफ्नै मौलिकतामा आधारित धार्मिक पर्व हो । यो पर्व गाउँका क्ह्याँ (मुखिया) ले पैंडि (पण्डित) संग हेरकोर गर्न लगाई प्रत्येक वर्षको चैत्र महिनाको प्रथम मंगलबार र साउन महिनाको अन्तिम मंगलबार गाउँ बस्ति, खेतिपाति र बस्तुभावको रक्षार्थ गरिने त्हें (पूजा) हो । यस पूजामा कुखुराको भाले अथवा बोका काटी सिल्दोनाल्दो (सिमेभूमि) न्हामा नम्रु (खर्क खर्चरी) को पूजा हुन्छ ।

ट्हो त्हेंका दिन, गांउमा कामकाज, मेलापात, खन्ने, जोत्ने सबै बन्द गर्नुका साथै गाउँ बाहिरबाट आउने नव आगुन्तकहरूलाई समेत गाउँमा आवत जावत निषेध गरिएको हुन्छ तर आजभोली कडिकडाउ देखिदैन तर त्यस दिनमा कामकाज सञ्चालन हुनु हुँदैन भन्ने विश्वास छ । यसलाई गुरूङ भाषामा प्रिवः (बार्ने) भनिन्छ । नासप्रिवा (गाउँबार्ने)को सम्बन्धमा सूचना दिन गांउलेहरूलाई परम्परागत रूपमा क्ह्याँ (मुखिया) ले कटवाल मार्फत घोक हाल्न लगाउँथे । घोक हाल्दा कटुवालले गाउँको एउटा अग्लो ठाउँमा गई लामो, ठूलो स्वरमा कराई अथवा

दमाह बजाई सबै गाउँलेले सुन्ने गरि कराएर सूचना प्रवाह गर्दथे । आजभोली सूचना प्रविधिको विकासले सूचनाका माध्यमहरु अनेक छन ।

आजभोली ट्हो त्हैं पर्व गुरूङ गाउँ बस्तिहरुमा लोप हुँदै गएको देखिन्छ । किनभने धेरै गुरूङहरु गाउँबाट शहरबजार र तराईतिर बसाई सरी सकेका छन् । पहाडमा परम्परांगत गाँउहरु छाड्ने प्रवृत्ती बढ्दै गएको छ । ट्हो त्हें पर्वका प्रतिकको रूपमा शहरबजार पोखरा, काठमाडौंमा आई बसेका गुरूङ संघ संस्थाहरुले गाउँमा देखिने भन्दा बेग्लै किसिमले ट्हो त्हें पर्व मनाउँदै आएको पाइन्छ । शहरबजारका ट्हो त्हें पर्वमा विभिन्न रूपमा सजिसजाउ गरेर तामझामका साथ आफ्नो जातीय भेषभूषा लगाई धेरै गुरूङहरु एकैठाउँमा जम्मा गराई अगुवाहरुको प्रवचन र नारा जुलुस सहित ट्हो त्हें पर्व मान्ने प्रचलन बढेको देखिन्छ ।

गाउँघरको ट्हो त्हें पर्वमा यस्तो किसिमको तामझाम देखिँदैन । वि.स २०४५/२०४६ को राजनैतिक परिवर्तन पछि जनजातिहरुमा ४/५ सय वर्ष देखि अतिक्रमणमा परेका आफ्नो धर्म संस्कृति र भाषा जोगाउनु पर्छ, संबर्द्धन गर्नुपर्छ भन्ने खालका केही चेतना आएका कारणले गर्दा आफ्नो जातिको पहिचानको रूपमा रहेका चाडपर्वहरु मनाउनु पर्छ भन्ने मान्यता रहेको देखिन्छ ।

तमू जातिको प्ये ताँ ल्हु ताँमा उल्लेख भएअनुसार प्राणीमात्रको जीवन र प्राकृतिक जगतलाई विशेषरूपमा प्रभाव पार्ने तत्वहरु १) थाकु (नौग्रह र २७ नक्षेत्र) २) मोंकु (अदृश्य जीवाणु) ३) रिकु (जल) ४) चैंकु (जनावार) ५) ह्योंकु/ट्हिकु (धनसम्पति) हुन् भनिएका छन् । पच्यू, क्ल्हेबृ, लम र पैडीले गरिने त्हें (यज्ञ) बाट ती तत्वहरुको गति अनुसार जीवनलाई सन्तुलित रूपमा सञ्चालन गर्न सकेमा मात्र मानिसको जीवनमा सुख, शान्ति र सम्बृद्धि हुनका साथै खेतो (बस्तु भाउ) सेरप्रा (खेतीपाती), न्हुरप्रा (आत्मज्ञान) बढेर सबैको कल्याण हुन्छ र वातावरण र पर्यावरण सन्तुलन गर्न सकिन्छ भन्ने ज्ञान प्राप्त हुन्छ । यस पृष्ठ भूमिमा ट्होत्हँ, पर्वलाई हेर्ने हो भने तमूहरुको सामाजिक विकासको सम्बन्धमा वैज्ञानिक र तर्कपूर्ण थिए भन्ने आधारहरु, प्राप्त हुन्छ । ट्हो त्हें पर्वको मुख्य उद्देश्य जीवन र जगतकोबीच सन्तुलन भएमात्र दिगो विकास भै सामाजिक,

धार्मिक, सांस्कृतिक आर्थिक, शैक्षिक लगायत जीवनका अन्य पक्षहरु सन्तुलित र विकसित हुन सक्छ भन्ने रहेको छ । यस ट्हो त्हें पर्वमा विशेषगरी गाउँबस्ती रक्षा गर्नका लागि बस्तिको चारै दिशाको सिमना निर्धारण गर्ने चलन हो भन्ने पच्यूगुरू बुद्धीबहादुर गुरूङको विचार रहेको छ । विभिन्न जीवजन्तुहरुको आ(आफ्नो बासस्थानको परिवेश हुन्छ मानिसको परिवेश भित्र आफु स्वतन्त्र र सार्वभौम हुनुपर्छ भन्ने ट्हो त्हें पर्वको उद्देश्य हो ।

ट्हो त्हें भनेका के हो ? भनि जानकारी लिने क्रममा विभिन्न क्षेत्रका ब्यक्ति, संघ, संस्था, संगठन, विद्वान वुद्धीजिवी, खेगी (गूरूपूरोहित)हरुले ट्हो त्हेंको हिज्जे र अर्थ विभिन्न भनेका थिए । ट्हो त्हेंलाई तमू धीं नेपाल कास्कीले "ट्होटें", तमू प्ये ल्हु संघ केन्द्रिय कार्यलयले "ट्हो त्हें ", पर्वत जिल्लाका गुरूङ (तमू)हरुले "ट्हो डें", तनहूँ फिरफिरे र स्याङजा कोल्मा काउलेमा "सिम्ले" तँनहु क्यामिनमा "छ्याँगु" लमजुङमा "खलकने" र स्याङजामा "खलेंलवु:" भनिएको छ । नाम र हिज्जे जे जस्तै भएतापनि सार तत्वको स्वरूप, उदेश्य र कामना एकै प्रकारका छन् केवल पर्व मनाउने छ्याम्या विधि मात्र फरक देखिन्छ ।

ट्हो त्हेंको अर्थ सम्बन्धी विचार बुझ्दा प्रा.डा जगमान गुरूङले ट्हो त्हें भनेको गाउँको सुरक्षार्थ गरिने प्रोप्रो त्हें (दोष दोषालो) मन्छाउने (पन्छाउने) परम्परा संग सम्बन्धित छ भनि बताउनु भएको थियो । वर्नाड पिनेले ट्हो त्हें भनेको गाउँको पर्व भनि लेख्नु भएको छ । सु.चन्द्रमणी गुरूङले ट्हो त्हें भनेको ट्हो त्हें (जीत अथवा विजय) उत्सव हो भनेका थिए । अमरबहादुर गुरूङले टहो त्हें भनेको गाउँको सुराक्षार्थ स्वस्ती शान्तिको पूजा हो भनि लेख्नु भएको छ । यी विद्धान, वुद्धिजीविको भनाई अनुसार र गुरूङहरुसंग सोधपुछ गर्दा ट्हो त्हें भनेको गाउँबस्तिबाट विभिन्न किसिमका अदृश्य शक्तिहरु स्यागीमोंगी (भूतपिचास मरिमसान), न्हाँन्ही (रोगब्याधि) र वनका जन्तुजनावारहरुले दु:ख नदियोस र खेतिपाती राम्रो होस भनि रीति र विधिपूर्वक गरिने धार्मिक तथा सांस्कृतिक पर्वको पूजा हो भन्ने बुझिन्छ ।

ट्हो त्हें पर्व मनाउने विधि र तरिकाहरु पनि विभिन्न ठाउँहरुमा फरक फरक देखिन्छन् । टहो त्हेंको प्रतिक स्वरूप गाउँदेखि बाहिर गाउँ प्रवेश गर्ने मूलबाटो,

दोबाटो र चौबाटोमा गाउँको चारै दिशामा द्वार बनाईन्छ । यस्को लागि यूवाहरूले जङ्गलबाट तिप्रु (भक्यौंला), पैञ्यु, भलायो, कुकुर डाइनेको काठ, घोंचा र स्याउला तथा रानीझार खोजेर ल्याउँछन् । भक्यौंला पैञ्यु र भलायोको काठबाट विभिन्न हातहतियारको आकृति खुकुरी, तरवार, ढाल, कर्दा, हंसिया, खुँडा, बन्दुक र धनुषकांड लगायत पुरूष र महिलाहरूको यौनाङ्गहरूको प्रतिक पनि बनाउँने गर्छन् । त्यस आकृतिहरूमा कालो अंगारले लेखी जीवन्त बनाउँछन् । प्रत्येक द्वारमा राखिने सरसमानहरूमा पच्यू क्लेबृ लम अथवा यूवाहरूले पूजा गरेर कुखुराको भाले अथवा बोका काटी भोग दिएर पूजा गर्छन । पूजा गरीसकेपछि बनाइएका द्वार र विभिन्न आकृतिहरूलाई यूवाहरूले गाउँ बाहिर गाउँ प्रवेश गर्ने मूलबाटोमा प्रवेश द्वार बनाएर कलात्मक ढंगमा गाडेर राख्छन् । रानीझारले द्वारलाई सिंगारिन्छ भने विभिन्न आकृतिहरु प्रवेशद्वारमा झुण्डाउँछन् । यसको उद्देश्य दोख(दोखालोहरु गाउँमा प्रवेश गर्न नपाओस भन्ने विश्वास हो भन्दछन् ।

द्वार अर्थात ढोका राखीसकेपछि यूवाहरु एक ठाउँमा भेला हुन्छन् र सरसल्लाह गरेर केहीले मुखमा कालोमासो, खरानी दलेर थाङ्ना कपडा लगाएर त्यसमाथि रानीझार बेर्छन् । टाउकोमा रानीझार लहराले जेलेर फेटा लगाउँछन् भने कम्मरमा लहरा र झारपात बेरेर अदभूत जंगली जीवजन्तुको आकृति, मरिमसान र भूतप्रेतको रूप धारण गर्छन् । काठबाट बनाइएका विभिन्न हात हतियार तरवार, खुंडा, धनुषकाँड र बन्दुक बोकेर, कसैले ढ्याङग्रो, झ्याम्टा, कसैले थोत्रो टीन, थाल, कोपरा बजाउँदै हा हा हा.....हु.... हु..... हु.....गर्दै गाउँका प्रत्येक घरघरमा पुग्छन् । घरधनीलाई उनीहरूसंग भएका धुपौरोमा स्यूरी धुप हाल्न लगाउँछन् । भक्यौंलाको काठ र पैञ्युको काठका स(साना टुक्राहरु कालो अंगारले लेखेर घरको पालीमा सिउरी दिन्छन् । धुपौरोमा घरमालिक मालिकनीले आगोको कोइला थपि दिन्छन् । घरमा आएका ट्हो त्हें पर्वका मानिसहरूलाई एकमुठी खरानी छर्कि दिन्छन् । यसको अर्थ त्यस घरबाट थाकु मोंकु (भूतप्रेत) भगाउनु हो भन्दछन् । खरानीलाई एक प्रकारको जीवाणु निरोधकको प्रतिक मानेर रोग ब्यथाको जीवाणुहरु घरभित्र नछिरोस भन्ने विश्वास रहेको छ । यस्तै क्रमले यूवाहरूको हुल हा...हा...हा.....हु....हु...हु... गर्दै चैत्रको ट्हो त्हैंमा तलदेखि माथि र श्रावणको ट्हो त्हेंमा माथि देखि तलगरी प्रत्येक घरघरमा परिक्रमा गर्छन् । घरबेटीहरूले ट्हो त्हेंमा संलग्न यूवाहरूलाई रोटी रक्सी केही खाद्यपदार्थ

तथा फलफूल दिन्छन् । यसरी उठाएका खाद्य सामाग्री र विहान पूजा गर्दा काटेको मासु गाउँका यूवा युवती गन्यमान्यहरूलाई उपस्थित गराई खान्छन् र गाउँको सुरक्षार्थ सरसल्लाह गर्छन् ।

ट्हो त्हैं चैत्र र साउन महिनामा गरिने भएकोले यसको उदेश्य खेतबारीमा लगाएको अन्नवाली सप्रियोस गोठमा पालिएका गाई भैंसीहरूमा कुनै रोग ब्यथा नलागोस भनि भक्यौंला र पैंञ्युका काठका टुक्राहरु खेतबारीमा र गोठमा राखिने र गाडीने गरिन्छ । गुरूङ प्राकृतिक पूजक रहेका जाति हुनाले यस समुदायका चाडपर्वहरु पनि प्राकृतिक मौसम अनुसार विभिन्न छन् । वर्तमान परिस्थितिको सन्दर्भमा ट्हो त्हेंलाई बुझ्नु पर्दा समाज र राष्ट्रमा ब्याप्त रहेका भ्रष्टाचार, अत्याचार, हत्या, हिंसा, ढिलासुस्ति, अशिक्षा, गरिबीले गर्दा आम नागरिक पिडित छन् । यस प्रकारका राष्ट्रिय दोख दोखालालाई हटाउन सामुहिक रूपमा मिलेर पन्छाउन सकिन्छ भन्ने संस्कृतिक रूपमा सन्देश प्राप्त हुन्छ ।

(च) लोकसङ्गीत र उखानटुक्का

लोकसङ्गीतको क्षेत्रमा गुरूङ समुदाय पहिलै देखिनै प्रख्यात छन् । उनीहरूको समाजमा रोधी धींमा युवायुवतीहरु जमघट हुँदा एकआपसमा लोकसङ्गीतको किक्रयाकलाप हुने गर्छन् । लोकगीतका विभिन्न भाका र लयहरु प्रख्यात छन् ।

■ उखानटुक्का

'उखानटुक्का' ले महत्पूर्ण सङ्केतहरु गर्ने मात्र होइन कि समाजमा भएका र हुने गरेका घटना र क्रियाकलापको प्रतिनिधित्व पनि गर्दछ । उखानटुक्का लोकप्रिय र उत्प्रेरक भएका हुँदा यसको प्रचलन संसारका सबै जाति, समाज र भाषामा प्राचीन कालदेखि हुँदै आएको हो । भाषालाई खरो, सङ्क्षिप्त र ब्यङ्ग्यपूर्ण बनाउनका लागि उखानटुक्काले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उखानटुक्काको प्रहार गर्ने शक्तिशाली क्षमताले गर्दा यसको प्रयागबाट भाषाको चमक नै फरक हुन्छ भने अर्थ पनि निकै गहिरो बन्न पुग्छ । गुरूङ समुदायभित्र थुप्रै उखानटुक्काहरु प्रचलनमा रहेका छन् अर्थात् यो समुदाय लोकसंस्कृतिका क्षेत्रमा धेरै धनी रहेको

छ । इन्द्रबहादुर गुरूङको सङ्कलन पैंडी (२०५७) बाट समेत गुरूङ भाषा उखानटुक्काको प्रयोगमा अत्यन्त सम्पन्न रहेको कुरा जानकारी हुन्छ । उदाहरणका लागि :

क. 'प्ये म्हस्यां ल्हु म्हमु, ल्हु म्हस्यां छ्या म्हमु, छ्या म्हस्याँ म्ही म्हमु' अर्थात् शास्त्र हराए धर्म हराउँछ, धर्म हराए संस्कृति हराउँछ, संस्कृति हराए मान्छे हराउँछ ।

ख. 'थेव म्ही मींरी, आयौव चवरी, लोभी न्होररी सिमु' अर्थात् ठूला मानिस नामका लागि, गरिब खानाका लागि र लोभी मानिस धनका लागि मर्छ ।

ग. 'ङ्हे साछी न्वार, स्या साछी नग्यु, रिँमे साछी फ्रेंसीमे अता' अर्थात् दूधको साछी विरालो, मासुको साछी कुकुर र युवतीको साछी युवक (ठिटाहरू) हुँदैन ।

घ. 'फये इशारा आक्हेाव फ्ह्रँस्यो, लोकये ब्यभार आक्होव खेगी, म्हिनकुए सैं आक्होवा नेता उल्टो तमो' अर्थात् श्रीमान्को इशारा नबुझ्ने स्वास्नी, लोकको ब्यवहार नबुझ्ने पुरोहित, जनताको भावना नबुझ्ने नेता उल्टो हुन्छ ।

ङ. 'रोगिए ङ्हेमा मैं, धिरवै ङ्हेवा फ्ह्रेंयो, परदेशवै ङ्येहवा खेव' अर्थात् रोगीको मित्र औषधी, घरको मित्र श्रीमती र विदेश/परदेशका मित्र विद्या । यसबाट थाहा हुन्छ कि घरमा श्रीमतीको कति महत्व हुन्छ र विरामी सन्चो हुन तथा उपचार गर्न औषधी नभै हुँदैन भनेझैं विद्याको संसारभरि कदर हुन्छ । गुरूङसमुदायमा वालवच्चालाई कसरी शिक्षा लिन प्रेरित गरिएको छ –यसबाट थाहा हुन्छ ।

च. 'म्हिग्रें चोकइ सैव तां, नाम्रीई सैव सिंदु सुंइ खोंवै सैं पलेव गारो तमो' अर्थात् गाउँका भलाद्मीले गरेको निर्णय चट्याङले मारेको रूख, मुखले पोलेको मन पुनः पलाउन गाह्रो हुन्छ ।

■ लोकगीत

सुन्दा आनन्द लाग्ने, दिने पनि तर अर्थपूर्ण हुने तथा गाउँघर, पाखापखेराबाट निस्केका लोकगीतहरूले समाजमा भएका घटनाहरूको चित्रण गर्दछ, अन्याय-अत्याचार र विकृतिहरू उजागर गर्दछ र युवायुवतीबीचको प्रेमकहानीहरूको

ब्याख्या गर्दछ । गीत आफैमा गेय हुने तथा मनका भावलाई कलात्मक तरिकाले ब्यक्त गर्न सकिने भएकाले पनि लोकसाहित्यका विधाहरूमध्ये लोकगीत सबैभन्दा लोकप्रिय छ । आज नेपाली समाजका हरेक समुदायमा लोकगीतले राम्रोसँग स्थान लिएको छ । विभिन्न जातजाति, धर्म र संस्कार बोकेका नेपाली गलामा सुरिलो भाका बनेर लोकगीतले स्थान पाएको छ । लोकगीत शासकदेखि श्रमजीवी किसानसम्मको भावनाको अभिब्यक्ति हो । लोकगीतका लागि गुरूङसमुदाय अझै प्रख्यात छ । ठाडोभाका र सालैजोले गुरूङ बूढापाकालाई मात्र होइन युवाजगत्लाई आनन्द दिन्छ र आफ्नो पुर्ख्यौली लोकगीतको नासो भावी सन्ततिसम्म पुऱ्याउँने काम गर्दछ । स्याङ्जा रामकोटका हर्कबहादुर गुरूङको गीतले गुरूङ समुदायमा ठूलो स्थान पाएको थियो भने आज पनि हर्कबहादुर गुरूङको गीत त्यति नै मार्मिक र मननयोग्य छ । उनले आफ्नो गीतमार्फत महिलाहरूले गहना नलगाउनु, चोरको डर हुन्छ, पुरूषहरूले जुवातास नखेल्नु घरवार उड्छ भनी गुरूङ समुदायलाई अर्तीवुद्धि दिए पनि सम्पूर्ण नेपालका जातजातिलाई पनि छुने काम गरेको छ । वहाँको एउटा गीत यहाँ उल्लेख छः

'गहना अह्रिदो रिमै गहनाजी वनवास तयामु
गान खेजी छयांव अत पिदो गान खेव
खेव ह्रिव लोमिन रिमै इलम मुन थेव'

छोरीलाई पढ्नेलेख्ने मौका दिनुस्, गहना लगाउन छोडिदिनुस्, सिप र ज्ञान सबैभन्दा ठूलो कुरा हो भनी वहाँ सबैमा सन्देश पुऱ्याउनुहुन्छ ।

यस्तै अर्का राजनीतिकर्मी हितकाजी गुरूङको नासधिर्वै कुइ झोगो (गाउँघरका गीतहरू) त्यति नै महत्वपूर्ण छ । उनले नेपाललाई विभिन्न जातजातिको साझा फूलबारी भनी गीत लेखेका छन् । त्यस्तै लाहुरेको चिठीमा विदेशको वेदना ब्यक्त गरेका छन् र विदेशमा भर्ती हुन नजाने सल्लाह पनि दिएका छन् । हाल लोकदोहोरीमा राजु गुरूङ, शर्मीला गुरूङ, कृष्ण गुरूङ, युक्त गुरूङ, उमा गुरूङ, माया गुरूङ, हरिमाया गुरूङ, दुर्गा गुरूङ, टीकामाया गुरूङ लगायत गरि धेरै कलाकारहरु देखिन्छन् । वहाँहरूका गीतहरु ज्यादै प्रख्यात छन् । ती गीतहरु समाज सुधारका लागि छन् ।

५.६ महिला पुरूषको दायित्व र स्थान

गुरूङ जातिको धार्मिक विश्वासमा महिलाहरूको ठूलो भूमिका रहेको छ । गुरूङ समाजका परम्परागत सामाजिक चरित्र मातृसतात्मक स्वरूपमै आधारित थियो । महिलालाई गुरूङहरूले भेदभाव गर्दैन । यो समाज महिला र पुरूषको बीचमा समानतामा आधारित छ । छोरा र छोरीमा भेदभाव छैन कालान्तरमा समाजमा रहेको भेदभावको देखासिकीले केही भेदभाव भएको हुनसक्छ होइन भने गुरूङ तमू समाजमा महिलाको उच्च र सम्मानजनक स्थान रहेको छ । भनाइनै छ गुरूङहरूको ढुकुटीको सँचो महिलाको भित्रिलुगाको डोरीमा बाँधिएका हुन्छन् । अन्य जाति समुहको ढुकुटीको साँचो उनीहरूको भोटोको तुनामा बाँधेको हुन्छ ।

आर्थिक रूपमा गुरूङ महिलाहरु शिप भएकाले बुन्नेतुन्ने काममा सिपालु हुन्छन् । पहिले पहिले नेपालमा विदेशी कपडाहरु आउँदैन थिए गुरूङ महिलाहरूले गाउँघर मै उत्पादित भेडाको उन र कपासबाट विभिन्न लुगाफाटा उत्पादन गर्ने गर्थे जस्तै अभ्कैपनि ऱ्हेगा/ऐंठे (भाङग्रा), श्यामा घलेक, खति क्रमु (मजेत्रो), जालेरूमाल, पश्मिनाको पछ्यौरा, गलबन्दी, सन्पाटका कपडा, जावी (फरे), दोचा, मोचा, बरासु र राडी पाखी आदि प्रख्यात छन् । गुरूङ महिलाहरूको पौरखले समुदायलाई आत्मनिरभर बनाएको थियो ।

सांस्कृतिक रूपले गुरूङ महिलाहरु चाडबाड मेला(परिमा पूजा(आजा र विशेष समारोह र उत्सवहरूमा ठूलो महत्व राख्दछ । धार्मिक रूपमा पनि तमू समाजमा महिला अर्थात छोरीको भूमिका अनिवार्य छ । छोरीको अनुपस्थितिमा आफ्नै बाबुआमाको मृत्युकार्य सम्पन्न हुन सक्दैन । यसरी गुरूङ महिला र पुरूषले सामाजिक, आर्थिक संस्कतिक र धार्मिक कार्यहरु मिलेरै गर्छन । सामाजिक दृष्टिकोणमा गुरूङ समाज समतामूलक हो । भेदभावको चरमरूप यस समाज भित्र नरहेता पनि अन्य समाजको प्रभाव यसमा छन् । विवाह गर्दा पुरूषले (दुलाह) स्त्री (दुलही) को माइतमा थितिरीति र विधि अनुरूप मगनी गर्ने परम्परा हो । विशेष गरेर विवाह परम्परागत रूपमा मामाचेली फुपुचेला डोलो डोलस्यो बीच हुन्थ्यो तर आजभोलि यो धेरै चलनमा छैन ।

५.७ धर्म संस्कृतिको संरक्षण गर्ने प्रयासहरु

कुनैपनि जातिको भाषा, धर्म तथा संस्कृतिलाई राज्यको मान्यता र अन्तराष्ट्रिय वातावरणले प्रभाव पर्दछ । आजभोलि सूचना र प्रविधिको विस्तारले गर्दा ब्यापक मात्रामा प्रचार(प्रसारले गर्दा परम्परागत धर्म संस्कृतिमा ब्यापकमात्रामा प्रभाव रहेको पाइन्छ । तमू जातिको सम्बन्धमा पनि प्रभाव ब्यापक रुपमै रहेको देखिन्छ ।

वर्तमान अवस्थामा विशेष गरेर वि.सं. २०४५/२०४६ को राजनीतिक परिवर्तन पछाडी तमूहरुको देश विदेशमा गरी लगभग सय भन्दा सामाजिक संघ संस्था स्थापित भैसकेको छ । ती प्रत्येक संघ संस्थाहरुको विधान हेर्ने हो भने तिनीहरुको उदेश्य तमू धर्म भाषा र संस्कृतिको संरक्षण स्थापित भै सकेको छ । ती प्रत्येक संघ संस्थाहरुको विधान हेर्ने हो भने तिनीहरुको उदेश्य तमू धर्म भाषा र संस्कृतिको संरक्षण गर्ने कुरा छुटेको जस्तो लाग्दैन । एउटा सकरात्मक पक्ष के हो भने ती संघ संस्था र सँगठनहरुको औपचारिक कार्यक्रमहरुमा आ(आफ्नो भेषभुषामा ठाँटिएको देखिन्छ । पोशाक मात्र लगाएर धर्म संस्कृति र भाषाको संरषण हुन सक्दैन । सांस्कृतिक रुपमा चेतनशीलना भएका छन् अझै भाषा सम्बन्धी प्रशिक्षण गर्ने काम पुरा भएको छैन सभा र गोष्ठिहरुमा आफ्नो भाषामा बोल्न सकेको छैन ।

धर्म भाषा संस्कृतिको संरक्षणको लागि तमू ह्युल छोंजधीं गुरूङ राष्ट्रिय परिषदले नीतिगत निर्णयहरु लिएको छ । तमू प्येल्हु संघ पोखराले खेगी प्रशिक्षण र पच्यू क्ल्हेबृको प्ये (शास्त्र)हरु संकलन गरेर लेख्न लगाउने र प्रकाशन गर्ने गरी राखेको छ । तमूधीं नेपाल कास्कीले चाडपर्वमा तमू भेषभूषाको प्रदर्शन गरी राखेको छ । आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठानले गुरूङ भाषाको शब्दकोष, क्ल्हेबृको प्ये (शास्त्र) प्रकाशन गर्न मद्दत गरेको छ भने तमू वौद्ध सेवा समितीले शब्दकोष प्रकासित गरी भाषा प्रशिक्षण कक्षाहरु पनि सञ्चालन गरेको छ । तमू प्येल्हु संघ यूकेले चों भाषाको शब्दकोष निकाल्ने तयार गरी राखेका छन् भने प्रत्येक तमूहरुले गुरूङका संस्कार संस्कृतिको विकासको लागि केही न केही योगदान पुऱ्याएकै छन् । नेपाल र विदेशमा गरी तमूहरुको सामाजिक संघ संस्था

सय भन्दा बढि नै रहेका छन् । प्रत्येक संघसंस्थाको विधानले गुरूङको भाषा, संस्कृति र जातिय पहिचानको लागि आफ्नो साधन स्रोत, वुद्धि विवेक लगाउने भनेका छन् तापनि एकिकृत रूपमा सबै तमूहरूको साझा सवालमा एकता भएर अगाडि कसरी जाने भन्ने हो । सामाजिक संघ संस्थाहरूले सामाजिक, राजनितिक, सांस्कृतिक, शैक्षिक र आर्थिक विकासको लागि सम्पूर्ण तमूहरूले केहि योगदान गर्न सकिन्छ भन्ने सवालमा अझै स्पष्ट पार्न सकिएको छैन ।

अध्याय ६

परंपरागत गुरुङ शासन प्रणाली

६.१ आदिम गुरूङ राज्य ब्यवस्था :

गण्डक क्षेत्र गुरूङहरूको मूल बस्ती हो भन्ने कुरामा दुइमत रहने अवस्था छैन । धेरै अघि देखि गुरूङहरु आफ्नै भाषिक, धार्मिक एवम् सांस्कृतिक पहिचान लिएर बस्दै आएका छन् । ऐतिहासिक कालमा यस्को आफ्नै स्वतन्त्र राज्यहरु भएको कुरा इतिहासकारहरूले र प्ये तां ल्हु तांले बताउँदै आएका छन् । कहोल सोंथर ट्हो सबै गुरूङहरूको पैतृकस्थल/साम्रा न्हेज हो र गुरूङहरु यहाँबाट लम्जुङ र कास्की र त्यहाँबाट अन्य बसाइ सरेका हुन् (तमू पैंडी इन्द्रः२०६६ । फलस्वरूप ऐतिहासिककालमा थुप्रै गुरूङ ह्यूल (राज्यहरु) अस्तित्वमा थिए भन्ने कुरा इतिहासकारहरु र डा. जगमान गुरूङ बताउँदै आएका छन् । उदाहरणका लागि वर्तमान श्याङजा जिल्लाको लसर्घा देखि धादिङको साम्रि सम्म घले राजाहरु शसन गर्दथे । लसर्घाका घले राजा, कास्की रजस्थल र देउमाडी र लमजुङ हिमालका फेदीमा अवस्थित क्होलका घले राजालाई जगतिखानले, लमजुङका घले राजालाई जसवम साहीले, लिगलिगका घलेराजा र वारपाक स्यारतन, अठारसय खोला, सल्यान, चरङगे र धादिङका घले राजालाई रामशाहले जितेका थिए । यसरी आफ्नो राज्य निर्मूल भएपछि गुरूङहरूले ठकुरीलाई सत्ताधारी राजा मानेर स्थानीयतहमा शासनको हक अधिकार सँग्रह गरी स्वायत्त शासन चलाएका

थिए । पछि सम्म पनि पश्चिमा पर्वतको दुर्लुङ, पूर्वमा गोरखाको मकैसिं उत्तरमा कास्कीको सिक्लेस, लमजुङको घनपोखरा, गोरखाको वारपाक, र दक्षिण तनहुँको ढोर जसपूर र चितवनमा राजनैतिक वर्चस्व कायम थियो । वि.स. १८७१ मा लमजुङ र त्यहि बेलादेखि नै गुरूङहरुको स्वायत्त शासनकाल पनि अन्त्य भयो ।

(क) नालसभा

घलेहरुको शासनकालमा जनता शक्तिशाली थिए । घले राजा भएपनि मुलुकको शासनमा जनताको प्रत्यक्ष हात हुन्थ्यो । कालान्तरमा गुरूङहरुको संसद वा संस्थालाई नालसभा भन्न थालियो । अर्को शब्दमा गुरूङ समुदायलाई अन्याय, अत्याचार र भ्रष्टाचारबाट बचाउँदै आफ्नो रितीथिती कायम गर्दै भाषा, धर्म र संस्कृतिको संरक्षण सम्बर्धनबाट मौलिक पहिचान सहित सुन्दर शान्त बनाउँने उद्देश्यबाट नै नालसभाको जन्म भएको कुरा क्षेत्र अध्ययनमा उत्तरदाताहरुले बताएका छन् । त्यसबेला आठनाल भएको तथ्य जानकारीमा आएअनुसार मर्स्याङदी देखि पूर्व चेपे देखि पश्चिममा ४ नाल र मर्स्याङदी देखि पश्चिममा मादी देखि पूर्वमा ४ नाल अस्तित्वमा थिए । एउटा नाल भित्र थुप्रै गुरूङहरु बस्ती/गाउँहरु समावेश थिए । उदाहरणका लागि लमजुङ ४ नाल अन्तर्गत छ गाउँ, पांच गाउँ, दशथर र उँभोखोला थिए । यसैगरी मर्स्याङदी देखि पूर्व र चेपे देखि पश्चिमको भूभागलाई पूर्वी लमजुङको चारनाल भनिन्छ । खासुर देखि पूर्व र दोदी देखि पश्चिमका गाउँहरु बाह्रथर अन्तर्गत पर्दछन् । गुरूङका प्रमुख बस्ती तथा गांउमा, साधारणतया गाउँस्तरमा वर्षमा दुई पटक सभा बस्ने चलन थियो । गाउँसभा जेठ महिना र कार्तिक महिनामा बस्ने चलन थियो । जेठ महिनाको सभालाई "उमच्ही नास छोवा" र कार्तिक महिनाको सभालाई "फ्हुमच्ही नास छोवा" भनिन्थ्यो । "उमच्ही नास छोवा" जेठको सभामा लेक तिरको खर्क र खर्चरी, बस्तु चरन, डाँफे चरन, मृगचरन तथा महभीरहरुको बाडफाँड लगायत हिमाली क्षेत्रमा भएका औषधीयुक्त वनस्पति संकलन कसरी गर्ने त्यसको बाडफंड गर्ने, लेकतिर गोठहरु कुन कुन मिति, दिन र तिथि (समय)मा कहाँ कहाँ लाने, खेतिपाति गर्नको लागि क्ल्हेलै म्रों (खोरिया) कहिलेदेखि कसरी गर्ने लगायत विगत गएको ६ महिनामा गाउँमा के कस्ता सामाजिक, संस्कृति, धार्मिक, आर्थिक घटना भए त्यसको समाधान कसरी गर्ने सबै मिलेर समिक्षा गरिन्थ्यो । यसलाई

तमू भाषामा "क्ह्याँउ याँउ" भनिन्छ । त्यस्तै गरी कार्तिक महिनामा "ह्मुमच्ही नास छोवा" सभामा धानको पुली (ब्यू) कहिले लिने आलैम्रों (खेतबारी) मा गोठ कहिले सार्ने ? निगाला कहिले देखि कहिले सम्म काट्ने नइप्हो पुवाको पाठ कटान कहिले देखि गर्ने, दाउरा कहिले काट्ने लगायत छ महिनामा घटेका घटनाको समिक्षा गर्थे । यसरी आफ्नो गाउठाउँको शान्ति सुरक्षा र आर्थिक साधन स्रोतहरूलाई ब्यवस्थित ढंगमा ब्यवस्था गर्नको लागि मिलिजुली सभाहरु गर्थे । गाँउसभामा निर्क्योल हुन नसकेका केही सवालहरु नालसभामा छलफल हुन्थ्यो ।

लमजुङका गुरूङहरूको वर्षमा एकपटक नालसभा बस्दथ्यो उक्त नालसभामा गुरूङ नालका कोटका उमरा, गढी गौडाका द्वारे, गाउँका जिम्मावाल, मुखिया, तालुकदार म्हिग्रंचोग (भद्र भलाद्मीहरु) र खेगी पुरोहित अथवा संसद जस्तै गरिमामय र मर्यादित थियो । साता/दसदिन सम्म पनि नालसभा चल्दथ्यो । आ(आफ्नै गाउँको अलग अलग डेराडण्डा हुन्थ्यो र आ(आफ्नै खर्च खाएर बस्दथ्यो तर सभा भर्न सबैको एकै ठाउँमा बस्दथ्यो हुन्थ्यो (गुरूङः २०६६) ।

(ख) नालसभाको कार्य

- नाल सभामा गाँउघर, बाटो घाटो, साँघु, विसौनी, लेक, बेंसी, कुलो, खर्क, खर्चरी, चरन, बर्तन, निगालाघारी, महभीर, माछाको रह, डांफे चरन, माछा चरन, आदिको सांधसीमाना, रीतिथिती, पर्व, संस्कार र राजमामलाको बारेमा छलफल गरेर थिति बसालिन्थ्यो । यसरी नालसभाले बांधेको थिती सबैलाई मान्य हुन्थ्यो । अतः गुरूङ नालमा राजाको नीति गुरूङहरूको थिति ब्यापक छ (जगमान गुरूङः २०६६) ।

- नेपालको एकिकरण हुनुपूर्व न्याय गर्ने र सामाजिक थिति बसाल्ने मुख्य काम गाउँमा क्रव, म्हिग्रेंचोग, र म्हिनकुगिं थियो । उनीहरूले मिलाउन नसकेका मुद्दाहरु जस्तै जातभात, करणी मुद्दा, लेकको खर्चरी, भीरमाहुरी आदिको निर्णयको अन्तिम थलो नालसभा नै थियो । त्यस समयमा नालसभा न्यायालय तर्फ अदालत र कार्यकारिणी तर्फ मन्त्री परिषद जस्तै शक्तिशाली थियो । नालसभाको निर्णय नै अन्तिम मानिन्थ्यो ।

- तमूहरूमा नालसभाको सदस्य बन्न ठूलो मानिन्थ्यो त्यसकारण बुढापाकाहरूले आशिवार्द दिंदा चारनालको धनी, हुन सकोस भन्दथे (इन्द्रबहादुर गुरूङ पैंडी २०६६) र अर्को तर्फ गुरूङ नालमा राजाको नीति गुरूङको थिती भन्ने श्रुती ब्यापक छ । नालसभाले कसैलाई अन्याय नहुँने गरी समानताको आधारमा थिति बसाल्दथ्यो । यसरी नालसभाले गुरूङ समाजमा एउटा सर्वमान्य राजनैतिक तथा सामाजिक संस्थाका रूपमा गरिमामय भूमिका निर्वाह गरि आएको थियो । अहिले केही दशक देखि यो प्रथा लोप भैसकेको छ । त्यसकारण आज गुरूङरूको नालसभा इतिहास भै सकेको छ ।

६.२ परम्परागत गुरूङ संस्थाहरु

गुरूङ समुदायमा परम्परागत गुरूङ संस्थाहरूको अस्तित्वको प्रश्न उठदा आफ्नो पुर्ख्यौली थलोबारे संझना गर्न आवश्यक हुन्छ । क्होल सों प्रे ट्हो तमू समुदायको सामाजिक, धार्मिक, भाषिक, राजनीतिक, आर्थिक र सांस्कृतिक, दृष्टिकोणमा अन्यन्त महन्वपुर्ण मानिएको स्थान भएको हुनाले यो सम्पूर्ण गुरूङ समुदायका ऐतिहासिक थलो हो । क्होलमा आइ बसोवास गर्दा तमू समुदाय ब्यवस्थित र सभ्य भैसकेका थिए । त्यही ठाउँबाट तमूहरूको सामाजिक, भाषिक, राजनीतिक, आर्थिक, सांस्कृतिक विकाशमा थुप्रै रितीथिती परम्पराहरु बसालिएका थिए । तमू समुदायलाई ब्यवस्थित रूपमा सञ्चालन गर्नका लागि क्ल्हेधीं (मुखिया घर) क्हौंइबोघीं (गुरू/पुरोहित घर), छोंज धीं (नाल सभा), रोधीं (सांस्कृतिक घर) स्थापना भएका थिए (नारायण तमू) ।

क. क्ल्हे धीँ

गाउँको सर्वोच्च ब्यक्तिका रूपमा क्ल्हे (मुखिया) मुद्दामामिला झै(झगडा मिलाउन नेतृत्व लिने, निर्णय दिने र गाउँमा थिती बसाल्ने काममा अघि हिंड्ने ब्यक्ति मुखिया थिए भने गाउँका म्हिक्रेंचोक (भद्रभलाद्मी) को चलन पुरानो हो । यसै ठाउँबाट गाउँमा शान्ती ल्याउँने, आपसी प्रेमभाव बढाउने र गाउँलाई सुखशान्ती दिलाउने काम हुँने गर्दथ्यो ।

ख. क्होँइबो धीँ

यो खसभाषामा पुरोहित वा गुरू घर हो भनेर चिनिन्छ । गुरूङ समुदायको लागि यो अत्यन्त महत्वपूर्ण एवम् पवित्र घर हो जहाँ हाम्रा धर्मगुरूहरु/खेगीहरु पच्यू, क्लेहेबृ र वोन लामा आफ्नो परंपराअनुसार पूजा गर्दछन् । जन्म देखि मृत्यु सम्मका संस्कारहरुको विधिपूर्वक सम्पन्न गर्ने स्थल पनि क्होंइबोधीं नै हो । यसै स्थलबाट गुरूङ समुदायको प्ये तां ल्हु ताँमा (वेद, धर्म, शास्त्र) संरक्षण र सम्बर्धन हुन सक्दछ । यसैबाट तमू भाषा, धर्म र संस्कृतिले मौलने/विकाश गर्ने अवसर प्राप्त हुन्छ । तमू संस्कारहरु क्रमशः करमीम्रोव (छैठी), मिथेंव (नामाकरण), न्हथोँवा (कान छेड्ने), थासोंप्छेसों लव (चोख्याउने), मावलीबाट हुने पुटपुटे (अशिमलां उत्सव), कैँकोवा (पासनी भात खुलाई), क्रवाव (छेवर) र ङ्युइ विंव (गुनियो चोली प्रदान गर्ने), डेट्हु क्रव (विवाह), सिं म्हित्हें (मृत्यु) संस्कारका साथै प्होलेवाव (दोषदोषालो फाल्ने काम) पर्दछन् र यी सबै संस्कार र कर्मकाण्डलाई पूर्णता दिने काम क्होंबोधींका कार्यक्षेत्र भित्र पर्दछ । क्होंइबोधीं माथि हिन्दुकरण र चरम तिब्बती लामाकरणका कारणले यसको विकाशमा बाधा पुग्न गएपनि हाल तमूहरु/गुरूङहरु आफ्नो मौलिक पहिचानको खोजीमा भएकाले क्रमशः क्होंइबो धीं बारे चर्चा चलाइरहेको अवस्था छ । हालै मात्र मोरङ जिल्लाको क्होंइबोंधींको सिलान्यासले संस्कृति संरक्षणको महत्वपूर्ण शुरूवात त्यहाँ भएको छ । पोखरा तमू प्ये ल्हु संघले फलिना क्होँइबो स्थापना गरेको छ । देशका विभिन्न गुरूङ बस्तीहरु जस्तै, दमौली, दुलेगौंडा, गगनगौंडा, देवदाह भैरहवामा क्होँइबो निर्माण भैसकेका छन् भने अन्य ठाउँहरुमा निमार्ण गर्ने क्रममा छन् ।

ग. छोंज धीँ

यसलाई खसभाषामा नालसभा भनिन्छ । गाउँको रीतिथिती बसाल्ने काम यसैबाट हुने भएकाले यसलाई गुरूङ संसद पनि भन्न सकिने अवस्था छ भने गाउँ(गाउँ बस्ती(बस्तीमा कलझगडा, मुद्दामामिला हुँदा मिलाउँने, दण्ड सजायँ गर्न सक्ने अधिकार भएकाले पनि सरकार जस्तै देखिन्छ । घले राजाहरुले गाउँ(गाउँका भलादमी जम्मा गरी नीतिगत कुरा निर्माण एवम् कार्यन्वयन गर्दथे । लमजुङ

क्षेत्रमा यस्ता आठवटा नालसभाहरु थिए र वर्षको एकपटक नालसभा बस्ने चलन थियो । यसमा खेगी (तमू पुरोहित) एवम् म्हिक्रँचोक (भद्रभलादमीहरु) जम्मा भै हप्तौसम्म एउटै ठाउँमा बसेर त्यस क्षेत्रको शान्ती, सुरक्षा, विकास एवं परंपरागत चालचलन रीतिरिवाज सुचारूरुप्मले सञ्चालन गर्ने बारे छलफल र निणर्य गर्दथे । गुरूङहरुको भाषा, धर्म र संस्कृतिको सरक्षण र विकाशमा नाल सभाको महत्वपूर्ण भूमिका रहँदै आएको थियो । मुलुकको राजनीतिक परिवर्तन सँगै नालसभाहरु कम्जोर हुँदै जाँदा लोप हुने अवस्था समेत रहन गयो । हाल आएर आफ्नो पहिचान बारे गुरूङहरु चनाखो बन्दै जाने सन्दर्भमा पुन छोंजधीं निर्माणमा गुरूङ संघसंस्थाहरुको ध्यानाकर्षण भएको छ । केही महिना अघि लमजुङ बेंसीशहरमा नालसभाको महत्वबारे गोष्ठी गरि आउंदो संविधानमा समावेश गर्न माग पेश गरेको छ ।

घ. रो धीं

गुरूङहरुको महत्वपूर्ण सांस्कृतिक अंगको रुपमा रहेको रोधींले गुरूङ समुदायलाई राम्ररी चिनाएको छ । रोधींलाई युवायुवतीहरु बस्ने घरको रुपमा ब्याख्यान गर्ने पनि छन् भने अर्को तर्फ धागो, उनको काम गर्ने घर भएकाले यसलाई रूधीं (रू भनेको धागो र धीं भन्नाले घर) भनिएकोमा पछि गएर रोधीं, भनिएका भन्नेहरु पनि क्षेत्र अध्ययनमा पाइएको थियो । उत्तरदाताहरुको अनुसार रोधीं सांझको खाना पछि युवायुवतीहरु थकाइ मेट्ने, गीत गाउँने, भोलीपल्टको दिनको कामको योजना बनाउने स्थलको रूपमा प्रयोग हुने भएको हुनाले यसलाई युवा वर्गहरुलाई सामाजिकिकरण गर्ने प्रशिक्षण गर्ने स्थानको रूपमा पनि बुझ्न सकिन्छ । गाउँका युवायुवतीहरु भेटघाट हुने भएको हुनाले यसमा हांसखेल गरी रमाइलो गर्ने, मनोरञ्जन गर्ने घरको रुपमा लिन सकिन्छ । रोधींलाई विकृती र विसँगतीबाट जोगाउंनं रोधीं बस्ने घरको आमाले भूमिका निर्वाह गर्ने चलन भएको कुरा सुन्न पाइयो । एउटै गाउँमा पनि एक भन्दा बढी रोधीं हुंने चलन थियो । गीत गाउने, नाँच्ने, सुखदुःखका कुराकानी गर्ने यस साझा घरमा युवायुवतीहरु बीच उपनामहरु राख्ने र उपहारहरु साटासाट गर्ने चलन पनि थियो तर केही स्थानमा पाइने विकृतिले पनि रोधीको निरन्तरतामा बाधा पुग्न गयो साथै युवाहरु बृटिश र भारतीय सेनामा भर्ति हुँन जाने चलनले गाउँमा युवकहरु नहुँदा रोधीं बस्न

नसकेको र आधुनिक शिक्षा पश्चात छोरीहरु पनि शहरबजार बस्ने चलनले रोधीको अस्तित्व मेट्न पुगेको हो तापनि पुरानो समयमा गाउँछिमेकमा मर्दापर्दा र आफ्नो भाषा एवं संस्कृति बचाउँने काममा रोधीको महत्वपूर्ण भूमिका रहेको कुरा विर्सन सकिंदैन ।

ङ. आमा समूह

परिवर्तित सन्दर्भमा गुरूङ बस्तीहरुमा आमा समुहको अस्तित्व महत्वपूर्ण रहेको पाइएको छ । आमा समुह साक्षरता कक्षा सञ्चालन गर्न, स्कुल खोल्न, गाउँको बाटोघाटो निर्माण, वनजंगल संरक्षण गर्न देखि गाउँ गाउँमा जुवातास जस्ता विकृतिहरु हटाउन सक्रिय देखिएका छन् । गाउँमा आएका स्वदेशी एवम् विदेशी पाहुँना र विदेशी सेनाबाट विदामा आएकाहरु, गाउँमा हुने विवाह र अर्घुमा समेत नाँचगान देखाएर आमा समुह चन्दा/दान र सहयोग रकम जम्मागरी कोष खडा गर्दछन् । यस्ले गर्दा गुरूङ भाषा र संस्कृतिको संरक्षण भएको छ भने गाउँमा आउने पाहुनाहरुलाई मनोरञ्जन दिने कार्य पनि भएको छ । यति मात्र हैन, गाउँका विकृतिहरु जुवातास र जांड रक्सी सेवनमा समेत नियन्त्रण भएको छ । नजानिदो रुपमा महिलाहरु महिला अधिकारका लागि सँगठित हुने अवसर पनि प्राप्त भएको छ । महिला माथि हुने थिचोमिचोको विरूद्ध महिलाहरु गोलबन्द हुँने मौका यहि संस्थाले दिएको छ । साथै नाँचगानले आफ्नो बस्तीलाई उज्यालो बनाएको छ भने आमा समुह गाउँको विकाशमा समर्पित पनि भएका छन् । यसरी आमा समुहको आफ्नो गाउँको विकाश निर्माणमा ठूलो योगदान रहेको कुरा अध्ययनमा पनि उत्तरदाताहरुले सहर्ष स्वीकार गरेको पाइएको छ ।

६.३ जातीय अधिकारको आन्दोलन

नेपालको सन्दर्भमा जातीय अधिकारको लागि आवाज निकाल्ने, सँगठित हुँने र आन्दोलित कार्य एकतन्त्रीय जहानीया राणा शासनको अन्त्य र प्रजातन्त्रको उदयसँगै गांसिएको इतिहास छ । अर्को शब्दमा २००७ पछि मात्र सामाजिक संस्थाहरु खुल्दै गएका हुन् ।

(क) गुरूङ कल्याण संघ

समाजको विग्रदो स्थिति प्रति चिन्तित एवम् मूल्य मान्यता आदिको संस्था र सम्बर्धनका लागि सामाजिक सँगठनको आवश्यकतालाई महशुस गरी पूर्व मेचीदेखि पश्चिम महाकाली देखि आएर काठमाडौंमा विभिन्न क्षेत्रका संलग्न रहेका गुरूङहरूले धेरै पटकको मन्थन पछि २०११ साल माघ १ गतेका दिन श्री सिंहबहादुर गुरूङको अध्यक्षतामा ११ सदस्यीय कार्यकारिणी समित गठन भै "गुरूङ कल्याण संघ" नामक सामाजिक संस्था लैनचौर काठमाडौंमा स्थापना भयो (गुरूङ, २०५६ अनुसार गुरूङको पहिचान सर्लाही) तत्कालिन समयमा राष्ट्रियता र प्रजातान्त्रिक विकाशको लागि राजाबाट २०११ साल फाल्गण १० गते सुझावका लागि अह्वान गर्दा गुरूङ कल्याण संघको तर्फबाट तदनुसयको सुझाव पेश गरिएको थियो । त्यसै सिलसिलामा २०१२ साल बैशाख २५ गते दिउँसो नारायणीहिटी दरबारमा देशको विभिन्न राजनैतिक र सामाजिक गरी १२९ संघसंस्थाका प्रतिनिधीहरु भेला हुँदा सो समयमा संघको तर्फबाट सचिव अमरबहादुर गुरूङ, कोषाध्यक्ष सी.बी घोताने र सँगठन मन्त्री अक्कलबहादुर गुरूङ समेत ३ जनाले भाग लिएका थिए । यसबाट थाहा हुन्छ कि गुरूङहरु आफ्नो जातीय हक अधिकारका लागि धेरै अघि देखि कुनै न कुनै रुपमा भिज्दै आएको पाइन्छ । यस्का साथै गुरूङ समुदायको इज्जत, मान प्रतिष्ठा जहिले पनि उच्च भएको अनुभव भएको छ । उदाहरणका लागि "वि.स. २०१३ सालमा गणतन्त्र चीनसँग कायम भएको दौत्य सम्बन्धको आधारमा तात्कालिन शिक्षामन्त्री वालचन्द्र शर्माको नेतृत्वमा नेपालबाट सांस्कृतिक शिष्टमण्डल चीन जांदा गुरूङ कल्याण संघको तर्फबाट गुरूङ जातिको पहिचानको रुपमा रहेको घाँटुनाँच र सोरठी नाँचलाई प्रस्तुत गर्न गोरखा सिरानचोक निवासी सुबेदार तोपबहादुर गुरूङ र सुश्री हुममाया गुरूङ, लम्जुङ निवासी श्रीमती चिनीमाया गुरूङ समेत ३ जनालाई पठाइएको थियो । २०१३ सालमा गुरूङ कल्याण संघ, थारू कल्याणकारी संघ, किराँत लिग र काठमाडौंमा दलित संघ मिली पिछडिएको वर्गको गठन गरिएको थियो । त्यस संस्थाको सभापति जनरल मिनबहादुर गुरूङलाई बनाइएको थियो । गुरूङ कल्याण संघको तर्फबाट सचिवको हैसियतले शेरबहादुर गुरूङ, वुद्दिजिवीका तर्फबाट अमर गुरूङ र चन्द्रबहादुर गुरूङ, सी.बि.घोताने, किरांत लिग बाट पूर्व डि.आई.जी. बि.बि.च्यामजुङ, मेजर सन्तोष कुमार राई, तिलकबहादुर

लक्सस, थारू कल्याणकारी संघको तर्फबाट रमानन्द प्रसाद सिंह थारू, परशु नारायण चौधरी थारू र दलित संघबाट एकजना थिए, त्यसबेला मगरसंघ स्थापना भएको थिएन (शेरबहादुर गुरूङः २०६५) । केही थोरै दिनमा उक्त संघमा तामाङ समिति, दलित जातीय संघ, शेर्पा संघ, किरांत संघ, मतवाली संघ, बीर नेपाली कल्याण संघ, अछुत जातीय संघ र किसान संघ थिए । यसरी गाभिदै जाने क्रम बढ्दै गएपछि पिछडिएको वर्गीय संघको नामलाई बदलेर सबै समाहित हुन सक्ने "संयुक्त जनकल्याण सघ" नामाकरण गरिएको थियो । यसबाट के स्पष्ट हुन्छ भने आज भन्दा ६४ वर्ष पहिले देखि गुरूङ लगायत अन्य जातजातिहरूले मुलुकमा आफुहरु दविएर रहन परेको महशुस गर्दै आफ्नो हक अधिकारका लागि सँगठित हुन सुरू गरेको रहेछन् । संयुक्त जनकल्याण संघ सम्म पुऱ्याउन गुरूङ कल्याण संघको महत्वपूर्ण भूमिका रहेको जानकारी यसबाट स्पष्ट हुन्छ । अझ स्पष्ट भन्नु पर्दा हामी भन्छौ आदिवासी जनजातिहरु सँगठित हुन थालेको २०४६ मा जनआन्दोलन पछि मात्र हो र यसैमा धेरैले सहमति जनाउँदै आएका छन् तर श्री शेरबहादुर गुरूङ र श्री अमारबहादुर गुरूङका पुस्तकहरु क्रमश गुरूङको पहिचान र गुरूङ कल्याण संघको भावी कार्यक्रम २०१३ समेत पढ्दा आदिवासी जनजाति महासंघको आधारमा त्यहि बेला देखि शुरू भएको रहेछ । आफ्नो हक अधिकारका लागि मात्र वुलन्द बनाउंन पर्ने आवश्यकता त्यहि बेला देखि महशुस भएको स्पष्ट हुन्छ । आफ्नो अस्तित्व र जातीय पहिचानमा कसैबाट दाग लगाउने र हेपाह प्रवृतिको विरूद्धमा गुरूङहरु सँगठित भएर लाग्दै आएको पाइन्छ । उदाहरणका लागि गुरूङ कल्याण संघको कार्यकालमा केही दुखद घटनाहरु घटे । २०१३ सालमा एकजना राणा थरका ब्यक्तिको गुरूङ र ठकुरी गरी दुई श्रीमती बीचको अंश मुद्दामा विवाद भै कलकत्ता हाइकोर्टमा मुद्दा चल्दा गुरूङ जाती शुद्र हुन् भनी लाच्छना लगाइएको थियो जसलेगर्दा स्वदेश र विदेशमा रहेका सबै गुरूङहरूमा सनसनी फैलियो । गुरूङ कल्याण संघको तर्फबाट सम्बन्धित ठाउँमा विरोधपत्रहरु लेख पठाइयो । त्यसपछि तत्कालिन प्रधानमन्त्री टंकप्रसाद आचार्यसँग गुरूङ कल्याण संघको तर्फबाट सचिव अमरबहादुर गुरूङको नेतृत्वमा २५ सदस्यीय डेलिगेसनले भेटी विरोध जनाएको थियो । गुरूङ जाति शुद्र होइन भनी रेडिया नेपाल र पत्रपत्रिकाबाट प्रधानमन्त्री टंकप्रसाद आचार्यबाट खण्डन भएपछि स्थिति सामान्य हुन गएको थियो । गुरूङ कल्याण संघ विशुद्ध सामाजिक संस्थाका हिसावले आफ्नो भाष,

धर्म र संस्कृति संरक्षण एवम् पहिचानका लागि काम गर्दै गएको भएपनि आज जसरी सांप्रदायिक भन्ने गर्छन त्यसबेला त झन गहिरो ढङ्गले सांप्रदायिक भनेर आरोप लगाउँदै आएका थिए । गुरूङ कल्याण संघलाई कमजोर बनाइ पोखरामा गुरूङहरूलाई हातमा लिएर "गुरूङ सांस्कृतिक संघ" नामको संस्था खोल्ने प्रयास नभएको हैन तर त्यो धेरै दिनसम्म टिक्न सकेन । यसरी काठमाडौं आई बसेका देशभरका गुरूङहरूको मिलोमतोमा आफ्नो भाषा, धर्म र संस्कृतिको संरक्षण, सम्बर्धन र आफ्नो पहिचान एवम् हक अधिकारका लागि स्थापना भएको गुरूङ कल्याण संघले कुनै राजनीतिक दलमा नलागी विशुद्ध सामाजिक संस्थाको रूपममा झण्डै छ वर्ष जति काम गऱ्यो तर २०१७ को राजनीतिक दल एवम् सामाजिक संघ संस्थाहरु माथि प्रतिबन्ध लगाएको हुँदा गुरूङ कल्याण संघ पनि त्यसैको शिकार बन्न गयो र त्यस संस्थाले पुर्नजन्म पाएन ।

(ख) रोधी परिवार र तमू धीं

२०१७ साल पछि उदय भएको निर्दलिय पञ्चायत ब्यवस्था भित्र जातीय संघसंस्थाहरूले सँगठित हुने, आफ्नो भाषा, धर्म र संस्कृति संरक्षणका लागि कुनै काम गर्ने अवसर पाएनन् । सबै कार्यमा बन्देज लाग्यो । राजनीतिक दलहरूमा प्रतिबन्ध लाग्यो तर २०२६ साल तिर विग्रँदो अवस्थामा गैरहेको गुरूङहरूको अवस्था प्रति चिन्तित बनेर आफ्नो भाषा, धर्म र संस्कृतिको मूल्य र मान्यता आदिको संरक्षण र संबर्द्धनका लागि देशका विभिन्न ठाउँहरूबाट आइ उपत्यकामा बसोवास गर्दै आएका गुरूङहरूको धेरै दिनको सभा र मन्थन पश्चात "रोधी परिवार" नामक संस्था स्थापना भयो । रोदी परिवार नामक संस्था स्थापित भए पछि अनुभवको आधारमा गुरूङहरूले अझ ब्यापक दृष्टीकोण राखेर २०३३ सालमा बसेका प्रतिनिधी सभाको बैठकले रोदी परिवार भन्ने नामलाई बदलेर "तमू धीं" नामाकरण गरी सोही प्रतिनिधी सभाबाट पारित भएको विधान अनुसार

क. तमू भाषा, संस्कृति र धर्मको संरक्षण र संबर्द्धन गर्ने ।

ख. राजनैतिक गन्धरहित स्वच्छ सामाजिक सँगठनको रूपमा प्रोत्साहित गर्दै राष्ट्र निमार्णको प्रवाहमा अघि बढ्ने ।

ग. सुख(दुःखमा आपसी सहयोग र सदभावना बढाउँदै सामाजिक कुरीतिहरूको उन्मुलन गर्ने ।

घ. तमू संस्कृति र भाषाको संरक्षण र सम्बर्धनका लागि अनुसन्धानात्मक लेख आदि संकलन तथा प्रकाशन गर्ने जस्ता कुरा नै मुख्य बुँदाहरु थिए ।

तत्कालिन तमू धींमा श्री रामकाजी कोने, श्री एकबहादुर गुरूङ, श्री धनमान गुरूङ, श्री युक्त गुरूङ र ई. हरि भक्त गुरूङ लगायतका साथीहरुको सक्रियतामा गुरूङहरुको महान चाड् ल्होछारलाई काठमाडौं उपत्यकामा भव्यस्वमा मनाउने प्रचलनलाई अगाडी बढाएको कुरा प्रशंसनीय भएको थियो । यसले संम्पूर्ण गुरूङहरुको सुखदुःखमा समेत सहभागी भै सँगठित गर्न जमर्को देखाएको थियो । मृत संस्कार जस्तो संवेदनशिल विषयमा सम्बन्धित परिवारलाई साथ दिने र हौसला दिदै आएको कुरा चिरस्मरणीय बन्न पुगेको छ । तमू धींको महत्वपूर्ण कार्य धेरैलाइ जानकारी नहुँन सक्छ । त्यो हो प्राज्ञिक कार्य । तमू धींले डा.गणेशमान गुरूङ, प्राज्ञ डा. जगमान गुरूङले सम्पादन गरेको समसामयिक संकलन तमू प्रकाशन गरेको थियो । तमू धींको अस्तित्व झण्डै २०४६ भाद्र १५/१६ सम्म रहेको पाइयो । जुनढगंले यस संस्थाले काम गर्नु पर्दथ्यो, त्यो हुन सकेको थिएन, यसका कारण नै संस्थामा कार्यकर्ता प्रायः सबै विधार्थीहरु थिए तापनि लाजिम्पाट स्थित श्री कृष्णबहादुर गुरूङको योगदान भने महत्वपूर्ण थियो । यहि सेरोफेरोमा २०३४ साल पौष १५ गते पोखरा रामघाट नजिक झण्डै १५ रोपनी जग्गा लिएको छ । भगवान वुद्धको प्रतिमा रहेका स्तुप नजिकै धर्मशालाहरु र त्यस नजिकै सेती गंगाको किनारमा दाह संस्कार गर्नका निमित्त सुविधायुक्त चिताको निर्माण पनि गरिएको छ । धेरै अगाडि देखि गुरूङ समाजमा अभाव एवम् खट्किरहेको समाज कल्याण कार्य यस वौद्ध सदनबाट केही मात्र भए पनि पूर्ति भै आएको पाइन्छ र यसबाट जातीय संस्कृति सँगठित एवम् चेतनशील बनाउनमा ठूलो बल पुग्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा तमूहरुको हक हित, अधिकार र राष्ट्रिय पहिचान आदिबारे जागरूक एवम् सचेत गराउने, सामाजिक समस्यालाई सामुहिक एवम् सँगठनात्मक माध्यमबाट समाधान गर्दै लैजाने, हाम्रो लोप हुने स्थितीमा पुगेका भाषा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र यिनै पृष्ठभूमिमा तमूहरुको सामाजिक संस्थाको अभाव पुर्ति गर्ने उद्देश्यले २०४२ सालमा तमू धीं को जन्म भएको कुरा तमू छोंज धींको प्रथम तमू राष्ट्रिय महाधिवेशनमा प्रस्तुत प्रतिवेदनले देखाएको छ । झण्डै २५ वर्ष भित्र तमू धीं कास्कीले गुरूङहरुको भाषा र संस्कृति संरक्षणमा ठूलो योगदान पुऱ्याएको छ ।

गाउँघरबाट पोखरा आइ बसोवास गर्ने तमूहरूको सङ्ख्या ठूलो बन्दै छ । अत संगठन गर्न सजिलो, आफ्नो आवाज वुलन्द पार्न त्यति नै सहज भएको छ तमू धीं कास्कीलाई यस संस्थाको आफ्नै भवन र जग्गाजमिन भएकाले पनि सम्पन्न भएर निर्धक्क काम गरिरहेको सन्दर्भमा गुरूङको पहिचानलाई संरक्षण गर्दै आएको पाइन्छ ।

(ग) तमू राष्ट्रिय परिषद र अन्य तमू संघसंस्थाहरु

नेपालको सन्दर्भमा विशेषगरी पञ्चायतकाल भित्र आदिवासी जनजातिहरूलाई आफ्नो भाषा, धर्म र संस्कृति संरक्षण सम्बर्धन गर्न, जातीय पहिचानलाई निरन्तरता दिन जातीय संघसंस्थाहरु खोल्ने, स्थापना गर्ने र कृयाकलापहरु अगाडि बढाउने अनुमति थिएन । कानुनी बन्देज थियो । २०३६ यता जनजातिहरूलाई मगुराली, सेतामगुराली, सांप्रदायिक, ब्यवस्था विरोधी, राजा विरोधी र अराष्ट्रिय तत्व सम्म भन्न भ्याउँथे । यसो हुँदाहुँदै पनि तमूधीं काठमाडौं, वौद्ध अर्घौं सदन जस्ता गुरूङ संस्थाहरु काम गर्दै थिए । जतातै असन्तोष पाइएको सन्दर्भमा नेपालका राजनीतिक दलहरु पनि दल खोल्न र प्रजातन्त्र ल्याउन भूमिगत रूपमा सक्रिय भै रहेको थिए । यसरी राजनीतिक दलहरु र जातीय संस्थाहरूको असन्तुष्टीले आन्दोलनको रूप लियो र राजावादीहरूको निरंकुशता ले आगोमा ध्यू थपे झैं आन्दोलनले उग्ररूप लिदै सफलतामा पुगेको हुँदा प्रथम जनआन्दोलन शुरू हुनु अघि २०४६ भाद्र १७ गते काठमाडौं तमू धींको सट्टा पोखरा वौद्ध अर्घुसदनको शाखाको रूपमा क्या. आशबहादुर गुरूङको अध्यक्षतामा एउटा कार्य समिति बन्यो । यसमा स्व. डा. हर्कबहादुर गुरूङको पुर्ण सहमति प्राप्त भएकाले पनि काम अगाडि बढाउन सजिलो भएको सन्दर्भमा केहिपछि यसलाई तमू वौद्ध सेवा समिति नामाकरण गऱ्यो । जातीय संघ संस्थाहरु दर्ता गर्न नपाइएको काला दिनहरूको अन्त्य पछि स्वभाविक ढङ्गले थुप्रै थुप्रै जातीय संस्थाहरु जिल्ला प्रशासनमा दर्ता हुन पुगे अर्को शब्दमा वि.स.२०११ सालमा गुरूङ कल्याण संघको पुर्नजन्म जस्तै हुन गयो, काठमाडौं स्थित तमू वौद्ध सेवा समिति । भारतीय र बृटिश सेवाबाट पेन्सन आएका पूर्वसैनिकहरूको सक्रियता र नेतृत्वलाई नेपाल बस्ने गुरूङ रैथानेहरूको लेखापढी एवम् कानूनी सल्लाह प्राप्त हुँदा छोटो समयमा यस्ले तमू वौद्ध सेवा समितिले ठूलो प्रगति गरेको पाइयो । आफ्नो भेषभुषाको

प्रचलन र ल्होछार पर्वलाई जनमानसमा पुऱ्याइ आफ्नो संस्कृति संरक्षण र हक अधिकारका लागि तमू वौद्ध सेवा समितिले खेलेको भूमिका जहिले पनि महत्वपूर्ण रहन पुग्यो । अझ स्पष्ट भन्नु पर्दा आदिवासी जनजाति महासंघको स्थापनाका संस्थापक भूमिका निर्वाह गरेकोमा संपूर्ण गुरूङहरु गौरवको अनुभव ब्यक्त गर्दै आएका छन् ।

(घ) तमू प्ये ल्हु संघ

२०४६ को जनआन्दोलन पछि जसरी गुरूङ राष्ट्रिय परिषदको जन्म भयो त्यसरी नै तमू प्ये ल्हु संघको जन्म २०४७ कार्तिक ३ गते कास्की जिल्लाको बाँझापाटनमा तमू वुद्धिजिवीहरुको भेलाबाट भएको हो तमू जातिको परम्परागत मौलिक धर्म संस्कृति लोप हुन लागेकोले यस्को संरक्षण र सम्बर्धन गर्ने उद्देश्यले स्थापना भएको हो (लालबहादुर कोम्छे तमू : २०५७) अर्को शब्दमा तमू प्ये ल्हु संघले खेगी (धर्म गुरू), चोगी (जजमान), पैडी (ज्योतिषी) को निर्देशनमा शास्त्र हराए परंपरा हराउँछ, परम्परा हराए संस्कृति हराउँछ र संस्कृति पनि हराए मान्छे नै हराउँछ (प्ये म्हस्या छ्या म्हमु, छ्या म्हस्याँ ल्हु म्हमु, ल्हु म्हस्या म्ही म्हमु) भन्ने कुरालाई मनन गरेर तमू जातिको भाषा, धर्म र संस्कृतिको संरक्षणको लागि एक सवल र सक्षम संस्थानको टडकारो आवश्यकता महसुस गरी तमू प्ये ल्हु संघको स्थापना गरेको हो तमू जातिको धर्म संस्कृति एक चर्चाः तमू प्ये ल्हु संघ स्मारिका (२०५७, पोखरा) यस संस्थाले गोष्ठी, खेगी तालिम प्रशिक्षण र सँगठन विस्तार गर्नुका साथै पच्यू, क्ल्हेबृ र लामाको आवश्यकता र महत्व बारे ज्ञान दिँदै आएको छ । खेगी प्रशिक्षण दिएर पच्यू, क्ल्हेबृले गर्ने कर्मकाण्ड पूर्व तिर पनि फैलिएर गएको छ । हिन्दु संस्कार र तिब्बती लामाकरणको प्रभावबाट बचाएर आफ्नो मौलिकतालाई निरन्तरता दिन यस संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्दैछ । प्ये तां ल्हुँ ता अर्थात हाम्रो धर्मशास्त्रको संरक्षण पनि यहि संस्थाबाट हुँदै आएको छ ।

(ङ) तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद

संपूर्ण तमूहरूको आर्थिक, सामाजिक, धार्मिक, भाषिक सांस्कृतिक संरक्षण सम्बर्धन एवम् आफ्ना मौलिक हक अधिकार प्राप्तीको उदेश्य राखेर २०४९ सालमा तमू छोंज धीं संस्थाको जन्म भै यस्ले झण्डै ४२ जिल्लामा आफ्नो सँगठन विस्तार गरेको, ल्होछार पर्वको मागलाई वुलन्द बनाएको र गुरूङको पहिचानको खोजीमा महत्वपूर्ण आन्दोलनहरु छेड्दै आएको घटनाक्रम गुरूङहरूका लागि उदाहरणीय ज्ञान भएको छ । यस्ले कुनै राजनीतिक दल विशेषको पछि लाग्नु सट्टा सबै राजनीतिक दलसँग समान दुरी राखी संस्थालाई विशुद्ध सामाजिक संस्थाको रूपमा प्रस्तुत गर्नु अर्को महत्वपूर्ण ऐतिहासिक संस्थाको रूपमा एतिहासिक क्षण भएको छ । यसै सन्दर्भमा राष्ट्रियस्तरको अर्को संस्थाको काठमाण्डौमा जन्म भयो त्यो हो गुरूङ (तमू) राष्ट्रिय परिषद । यस्ले नेपालका वुद्धिजिवीहरूलाई समेटने कार्य गरयो । काठमाडौं र पोखरा उपत्यकामा झण्डै ७० वटा गुरूङ संस्थाहरूलाई एक सुत्रमा बाँध्ने कार्य हो र साथै पोखराको वौद्ध अर्घु सदन र प्येल्हू संघ पोखरालाई लिएर आफ्नो सँगठन बलियो बनाउँदै गुरूङका हक अधिकारका लागि गोष्ठीहरु आयोजना गर्ने, ल्होछार पर्वलाई सरकारी मान्यता दिने दबाव दिने र सरकारको नीति निमार्ण तहमा प्रभाव पार्दै आएको सन्दर्भमा तमू छोंज धीं र गुरूङ राष्ट्रिय परिषद बीच एकता र सहकार्यको अभावले गुरूङ एकतामा नकरात्मक असर पारेको अनुभव चौतर्फि भयो । गुरूङ (तमू) राष्ट्रिय परिषद आदिवासी जनजाति महासंघको सदस्य भै कार्य गरि रहेको सन्दर्भमा अर्को ठूला संस्था तमू छोंज धीं सङकमा रहनु पनि शोभनीय थिएन । यी दुई संस्थाहरूलाई मिलाएर एउटा बलियो गुरूङ संस्था निमार्ण गर्न थुप्रै पटक प्रयासहरु नभएका होइनन् तर सफल हुन सकेन । प्रयासको सन्दर्भमा तमू छोंज धीं र गुरूङ (तमू) राष्ट्रिय परिषदलाई मिलाएर गुरूङहरूको एउटै मात्र साझा संस्था निमार्ण गर्ने कार्य २०६५ चैत्र १६, १७ र १८ गते सम्म नारायणघाट चितवनमा सम्पन्न महाधिवेशनले गरेको उदाहरणीय काम अवसर र चुनौती दुबै हुन पुगेको छ । महाधिवेशनले संस्थाको नाम "तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद" राखी ५७ सदस्यीय कार्य समिति गठन गरेको र सो पश्चात मात्र गुरूङहरु एक ढिक्का भै आफ्नो हक अधिकार प्राप्त गर्न सक्रिय ढङ्गले अग्रसर छन् । "तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद"

एकमात्र गुरूङहरूको केन्द्रिय तथा नेतृत्व भएकाले यस्ले गुरूङहरूको भाषा, धर्म र संस्कृति संरक्षण सम्बर्धन एवम् हक अधिकारका लागि राज्यसँग, सरकार सँग सरोकार राख्दै आएको छ । केन्द्रिय नेतृत्व चयन भएको छोटो अवधीमा यसले एकजना गुरूङ संखुवासभा निवासी श्री टिकाराम गुरूङलाई सगरमाथा चढ्न लगानी गऱ्यो यसले सफलता पनि पायो । यसरी नै गुरूङहरूको पैतृक थलो, क्होल सों थर (क्होल सों प्रें ट्हो) मा यस्को प्रारम्भिक अध्ययन गर्न प्रा.डा जगमान गुरूङको नेतृत्वमा २७ सदस्यीय टोली पठाउने कार्य गऱ्यो । यस संस्थाले तमूवान प्राप्ती बारे गोष्ठीहरु सञ्चालन गर्दै आएको छ । राज्य पुनः संरचनाको यस अवस्थामा पश्चिम काली गण्डकी र पूर्व बुढीगण्डकी बीचको भूभागलाई तमूवान राज्य/प्रान्त माग गर्दै संस्थाका पश्चिमाञ्चल प्रमुख ले.यामबहादुर गुरूङको संयोजनमा एउटा संर्घष समिति गठन समेत गरेको छ । यसरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान भित्र आफ्नो हक अधिकार सुरक्षित गर्न केन्द्रिय नेतृत्व सक्रिय भएर कार्यरत छ । यसका साथै आइ.एल. ओ १६९ मा उल्लेख ज्ञान संपूर्ण तमूहरूमा पुऱ्याउने उदेश्यले क्षमता अभिबृद्धि तालिमहरु सञ्चालन छन् र आत्मनिर्णयका अधिकार सहितको तमूवान राज्यको मागलाई वुलन्द पारिएको छ ।

(च) आदिवासी संघसँगठनहरु

आदिवासी जनजातिहरु राज्यको बहिष्करणमा परेको अनुभव आज हैन धेरै वर्ष अगाडी देखि गर्दै आएका छन् । आफ्नो भाषा, धर्म, संस्कृति एवम् हक अधिकारका लागि नै गुरूङहरूले २०११ सालमा 'गुरूङ कल्याण संघ" गठन गरेका थिए । पछि गएर वि.सं २०१३ सालमा गुरूङ कल्याण संघ, मगर कल्याण संघ, लिम्वुवान संघ र थारू कल्याणकारी संघ समितिको सहमतिबाट पिछडिएको वर्गीय संघ, नामक संस्था स्थापना भएको विवरण माथि नै भनिसकिएको छ । यस्को मुख्य उदेश्य नै आफ्नो हक अधिकारको सुरक्षा गर्दै राज्यमा आफ्नो पहुँच, प्रतिनिधित्व र सहभागिता प्राप्त गर्नु हो । गुरूङहरु सदा निरकुंश शासनको विरूद्धमा भएको पाइन्छ । उदाहरण लागि सेनाको दुरपयोग गरेकोमा सिपाही श्रीपती गुरूङ प्रधानमन्त्री जंगबहादुर विरूद्ध लागेको र उनलाई वि.स. १९१४ साल जेष्ठ महिनामा मारिएको र उनको लासलाई टुंडीखेलमा टुक्राटुक्रा

पारेको घटना दुखद् थियो । यस्तै उनका सहयोगी लमजुङ निवासी सुकदेव गुरूङ र गोरखा निवासी सुपति गुरूङ दुइजना प्रधानमन्त्री जंगबहादुरको विरूद्धमा उत्रिए तर वि.स. १९१६ सालमा आन्दोलनका कमाण्डर शुकदेव गुरूङ पक्राउमा परे र १७ वर्षको कठोर यातना भोगेर १९३३ चैत्र २६ मा दुखद निधन भयो तर सुपति गुरूङ पक्राउमा परेनन् यसरी राणाहरूको कठोर शासन विरूद्ध अभूतपूर्व साहस देखाइ सर्वप्रथम विद्रोह गर्ने श्रीपति गुरूङले गुरूङ समुदायको इज्जत उच्च बनाइ अन्यायको अगाडी घुँडा नटेक्न भावी सन्ततिलाई बाटो देखाएका छन् (गुरूङः २०५६) । यस किसिमको अन्याय अत्याचार राज्यबाट अन्य जनजातिहरूले पनि भोगदै आएको इतिहास भएकाले त्यसैको परिणमस्वरूप वि.स.२०१३ "पिछडिएको वर्गीय संघ र पछि संयुक्त जनकल्याण संघ नामाकरण गरियो/वि.स.२०१७ सालको राजनैतिक परिवर्तन पछि राजनीतिक दलहरु र सामाजिक संघ संस्थाहरु माथि प्रतिबन्ध लाग्यो तापनि भूमिगत रूपमा जातीय संघसंस्थाहरु कुनै न कुनै ढङ्गले आफ्नो चार्डपर्व मनाउन भेला हुने, आफ्ना हक अधिकारका लागि छलफल गर्ने मञ्चहरु तयार गर्ने र चेतना फैलाउने प्रयास भएस्वरूप नै २०४६ को प्रथम जनआन्दोलन पछि जनजाति महांसंघ, महिला महासंघ र विद्यार्थी संघहरु गठन हुँदै गए । यसमा प्रत्यकको विवरण र ब्याख्या यस प्रकार छ ।

■ आदिवासी जनजाति महासंघ

पञ्चायत काल भित्र आदिवासी जनजातिहरूलाई सांप्रदायिक, राजा विरोधी, ब्यवस्था विरोधी जस्ता विशेषणहरु दिएर राष्ट्रको मूलधारबाट पन्छाउने प्रयासहरु भएता पनि केही सचेत जनजातिहरु भने प्रत्यक्ष वा अप्रत्यक्षरूपमा भिडिरहेको अवस्था थियो । एउटा उपयुक्त एवम् सहज परिस्थितिको खोजीमा भएकै बेला मुलुकमा ठूलो जनआन्दोलन भयो । २०४६ चैत्र महिनामा राजनीतिक दल, सामाजिक संघसंस्था एवम् प्रजातन्त्रप्रेमी जनता सडकमा उर्लिएपछि राजसंस्थाले घुँडा टेक्न बाध्य हुन पुग्यो । वहुदलीय प्रजातान्त्रीक ब्यवस्थाको उदयपछि मुलुकमा संविधान निर्माणको कार्य समेत थालनी भयो । जनजातिका नेताहरु क्रमश रमानन्द प्रसाद सिं थारू, पर्शुराम तामाङ र सुरेश आलेमागरको नेतृत्वमा धेरै पटक ताहाचल क्याम्पसमा बैठक राखी सँगठनले गर्नु पर्ने औचित्य बारे

छलफल चलिरहयो । अन्त्यमा महासचिवीय प्रणाली अन्तर्गत सुरेश आले मगरको नेतृत्वमा जनजाति महासंघ गठन भयो । यसमा विशेष गरी गुरूङ, तामाङ, मगर, याकथङुं, चुम्लङ (लिम्बु), थारू, थकाली र नेवारहरु मात्र थिए । यसको मुख्य उदेश्य नै युगौं देखि दविएर रहेका जनजातिहरुको भाषा, धर्म र संस्कृति संरक्षण संबर्द्धन र मुलुकको नीतिनिर्माण तहमा जनजातिहरुको पहुँच जस्ता विषयहरु थिए । यस संस्थाले विभिन्न कालमा संघर्षहरु गर्दै आएको छ । जनजाति महासंघको गठनमा गुरूङहरुको प्रमुख भूमिका रह्यो । तमू वौद्ध सेवा समिती यसको संस्थापक सदस्य नै हो । यस कार्यमा तमू वौद्ध सेवा समितिका तर्फबाट श्री गणेशमान गुरूङ, देउराली ट्राभल्सका मालिकले ठूलो योगदान पुऱ्याएका थिए । साथै रमानन्द प्रसाद सिं थारू, डा. नविन राई, डा. नोवेल किशोर, सोम प्रसाद गौचन, पदमरत्न तुलाधर समेत रहेको सल्लाहकार परिषदमा गुरूङको प्रतिनिधित्व डा. गणेशमान गुरूङले गरेको महत्वपूर्ण कार्य सबैमा जानकारी भएकै छ । नेपाल जनजाति महासंघको विधान २०४७ को प्रस्तावनामा उल्लेख छ, नेपाल एक वहुजातीय, वहुभाषिक, वहुधार्मिक र वहुसांस्कृतिक देश हो । यहाँ राजनैतिक, आर्थिक, शैक्षिक, भाषिक, सांस्कृतिक लगायत हरेक क्षेत्रमा आदिवासी जनजातिहरुले आफ्नो भाषा, लिपी, संस्कृति, धर्म र समुदायको विकाशका लागि आ(आफ्नो सँगठन निर्माण गरी क्रियाशिल रहदै आएकोमा यी विभिन्न आदिवासी जनजाति सँगठनहरुलाई समन्वय गर्दै साझा सवालमा नीति निर्देशन दिने तथा नेतृत्वको विकाश गर्ने र जातीय सदभाव एवम् भातृत्व अभिबृद्धि गरी देशको समुन्नतिमा सँगठितरुपले क्रियाशिल एवम् प्रयत्नशिल हुने कुरा उल्लेख थियो । विश्व आदिवासी दिवस मनाउन थालिए पछि नेपाल जनजाति महासंघको सट्टा नेपाल आदिवासी जनजाति राख्ने काम भयो । अर्को शब्दमा यहाँका जनजातिहरु यहाँका रैथाने, पुराना बासिन्दा र आदिवासी हुन् भन्ने धाराणाले ठाउँ पायो । यहि संस्थाको दबावमा आदिवासी जनजाति उत्थान प्रतिष्ठान समेत गठन भएको महत्वपूर्ण योगदानलाई विर्सन सकिदैन । हाल प्रतिष्ठानले भाषा, धर्म र संस्कृति संरक्षणमा काम गरिरहेको छ भने सचेतना तालिमहरु आइ.एल.ओ १६९ मा विषयवस्तु संम्पूर्ण जनजाति समुदायहरुमा पुऱ्याउने काम गरेको छ । यस संस्थालाई नेपाल सरकारले वार्षिक बंजेट छुट्याउने काम गरेको हुँदा जातीय संस्थाहरुलाई विभिन्न उत्थान कार्यक्रमहरु कार्यान्वयन गर्ने मौका पाएको छ । हाल नेपाल आदिवासी जनजाति

महाससंघ राज्यको पुनःसंरचानाका सन्दर्भमा जातीय, भाषिक र सांस्कृतिक दृष्टीकोणलाई मध्य नजरमा राखेर प्रान्त/राज्यहरु किटान गर्नु पर्ने विषयमा समर्पित छ । आजको आन्दोलन संघीय लोकतान्त्रीक गणतन्त्रलाई संस्थागत गर्दै आदिवासी जनजातिका हक अधिकारको पक्षमा केन्द्रित छ । यसरी समग्र आदिवासी जनजातिहरुको नेतृत्व लिने काम महासंघले गरेको अवस्था छ । यस्ले विशुद्ध सामाजिक संस्थाकोरुपमा विकाश गर्न नसकेको अवस्था भने कायमै छ, कतै न कतै राजनीतिक दलको प्रभावबाट बच्न सकेको अवस्था छैन । हाल ५९ आदिवासी जनजाति समुह भएकोमा हालको सूचीकरण कार्यदलले ८१ पुऱ्याउने जानकारीमा आएको छ ।

■ राष्ट्रिय आदिवासी महिला महासंघ

राष्ट्रिय आदिवासी जनजाति महासंघ जस्तै नेपाल आदिवासी महिला महासंघको जन्म वि.स.२०५५ आषाढमा तदर्थ समितिको गठन भै स्थापना भएको हो । स्थापनाकालमा यसमा तामाङ, नेवार, मगर, थकाली राई, सुनुवार, थारू र गुरूङ, महिला नेतृहरु सक्रिय थिए । यस्को नेतृत्व लिने महिलाहरुमा स्टेला तामाङ, बमकुमारी बुढा, सोमराई, डा.चुन्दा बज्राचार्य र यशोकान्त भट्टचन पर्दछन् । गुरूङको तर्फबाट चन्द्रकला गुरूङ अध्यक्ष भई सकेको छ । हाल महासचिवमा सोनी लामा कार्यरत छन् । यस संस्थाले वि.स. २०५७ मा आएर जिल्ला प्रशासनमा दर्ता भै विधिवत ढङ्गले काम गर्ने अवसर पाएको छ । अतः आदिवासी महिला महासंघ गठनमा समेत गुरूङहरुको उल्लेखनीय योगदान रहेको छ । नेपाल आदिवासी महिला महासंघ गठनका उदेश्यहरुमा युगौं देखि दविन परेकाले महिलाहरुको हक अधिकारका लागि आन्दोलन गर्ने, संपूर्ण महिला संघसंस्थाहरु बीच साझा सवालहरुमा समन्वय र सँगठन गर्ने, आदिवासी जनजातिका भाषा, साहित्य, लिपीको विकाशमा काम गर्ने, लोपोन्मुख आदिवासी जनजातिहरुको सामाजिक, आर्थिक, र राजनीतिक अधिकारहरु प्राप्त गर्न नेतृत्व गर्दै जाने आदि हुन् । यसरी महिलाहरुको पहिचान, अस्तित्व बचाउँदै उनीहरुको हक अधिकारका लागि कार्य गर्ने रहेको छ । साथै यो संघ नारी दिवस मनाउने, महिलाहरुको सँगठन गर्दै जाने, चेतना र क्षमता अभिबृदि तालिमहरुको ब्यवस्था मिलाउँदै जाने आदि पर्दछन् ।

■ आदिवासी जनजाति विधार्थी महासंघ

विधार्थी भविष्यका कर्णधार हुन । उनीहरूले आफ्ना अग्रजहरूको चाहनालाई परिपूर्ति गर्न मद्दत गर्दछन् । आदिवासी जनजाति महासंघ र महिला महासंघ जस्तै यो पनि जातीय विद्यार्थी सँगठनहरूको छाता सँगठन हो । विद्यार्थी महासंघको विधीवत स्थापना वि.स. २०५१ मा भएको थियो र यस्का प्रथम अध्यक्ष हुन् रामबहादुर थापा, स्थापनाकालमा यस महासंघमा गुरूङ, मगर, राई, लिम्बु, शेर्पा, छन्त्याल, थारू, तामाङ र कुमाल विद्यार्थी सँगठनहरूको प्रतिनिधित्व र सहभागिता थियो । हाल यस संघमा २२ जातीय विद्याार्थी सँगठनहरु छन् । आदिवासी विद्यार्थी महासंघ गठनमा सक्रिय जनजाति युवाहरूमा नविन राई, रामबहादुर थापा, दिल गुरूङ र कुमार ब्लोन पर्दछन् । हाल यस्को नेतृत्व नविन लिम्बुले लिएका छन् । यस संघले संपूर्ण जातीय विद्यार्थी सँगठनका साझा सवालहरूको समन्वय र नेतृत्व गर्नु हो । साथै जनजातिका हक अधिकारका लागि अविभावक संघसंस्था जस्तै आदिवासी जनजाति महासंघलाई समर्थन/सहयोग गर्नु रहेको छ । यस्तै विद्यार्थीका हक अधिकारका लागि समन्वय, सहयोग र नेतृत्व गर्नु रहेको छ । यस संघले त्रिभुवन विश्वविद्यालय सेवामा ५०% आरक्षण बाट पदपूर्ति गर्ने आन्दोलन सफल भएको छ । हाल आएर राज्य पुनःसंरचनामा जातीय, भाषिक र सांस्कृतिक आधारमा राज्य र प्रान्तहरूको नामाकरणमा आन्दोलित भएको पाइएको छ ।

■ तमू (गुरूङ) युवा संघ

युवाहरु मुलुकका लागि बलिया आधारहरु हुन्, त्यसैले मुलकुको भविष्य कस्तो हुने उनीहरूमा निर्भर हुन्छ । गुरूङ समुदायमा पनि युवा जगतको ठूलो महत्व हुने भएकाले वि.स. २०६२ को विधानमा रहि तमू (गुरूङ) यूवा संघको गठन भएको छ । विधानको प्रस्तावनामा भनिएको छ कि संपूर्ण तमू युवाबन्धुहरु सामुहिक रूपमा एकचित्त भै आफ्नो हकहित र अधिकारका साथै भाषा, धर्म, संस्कृति, रहनसहन, मौलिक परम्पराहरूको संरक्षण र सम्बर्धन र विकाश एवम् तमूहरूलाई विभिन्न जातिजनजाति युवाहरूबीच पारस्परिक सहयोग सदभाव र मैत्रीपूर्ण समझदारी कायम राखी प्रजातन्त्र, न्याय समानता, स्वाधिनता र विश्वबन्धुत्वको

आलोकबाट अलैगिक भै शैक्षिक र चेतनाको स्वर माथी उठाई तमूसमुदायको, साथसाथै सबै जात जाति युवाहरु बीच भावनात्मक एकता एवम् समन्वय र आपसी सहयोगको स्थापना गरि देश विकाशमा सेवा पुऱ्याउन संपूर्ण तमू युवाहरुको छाता सँगठनका रुपमा कुनै राजनैतिक दलसँग सम्बद्ध नहुनेगरी तमू युवा संघको स्थापना गरिएको छ । तमू युवासँघ गुरूङ संस्कृतिको संरक्षण र विकाशमा सक्रिय भएको अनुभव छ । यसले प्रत्येक वर्ष ट्होटें पर्व मनाउँदै आएको छ र ल्होछारको अवसरमा नाँचगानमा युवायुवतीलाई सहभागी बनाउँदै आएको छ । हालसम्म यसले लगभग १५ जिल्लाहरु दैलेख, सुर्खेत, श्याङजा, तनहुँ, लम्जुङ, गोरखा, कास्की, पर्वत, वुटवल, मोरङ, सुन्सरी, चितवन, म्याग्दी र धादिङमा शाखा विस्तार गरेको छ । यस्को नेतृत्व लिने कार्य श्री रविन गुरूङले गरेका छन् । यस संस्थाले आदिवासी जनजाति उत्थान प्रतिष्ठानबाट परियोजनाहरु लिएर क्षमता अभिबृद्धि, चेतनामूलक कार्यक्रम र पत्रकारिता विषयमा तमू युवाहरुलाई सहभागी बनाउने र तालिमहरु दिने गरेको छ ।

अध्याय ७

सारांश, र निष्कर्ष

७.१ सारांश

१. तमूहरु गण्डकी क्षेत्र, पश्चिम कालीगण्डकी, पूर्व बुढीगण्डकी, उत्तर तिब्बतको सिमाना (गणेश हिमाल, लमजुङ्ग हिमाल देखि अन्नपूर्ण सम्पुर्ण हिमश्रृङखला) र दक्षिण चितवन र नवलपरासी सिमाना भित्रका रैथाने हुन । उनीहरु कुनैबेला धेरै धेरै वर्ष अघि पशुपालन र शिकारी जीवन लिएर मनाङ, मुस्ताङ घाँटीहरु हुँदै तिब्बतबाट प्रवेश गरेका हुन र खेतीयोग्य भूमि कास्की तान्तिङ, सिक्लेस र लमजुङको पसगाँउ, घनपोखरा, घलेगाउँ माथिको रमणीय एवम् खेती योग्य भूमि क्होल सों थर ट्होमा स फु ती क्हयालसाबाट आएर स्थायी बसोवास गरेका हुन । क्होल सों थर ट्हो तमूहरुको पवित्र पितृथलो हो, त्यहाँ तमू खेंगीहरु पच्यू, क्ल्हेबृ र वोन लामाहरु क्हौंइबोर्धीमा बस्थे भने शासन सञ्चालनका लागि छोंजधीं भएको भग्नावेशषहरुले प्रमाणित गरेको छ ।

२. क्होल लगायत लमजुङ, कास्की र गोरखा क्षेत्रमा कुनैबेला घले शासक रहेको तमू ह्युल (गुरूङ राज्यहरु) भएपनि शाही शासकहरु जगतिखान, यशोब्रहम शाह, द्रब्य शाह र रामशाहको पालामा अनेक छलकपट र

षडयन्त्र गरी घले शासकहरूको हत्या गरिएको कारण थुप्रै तमू ह्युल (राज्य)को उन्मुलन भएको पाइन्छ ।

३. तमूका प्रमुख सामाजिक संस्कारहरु जन्म, नामाकरण, पास्नी, क्षेवर, विवाह र पय/मृत्यु संस्कारका साथै नातेदारी ब्यवस्था भएको सन्दर्भमा रक्तनाता भित्र दाजुभाइको नाता सम्बन्ध हुने र वैवाहिक नाता भित्र मामा र फुपुको छोरीसँग विवाह गर्न पाईने, साली र सोल्टी नातामा ठट्टा गर्न पाईने र जेठाजु बुहारीबीच, ससुरा बुहारीमा ठट्टा गर्न बन्देज, साली विवाह गर्न पाईने नाताहरूले सामाजिक जीवनलाई ब्यवस्थित गरेको पाइन्छ ।

४. तमूहरु गण्डकी क्षेत्रका उच्च भूभागहरूको रैथाने भएकाले उनीहरूको पशुपालन, शिकार र क्रमशः खेतीपाती नै प्रमुख पेसा हो तापनि परिवर्तित सन्दर्भमा राणाकालिन समय देखि बृटिश र भारतीय सेनामा भर्ति हुने प्रचलन बढेको हो । यस बाहेक तमूहरु जापान, बेलायत, कतार, बेल्जियम र दक्षिण कोरियामा काम गर्न जाने भएकाले तमूहरूको आर्थिक अवस्था भरोसा लाग्दो र सन्तोषजनक छ । फलस्वरूप तमूहरु गाउँ छाडी पोखरा, काठमाडौ र चितवन लगायत भैरहवा जस्ता शहरीया क्षेत्रमा बस्ती बसालेका छन् भने गाउँबाट खेतीयोग्य जमिनहरु बाँझै राख्ने अवस्था छ । तमूहरूमा सहकार्य अवधारणामा रहेको नोंगोर (होरी) प्रथाको ठूलो महत्व छ ।

५. तमूहरूको आफ्नै धार्मिक जीवन प्ये ताँ ल्हु ताँ र धर्मगुरूहरु क्रमशः पच्यू, क्ल्हेबृ र लामाबाट निर्देशित र सञ्चालित छन् तापनि उनीहरूको धार्मिक जीवन हिन्दू संस्कृति, क्रिश्चियनकरण र तिब्बतीकरणबाट प्रभावित छ भने हाल आएर तिब्बती लामा धर्मबाट आक्रमण भएकाले प्ये ताँ ल्हुँ ता ओझेलमा परेको छ । हाल तमूहरूमा चेतना अभिबृद्धि भएकाले क्हौंइबो धीं निर्माण, मृत्यु र पय संस्कारमा पच्यू, क्ल्हेबृ र लामाको आवश्यकता महशुस भएको छ । प्रत्येक जातजातिलाई आफ्नो भाषा, धर्म, संस्कृति र पहिचानको चाहना लिएर काठमाडौं आई बसेका तमूहरूले

यहि महशुस गरि वि.सं.२०११ सालमा गुरूङ कल्याण संघ गठन गरेका थिए भने वि.सं.२०२७ सालमा "रोदी", वि.सं. २०३२/३२ सालमा तमूधीं र वि.सं. २०४६ सालमा तमू वौद्ध सेवा समिति, वि.सं. २०४९ सालमा छोंज धीं, वि.सं. २०५७ सालमा तमू राष्ट्रिय परिषद, वि.सं. २०४७ सालमा प्ये ल्हु संघ र वि.सं. २०६५/६६ मा एउटै मात्र केन्द्रिय नेतृत्व तमू ह्युल छोंजधीं गुरूङ राष्ट्रिय परिषद कार्यरत/सक्रिय छ ।

६. आदिवासी जनजाति महासंघ वि.सं. २०४७/४८ मा गठन भएको हो र यसमा तमू गुरूङहरु संस्थापक सदस्य हुन । जनजाति हक अधिकारका लागि यसले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । प्रतिनिधित्व, सहभागिता र पहुँच राज्यको श्रोत साधनमा यस्का मुख्य माग रहि आएको सन्दर्भमा हाल राज्य पुर्नसंरचनामा जातीय, भाषिक, सांस्कृतिक पहिचान हुने गरी जानु पर्छ भनि माग राखेको छ ।

७. तमूहरुमा सम्मानित ब्यक्तिहरुमा बीर भागल गुरूङ, वंशु गुरूङ, प्रल्हाद गुरूङ जस्ले राष्ट्रिय एकता अभिनमा पृथ्वीनारायण शाहलाई ठूलो साथ दिएका थिए । वि.सं. २००७ सालको प्रजातान्त्रिक लडाईमा पर्वत भोकसिंका चित्रबहादुर गुरूङ, स्याङजा पेल्काचौरका जमानसिं गुरूङ र लम्जुङका खगेन्द्रजङ गुरूङको नाम आदि छ । यसरी समयकालनुसार मन्त्री एवम् संवैधानिक पदमा गुरूङहरुले महत्वपूर्ण स्थानहरु ओगटेका छन् । तमू समुदायमा आज आएर विद्यावारिधी तथा ९एजम् म्भनचभभ० प्राज्ञिक ब्यक्तिहरुको सङ्ख्या बढ्दो छ ।

८. तमूहरु साँस्कृतिकरुपले अत्यन्त धनी भएको सन्दर्भमा रोधी विस्तारै लोप भएर गएको छ त्यसको संगसगै आमा समुहरु हाल सक्रिय छन् । ल्होछार, ट्होंटे, घाँटु र पुटपुटेनाँच महत्वपूर्ण तमू चाडपर्व हुन् तापनि दशैं तिहार जस्ता हिन्दु चार्डपर्वहरुपनि तमूसमूदायमा मानिरहेको पाइन्छ । यसतै आफ्नै मौलिक भेषभुषको प्रचलन बढेको छ ।

७.२ निश्कर्ष

तमूहरु अन्नपूर्ण माछापुच्छे (कोंडासुँ) हिमालका काखमा अवस्थित पाखापखेराका रैथाने र आदिवासी हुन । आफ्नै भाषा, धार्मिक विश्वास र साँस्कृतिक चाडपर्वहरूले निमार्ण गरेको मौलिक पहिचान लिएका तमूहरूको जनजीवन आफ्नै प्येताँ ल्हुँताबाट निर्देशित छ । वैदेशिक रोजगार र विदेशी सेनामा जाने प्रचलनले यस समुदायको आर्थिक जीवनमा ठूलो परिवर्तन ल्याएको सन्दर्भमा उनीहरु शहरबासी बन्न थालेका छन् । नेपालको राजनीतिक इतिहासमा नेपाल एकिकरणमा महत्वपूर्ण योगदान पुऱ्याएका बीर तमूहरूको दरसन्तानले राज्यको महत्वपूर्ण पदहरु ग्रहण गर्दै आएका छन् । आदिवासी जनजाति महासंघ गठनमा महत्वपूर्ण भूमिका योगदान पुऱ्याएका तमूहरु आफ्नो प्रतिनिधित्व सहभागिता र पहुँच राज्यको श्रोतसाधनमा जान सजग र प्रयत्नशिल छन् । तापनि राज्यको स्थाइ सरकार नीजामति सेवामा सङ्ख्या नगण्य छ । आइ.एल.ओ. १६९ बारे राम्रो ज्ञान राख्ने तमूहरु आफ्नो क्षमता अभिबृद्धिमा लागेको पाईन्छ ।

परिशिष्ट

१. परिशिष्ट (क)

१.१ भूमिका

नेपाल विश्व मानचित्रमा एशिया महादेशको दक्षिण भूभागमा अवस्थित हिमालय पर्वतको दक्षिण कोखमा रहेको एउटा सुन्दर पहाडि मुलुक हो । यो भूपरिवेष्ठत देश हो । नेपालको स्थिति २३.२२ देखि ३०२७ उत्तरी अक्षाश र ८०.०४ देखि ८८.१२ पूर्वी देशान्तर बीच उत्तरमा चीन र दक्षिण पूर्व पश्चिम भारतसँग सिमाना जोडिएका विकाशशील देश हो । नेपालको कुल क्षेत्रफल १४७१८१ वर्ग किलोमिटर छ भने पूर्व पश्चिम लम्बाई ८८५ किलोमिटर छ । उत्तर दक्षिण चौडाई फरक फरक छन् (२४१ कि.मि देखि १४५ कि.मि सम्म) औसत १९३ किलोमिटर छ । नेपाललाई प्रशासिनक संरचनाको लागि वि स २०१८ सालमा १४ अञ्चल ७५ विकास जिल्लामा विभाजन गरिएको थियो हालको प्रशासनिक स्वरूप ५ विकास क्षेत्र, १४ अञ्चल ७५ जिल्ला ५८ नगरपालिका र ३९१३ गाउ विकास समितिहरु स्थापित छन् । दोस्रो जनआन्दोलन पछि नेपालको राज्य पुनःसंरचना गरी संघीय नेपालको निमार्णमा संविधान सभा कार्य गरीरहेको छ । नेपाल तुलनात्मक रूपमा जातजाति, धर्म, संस्कृति, भाषाभाषि, प्राकृतिक साधन स्रोत र स्वरूप लगायत जैविक विविधता भएको मुलुक हो । नेपालको विशेषता भन्नु नै भूगोल इतिहास, जातियता, भाषिक एंव सांस्कृतिक विविधता हो भने समस्या भनेको विविधतामा एकता कायम गर्नु हो /ल्यसैले नेपालको विविधता चुनौति र अवसर दुबै हुन् । नेपालमा सन् २००१ को जनगणनामा अनुसार यहाँ १०३ विभिन्न जात जाति र

जनजातिहरु छन् भने तिनीहरूले ९३ वटा भाषा भाषिकाको तथ्याङकहरु छन् । यी विभिन्न जातजाति र जनजातिका साम्का घर भएकाले नेपाललाई एउटा फूलबारी दई ठूला ढुत्तबीचको तरूल हुन् भनि सामन्ती शासकहरु भन्ने गर्थे ।

१.२ अध्ययनको उदेश्य

यस अध्ययनको सामान्य उद्देश्य नेपालका आदिवासी जनजातिहरु मध्ये गुरूङ (तमू) समुदायको पार्श्वचित्र (profile) तयार गर्नु रहेको छ ।

यस अध्ययनका विशिष्ट उद्देश्यहरु (Specific Objectives) यस प्रकार छन् ।

क. गुरूङ (तमू) समुदायको बसोवास क्षेत्र, बसाई सराइ र जनसङ्ख्याको वितरण बारे प्रकाश पार्नु ।

ख गुरूङ (तमू) समुदायको सामाजिक संरचना, सामाजिक संस्कारहरु (जन्म देखि मृत्यु सम्म) एवम् रितिरिवाजहरूको ब्याख्या गर्नु ।

ग. गुरूङहरु (तमू) को खानपिन, भेषभुषा, गरगहना, चार्डपर्व र लोक संस्कृतिको बर्णन गर्नु ।

घ. गरूङहरु (तमू) को आर्थिक जीवनका सन्दर्भमा उनीहरूको भूमि, वनजंगल, चरण, जल, खेतीपाती पशुपालन देखि वैदेशिक रोजगारको ब्याख्या गर्नु ।

ङ. गुरूङहरूको धार्मिक विश्वास सन्दर्भमा गुरूङ धर्म गुरूहरु, पच्यू, क्लेबृ र लामाको भूमिकाको ब्याख्या गर्दै प्यें ताँ ल्हु ताँको बर्णन र त्यसमा भएको बाहिरी आक्रमणको ब्याख्या गर्नु ।

च. गुरूङहरूको परंपरागत राज्य/शासन प्रणाली, राज्यहरणलाई परिवर्तित राजनीतिक परिवेशमा उठाइएका आइ.एल.ओ.१६९ र आदीवासी जनआन्दोलनका सन्दर्भमा उठाइएका जातीय हक र अधिकारका बारे ब्याख्या गर्नु ।

छ. गुरूङहरूको भाषिक एंव शैक्षिक र स्वास्थ्य अवस्था बारे प्रकाश पार्नु ।

ज. बहिष्करण र समावेशकिरणका सन्दर्भमा गुरूङहरूको (तमू) स्थान बारे

ब्याख्या गर्नु ।

१.३ अनुसन्धान विधी (Research Methodology)

वर्तमान अध्ययनको मुख्य उदेश्य (तमू) समुदायको पार्श्वचित्र (Ethnographic Profile) तयार गर्नु रहेको सन्दर्भमा राखिएका उद्देश्यहरु प्राप्तीका लागि अनुसन्धान विधी अपनाइएको छ । यो अध्ययन बर्णनात्मक एवम् अन्वेषणात्मक (Descriptive-cum-Exploratory) अनुसन्धान ढांचा (Research Design) मा आधारित छ ।

१.४ अध्ययन थलोको छनोट ९क्मभिअतष्यल या तजभ कतगमथ ब्यभब०

गुरूङहरु गण्डकी क्षेत्रका मूलबासी हुन् । गण्डकीका ६ जिल्लाहरु क्रमशः श्याङ्जा, कास्की, मनाङ, लमजुङ, गोरखा र तनहुँ मध्ये वर्तमान अध्ययनमा लमजुङको घलेगाउँ र तनहुँको फिरफिरे गाउँलाई उद्देश्यात्मक निदानका (Purposive Sampling) आधारमा छनौट गरिएको छ । यी दुइ गाउँको क्षेत्र अध्ययन (Field-Study) बाट प्राप्त सूचनाले गुरूङ समुदायको प्रतिनिधित्व गर्छ भन्ने विश्वास गरिएको छ तापनि पोखरामा जानकार गुरूङहरूसँग अन्तकृया गरी प्राप्त सूचनाहरु कति भरपर्दो (Reliability) छ भनी हेर्ने काम पनि गरिएको थियो ।

१.५ उत्तरदाताहरूको छनौट (Selection of the Respondents)

यस अध्ययनमा घलेगाउँ र फिरफिरे गाउँबाट २०/२० जना उत्तरदाताहरु छनौट गरिएका थिए । यस मध्ये १०/१० जना ६० वर्ष उमेर काटेका महिला पुरूष ५/५ जना लिइएको थियो भने १०/१० जना २५ देखि ५० वर्षका कम्तिमा पनि आइ.ए. उत्तीर्ण गरेका युवा युवती महिला पुरूष उत्तरदाताहरु छनौट गरिएका थिए । यसका प्रमुख कारण हो ६० वर्ष उमेर पुगेका महिला पुरूष उत्तरदाताहरूबाट गुरूङहरूको पुर्ख्यौली थलो, भाषा, धर्म र संस्कृतिबारे चाहिएको सूचना संकलन गर्न सकिन्थ्यो भने २५-५० उमेर बीचमा युवा उत्तरदाताहरूबाट तमू भाषा, धर्म

र संस्कृति माथिको आक्रमण, जनजाति महासंघको आन्दोलनका सन्दर्भमा गुरूङ समुदायको चाहना, राज्य सञ्चालनमा बहिष्कार र समावेशीको अवस्था र परिवर्तित राजनीतिमा खेल्नु पर्ने भूमिका आदिबारे सूचना पाउन सकिने अनुमान भएकाले उद्देश्यात्मक निदानका आधारमा उत्तरदाताहरूको लिष्ट बनाई छनौट गरिएको थियो ।

१.६ तथ्य/सूचनाको प्रकार र श्रोत

यस अध्ययनमा दुइ प्रकारका सूचनाहरु (Data) समावेश गरिएका छन् ती हुन प्राथमिक सूचना (Primary Data) र द्वितीय सूचना (Secondary Data) यसमा प्राथमिक सूचना अन्तर्गत, प्राथमिक श्रोत क्रमशः अवलोकन, अन्तरवार्ता, समूहगत छलफल र जानकार सूचनादाताहरूबाट संकलन गरिएका तथ्य छन् भने द्वितीय सूचना अन्तर्गत द्वितीय श्रोत अर्थात प्रकाशित पुस्तक, लेख रचना र अप्रकाशित कृतिहरूबाट संकलन गरिएका तथ्यहरु पर्दछन् ।

१.७ तथ्य संकलन विधी (Tools & Techniques of Data collection)

प्राथमिक सूचना संकलनका लागि अवलोकन, अन्तरवार्ता, समूहगत छलफल र जानकार सूचनादाताहरु प्रयोग गरिएका थिए । यी विधीहरूको प्रयोगबाट तलका भिन्न भिन्न सूचनाहरु प्राप्त गर्ने प्रयास गरिएको थियो ।

क. अवलोकन विधी (Observation)

अध्ययनले राखेका उद्देश्यहरु प्राप्त गर्नका लागि यस अवलोकन विधीले तलका विषयवस्तुलाई विशेष ध्यान दिएर अध्ययन क्षेत्रबाट सूचना संकलन गरिएको थियो । वर्तमान अनुसन्धानकर्ता स्वयं क्षेत्रमा गएर अवलोकन विधीको प्रयोगबाट आवश्यक सूचनाहरु संकलन गरेको थियो । तनहुँ फिरफिरे गा.वि.स.को लामागाउँ र लमजुङको घलेगाउँमा निम्न अवलोकन गरिएको थियो ।

१. गुरूङ पुरोहितहरु पच्यू र क्ल्हेबृबाट सम्पन्न मृत्यु संस्कार
२. पुटपुटे

३. ट्होंटे
४. ल्होछार पर्व
५. गुरूङ घरहरु
६. गाउँको वनजंगल चरण, पशुपालन र खेतीपाती
७. अर्घु (पय)
८. खानपिन, भेषभुषा र गहनाको प्रयोग
९. रोधीं, परिमा र आमासमुहको भूमिका
१०. मातृभाषाको प्रयोग, शिक्षा र स्वास्थ्यको अवस्था
११. महिला र पुरूष बीचको सम्बन्ध र परिवारमा श्रम विभाजन
१२. विदेशी सेना र अन्य रोजगारमा अवसर र विकृति

ख. अन्तरवार्ता विधी (Interview)

प्राथमिक सूचना संकलनको अर्को प्रभावकारी विधी अन्तरवार्ता हो । यसमा अनुसन्धानकर्ता र उत्तरदाता बीच प्रत्यक्ष संवाद, सवाल जवाफ हुन्छ । यस अध्ययनमा अन्तरवार्ता विधीले निम्न मुद्धा/विषयवस्तुलाई संवोधन गरेको थियो ।

१. मौलिक गुरूङ बसोवास र बसाईंसराई
२. गुरूङ राज्यहरु र राज्यहरण
३. परिवारमा अंशवण्डा श्रम विभाजन, महिला पुरूष बीचको सम्बन्ध र घरमुलिको दायित्व
४. विवाह, नाताकुटुम्ब, सम्बन्ध, सम्बन्ध विच्छेद
५. हिन्दुकरण, क्रिष्चियनकरण र तिब्बतीकरण
६. परिवर्तित आर्थिक जीवनशैली खेतीपाती पशुपालन, भर्ति र वैदेशिक रोजगारी अवस्था
७. आदिवासी जनजाति आनेलनका सन्दर्भमा गुरूङहरुको हकअधिकारका आन्दोलन
८. आइ.ऐल.ओ. १६९ र जनचेतना
९. बहिष्करण र समावेशीकरणबारे चासो

ग. समुहगत छलफल (Focus Group Discussion)

यसमा महिला पुरूष उत्तरदाताहरूको उमेर अनुसारको छनौट गरी समुहमा तलका वुँदाहरूमा छलफल गरी आवश्यक सूचनाहरु संकलन गरिएको थियो । यसरी समुह गठन गर्दा बृद्ध र युवाहरु लाई मिलाएर तनहुँको लामागाउँ र लमजुङको घलेगाउँमा नै छलफल चलाइएको थियो ।

क. पुख्यौली थलो/बासस्थानबाट बसाइसराइ भएका कारणहरु
ख. पुर्ख्यौली पेसा पशुपालन र खेतीपातीमा आएका ह्रासका कारणहरु
ग. भाषा, धर्म र संस्कृतिकरणमा हिन्दुकरण, पश्चिमीकरण र तिब्बतीकरणमा हिन्दुकरणहरु
घ. वैदेशिक रोजगारमा अवसर र आएका विकृतहिरु
ङ परम्परागत गुरूङ संस्थाहरूको विलयको अवस्था
च. जातीय आन्दोलनबाट आएको चेतना र हक अधिकारका लागि सँगठित हुँदै ।
छ. स्थानीय तहमा गुरूङहरूको प्रतिनिधित्व र अन्य जाति सँगको सम्बन्ध
ज. गुरूङहरूको शिक्षा प्रतिको आकर्षण र स्वास्थ्य प्रतिको चासो ।
छ. जानकार सूचनादाताहरु

यसमा अध्ययन क्षेत्र तनहुँको लामागाउँ र लमजुङका घलेगाउँका बुढापाका समाजसेवी गुरूङहरु र स्कुलमा लामो समय देखि पढाउदै आएका केही गुरूङ शिक्षकहरूलाई जानकार सूचनादाताको रूपमा लिएर गुरूङ समुदाय/जातिको इतिहास, वंशावली, गुरूङ राज्यका जनश्रुती/कथा, सत्यता, राज्यको हरण, चाडपर्व रीतिरिवाज, भेंडापालन, खेतीपाती, वैदेशिक सेनामा भर्ति प्रचलनका सार्थ हालको वैदेशिक रोजगार, सामाजिक संस्कारहरु, घर, परिवार नाता कुटुम्ब, धार्मिक गुरूहरूको आवश्यकता, हिन्दुकरण, पश्चिमीकरण र तिब्बतीकरणबाट संस्कृति माथिको आक्रमण, जनजाति आन्दोलन र गुरूङ युवाहरूमा पाइने चेतना, सामाजिक बहिष्करण र समावेशीका आवाज बारेको जानकारी जस्ता विषयमा छलफल र सूचनाहरु संकलन गर्ने काम गरिएको थियो ।

२. परिशिष्ट (ख)

साहित्यको पुनरावलोकन (Literature Review)

२.१ विषयप्रवेश

कुनै पनि विषयमा केकस्ता लेखरचना र पुस्तकहरु प्रकाशित भएका छन् वा अप्रकाशित अवस्थामा छन् र प्रकाशित/अप्रकाशित जेजस्तो अवस्थामा भएपनि कुन पक्षलाई विशेष महत्व दिइएको छ, त्यसको लेखाजोखा गर्नु नै साहित्यको पुनरावलोकन हो । वर्तमान अध्ययन गुरूङसमुदायको पार्श्वचित्र तयार गर्नुमा केन्द्रित भएकाले गुरूङ समुदायको कुन पक्षमा क-कसले केके लेखेका छन्, भनेका छन् र पुस्तक-लेखरचना प्रकाशित गरेका छन् आदिको ब्याख्यान हो । गुरूङ समुदायबारे कलम चलाउने विद्वानहरु दुबैथरी छन्, स्वदेशी र विदेशी । स्वदेशी लेखकहरुमा भोवर पाल्वै तमू (२०४७), नेत्र तमू (२०५५) डिल्लीजङ तमू (२०४६, २०४९, २०५२, २०५४), मीनबहादुर तमू (२०५९, २०६० र २०६०), जगमान तमू (२०३४, २०४१, २०६६), इन्द्रबहादुर तमू (२०५७, २०५८, २०५९, २०६२, २०६६) लालबहादुर गुरूङ (२०५७, २०६०) पमबहादुर तमू (२०६६), अमरबहादुर गुरूङ (२०५०, २०५६), गुरूङ डी. बी. दिल (२०६४), राजकुमार गुरूङ (२०६६), हर्क गुरूङ (२०३८, सन् २००४), शेरबहादुर गुरूङ (२०६५), दलबहादुर तमू (२०५०), खुसीमान तमू (सन् १९९२), आसबहादुर तमू (२०६३), हित गुरूङ (२०४७), इन्द्रकाजी गुरूङ (२०४८), धनबहादुर गुरूङ (२०४६, २०५३), तमू राष्ट्रिय परिषद् (२०६३), रत्नबहादुर गुरूङ (२०५८), खड्गनारायण गुरूङ (२०५६) का साथै मुरारी रेग्मी (१९९०), भीम तमू, मेखसिं क्ल्हे तमू र तमू प्ये हहु सङ्घ स्मारिका (२०५७) उल्लेखनीय छन् ।

यसरी नै गुरूङ समुदायबारे कलम चलाउने विदेशी विद्वानहरुमा डोनाल्ड मेसरस्मिट (Donald Messersehmidt, सन् १९७६), भिक्टर डोहेर्थी (Victor Doherty, सन् १९७५), इलन अन्डोर्ज (Ellen Andors, सन् १९७६), शिनिचिरो कुरोडा (Shinichiro Kuroda, सन् १९७२), वेनार्ड पिने (Bernard Pignede, सन् १९६६), एलन मेकफर्लेन (Allen Macfarlane,

सन् १९७६) र टड अन्थोनी राग्जेडेल (Tod Anthony Rogsdale, सन् १९७६) प्रमुख रूपमा देखिएका छन् ।

२.२ उत्पत्ति र वंशावली

सन् १९९२ मा खुसीमान तमूले 'गर्भमा लुकेका तमूवानको लोककथाहरु नामक पुस्तकमा तामाङ, थकाली, मनाङे, छन्त्याल र गुरूङहरूको पुर्खा एउटै हो तर पछि गएर छुट्टिएको कुरा उल्लेख छ । यस्तै गण्डकी क्षेत्र गुरूङहरूको पुरानो थलो भएकोले यसलाई तमूवान प्रदेश भनिनु पर्ने दावी गरेका छन् । यस्तै गारखाको लिगलिगमा घले राजा मारिएको घटना, गुरूङ चाड ट्हो-त्हें र ब्रुंस्योनास (रानीको गाउँ) पोखरा भन्ने कथाहरु यसमा समावेश भए पनि लेखक कुनै प्राज्ञिक ब्यक्ति नभएकाले टिपनटापन थुप्रै कथाहरु छन् । अर्का लेखक खड्गनारायण गुरूङले आफ्नो २४ पृष्ठको पुस्तिका गुरूङ इतिहासको खोज र चर्चा (२०५६) मा गण्डकी क्षेत्रमा रहेका गुरूङ राजाहरूलाई परास्त गर्न मात्र तथाकथित वंशावली लेख्ने ब्राह्मणहरूमा भोजराज (१९९४), शिखरनाथ पण्डित (१९११), योगी नरहरिनाथ (सन् १९५६), राममणि आ.दी., स्वामी प्रपन्नाँचार्यहरु पर्दछन् र थुप्रै भ्रम पारेको उल्लेख छ । गुरूङले घलेलाई राजा मानेका र तिब्बतबाट नेपाल प्रवेश गरेका विषय पस्कँदै भाषा र वौद्धधर्मबारे छोटो उल्लेख छ । गुरूङको संस्कृति (२०५०) नामक पुस्तकमा अमरबहादुर गुरूङले सोह्रौं शताब्दीसम्म लमजुङ, गोरखा र धादिङसम्म अनेकन गुरूङ राज्यहरु भएको विवरण छ । तमू (गुरूङ) वंशको परिचय(२०४६) नामक पुस्तकमा डिल्लीजङ गुरूङले गुरूङ जातिको उत्पत्ति, वंश, धर्म र भाषा विवरणसहित तमू जातिको विवाह र अर्घुँको छोटो चर्चा गरेका छन् । यसमा भएका सूचनाहरु निकै चाख लाग्दा छन् । उनले तमू (गुरूङ), तामाङ, थकाली, शेर्पा, भोटे (तिब्बती) बीच ल्हो (वर्ग) मान्ने जातिहरु भएकोमा प्रकाश पारेका छन् भने गुरूङहरु तिब्बती भूभागबाट नै शिकार खेल्ने क्रममा मनाङ र मुस्ताङ हुँदै बसाइँसराइँ गर्दै तल आएको कुरा यसमा समावेश छ साथै मानव(मानवबीच कुनै ठूलो कुनै सानो हुँदैन जब कि गुरूङहरूबीचमा ठूलो सानो देखाउने काम भएकोमा लेखकले जमेर विरोध गरेका छन् ।

यसरी गुरूङहरु शिकार, पशुपालन र जीवन निर्वाह गर्ने क्रममा तिब्बतबाट मनाङ र मुस्ताङ हुँदै लमजुङ, कास्की र गोरखा भेकमा बसोवास गरेका र गुरूङको आफ्नै राज्यहरु भएका, आफ्नै भाषा, धर्म र संस्कृति रहेकोबाट क्होल सोंप्रे ट्होमा आइ बसोवास गरेको, खेगी धर्मगुरूहरु पच्यू, क्ल्हेबृ र लामाहरु क्होइबो, छोंज धीं र त्यहाँबाट बसाईं सरेर लमजुङ घलेगाउँ र अन्य ठाउँहरुमा बस्ती बसालेको घटनाक्रम यसमा उल्लेख छ । आज पनि क्होल सोंप्रे ट्हो अनुसन्धानकै विषयवस्तु बन्न पुगेको छ ।

गुरूङ जातिबारे लेखिएका वंशावलीहरु लमजुङ र कास्कीका गुरूङ बस्तीहरुमा प्रशस्त पाइन्छन् । यसका नायकहरु हुन्(पण्डित शिखरनाथ सुवेदी (सन् १८५४) र योगी नरहरिनाथ (सन् १९५६) । सुवेदीको पुस्तक गुरूङ वंशावली र योगीको इतिहास प्रकाशमा नाटकीय ढङ्गले षड्यन्त्रकारी कथा जोडेर समुदायलाई ४ र १६ भनी गोत्र दिएर विभाजन गर्न खोजिएको छ । यसमा राजकुमार र राजकुमारीको मनगढन्ते कथाहरु छन् । यहाँ राजकुमार (क्षेत्रीय) र पुरोहित (ब्राह्मण)का सन्तान चारथरी र दासका छोरा सोह्रथरी भनी गुरूङबीच फाटो ल्याउने काम गरेको उल्लेख छ । यस्तै अर्को वंशावलीमा भारतमा पर्ने वुन्देलखण्डदेखि सिकलिस सम्मको बर्णन गरी राजकुमारीका छोरा चार जात र चाकर्नी पट्टिका सोह्र जात देखाइएको छ । यी वंशावलीहरु झुटा र षड्यन्त्रपूर्ण भएपनि कुरा बुझ्नेर वा षड्यन्त्रमा परेर शेरबहादुर गुरूङले समेत गुरूङको वंशावली सन् १९५७ मा प्रकाशित गरी ब्राह्मण जालमा परेको देखिन्छ । यिनै वंशावलीमा भएका सूचनाहरु जगमान गुरूङको गुरूङ जाति तथा संस्कृति (२०३४) मा समावेश छ । षड्यन्त्रकारी कथाहरु विदेशी अनुसन्धानकर्ताहरु क्रमशः डोनाल्ड मेसरस्मिटले आफ्नो पुस्तक नेपालका गुरूङ : ग्रामीण समाजमा सङ्घर्ष र परिवर्तन(१९७६) र वेनार्ड पिनेले आफ्नो पुस्तक गुरूङहरु : नेपाल हिमालका एक जाति (१९६६) मा समावेश गरेका छन् । त्यस्तै फ्रान्सेली अनुसन्धानकर्ताले मोहोरिया गाउँ पर्वतमा क्षेत्रअध्ययन गरे पनि घान्द्रुक र वरपरका गाउँहरुबाट तथ्य सङ्कलन गर्ने क्रममा वंशावली पनि समावेश गरेका छन् तापनि गुरूङ समुदायमा परेको हिन्दुहरुको प्रभाव र त्यति हुँदा पनि आफ्ना पुरोहितहरु क्रमशः पच्यू, क्ल्हेबृ र लामाप्रतिको आस्था तथा विश्वास त्यति नै रहेको कुराहरु गहकिलो ढङ्गले ब्याख्या गरेका छन् । पुस्तकमा गुरूङहरुको जग्गा जमीनदेखि

थुप्रै सामाजिक, सांस्कृतिक र आर्थिक पक्षका विषयवस्तुहरूमाथि अत्यन्त रोचकढङ्गले प्रस्तुत भएको छ ।

२.३ सामाजिक-आर्थिक परिवर्तन

कुनैपनि मानव समाज स्थिर ९क्तबतष्अ) रहँदैन । अर्को शब्दमा समाज परिवर्तनशिल हुन्छ र परिवर्तनका कारक महत्वहरु थुप्रै हुन्छन् जस्तै यातायात, शिक्षा, सञ्चार (रेडियो, टी. भी., सिनेमा), बाहिरी सम्पर्क, प्रशिक्षण/तालिम आदि । यस सैद्धान्तिक सेरोफेरोमा हिसाव गर्दा गुरूङ समुदाय किन परिवर्तन नहुने तर यस्तो परिवर्तन समुदाय भित्रकाले भन्दा पनि बाहिरी आँखाले बढी देख्छन् भन्दा फरक नपर्ला । गुरूङ समुदायको सामाजिक र आर्थिक जीवनमा आएका परिवर्तनहरूबारे पनि विदेशी अनुसन्धानकर्ताहरूले अध्ययन गरेका छन् । यस सन्दर्भमा एकजना अमेरिकी समाजशास्त्री भिक्टर डाहेर्थी (Victor Doherty) को विद्यावारिधि ग्रन्ध कुटुम्ब र आर्थिक छनोट : मध्यपश्चिम नेपालमा आधुनिक (सन् १९७५) लाई लिन सकिन्छ । विजकान्सिन विश्वविद्यालयमा बुझाइएको उक्त ग्रन्थमा पश्चिमी शहर पोखरा बजारमा बसोवास गर्दै आएका बाहुन, क्षेत्री र गुरूङहरूका बीचमा पाइने शहरी लेनदेन वा आर्थिक कारोवार गर्दाका सन्दर्भमा पाइएका, देखिएका भिन्नताको तुलना गरेका छन् । पोखरामा गुरूङहरु केही पछि मात्र गाउँबाट झरेका र उनीहरूको भाषा, धर्म र संस्कृति नै मित्रवत ब्यवहारमा हुने हुँदा बाहुन-क्षत्रीसँग आर्थिक कारोबार गर्दा गुरूङ जातिमा पक्कै मित्रताको ब्यवहारहरु भएकोले, लेखकले यसमा प्रकाश पारेका छन् । यस्तै अर्को अमेरिकी समाजशास्त्री हुन्-इलन अन्डोर्ज (Ellen Andors), कोलम्विया विश्वविद्यालय । उनले विद्यावारिधि उपाधि (PhD Degree) प्राप्त गर्ने उद्देश्यले गुरूङ समुदायको मौलिक पहिचान आदी र महिलाको भूमिकालाई लिएर अनुसन्धान गर्दै रोदी : नेपालका गुरूङ जातिका महिला संस्था ग्रन्थ सन् १९७६ ताका लमजुङ जिल्लाको वलकोट गाउँमा क्षेत्रअध्ययन (Fieldwork) गरी सम्पन्न गरेकी थिइन् । रोदीको महत्व सांस्कृतिक एवम् आर्थिक दृष्टिकोणले महत्वपूर्ण थियो र लेखकले गुरूङ महिलाहरूको आर्थिक तथा सामाजिक काममा आपसी सहयोग आदानप्रदानमा रोदीका कारणले कति महत्वपूर्ण छ भन्ने कुरालाई केन्द्रित गरी ब्याख्या गरेका छन् । यस्तै अर्को कास्की जिल्लाको थाक गाउँको गुरूङबस्तीमा

नै एलन हाउस निर्माण गर्ने बेलायतको क्याम्ब्रिज विश्वविद्यालयका (Cambridge University UK) म्याक फर्लेन एलन (Allen Macfarlane) ले थाक गुरूङ गाउँमा वर्षौंवर्ष स्थानीय प्राकृतिक साधनहरु र जनसङ्ख्या बृद्धिको तुलनात्मक अध्ययन सम्पन्न गरी विद्यावारिधि उपाधि (PhD Degree) लिन सफल भए । उनले गुरूङहरूको भैंडापालन, शिकार र खोरिया खेती गर्ने जातिका रूपमा पहिले भएपनि पछि विदेशी फौजमा भर्ती हुने, पैसा कमाउने, आम्दानी बढाउने गर्नुका साथै जनसङ्ख्यामा बृद्धि भएकाले गुरूङहरूको आर्थिक जीवनमा परिवर्तन आएको घटनाहरु उल्लेख छ । उनी अझै पनि थाक गाउँ आइरहने र अध्ययन गर्ने ठूलै मानवशास्त्री हुन् । अर्का अमेरिकी समाजशास्त्री टड एन्टोनी राग्जडेल (Tod A Ragsdale) ले सन् १९७९ मा कास्की जिल्लाकै लामागाउँ (भिन्न नाम हो) मा क्षेत्रअध्ययन (Fieldwork) सकेर नेपालमा जातीयता, शिक्षा र राष्ट्रिय एकता गन्थ तयार पारेका हुन् । यसमा फौजी वा विदेशी सेनामा भर्ती हुने परम्पराले गुरूङहरूमा शिक्षाप्रति आकर्षण र शिक्षाले गर्दा नै बाहिरी जातजाति खासगरी बाहुन-क्षेत्री समाजसँग व्यवहार, सङघर्ष र घुलमिल हुन सकेका र यसले गर्दा राष्ट्रिय एकतामा पनि योगदान पुग्न गएको कुरा ग्रन्थमा उल्लेख छ ।

२.४ संस्कृति र धार्मिक विश्वास

प्रत्येक जातिको आफ्नो चालचलन, रीतिरिवाज, चाडपर्व, नाँचगान र धार्मिक विश्वास हुन्छ । यस्ता सांस्कृतिक एवम् धार्मिक कृयाकलापले समाजका मानिसहरु बीच प्रेम, सद्भाव र सामुदायिक एकता बढाउँछ । यस सैद्धान्तिक धरातलमा हेर्दा गुरूङ जातिको पनि आफ्ना मौलिक चाडपर्व, रीतिरिवाज, नाँचगान, धार्मिक विश्वासहरु छन्; जन्मदेखि मृत्युसम्म थुप्रै संस्कारहरु छन् । सांस्कृतिकरूपले गुरूङहरु धनी छन् साथै यो समुदायका आफ्नै मौलिक धर्मगुरूहरु छन्-उनीहरूको सांस्कृतिक एवम् धार्मिक जीवन यिनै गुरूहरु/खेगीहरूले सदा नेतृत्व गर्दै आएका छन् । यसरी हेर्दा प्राज्ञ जगमान गुरूङले आफ्नो पुस्तक गुरूङ जाति तथा संस्कृति(प्ये ताँ ल्हु ताँ (२०३४) मा सामाजिक संस्कारहरु क्रमशः फोनोव (गर्भधारण), प्हसें फीवा (जन्मसंस्कार), थासोंवाव (नामकरण), कैंकोव (पास्नी), पुटपुटे, क्र प्ह्वेवा (क्षौर), ङेचोली विंव (गुन्युचोली दिने), ङेट्हु क्रव (

विवाह संस्कार) र सिम्हीत्हें (मृत्यु संस्कार) को बर्णन छ । यसरी नै यस पुस्तकमा रोदी र घाँटुको विस्तृत ब्याख्यान छ भने हाम्रा धर्मगुरूहरु पच्यू, क्ल्हेबृ र लमबारे पनि लेखिएको छ । यस्तै संस्कृतिप्रेमी क्या.मीनबहादुर गुरूङले आफ्ना प्रकाशनहरु क्रमशः रोदी (२०६०), सोरठी (२०६०) र घाँटु (२०५९) बाट विस्तृत ढङ्गले रोदीका चलन, महत्व र गाइने गीतहरु सोरठीमा सोरठीको उत्पत्ति कथा र सोरठी गीतहरु र घाँटुमा यसको कथासार, प्रकार/किसिम र घाँटुको महत्वबारे विस्तृत रूपमा प्रकाश पारेका छन् । यस्तै पूर्वमन्त्री रामबहादुर गुरूङले आफ्नो पुस्तक गुरूङ जातिका सांस्कृतिक परम्पराहरु (२०६२) मा रोदी, घाँटु, ल्होछार, ढिकुर, हुरी, सोरठी र कृष्णचरित्र लगायत् थुप्रै चाडपर्व र संस्कारहरुको बर्णन गरेका छन् । गुरूङ समाजका प्रतिष्ठित ब्यक्तित्व अमरबहादुर गुरूङले गुरूङ समुदायका विविध सांस्कृतिक चाडपर्व र रीतिरिवाज लगायत् संस्कारहरुबारे आफ्नो पुस्तक गुरूङ संस्कृति (२०५०) मा ब्याख्या गरेका छन् । विश्वविद्यालयमा शिक्षण कार्यमा कार्यरत उप-प्रा. राजकुमार गुरूङको पुस्तक गुरूङ समुदायको घाटु नाँचका विविध पक्षबारे आफ्नो पुस्तक घाटुनाँच (२०६६) मा बर्णन गरी महत्पूर्ण प्राज्ञिक काम गरेका छन् । यसरी नै डिल्लीजङ गुरूङ (२०४९), नेत्र गुरूङ (२०५५), लालबहादुर गुरूङ (२०५७) आदिले गुरूङ संस्कृतिबारे ब्याख्या गरेका छन् ।

गुरूङ समुदायको सांस्कृतिक एवं धार्मिक जीवनशैली आफ्नो धर्मशास्त्र प्ये ताँ ल्हु ताँमा आधारित भएकाले भनिन्छ 'प्ये म्हस्याँ छ्या म्हमु, छ्या म्हस्यां ल्हु म्हमु, ल्हु म्हस्यां म्हि म्हमु अर्थात् शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए मान्छेको पहिचान हराउँछ ।' बेलायती मानवशास्त्री साइमन स्ट्रिक्टल्याण्ड (Simon Strickland) ले कास्कीको सिक्लेस खिलाङ क्षेत्रमा आफ्नो क्षेत्रअध्ययन (Fieldwork) सम्पन्न गरी विलिफ्स, प्राक्टिसेस एण्ड लिजेन्डस (Beliefs, Practices and Legends, सन् १९८२) विद्यावारिधि ग्रन्थ तयार पारी तमू प्ये (धर्मशास्त्र) बारे गहिरो अध्ययन-अनुसन्धान गरेको पाइन्छ । तमू क्युईमा (गुरूङ भाषा) आफ्नो कुरा बताउन सक्षम साइमनलाई पच्यूभन्दा पनि फरक नपर्न सक्छ । जोकोहीले तमू प्येबारे गहिरो ज्ञान लिने भए उनकै ग्रन्थ पढ्नु पर्ने देखिन्छ । नेपालमा गुरूङ समुदायमा आफ्ना खेगी/धर्म गुरूहरुमा पच्यू, क्ल्हेबृ र लमलाई मान्दछन्, यिनीहरुबाट सबै

संस्कारहरु पूरा हुन्छ । यसरी हेर्दा वोनधर्मबारे पनि ज्ञान हुन जरूरी छ । यसबारे बी. सी. गुरूङले सन् २००३ मा वोन इन हिमालय (Bon in the Himalaya) मा वोन धर्मको विस्तृत ब्याख्या रहेको छ । यसलाई उनले Bon is Tibet's oldest Spiritual tradition पच्यू, क्ल्हेबृ, वोन लामा र वुद्धमार्गी लामाहरूको ब्याख्यान रहेको यो पुस्तक महत्वपूर्ण छ ।

ल्हु म्हस्यां म्हिम्हमु अर्थात् संस्कृति हराए जातिको पहिचान हराउँछ भन्ने विश्वास लिएका गुरूङहरु रोदीबाट पनि मुलुक भित्र राम्ररी चिनिएका छन् । रोदी बेलुका युवायुवती भेट्ने, नाँचगान गर्ने, धागो/ऊनको काम गर्ने र गाउँमा खेतीपातीका बेला मूलघरमा केके काम गर्ने भन्ने सरसल्लाह गर्ने उपयुक्त स्थान पनि हो र सामाजिक र आर्थिक कारोबारका लागि महत्वपूर्ण रहेको सन्दर्भमा इलन अन्डोर्ज (Allen Andors) ले सन् १९७६ मा रोदी : नेपालमा गुरूङ जातिको महिला संस्था नामक ग्रन्थबाट रोदी संस्कृतिमाथि प्रकाश भएको छ । यसरी नै जापानी नागरिक उइची फुरूकावा (Uichi Furukawa) ले सन् १९७२ मा लमजुङको उत्तरीभेगमा प्रचलित गुरूङनीहरूको रोदीबारे अध्ययन गरी कार्यपत्र प्रस्तुत गरेका थिए । यसबाहेक फ्रान्सेली विद्वान वेनार्द पिने (Bernard Pignede)ले आफ्नो पुस्तक दि गुरूङ्स (The Gurungs) मा गुरूङहरूको धार्मिक विश्वासबारे ब्याख्या गर्दै उनले ४०० वर्ष यता हिन्दुधर्मको प्रभावमा गुरूङ धार्मिक विश्वास र संस्कृति परेको बताइएको छ । गुरूङ समुदायमा बाहुन पुरोहितहरु लगाउने गरेको ब्याख्यानका साथै आफ्नो धार्मिक गुरूहरु/खेगीहरु पच्यू, क्ल्हेबृ र लामा माथि पनि त्यति नै विश्वास रहेको बताइएको छ । डा. हर्क गुरूङका अनुसार उनले तमू पय (अर्घु) मा पाठ गरिने 'प्येहरु पनि १०४ जति सङ्कलन गरेको तर ती कथाहरु भोट प्रकृतिका भएकाले अनुवाद र सम्पादन नभएकाले प्रकाशित हुन नसकेका हुन् । यसरी नै नेत्र तमूले ल्होछारबारे विस्तृत ब्याख्या गर्न सफल भएका छन् । प्रा. नारायण गुरूङको ट्होटे पर्व र शैली (कुल पिव) र सिल्दोनाल्दोका पूजाआजा बारेका ब्याख्यान महत्वपूर्ण छ । प्राज्ञ जगमान गुरूङले आफ्नो अप्रकाशित लेख गुरूङहरूको आदिम राज्य ब्यवस्था तथा धार्मिक अवस्था २०६३ मा गुरूङहरूको आदिम धर्म जीववादमा आधारित छ र गुरूङहरु आफैं गाउँठाउँका नदीनाला, डाँडाकाँडा, ठूलो रूख, ठूलो ढुङ्गा, पानीका छहरा आदि प्राकृतिक श्रोत र आफ्नै दिवङ्गत् पूर्खाहरूलाई देवीदेवताको

स्थमा पूज्य ठान्छन् भनी स्पष्ट ढङ्गले ब्याख्या गरेअनुसार सांस्कृतिक एवम् धार्मिक दृष्टिकोणले पनि गुरूङहरुको पहिचान अरुबाट भिन्न र मौलिक छ भन्न मिल्दछ ।

२.५ तमू क्युई (तमू भाषा)

आफ्नो मातृ भाषा कसका लागि प्यारो हुँदैन र ! तर राज्यले मान्यता नदिँदा तमू क्युई (तमू भाषा) ले पनि विकास गर्न गाह्रो भयो । २०४६ को जनआन्दोलनपछि मात्र जातीय सङ्घसंस्थाहरु गठन हुँदै जाडो तमू क्युईको पनि आन्दोलन चल्न सुरू भयो (त्यसैले थुप्रै प्रकाशनहरु देखिन थाले बजारमा । गुरूङ भाषा भोट-बर्मेली भाषा परिवारभित्र पर्ने सन्दर्भमा प्राज्ञ जगमान गुरूङ (२०६६) को भनाइ अनुसार गुरूङ भाषाको माउ भाषा तिब्बती भाषा हो । त्यसैले पश्चिमी गोरखादेखि पर्वतसम्म र तनहुँ र स्याङ्जाका कछाड भागका गुरूङहरु आफ्नो मातृभाषा बोल्दछन् । तमू क्याई नबोल्ने पूर्वी नेपाल र सुदुरपश्चिम नेपालमा बसोवास गर्ने गुरूङहरुमा आफ्नो भाषा र संस्कृतिप्रति मोह बढिसकेको सन्दर्भमा तमू ह्युल छौंज धी गुरूङ राष्ट्रिय परिषद्को नेतृत्वमा तमू क्युई कक्षाहरु सञ्चालन हुने क्रम चलिरहेको अवस्था छ । तमू क्युईको आवश्यकता र महत्वलाई ख्याल गर्दै स्व. धनबहादुर गुरूङले २०४६ मा ङह्यों नी ङ्ह्योंई क्युई (हामी र हाम्रो भाषा) शीर्षकको पुस्तक ल्याउने काम गरे । यसरी नै डिल्लीजङ गुरूङले तमू (गुरूङ)/नेपाली/अङ्ग्रेजी शब्द (२०५२), इन्द्रबहादुर गुरूङले गुरूङ नेपाली शब्दकोश (२०५९), मेखसिं क्ल्हे तमूले तमू क्युई दे छ्या-लु लोवै छ्योइ (तमू भाषा र संस्कार(संस्कृति सिक्ने आधार पुस्तक, २०५९), स्वर्गीय धनबहादुर गुरूङले आधारभुत ब्याकरण (२०५३), सु. चन्द्रमणि गुरूङले क्होलर पोंवै तमू क्युई तां (गुरूङ राज्य क्होलमा बोल्ने भाषा र कुरा, २०६५), रत्नबहादुर गुरूङले तमू-क्युई लुले (गुरूङ भाषा सिकौं, २०५८) र आशबहादुर तमूले तमू(गुरूङ) भाषाको ब्याकरण, रचना तथा भाषा विज्ञान (२०६३) प्रकाशन गरी तमू समुदायलाई आफ्नो मातृभाषाको चेतना दिएका छन् । भीम तमूले तमू क्ह्यूइ लुले पुस्तक प्रकाशित गरी गुरूङ भाषा सिकौं भन्ने सल्लाह दिएका छन् भने उनले स्थन्देही देवदहमा तमू क्यूइ स्कुल खोलाएर उदाहरणीय बनेका छन् । अव क्रमशः तमू विद्यालयहरु खुल्दै जानेछन् । तमू संघसँगठनहरु तमू क्युई लुले

भन्ने अभियान लिएर अगाडि बढेको पाइएको छ ।

२.६ तमू जातीय जागरण

हिजोको तमू समुदाय कस्तो थियो, अव इतिहास बन्दैछ । समाज परिवर्तनशील छ । हिजोका तमूहरु सिधासाधा भए पनि राष्ट्रनिर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको कुरा इतिहास साक्षी छ । आफ्नो सिधापनको शोषण हुँदा आफ्नो जातिको पहिचानका लागि २०११ सालमा गुरूङ कल्याण संघ गठन भएको कुरा अमरबहादुर गुरूङले आफ्नो पुस्तक गुरूङको पहिचान (२०५६) मा र भैरहवा निवासी शेरबहादुर गुरूङले आफ्नो प्रकाशन गुरूङ कल्याण संघको भावी कार्यक्रम-२०१३ (२०६५) मा स्पष्ट ढङ्गले बर्णन गरेका छन् । त्यति मात्र होइन, अमरबहादुर गुरूङले राणा शासनको विरोध गर्ने श्रीपति गुरूङ र शुकदेव गुरूङको कामबारे ब्याख्या गरेका छन् । गण्डकीलाई आज तमूवान्को मागका रूपमा अगाडि बढाइएको छ तर खुसीमान तमूले आफ्नो तमूवान्को माग आजभन्दा १८ वर्षअगाडि आफ्नो पुस्तक गर्भमा लुकेको तमूवान्का लोककथाहरु सन् १९९२ मार्फत् राखेका छन् । गुरूङले स-साना राज्यहरूलाई मिलाई विशाल राज्य नेपाल निर्माणमा भागल गुरूङ, जुठे गुरूङ, देव्य गुरूङ, सरदार वंशु गुरूङ, काजी नरसिंह गुरूङ र सुब्बा नाथ गुरूङको योगदान रहेको तथ्यहरु आफ्नो पुस्तक नेपालको एकीकरणमा गुरूङहरूको भूमिका (२०४१) बारे विस्तृतरूपमा अनुसन्धान पश्चात् प्रस्तुत गरेका छन् । गुरूङ एकताको औचित्य भएको चाहना राखी गुरूङ डी.बी. दिलले गुरूङ सेरोफेरो (२०६४) पुस्तक प्रकाशन गरे । यसरी नै लालबहादुर गुरूङले गुरूङ जातिका शीर्षस्थ प्राज्ञिक ब्यक्तित्वहरु (२०६०) नामक पुस्तक प्रकाशन गरी भावी पुस्तालाई चेतनशील हुन, शिक्षा ग्रहण गर्न र गुरूङ समुदायको पहिचान उच्च बनाउन प्रेरणा दिएका छन् । गुरूङहरूले आफ्नो पहिचानस्वरूप रहेको राष्ट्रिय चाड ल्होछार मनाउन र आफ्नो हकअधिकारका लागि २०११ सालमा गुरूङ कल्याण सङ्घ गठन गरेका थिए भने समयको सेरोफेरोमा २०२६ सालमा रोदी परिवार, २०३३ सालमा तमू धीं र २०४६ सालमा तमू वौद्ध सेवा समिति गठन भैं कार्यरत रहेको तथ्य अमरबहादुर गुरूङले आफ्नो पुस्तक गुरूङको पहिचानमा उल्लेख गरेका छन् । यसरी नै आदिवासी जनजाति महासङ्घ गठनमा तमू वौद्ध सेवा समितिले महत्वपूर्ण योगदान पुऱ्याएको थियो,

पछि गएर मुलुकमा केन्द्रीयस्तरमा तमू धोंजधीं र गुरूङ राष्ट्रिय परिषद् गठन भै समुदायको बीच फुट भएको सन्देश गइरहेको सन्दर्भमा २०६५ चैत १५-१८ को चितवन अधिवेशनले तमू एकता भएको र अव एउटै मात्र केन्द्रीय नेतृत्व तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद् सक्रिय रहेको तथ्य हेमचन्द्र गुरूङबाट सम्पादित पत्रिका थोर्म्यो (दौंतरी) को मंसिर-पुसको अङ्कमा डा. गणेशमान गुरूङले आफ्नो तमू एकताको प्रयास : चितवनबाट भन्ने लेखबाट स्पष्ट पारेका छन् । हाल तमू ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद् तमू क्युई कक्षा सञ्चालन गर्ने, तमू ह्युल (तमूवान्) प्राप्त गर्न र आफ्नो हक अधिकारका लागि आदिवासी जनजाति महासङ्घसँग मिलेर अगाडि बढिरहेका छन् ।

३. परिशिष्ट (ग)

टिप्पणी (Foot Notes)

तमूहरूको सिकारी जीवन देखि घुमफिर गर्दै कसरी क्होल सोंथरमा आएर बस्ती बसाले भन्ने बारे विभिन्न विद्वानहरूको भनाई, अनुमान र प्येको आधारमा लेखिएका विवरण तल उल्लेख गरिएको छ ।

३.१ डिल्लीजंग तमू

आफ्नो जातिका बारेमा गहिरो चाख राख्ने ब्यक्ति हुन् डिल्लीजंग तमू र उनले गुरूङका बारेमा केही पुस्तकहरु पनि प्रकाशित गरेका छन् । उनले गुरूङ तिब्बतबाट नेपाल प्रवेश गरेको घटनाक्रम माथि विभिन्न व्यक्ति/जानकारहरूको भनाइको आधारमा पुष्टि गर्ने प्रयास गरेका छन् । तमू केर्लोका आधारमा उनको भनाई छ-तमू भाषामा सफुंथी क्ह्यालसा भनेको आफ्नो प्राचीन जन्मस्थल हुन्छ । पेन्चे नाम गरेको ठाउँमा तमू राजाको दरबार थियो-त्यही पेन्चे ठाउँ भन्दा ५-६ किलोमिटर माथि माच्छापुच्छ्रेको फेदीमा "खुल्ली" नाम गरेको ठाउँ छ, तमू जातिको प्राचीन गाउँ पनि भनिन्छ । यसरी नै तमू बुढापाकाको भनाईलाई उनले यसरी ब्यक्त गरेका छन् ।

"तमू जातिहरु टुंकार टों (गाउँ) बाट केव्रसाई टो मा आए-त्यहाँबाट डे.काङग्रीमा आए, त्यहाँबाट मुस्ताङ आए, त्यहाँबाट लुप्रोमा आए" चएको आफ्नो फौज लिएर मुस्ताङ पुग्दा ३ छोरा भैसकेका थिए । चएको केही वर्ष भित्रमा सांगे (परलोक) हुनु भयो । आफ्नो समूह निक्कै ठूलो हुँदै गयो, खान लाउनलाई निक्कै कठिनाईहरु पर्दै गयो, त्यहाँ बसेर निर्वाह चलाउन सक्ने कुनै बलियो आधार देखिएन । एक दिन सबैभन्दा ठूलो दाजुले भन्यो, अव हामी यहाँ बसेर आफ्नो जीविका चलाउन सक्ने कुनै माध्यम देखिएन । हाम्रो सङ्ख्या धेरै बढी सकेको छ र अझै बढ्दो छ, अव हामी के गरौं ? कहाँ जाऊ ? ३ भाइ एक आपसमा सल्लाह गर्न थाले । तीनै भाइ सल्लाहबाट तीन भागमा विभाजित गरी त्यसै खोलाबाट एकएक समुह लगि जाने सल्लाह भयो । सल्लाह अनुसार जेठा छोरा मनाङ खोलातिर एक हुल अथवा एक जत्था लागि पसे । माईला छोरा केरूङ खोलाबाट एक समूहको नेतृत्व लिई पसे । कान्छा छोरा छिमि घ्यार्जा (मुक्तिनाथ) थाकखोलाबाट पसे । यसरी तीन समुहमा विभाजित भै पसेका थिए-यी तीनै खोलाबाट पसेका जातिहरु नै आजका तमू, तामाङ र थकाली ३ जाति हुन् ।"

३.२ निमा तमू

'एकथरी तमू जातिहरु 'फु' बाटो भै आएका हुन्, 'फु' नाम गरेको ठाउँ मनाङ जिल्ला मध्येको सबभन्दा दुर्गम उच्च तिब्बतकै सिमानामा पर्दछ । तिब्बतबाट आइ 'फु' नाम गरेका ठाउँमा बसे, ३ छोरा भए । सबभन्दा सानो कान्छो छोरा 'फु' गाउँमा नै बस्यो । जेठा माइला छोरा दुई भाइ चाहिँ 'नार' र मनाङका बीचको ङावलको डाँडामा आइ एउटाले घोडाको टाउको अर्काले गाईको टाउको बनाई एकएकबटा हातमा लिई आ-आफ्नो हातमा लिएको टाउको आकाशमा फाल्ने र त्यो टाउको जता फर्किन्छ उतै गई बस्ने कवोल गरि फालियो । गाईको टाउको लिनेले फाल्दा नार तिर फर्क्यो र नारमा गै बस्यो र घोडाको टाउको लिनेले फाल्दा मनाङतिर फर्किएकाले मनाङतिर गएर बस्यो ।

३.३ आवा क्हार्वु क्ल्हेको प्ये (शास्त्र)

"पच्यूका मौखिक धर्म-शास्त्र अनुसार आव क्हार्वु क्ल्हेका नौ छोराहरु थिए ।

उनीहरुका आफ्नो आमा स्वर्गवास भैसकेको थिइन । सब छोराहरु जवान भैं विवाह गर्ने बेला भैसकेका थिए तर आवा क्हार्वु क्ल्हेले छोराहरुलाई शिकार खेल्न जाऊँ भनि वनतिर पठाइ दिए । तुंए मुए फु टों (वन), धनु डोरे टों, एकेए चोए टों, मुनोए टों यी ठाउँहरुमा शिकार खेल्न गए (वर्तमान कास्की जिल्ला, मनाङ र लम्जुङ यी तीनै जिल्लाको लेकतिर पर्दछ) तर शिकार पाउन नसकी फर्केर आउँदा मद्मी प्रो वर्तमान कास्की जिल्ला अन्तर्गत मादी खोलाको भीरमा भीर माउरी देखे । घरमा आई आफ्नो आवा क्हार्वु क्ल्हेलाई "मद्मी प्रौरी कोए मुमै" (मादीको भीरमा भीर माउरी रहेछ) भनी सुनाइ दिए ।

"आवा क्हार्वु क्ल्हेले भीर माउरी काट्नका लागि आफ्नो छोराहरुलाई निगालो काटी चोया बनाई डोरी बाट्नका लागि वनमा पठाई दिए । छोराहरुले वनमा गई निगालो ल्याई चोया काटी डोरी बाटी घर आए । भोलिपल्ट नौ छोराहरुले पालैपालोसँग मह काट्ने ला बोकी त्यस ठाउँमा पुगे । आवा क्हार्वु क्ल्हे भीर खोप्ने छिनु र माउरी काटी खुदु हाल्ने ताउलो बोकी पछि(पछि गए ।"

"आव क्हार्वु क्ल्हेले पहिलो जेठो छोरालाई तिमी जानु भनी भने, जेठो छोराले मेरो कपाल दुखेको छ जान्न भन्यो । माइला छोरालाई भन्यो, उसले पनि मलाई आज कम्मर दुखेको छ भन्यो । साइला छोरालाई तिमी जाउ भन्दा, उसले पनि मलाई पेट दुखेको छ भन्यो । यसरी क्रमैसँग सोध्दा सबैले एउटा(एउटा निहुँ बनाई जान्न भनेपछि सबभन्दा कान्छो छोराले भन्यो दाजुहरु कोही जान्न भनेपछि म जान्छु भनी भन्दा आवा क्हार्वु क्ल्हेले भन्यो आच्यों तिमी (सबभन्दा कान्छा छोरा) जान मिल्दैन कदाचित तिमी त्यहाँ मऱ्यो भने पछि म मर्ने बेलामा मैले थ्होलु (अन्तिम कुरो) सुनाई राख्नुपर्छ, त्यसलाई तमू भाषामा थ्होलु अथवा त्वोताँ थेवा भन्दछ । तिमीहरु कुनैपनि जान्न भने म आफैं जान्छु भनी जानु भयो । मैले पुग्यो नभनेसम्म त्यो कार्य प्रों (मह काट्ने ला) नछोड्नु, भरे खुदो पनि यसरी तान्नु पर्छ भनी सिकाई सकेपछि आवा क्हार्वु क्ल्हे लामा भुण्डिएर गयो । ८ छोराहरु मनमनै रमाए र कान्छा छोरा भने ठूलो चिन्तामा डुबेको थियो । आवा क्हार्वु क्ल्हे पनि छोराहरुले आफूमाथि सोंचेको पाप आफैले पनि शंका लिई सकेको हुँदा राम्रो(राम्रो खुदो (मह) आफूले राख्यो खुदो नभएको छोक्रा जति छोराहरुलाई पठाई दिने काम गऱ्यो । सक्यो कि सकेन ? सक्यो भन्न साथ छोराहरुले आवा क्हार्वु

क्ल्हे भुण्डिएर गएको प्रो (ला) काटी दिए, आवा क्हार्वु क्ल्हे त्यही भीरमा रह्यो ।"

"आवा क्हार्वु क्ल्हे मादीको भीरमा बसिरहेको थियो, आकाशबाट गिद्धले देखेछ । अनि गिद्ध आइ भन्यो, आवा क्हार्वु क्ल्हे तिमी यहाँ नबस्नुस्, यहाँ तिमी बस्ने ठाउँ होइन । आवा क्हार्वु क्ल्हेले आफ्नो दुःखत घटनाहरूका विवरण सबै सुनाई दियो । अनि गिद्धले भने तपाईलाई म बोकेर गाउँको नजिकमा पुऱ्याई दिन्छु । आवा क्हार्वु क्ल्हेले गिद्धलाई भन्यो, यदि तिमीले मलाई बोक्न सक्छौ भने म बराबरको गऱ्हुगो ढुङ्गा मादीको तिरबाट बोकेर यहाँ ल्याउनु अनि बल्ल मलाई विश्वास लाग्नेछ भने । गिद्ध त्यहाँ गई आवा क्हार्वु बराबरको ढुङ्गा बोकी ल्याईदिएपछि बल्ल चित्त बुझ्यो । अनि आवा क्हार्वु क्ल्हेले गिद्धसँग भन्यो, मलाई ज्यादै आकाशतिर पनि नलानु मेरो टाउको घुम्छ, (रिङ्टा लाग्छ) ज्यादै तल पनि नलगि दिनु मेरो घुँडा ठोक्छ भने । अनि गिद्धले हुन्छ भनी क्हार्वु क्ल्हेले भने अनुसार नै बोकी गाउँको पानी धारा नजिक छोडी राख्यो ।"

आवा क्हार्वु क्ल्हेले कान्छी स्वास्नी पानी लिन पँधेरामा आएको देखेछ । आफ्नो स्वास्नीले तल पानी थापेको बेला आफ्नो हातको औंठी फुकाली पानीमा राखिदियो (औंठी पानीले लगेर गाग्रोमा पर्न साथ आवाज आयो, कुन वदमासले ढुङ्गा छोडी दियो भने गाग्रो घोप्टाई हेर्दा आफ्नो लोग्ने क्हार्वु क्ल्हेको औंठी देख्यो । अलि माथि गई हेर्दा आफ्नो श्रीमान देख्यो । आवा क्हार्वु क्ल्हेलाई डोकोमा राखी आफ्नो क्रमु (मुजेत्रो) ले छोपी घर ल्यायो ।

भीर माउरी काटी छोराहरु सब आए । आवा क्हार्वु क्ल्हे नआउँदा सब छोराहरूलाई कान्छी आमाले सोध्दा सबैले पछि आएको छ भनी जवाफ दिए । सबभन्दा सानो कान्छा छोरालाई सोध्दा आँखाबाट आसु झारि बोल्न सकेन, यति भएपछि आवा क्हार्वु मरेछ भन्ने कुरो कान्छी आमाले लख काटी सकेकी थिइन् । यसरी जिउँदो छ भन्ने कुरा सपनामा पनि सोचेको थिएन ।

छोराहरूले आफ्नो कान्छी आमाको नाकमा लगाउने (बुलाकी/नथीया) मागी दोबाटो थापि त्यसलाई तारो बनाई जसले त्यो नथ (बुलाकी)को बीचमा धनुष

काँडाले लाग्छ त्यसैले लाने भन्ने दाजुभाइहरूका सल्लाह थियो । सब छोराहरूले तारो हानी रहेको बेला आवा क्हार्वु क्ल्हेले पनि आफ्नो घरको साइखुं/दाखुँ (झ्याल) बाट मेरो स्वास्नी हो सत गएको छैन भने नथ (बुलाकी) कै बीचमा लागोस्, मेरो स्वास्नी होइन सत ढलिसकेको छ भने नलाग्नु भनी बाँण छोडी दिँदा नथ (बुलागी) कै बीचमा लाग्यो । छोराहरु सबैले आ(आफ्नो हो भनी दावी गर्न थाले, आच्यो (सबभन्दा सानो कान्छा) ले हामी कसैको पनि होइन, यो धनुष काँड आवा क्हार्वु क्ल्हे कै हो भन्न साथ आवा क्हार्वु क्ल्हे मरेको छैन भनी आफ्नो घरको धुरी माथि चढेर कराई दियो ।

अनि आवा क्हार्वु क्ल्हेले सराप दिन थाले, जेठा छोरा मेघ भइ जा, माइला छोरा सर्प भइ जा, साइला छोरा हावा भइ जा, यसै क्रमले सबैलाई एक(एकवटा सराप दियो र कान्छा छोरालाई घरको क्ल्हे (मालिक) बनोस्, गाउँको क्ल्हे (मालिके) बनोस् भनी मलाँ (आशिर्वाद) दियो ।" प्रायः कुराहरु काल्पनिक भएतापनि आवा क्हार्वु क्ल्हे नाम गरेको क्ल्हे तमू जातिको एक प्रख्यात ब्यक्तित्व भएको मानिस रहेछ र त्यसको कथा अनुसार च्यक्ल्हे (वर्तमान सिकलिस) गाउँ हो कि भन्ने अनुमान गर्न सकिन्छ । त्यही धर्म दर्शनकै आधारमा भनौं या के भनौ तमू जातिहरुमा राम्रो नराम्रो जस्तो घर भए तापनि पुरानो मुली घर कान्छा छोराले नै पाउनु पर्ने परम्परा रहँदै आएको पनि छ ।

३.४ क्ल्हेबृ (घ्याँवृ) को पुतवै खे (शास्त्र)

"क्ल्हेबृको मौखिक धर्म शास्त्र अनुसार पुतवै फीस्योबाट एक छोरा, एक छोरी भए । छोराको नाम प्रम्चएँ थियो भने छोरीकी नाम खैलोंस्यो थिइन् । फीस्यो मरेपछि पुतवै खेले अर्की कान्छी स्वास्नी विवाह गऱ्यो । कान्छी स्वास्नीको नाम माइटोंस्यो थिइन् । एकदिन आवा पुतवै खेसँग कान्छी स्वास्नीले छोरा प्रम्चएँ लेकमा गइ चौरी गोठ, भैंडी गोठ, गाई गोठ, बाख्रा गोठ, घोडा गोठ सबै हेर्नु पर्ने भन्ने कान्छी आमाको भनाइ अनुसार लोग्ने पुतवै खे र छोरा प्रम्चएँ गोठमा गएका थिए ।"

पुतवै खेले जाने बेलामा आफ्नो कान्छी माइटोंस्पोलाई भन्यो कि मेरो छोरी

खैलोंस्योलाई मिठो(मिठो खान दिनु, राम्रो(राम्रो लुगा लगाई दिनु, काममा बढी दुःख नलाउनु भनी राखे । अनि खैलोस्योसँग आवा पुतवै खेले जाने बेलामा आफ्नो छोरीलाई तोङ्ग्री माला ल्याई दिउला भनी फकाई राखेको थियो । अनि आवा पुतवै खे र छोरा प्रम्चएँ गोठमा गए । सबै गोठमा बस्तु (पशु)हरु छोरालाई चिनाई दियो । आवा पुतवै आफ्नो छोरीको, कोसेली तोङग्रि माला लिएर घर फर्क्यो । छोरा प्रम्चएँलाई पशुहरु हेर्नका लागि गोठमै छोडी राख्यो । आवा पुतवै र आघै (दाजु) प्रम्चएँ गोठमा गएको दिनदेखि काछी आमा माइटोंस्योले छोरी खैलोस्योलाई भातको सट्टामा डढेको फापर, मासुको सट्टामा हड्डी, जाँडको सट्टामा रस नभएको स्याति (कट) दियो । पानी भर्न पठाउँदा पिँध नभएको डोको र चुहेको गाग्रो दिन्थ्यो, दाउरा टिप्न पठाउँदा विंड नभएको हँसिया, पिठो पिन्न चुहिएको जाँतो, बारीमा काम गर्न पठाउँदा भाँच्न लागेको कोदालो आदि । एक दिन छोरी खैलोस्योलाई बारीमा काम गर्न पठाइछिन् काम गर्न साथ आफूले खेलाएको कोदाली भाँचियो । छोरी खैलोस्यलाई ठूलो चिन्ता पऱ्यो । घर फर्कि जाउँ कान्छी आमाले गाली गरी मार्छन् भन्ने डर, अव जाऊ कता ? कही जाने ठाउँ देखिएन । आफूलाई माया गर्ने एक जना पनि मानिस देखिएन । आफूलाई माया गर्ने आवा पुतवै र दाजु (आघै) प्रम्चएँ मात्र छन् यी दुबै जना पनि गोठमा गइसक्नु भएका छन् । छोरी खैलोस्यो आत्तिएर चारैतर्फ हेरे, उसको लागि दया, माया गर्ने मानिस कोही पनि देखिएन । उसका लागि सारा संसार अन्धकार जस्तो लाग्यो । छोरी खैलोस्यो त्यही बसेर रूईन्, सोचिन् अरू कुनै उपाय देखिएन । एकपछि अर्को दुःख थपिदै गयो । अन्तमा बरू यो दुःख सही बस्नुभन्दा यो मनुष्यको जिन्दगी त्याग्छु र स्वतन्त्र चराको रूप धारणा गर्नु उपयोगी होला भन्ने ठानी छोरी खैलोंस्यो चराको जुनी लिई उडी गए ।

"आवा पुतवै घर आई पुग्नासाथ आफ्नो छोरीलाई देखेन र कान्छीआमा माइटोंस्योसँग सोधे ? छोरी खैलोंस्यो कहाँ गइन् ? कान्छी आमा माइटोंस्योले भने, मिठो भात खान गए होलिन्, मासु खाने ठाउँमा गए होलिन् भनी विभिन्न प्रकारले ढाँट्न थालिन् । अन्तमा केही सिप नलागेपछि भन्न थालिन् छोरी खैलोंस्यो बारीमा काम गर्न गएकि थिइन् तर फर्किएन के भयो मलाई थाहा छैन भनी बताइदिइन् ।"

"आवा पुदवै खैलोंस्यो काम गर्न गएको बारीमा गयो र चारैतिर हेरे, बोलाए, कराए, कतै पनि देखिएन । आफ्नो छोरी कतै नदेखेपछि आवा पुतवै त्यहाँ बसी रून थाले । अन्तमा आफ्नो छोरी खैलोंस्योले बारी खन्दा भाँचिएको कोदालो देख्यो, त्यही कोदालो लिएर आवा पुतवै रूइरहेको आवाज चरा खैलोंस्योले सुने । खैलोंस्यो रूखमा बसी कराउँन थालिन् । अनि आवा पुतवैको मनमा शंका पऱ्यो । आफ्नो छोरी खैलोंस्योको स्वर जस्तो लाग्यो । पुतवै खेले भन्यो कि तिमीलाई दिनेभनी मैले तोङग्रि माला ल्याएको छु, यदि तिमी मेरो छोरी खैलोंस्यो हो भने, यो तोङग्रिमाला लाउन आऊ भनी रूई कराई दिए र निगालोको टाँकामा तोङग्रि माला राखी कराउँदा मेरो नाम खैलोंस्यो हो भनी आवाको तोङग्रि माला लगाई फेरि रूखमा नै उडी बस्न थाल्यो ।"

"आवा पुतवैको हातको तोङग्रि माला लगाई सकेपछि खैलोंस्यो माखोइ चराले आवा पुतवै र गाई गोठमा गइसकेपछि कान्छी आमाले आफूमाथि गरेको अत्याचार सबै आवा पुतवैलाई विस्तार सुनाई दियो । त्यो माखोइ चराले आफू उड्न लागेको बेलामा के भन्यो भने, म रातमा कराउँदा आवाको सम्झना, दाजुको सम्झना गरेको कुरा बुझ्नु । दिनमा करायो भने कान्छी आमा अलक्षिणा हो भनी गालि गरेको भनी बुझ्नु भनी सुनाइ सकेपछि त्यो माखोइ चरा आफ्नो ठाउँमा उडी गयो । त्यो चराको घाँटीमा सेतो माला लगाएको जस्तो छ भनी घ्याबूँको मौखिक धर्म शास्त्रले बताउँछ ।

"अनि आवा पुतवै आफ्नो घर फर्कियो । कान्छी माइटोंस्योले प्रम्चएँले गोठ राम्रोसँग हेरेको छ कि छैन हेर्न जानु भनी आफ्नो लोग्ने पुतवैलाई गोठमा पठायो । गाई गोठदेखि प्रत्येक गोठमा हेर्दै जाँदा पृ ष्ठों (चौरी गोठ) मा पुग्यो । एउटा पृ नाले तारी चौरी मात्र नपुगेको देख्यो । अनि त्यो कुरा घरमा आई आफ्नो कान्छी माइटोंस्यालाई सुनाई दियो । कान्छी माइटोंस्यो छोरा प्रम्चएँदेखि रीसले चूर भइन् र आफ्नो लोग्नेलाई भन्यो, यस्तो गोठालो गोठमा राख्यो भने सब बस्तु खत्तम पारि दिन्छ फर्काइ ल्याउनु भनी आफ्नो लोग्ने पुतवैलाई छोरा लिन चौरी गोठमा पठाई दियो ।

"सुदी क्युं (सुदीखोला) को केलाँचाँ (पुल) मा गई कान्छी आमा माइटोंस्योले

निक्कै ठूल(ठूला दुईटा खाल्टो खनी राख्यो । आवा पुतवै र छोरा प्रम्चएँ त्यहाँ आइपुग्दा कान्छी आमाले भन्यो, छोरा तिमीले गोठमा बस्दा आफ्नो गोठ राम्रोसँग हेरेको थियो भने त्यो खाल्टोमा तीन पटक अगाडि तीन पटक पछाडि हाम फाल्दा खाल्टोमा पर्दैन, राम्रोसँग हेर्न सकेको छैन भने यो खाल्टोमा पर्न सक्दछ भनी भन्यो र फाल हाल्न लगाइयो । अगाडि ३ पटक फाल हाल्दा बाचियो तर तीन पटक पछाडि फर्केर फाल हान्दा आँखा नदेखेको कारणले गर्दा खाल्टोमा परि मऱ्यो ।

"अनि खाल्डोमा परि मरेका प्रम्चएँको हंस वायु भएर चौंरीको गोठमा पसि सबै चौंरी मारिदिए, एउटा माले (निधार सेतो) भएको मात्र आवा पुतवैको अर्घु (पय) गर्दा चाहिन्छ भनी छाडि राखे । भेंडा गोठमा पसि आवाको अर्घु (पय) गर्दा खेरी प्लें खावा (मृतकको आत्मा) बोलाउँदा चाहिन्छ भनी एउटा गलमडे (गर्धनकालो) भएकोलाई मात्र छाडी सब मारि दिए । गाई गोठमा पसि माली गाई मात्र आवाको पय (अर्घु) गर्दा गाउँलेहरूलाई दुई फल मासु बाँड्नुपर्ने भएको हुँदा राखि छाडि अरू सबै मारिदिए । बाख्राको गोठमा पसि मि म्लो (आँखा कालो) चुतें मात्र बाँकी राखि सबै मारि दिए । चिहान लैजाने बाख्रालाई चुतें भन्दछ । घोडाको गोठमा पसि एउटा पिठ्यूमा कोठी भएको नाले (निधारमा सेतो) भएकोलाई मात्र राखि सब मारिदिए । कुखुराको खोरमा पसि क्र म्लो (टाउको कालो) भएको एउटा आवाको मो उइवा (यमराजबाट मानिसको आत्मा छुटाउँन) लाई चाहिन्छ भनी राख्यो र अरू सबै मारिदिए ।"

पुरानो धर्म शास्त्रहरूका प्रायः कुराहरु काल्पनिकमा आधारित रहेकै हुन्छ तै पनि एउटा कुरा के प्रमाणित भएको छ भने तमू जातिहरूमा कान्छी आमा भनेको ज्यादै नराम्रो हो भन्ने कुरा आज पनि यथावत कायमै रहेको पाइन्छ । हजारौंमा जेठीबाट छोराछोरी केही भएन भने एक दुई जनाले कान्छी थपेको पाइन्छ, त्यो पनि जेठीको अनुमति पाएर मात्र गर्न सक्दछ । बरू तमू जातिमा दाजुसँग पारपाचुके भैसकेको छ भने भाइले लैजाने परम्परा भने छ । तमू जाति समाजमा कान्छी स्वास्नीदेखि तर्सनु नै पुतवै खे को कथाको प्रभाव परेको हुन सक्दछ ।

अर्को कुरा तमू जातिले गाईको मासु खाँदो रहेछ भन्ने कुरो पनि पुतवै खे (शास्त्र)

ले माली गाई मात्र आफ्नो आवा पुतवै मर्दा दुई फल मासु गाउँलेलाई बाँड्नका लागि चाहिन्छ भनी राखेको कुराबाट प्रष्ट हुन्छ । आजकाल मासु खानबाट प्रतिबन्ध लगाएको हुनाले दुई फल गाईको मासु बाँड्नको बदला दुईटा डल्लो भात बाँड्नुपर्ने गराएको छ । यसलाई पोकएँ सोवा (डल्लो भात बाँड्ने) भन्दछन् । नेपालमा हिन्दू राज्य शासन ब्यवस्था कायम भैसकेपछि मात्र तमू जाति लगायत अन्य गाई खाने जातिहरूले यो परम्परा छाडेको हुनुपर्छ ।

३.५ पूर्वमन्त्री रामबहादुर गुरूङ

नेपालमा विभिन्न आदिवासी जनजातिहरूमध्ये गुरूङ जाति पनि एक हो । गुरूङ मङ्गोल मूलका हुन् । गुरूङहरु मङ्गोलीय चीन हुँदै तिब्बतबाट शिकार एवम् अन्य सन्दर्भमा घुम्दै गङ्गापूर्ण हिमालको फेदी (मनाङ गाउँ नजिक) खुल्ली भन्ने ठाउँम बसोवास गरी तत्पश्चात् त्यहाँबाट पनि विभिन्न प्रयोजनका लागि विभिन्न बाटो हुँदै क्होल सोंप्रे ट्हो (क्होल सोंथर) भन्ने ठाउँमा आई बसोवास गरेकाले सो स्थानलाई नै हालसम्म गुरूङहरूको पुर्ख्यौली थलो मानिन्छ जहाँ अझै भग्नावशेषहरु देख्न सकिन्छ । यो स्थान हाल लमजुङ जिल्लाको घनपोखरा गा.वि.सं. को वडा नं. ८ मा पर्दछ । धरानको बुढासुब्बा मन्दिर वरपरका बाँसको टुप्पो नभएजस्तै क्होल राज्यको चारैतिरको झण्डै ४, ५ किलोमिटरसम्मको प्रायः सबै रूखहरु क्होल राज्यतिर ढल्केका छन् भन्ने स्थानीय बासिन्दाहरूको भनाई रहेको छ । साँ.फुं.ती. ग्याल्सामा ग्याल्दो तर्डेरी क्ल्हेको शासनकालमा बढ्दो जनसङ्ख्याको चापले नयाँ बसोवासस्थलको आवश्यकता महसुस गरी मनी क्होंकारी कुलको क्होसिंतडें तमू गुरूको नेतृत्वमा एक समूह शिकार खेल्ने निहुँ गरी नयाँ राज्य स्थापना स्थलको खोजी, अध्ययन, अनुसन्धानका लागि मनाङ खोलाको बाटो हुँदै ५५६० मिटर अग्लो नामुन ला (भञ्ज्याङ) एक्रेपक्रे हिमाल पार गरी अग्लो हिमाली समथर भूमिमा पुग्यो । मान्छे बस्न योग्य भए उम्रिएर राम्रो फलोस्, अयोग्य भए बीउ पनि हराएर जाओस् भन्ने बाचाका साथ आफ्नो गोजीमा पुगेको फापर, गहुँ, जौ, करू आदिको बीउ त्यहाँ छरी पुनः साँ.फुं.ती. ग्याल्सा फर्किए । छ महिनापछि हेर्न जाँदा एकदम राम्रो पाक्नै लागेको फापर, जौ, गहुँ, करू

आदिको बोट एवम् बाला देखी सो ठाउँमा बस्न उपयुक्त हुन्छ भन्ने ठानी क्होंकारी, ह्योंकारी र वि.स्वो. चमरू (औषधि गर्ने) तीनै कुलको जत्था लिई त्यहाँ गई बसोवास शुरू गरे । तुउः ह्युल, पा ह्युल र मुऊ ह्युल (सिरान गाउँ, माझ गाउँ र पुच्छार गाउँ) क्रमशः तीनै कुलको तीन गाउँ स्थापना गरे जसलाई क्होल स्वोथर भनिन्छ । क्होको अर्थ 'अङ्ग' र लाको अर्थ 'गरेको' अर्थात राजाको अङ्ग भएर राज्य ब्यवस्था गरेकाले क्होल र स्वोंथरको अर्थ तीनथरी भन्ने हुनाले क्होल स्वोंथर नामकरण हुन गएको भन्ने भनाइ पनि छ । क्होल राज्यको स्थापना श्रावण सक्रान्तिको दिनमा भएको हुँदा सो दिन साँझ घरघरमा दियो, राँको बाली गाउँ नै उज्यालो बनाई उत्तरमा हिमाल हुनाले उत्तरबाट केही नआउने तर दक्षिण दिशाबाट रोग ब्याधि र अनिकाल आउनसक्ने भएकाले केही नआओस् भनेर घरघरबाट अगुल्टो हान्ने गरिन्थ्यो । श्रावण १ गते अगुल्टो फाल्ने हालको प्रचलन त्यसैको निरन्तरता हो भन्ने किम्वदन्ती छ ।

३.६ भोवर पाल्वै तमू

तमू पुरोहित र बुढापाकाका कथनहरूलाई संकलन गरी भोवर पाल्वै तमूले गुरूङहरु यसरी ब्याख्या गरेका छन् :(

तमू जातिका निम्ति थाहा भएसम्म पहिलो र महत्वपूर्ण स्थल स.फूँ.ती ग्याल्सा हो । त्यो ठाउँ यहीँ पर्दछ भनी किटान गर्न सकिएको छैन । तमू प्ये ताँ ल्हु ताँ त्यहीँबाट शुरू भै झाँगिदै आएको छ । पुरोहितहरूले त्यसलाई तमूको उद्गम स्थल मानेका छन् । सफूती (डल्लाकार पृथ्वी फुटेर) र सपूताँ (धर्ती र आकाशको कुरा) को शाब्दिकार्थ केलाई हेर्दा अर्ध ब्यवस्थामा सफूतीमा आएर समूताँको कुरा बुझी तमू जातिमा सभ्यता शुरू भएको हुन सक्छ । वोन (झाँक्री) प्रथा अन्तर्गत तमूको पय कर्म (पितृ यज्ञ) त्यहीँबाट गरिदै आएको छ । सफूँती ग्याल्साबाट तमू जाति चोंब्रु ह्युलमा बसाई सरी आए । त्यहाँबाट मैजु ग्याल्सा (मुस्ताङ ?) मा आएर पछि खाम राजा (चए क्रो ?) मानेको भनिन्छ । अनि सब्बे प्छन्का (मुक्तिनाथ ?) मा आइ बस्दा खेतीपाती कम भएकाले शिकार खेल्नमा जोड दिइयो । त्यहाँबाट मलक (डव्वल) कुमरिए र तिन्जे प्छन्का (मनाङ) मा सरे । शिकारी कुकुरको पिछा गर्दै शिकारीहरु लमजुङ हिमाल पार गरी दुध(पोखरी तल आइपुगे । त्यहाँ बस्न लायकको ठाउँ रहेछ भनी धनुषको

ठोकरामा भएको अलिकति जौ छरि फर्के । समयमा आइ हेर्दा बालि सप्रेको देखेर फर्के । अनि एक जमात त्यहाँ बसाई सरेर क्होल स्वों (सोथर) ट्हो नाम राखी बसे ।

क्होलमा प्रगति भएपछि अरू जमातहरु आइ थपिए । निसन्तान खाम राजाको शेषपछि घले (क्ल्हे) राजा थापना भएको भनिन्छ । बढ्दो जनसङ्ख्याको चापको बेलामा तत्कालिन घले राजा सुरा र सुन्दरीमा मात्र तल्लिन रहेकाले असन्तुष्ट जनता कास्की र लमजुङ जिल्लाका भेकहरूमा फिंजिए अनि अरू जिल्लाहरूमा । सिक्लेस (च्वक्ल्हे), घान्द्रुक (कोंड), र घनपोखरा (प्वोच्क्वों) जस्ता विशाल तमू गाउँहरु नमुना छन् ।

३.७ प्राज्ञ जगमान गुरूङ

गुरूङहरु खासगरी गण्डकीप्रस्रवणक्षेत्रको हिमालीकांठका आदिवासीहरु हुन् । मुक्तिनाथ क्षेत्रमा अघि शेरिव् नामक राज्य अवस्थित थियो । त्यस शेरिव् राज्यको सिमाना हिमालयको दक्षिणी काँठसम्म फैलएको थियो । त्यसकारण हिमालयको कांठ भागलाई शेष पनि भनिन्छ तर यो शेष शब्द नेपाली भाषाको शब्द नभएर तिब्बती भाषाको शेरिव शब्दबाट बनेको छ । कालान्तरमा शेष शब्दको नेपालीकरण गरेर यस क्षेत्रलाई शेरिव् राज्यको सीमान्त प्रदेशको अर्थ बुझाउने शेषान्त भन्न थालियो । शेषान्त क्षेत्रलाई आजकल तमूवानको संज्ञा दिइएको छ । गण्डकी प्रस्रवणक्षेत्रको हिमाली कांठ र कछाडमा आदिमकालदेखि बसोबास गरी आएका र पछि भोट(चीन बाट बसाई सर्दै आएको समुदायको समन्वयबाट वर्तमान गुरूङ समाजको संरचना भएको पाइन्छ । तमू शब्दको अर्थ बञ्चरो अथवा फलामको हतियार धारण गर्ने लडाका हो । चीनका मङ्गोल वादशाह चङगेज खाँको उपनाम तमूजिन रहेको कुरा यस सन्दर्भमा स्मरणीय छ । प्रलयको हतियार धारण गर्ने लडाका भनेर तमूजिनको अर्थ गरिएको छ (२०६६) ।

सन्दर्भ ग्रन्थ

१. अमरबहादुर गुरूङ, १९९३, घांटुनाँच र बाह्रभाषे घाँटु, काठमाण्डौं
२. अमरबहादुर गुरूङ, २०५६, गुरूङको पहिचान, सर्लाही
३. अमरबहादुर गुरूङ, २०५०, गुरूङको संस्कृति चावहिल, काठमाण्डौं
४. आशबहादुर तमू, २०६३, तमू (गुरूङ) भाषाको ब्याकरण रचना तथा भाषा विज्ञान, लमजुङ
५. इलन अन्डोर्ज (Ellen Andors), १९७६ रोदीः नेपालमा गुरूङ जातिको महिला संस्था, कोलम्वीय विश्वविद्यालय
६. इन्द्रकाजी गुरूङ ०४८, ङहयो ति ङहयोइ कूइ भोगो हामी र हाम्रा गीतहरु) पोखरा
७. इन्द्रबहादुर तमू तो तां सोंफु (तीनवटा कुरा) उखान सँग्रह, लम्जुङ २०५७
८. इन्द्रबहादुर गुरूङ, तमू चि, गुरूङ ज्येगतिषी गिलुङ, लम्जुङ २०५८
९. इन्द्रबहादुर गुरूङ, २०५९, गुरूङ नेपाली शब्दकोष, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१०. ईन्द्रबहादुर गुरूङ, २०६२ तमू नांसए भी, न्हेंज प्रथम अवस्थाको परिचय, गिलुङ
११. एलन मेकपर्लेन (Allen Macfarlane), १९७६ साधन र जनसङ्ख्या/नेपालका गुरूङ सम्वन्धी अध्ययन, केम्ब्रिज
१२. खडगनारायण गुरूङ, २०५६ गुरूङ इतिहासको खोज र चर्चा, काठमाडौं
१३. खुशीमान तमू, गर्भमा लुकेको तमूवानके लोक कथाहरु, काठमाडौं
१४. गुरूङ (तमू) राष्ट्रि परिषद परिषद, गुरूङ एकता पत्रियामा एक ऐतिहासिक पहल, २०६३ काठमाण्डौं
१५. चन्द्रमणि गुरूङ, क्होलर पोवै तमू क्युई तां -गुरूङ राज्य क्होलमा बोल्ने भाष र कुरा, २०६५ कास्की
१६. जगमान गुरूङ, गुरूङ जाति तथा संस्कृति याङजाकोट, कास्की, २०३४
१७. जगमान गुरूङ, नेपालको एकिकरणमा गुरूङहरुको भूमिका पोखरा, वौद्ध

अर्घुं सदन
१८. जगमान गुरूङ, तमू धर्म र संस्कृति तमू ट्हो सुं, हङकङ, पर्ष १ अकं १
१९. टड राग्जेडेल (Tod Anthony Ragidale), १९७९ जातियता र शैक्षिक परिवर्तनः नेपालका गुरूङहरु नयाँ शिक्षा योजना, डयूक विश्वविद्यालय
२०. डिल्लीजङ्ग गुरूङ २०५२, तमू (गुरूङ)/नेपाली/अंग्रजी शब्द कोष,
२१. डल्लीजंग तमूस २०५४, तमू (गुरूङ) जातिको परिचय, काठमाण्डौं
२२. डिल्लीजङ गुरूङ, तमू (गुरूङ) वंशको परिचय (संस्कृति सहित) काठमाण्डौं २०४९
२३. डिल्लीजंङ गुरूङ, तमू (गुरूङ) वंशको परिचय काठमाण्डौं
२४. डि.बी. गुरूङ दिल २०६४ गुरूङ सेरोफेरो, काठमाडौं
२५. डोनाल्ड मेसरास्मिट (Donald Messersehuit), १९७६ नेपालमा गुरूङ : ग्रामिण समाजमा संघर्ष र परिवर्तन, नयाँ दिल्ली
२६. तेजबहादुर तमू, २०५७, तमू जातिको धर्म संस्कृति एक चर्चा स्मारिका, तमू प्ये ल्हु संघ, पोखरा
२७. दान आर कफन (Dawn R. Kafmanu), हाउजिङ कलचर इथ्नोर्कियोलोजिकल अप्रोच टु तमू भैं हाउसेज, कर्णेल विश्वविद्यालय
२८. दलबहादुर ल्हेगं तमू "तमू केपै तां" नवलपरासी, २०५०
२९. धनबहादुर तमू २०४६, ङहयो नि ङहयोइ क्हयुई (हामी र हाम्रो भाषा), पोखरा
३०. धन बहादुर तमू २०५३, आधारभूत गुरूङ ब्याकरण नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं
३१. नेत्र तमू, तमू (गुरूङ) ल्होसार एक चिनारी , काठमाण्डौं २०५५
३२. पमबहादुर तमू, २०६६, क्होल तमूहरुको पितृथलो तमू प्ये ल्हुँ संघ, पोखरा
३३. वनार्द पिने (Bernard Pignede), १९९६ गुरूङहरुः नेपाल/हिमालका एक जाति, पेरिस
३४. भिम तमू तमू क्हयूइ लुले गुरूङ भाषा सिकौं स्प्रन्देही
३५. भोवर पाल्चै तमू नेपालमा तमू (गुरूङ) जाति पोखरा
३६. भिक्टर डाहर्थि (Victor Doherty), १९७५ कुटुम्ब र आर्थिक छनौटः

मध्य पश्चिम नेपालमा आधुनिक अभिस, विस्कान्सिन विश्वविद्यालय
३७. मीनबहादुर गुरूङ रोघी, डांफे कला मन्दिर पोखरा, २०६०
३८. मीनबहादुर गुरूङ घाँटु, ऐतिहासिक भाव नृत्य डांफे कला मन्दिर पोखरा
३९. मीनबहादुर गुरूङ २०६० सोरठी, पोखरा
४०. मेखसिं क्ल्हे तमू, तमूहरु किन सँगठित हुन सकेन ? पोखरा, २०४७
४१. राजकुमार गुरूङ २०६६, घांटुनाँच, काठमाण्डौं
४२. रामबहादुर गुरूङ, २०६२स गुरूङ जातिको सांस्कृतिक परम्पराहरु लमजुङ, ताघ्रिङ ७
४३. लालबहादुर गुरूङ, रूम्जाटारको गुरूङ संस्कृति एक झलक, काठमाण्डौं, २०५७
४४. लालबहादुर गुरूङ गुरूङ जातिका श्रीषेस्थ प्राज्ञिक ब्यक्तिहरु, ललितपूर, २०६०
४५. शिनिचिरो कुरोदा (Shinichiro Kuroda), १९७२ गुरूङहरुको चारजात-सोह्जात विभाजन बारे जापान-नेपाल मैत्रीसंघको नेपाल गोष्ठी टोकियो
४६. शेरबहादुर गुरूङ, २०६५, गुरूङ कल्याण संघको भावी कार्यक्रम २०१३ समेत काठमाण्डौ
४७. शेरबहादुर गुरूङ, २००८, गुरूङ शब्दकोष, सुनसरी
४८. हर्क गुरूङ , २०३८ गुरूङ जाति बारे तमू-तमू संस्कृति प्रधान सामायिक संम्लग्न काठमाण्डौं
४९. हर्क गुरूङ, २००४, गुरूङ जाति बारे जनजाति सेरोफेरो नेपाल आदिवासी जनजाति महासंघ, काठमाडौं
५० हित गुरूङ, ०४७ ह्दयका सुस्केराहरु पर्वत
५१. हितकाजी गुरूङ, २०४७ नासधींवै कूइ झोगो (गाउँघरका गीतहरु) तमू समन्वय केन्द्र, नेपाल